जि.प्र.का. काठमाडौं, द.नं. ३६३/०७४/०७५

नेफ्स्कून

# साकोस आवाज
# SACCOS AAWAJ

नेफ्स्कूनको त्रैमासिक प्रकाशन

वर्ष ५ | अंक १७ | मुल्य रू.१००/- | फाल्गुन २०७७ - बैशाख २०७८




## साकोस स्तरीकरण
## संस्थागत सुदृढीकरण

नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np

www.nefscun.org.np



नेफ्स्कून पदाधिकारीहरुद्वारा संघीय सहकारी विभागका रजिष्ट्रार लीलाप्रसाद शर्मालाई बधाई तथा शुभकामना दिँदै




कैलालीको धनगढीमा सञ्चालित स्थिरीकरण कोष अभिमुखीकरण तथा सञ्जाल सुदृढीकरण कार्यक्रम

दर्ता नं. १९६२/०६५/०६६

सहकारी ऐन २०४८ बमोजिम स्थापित

नेफ्स्कून

# जेष्ट

"सहकारीमा ......आत्मियता"

# बचत तथा ऋण सहकारी संस्था लि.

**संस्थाको परिचय (Introduction):**

जेष्ट बचत तथा ऋण सहकारी संस्था लिमिटेड वि.सं. २०६५ मंसिर १७ गते १४ जना सदस्यहरूबाट रू. १४ हजार शेयरपूँजी संकलन गरिएको समुदायमा आधारित सहकारी संस्था हो । साविकका काभ्रेस्थली, धर्मस्थली, फुटुङ्ग, मनमैंजु, गोंगवु गा.वि.स. र हाल तारकेश्वर नगरपालिका र टोखा नगरपालिका दुवैलाई जोडेर तत्कालिन डिभिजन सहकारी कार्यालय काठमाडौंमा दर्ता नं. १९६२/०६५/०६६ कायम भई संस्था स्थापना भएको थियो भने हाल काठमाडौं महानगरपालिका २६ गोंगबुमा प्रधान कार्यालय सहित विभिन्न स्थानमा गरी ५ सेवा केन्द्र सञ्चालनमा रहेको छन् ।

जेष्ट बचत तथा ऋण सहकारी संस्था लि. ले स्थानीय स्रोत, साधन, जनशक्तिलाई परिचालन गर्दै स्वदेशी श्रम उद्यम र उद्यमीलाई प्राथमिकता दिइ स्वरोजगार बन्नका लागि छरिएर रहेका ससाना पुँजीहरूलाई संकलित गरी सम्भावना बोकेका उत्पादनमुलक र व्यावसायिक क्षेत्रमा लगानी गर्दै रोजगारीको अवसरहरु सृजना गरी सदस्यहरूको आयस्तर वृद्धि गर्न सकिन्छ भन्ने मान्यताका साथ संस्थाको विभिन्न बचत योजना प्रस्तुत गरेको छ ।

अंग्रेजी नाम ZEST बाट परिचित यसको अर्थ Z - Zeal (बेचैनी), E-Enthuasiam (उत्साह), S-Supporting (समर्थन) T-Team (समूह) अर्थात बेचैनी र उत्साह समर्थनले भरिएको समूह भन्ने शान्दिक अर्थ रहेको छ ।

**सेवा केन्द्रहरू :**

बुढानिलकण्ठ ८, हात्तिगौंडा, काठमाडौं
कलंकी १४, काठमाडौं
टोखा २, भिल्ली, काठमाडौं
काठमाडौं ३२, कोटेश्वर
काठमाडौं २२, न्यूरोड

**बचत योजनाहरू :**

- जेष्ट बाल बचत योजना
- जेष्ट जीवन योजना
- जेष्ट पर्व बचत योजना
- जेष्ट सुनिश्चित भविष्य योजना
- जेष्ट सुनौलो बचत योजना
- जेष्ठ नागरिक सम्मान बचत योजना
- जेष्ट सेभिङ प्लस बचत योजना
- जेष्ट सहुलियत बचत योजना
- जेष्ट स्ट्यान्डर्ड बचत योजना
- जेष्ट घरवेटी बचत योजना




**शेयर सदस्य संख्या :**

महिला ५३१६ पुरूष १९७२ जम्मा ७२८८

**ऋण :**

- व्यावसायिक ऋण
- हायर पर्चेज ऋण
- बचत धितो ऋण
- शेयर धितो ऋण
- कृषि ऋण
- औद्योगिक ऋण
- शैक्षिक ऋण
- लघु ऋण
- छोटो अवधि ऋण
- वैदेशिक रोजगार ऋण

**आवद्धता/संलग्नता (Affiliation)**

- नेफ्स्कून
- कास्कून
- राष्ट्रिय सहकारी बैंक
- जिल्ला सहकारी संघ लि.
- नेफ्स्कूनद्वारा प्रवर्द्धित साकोस स्तरीकरण कार्यक्रम प्रोबेसनमा सहभागी

**२०७७ चैत्र मसान्त सम्मको वित्तीय अवस्था**

| | |
|---|---|
| शेयर पूँजी: | ११ करोड ७ लाख |
| स्थिर सम्पत्ति: | १३ करोड ४८ लाख |
| अन्य कोषहरू: | ९ करोड ३२ लाख |
| कुल निक्षेप रकम: | १ अर्ब ६० करोड |
| कुल ऋण लगानी: | १ अर्ब ७१ करोड |
| कुल सम्पत्ति: | २ अर्ब ४२ करोड १४ लाख |

www.zestcooperative.com.np

गोंगबु, काठमाडौं
फोन: ०१४३८८५६१, ०१४३८८७७१, ४३८८९५४
इमेल : info@zestcooperative.com.np

# नेफस्कून कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिमका तस्बिरहरु











**प्रकाशक**
नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून)

**संरक्षक**
परितोष पौड्याल
अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति-संयोजक**
चन्द्र प्रसाद ढकाल
बरिष्ठ उपाध्यक्ष/प्रवक्ता

**सूचना तथा प्रकाशन उपसमिति**
**सदस्यहरू**
विपिन शर्मा
लिला थापा
जगदिश भट्टराई
सालिकराम पुडासैनी

**सम्पादक**
सञ्जयराज तिमिल्सीना

**सह-सम्पादक**
राधा पौडेल
रञ्जनमणि पौड्याल

**मुद्रण**
एक्सिस प्रिन्टर्स प्रा. लि.
न्यूप्लाजा, काठमाडौं
०१-४५३६८६१

**मुल्य**
रू.१००/-





## यस भित्र


*जीवन र कार्यसम्पादन रुपान्तरण पद्धति... ३*
*नेफ्स्कून जिल्ला संघ साझेदारी... ७*
*सदस्य केन्द्रीयता सूचकांक तथा स्थलगत सिद्धान्त... १४*
*साकोस अभियान सवलीकरणमा नेफ्स्कूनको भूमिका... १५*
*समान अधिकारका लागि महिला संघर्षको इतिहास... २१*
*नेफ्स्कून र स्थानीय निकायबीच आधारशिला कार्यक्रम... २५*
*उद्यमशीलतासँग जोड्दै पुर्ख्यौली पेसा... २९*
*सहकारी सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिकामा संशोधन... ३१*
*प्रदेश संघ साझेदारी कार्यक्रम... ४८*
*व्यवस्थापन प्रमुखको बुझाईमा स्तरीकरण कार्यक्रम... ५०*
*अधिकारको लडाइँ लड्दा लडिएला तर छोड्नुहुन्न... ५३*
*सञ्जाल विस्तार गर्दै नेफ्स्कून साकोस म्यानेजर्स क्लब... ६०*
*सुशासन र वित्तीय सुरक्षाको लागि स्थिरीकरण कोष... ६२*



© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)


केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np, saccosaawaj@gmail.com
वेबसाइटः www.nefscun.org.np


**यस साकोस आवाजमा प्रकाशित सबै धारणाहरु लेखकका निजी धारणा हुन् । - सम्पादक**

# स्थायित्वका लागि स्तरीकरण

बचत तथा ऋण सहकारी संस्था (साकोस) मा आवद्ध सदस्यहरूको आवश्यकतामा आधारित स्तरीय सेवा विकास र नियमित प्रवाहका लागि प्रभावकारी सञ्जाल व्यवस्थापन आजको मुख्य प्राथमिकताको विषय हो । साकोसहरूको स्तरीकरणले सम्बद्ध संस्थाहरूको दीगो संस्थागत विकास गरी गुणस्तरीय सेवाको सुनिश्चित गर्दै उत्कृष्ट छवी निर्माण गर्न योगदान गर्दछ । साकोसहरूलाई समुदायको पहिलो छनौटको वित्तीय सेवा प्रदायक संस्थाको रूपमा विकास गर्न सञ्जालमा आवद्ध सदस्य संस्थाहरूको कार्य सञ्चालन प्रणालीमा स्तरीकरणको आवश्यकता छ । समाजको बदलिँदो अपेक्षा र वित्तीय व्यवहार तथा प्रविधिमा आएको परिवर्तनलाई आत्मसात् गर्दै अभियानको सञ्जालीकरण मार्फत सदस्यहरूको भावी आवश्यकताहरूको पहिचान तथा नविन सेवाहरूको विकासका लागि साकोस सञ्जालको स्तरीकरण निर्विकल्प साधन हो र नेपालका साकोसहरूको एकमात्र केन्द्रीय संघ नेफ्स्कूनले विगत झण्डै डेढ दशकदेखि अभ्यासमा ल्याएको स्तरीकरण कार्यक्रमको विविधिकरण सहित सञ्चालनमा थप प्रभावकारिताको सुनिश्चितता गर्नु जरूरी छ ।

दक्ष तथा सन्तुष्ट कर्मचारीहरू मार्फत सदस्यहरूको नियन्त्रणमा सुरक्षित वित्तीय सेवा सुनिश्चित गर्नका लागि बचत ऋण ऋण सहकारीहरू नीति र प्रणालीमा आधारित हुन आवश्यक छ जसले सदस्यहरूको श्रोतको अधिकतम प्रतिफल तथा सुरक्षाको समेत सुनिश्चितता गर्दछ । एकका लागि सबै र सबैका लागि एकको भावनाको व्यवहारिक प्रयोग मार्फत साकोस अभियानको प्रभावकारी विकास र परिचालनको लागि सञ्जालका सबै अवयवहरूको स्तरीकरण गरी सदस्य एवम् सरोकारवालाहरूको सामुहिक योगदान आवश्यक देखिन्छ । उत्कृष्ट निर्माण (Build Better) को अवधारणामा आधारित भई बचत ऋण सहकारीहरूको उत्कृष्ठ छवी र सेवाको निरन्तरताका लागि नेफ्स्कूनले सञ्जालको समग्र स्तरीकरण प्रयास गरेको देखिन्छ ।

सञ्जाल सहभागिता मार्फत नीतिगत सर्वोच्चता तथा कार्यगत स्वायत्ततामा आधारित प्रविधि मैत्री व्यवस्थापन प्रणाली भएको सञ्जालको सक्षमता विकास मार्फत सुशासन सुनिश्चित गरी बचत तथा ऋण सहकारी सञ्जाललाई नेपालको सबै भन्दा ठूलो वित्तीय सेवा सहितको उत्कृष्ठ सञ्जाल निर्माण गर्ने आधारको रूपमा स्तरीकरणको अवधारणालाई नेफ्स्कूनले आफ्नो पाँचौ रणनीतिक व्यावसायिक योजना मार्फत प्राथमिकता दिएको छ । हाल नेफ्स्कूनले एसियाली ऋण महासंघले विकास गरेको एक्सेस, नेफ्स्कून र सहकारी विभागले संयुक्तरूपमा विकास गरेको प्रोबेसन, संघले आफ्नो एकल प्रयासमा विकास गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्ब्स) तथा आधारशिला जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यसबाट नै स्वनियमनमा आधारित सुपरिवेक्षण प्रणाली स्थापित हुनेमा संघ विश्वस्त रहेको देखिन्छ । सदस्यहरूको बचतको सुरक्षा तथा राज्यका श्रोतहरू बचत तथा ऋण सहकारीहरू मार्फत परिचालन गर्न पनि स्तरीकरण कार्यक्रमले उल्लेख्य योगदान गरिरहेको सन्दर्भमा साकोस अभियानको आधार स्तम्भ हो भन्ने निश्कर्ष निकाल्यो भने अत्योक्ति नहोला ।

संघले स्तरीकरण कार्यक्रम विकास गर्दा स्थानीयतामा आधारित खुल्ला तथा लचिलो ढाँचा अवलम्बन गरेको पाइन्छ जसले कार्यक्रममा विविधता समेत स्थापित गरेको छ । प्रविधिमा आधारित साझा सञ्जाल निर्माणको अभिभारा पुरा गर्न सञ्जालको स्तरीकरण गर्नु पर्ने भएकोले स्तरीकरणका यस्ता कार्यक्रममा सबै बचत तथा ऋण सहकारीहरूको आवद्ध हुनु पर्ने देखिन्छ । बचत तथा ऋण सहकारीहरूको सञ्चलनमा जोखिम न्यूनीकरण गर्न, बचत तथा ऋण सहकारी संस्थाहरू एकीकरण मार्फत सक्षमता विकास गर्न, सहकारी ऐन २०७४ बमोजिमको स्थिरीकरण कोषमा सहभागी भई सदस्यहरूको बचतको सुरक्षा गर्नु साथै सञ्जालहरूको कार्यमा एकरूपता कायम गर्न पनि स्तरीकरणका माध्यमबाट योगदान गर्न साकोस अभियान चुक्नु हुँदैन ।

सुशासन, संस्थागत विकास तथा सुपरिवेक्षणको सुनिश्चित गर्न बचत ऋण सहकारी सञ्जालको सोचमा परिर्वतन गरी समुदायका सदस्यहरूमा आधारित संस्था विकास तथा वित्तीय सक्षमता कायम राख्न पनि स्तरीकरणका साथै जोखिम सुपरिवेक्षण र आधारशिला जस्ता कार्यक्रमहरूले नियमित योगदान गर्न सक्दछन् । बचत ऋण सहकारी सञ्जाल सुरक्षित हुन सबै बचत तथा ऋण सहकारीहरूको स्तरीकरणमा आवद्ध हुन र सो अनुसार संघले पनि प्रविधिमा आधारित सक्षमता विकास गर्न आवश्यक छ । स्तरीकरण एउटा विशिष्ट अवधारणा भएकोले यसको कार्यान्वयनका लागि संघले समयसापेक्ष कार्यक्रमहरू विकास गर्ने, स्तरीकरण कार्यक्रममा आवद्धता सञ्जाल सुदृढीकरणमा योगदान भएकोले सञ्जालले विकास गरेका कार्यक्रमहरूमा सहभागी भई सुरक्षित अभियान निर्माणमा क्रियाशिलताको अवसरको रूपमा अवलम्बन गर्न सके नेपालको साकोस अभियान विश्व जगतको उत्कृष्ट नमुना बन्न सक्ने देखिन्छ ।


**संरक्षकः** परितोष पौड्याल, अध्यक्ष, नेफ्स्कून

**सूचना तथा प्रकाशन उपसमिति संयोजकः** चन्द्र प्रसाद ढकाल । **सदस्यहरूः** विपिन शर्मा, लिला थापा, जगदिश भट्टराई, सालिकराम पुडासैनी

**सम्पादकः** सञ्जयराज तिमिल्सीना

**सह-सम्पादकः** राधा पौडेल, रञ्जनमणि पौड्याल


नेफ्स्कून


**© नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**



केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं, फोन नं.: ०१-४७८१९६३, ४७८०२०१, इमेलः nefscun@nefscun.org.np, वेबसाइटः www.nefscun.org.np



# साकोस प्रतिनिधिहरुका लागि जीवन र कार्यसम्पादन रुपान्तरण पद्धति कार्यक्रम

नेतृत्व सीप क्षमताका आयामहरूमा विकास, रचनात्मक तथा सहनिर्भरताको सोच र सम्बन्ध विस्तार गर्ने उद्देश्यसहित चितवनको सौराहमा फागुन २५ देखि २७ गतेसम्म जीवन र कार्यसम्पादन रूपान्तरणका पद्धतिहरू विषयक कार्यशाला सञ्चालन भएको थियो ।

कार्यक्रम उद्‌घाटनका सन्दर्भमा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले व्यक्तिगत तथा संस्थागत जीवनमा सम्भावना उन्मुख व्यवस्थापनको सीप विकास गर्ने र उच्चतम तहको कार्यसिद्धिको क्षमता विकास गर्ने उद्देश्यका साथ जीवन र कार्यसम्पादन रुपान्तरणका सिकाईसँग जोड्न खोजिएको बताउनुभयो ।

बरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले सकारात्मक सोचको विकास, नेतृत्व सीप पहिचान र सशक्तिकरण, क्षमताका आयाम विकास साथै रचनात्मक सोच र सम्बन्ध विस्तारलाई कार्यशालाले थप मजवुद बनाउने विश्वास व्यक्त गर्नुभयो ।

महासचिव दामोदर अधिकारीले परिलक्षित गन्तव्य हासिल गर्ने दिशामा तालिमले व्यक्तिगत साथै संस्थागत जीवनका सम्भावना उन्मुख व्यवस्थापकको सीप विकास गर्न मद्दत गर्ने र उच्चतम कार्य पद्धतिको क्षमता विकासमा सघाउ पुग्ने विचार व्यक्तगर्नुभयो ।

बरिष्ठ प्रशिक्षक नरबहादुर कार्कीको प्रशिक्षण रहेको तीन दिवसीय उक्त कार्यक्रममा संघको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति, सल्लाहकार, उच्च व्यवस्थापन, एक्सेस कार्यक्रममा आवद्ध सदस्य संस्थाका अध्यक्ष एवं व्यवस्थापक र प्रदेश बचत संघका प्रतिनिधिहरू सहित १ सय ४० जनाको सहभागिता रहेको थियो ।



अनुभूति

# जीवन र कार्यसम्पादन रुपान्तरण पद्धति कार्यक्रमको आन्तरिकीकरण



**दिपक बस्नेत**, प्रमुख कार्यकारी अधिकृत, हाम्रो जनकल्याण बचत तथा ऋण सहकारी संस्था लि., दोलखा

> कार्यसम्पादन रुपान्तरणमा कार्य र नतिजा कर्मचारी व्यवस्थापनको जिम्मेवारी हो भने दर्शन र सोंच सञ्चालक समितिको जिम्मेवारी हो । कर्मचारी व्यवस्थापनले व्यवाहारिक तत्वका रुपमा काम गर्दछन् भने सञ्चालकहरुले मनोवैज्ञानिक तत्वका आधारमा निर्णय गर्दछन् ।

चारवटा शब्द जीवन, कार्यसम्पादन, रूपान्तरण र प्रवृत्ति लेखिएको व्यानर । चितवन जिल्लाको सौराहको एक होटलमा एक सय ४० जना एउटै पोशाक र साझा उद्देश्य भएका नागरिकहरूको उपस्थिति । समय बेलुका पाँच बजे । आयोजकले कार्यक्रमको उद्देश्य औचित्य बताइसकेपछि कोच (प्रशिक्षक) लाई बाँकी तीन दिनको समय हस्तान्तरण । कोचको प्रवेशसँगै निर्मम शर्तको घोषणा । शर्तसँगै जोडिएका कोचका सिन्द्धातहरू कसैसँग माग नगर्ने, आरोप नलगाउने, नियन्त्रण नगर्ने । न कुनै विद्युतीय प्रस्तुति छ न कार्यक्रम तालिका । न विषय वस्तु नै छ त केवल व्यानर । व्यानरमा मुख्य शिर्षक सहित लेखिएको छ सामना शक्ति विकासका लागि सद्भावपूर्ण सहकार्य । सहकारीको मर्म नै सहकार्य हो । सहज परिस्थितिको सहकार्य त सबैले स्वीकार गरेकै हो । तर असामान्य परिस्थितिको सामनाका लागि पनि सहकार्य आवश्यक छ । भूमण्डलीकरण र प्रविधिको व्यापकतामा सहकारीको अस्तित्वलाई अब्बल बनाउन राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्जालिकरण आवश्यक छ । यो कुरामा आयोजक संस्थाको जोड थियो ।

कार्यक्रम अगाडि बढ्छ, कोचको जिन्दगीको यी अनुभूतिबाट, "सानै थिएँ अनि लाग्यो जिन्दगी शुरू होला ठूलो भएपछि भन्ने लाग्यो, पढ्दै थिएँ अनि लाग्यो पढी सकेपछि जिन्दगी शुरु होला, लाग्यो जागिर छैन जागिर भएपछि जिन्दगी शुरू होला, एक्लै थिएँ अनि लाग्यो विवाह पछि शुरू होला जिन्दगी । तर जिन्दादीका ४० वर्ष भन्दा बढीका पानाहरू भरिदा पनि जिन्दगी शुरु नै भएन ।" यी शब्द भित्रका भावुकताले नेपालको बचत तथा ऋण सहकारीको नेतृत्व गरिरहेका व्यक्तिहरूलाई केही हाँसो, केही डर, केही चिन्ता अनि केही थप उर्जा मिल्यो । कसले के कति काम गऱ्यो भन्ने भन्दा पनि संस्थामा के परिवर्तन र अनुशरणीय काम के भयो त्यो महत्वपूर्ण हुने कुरामा निर्मम शर्त सहित कोचले एउटा घटना बताउनु भयो अनि भन्नु भयो । त्यसमा तपाईंहरूको विकल्प के हुन्छ ?

घटना थियो, एक जना यात्रु रेलको यात्रा गरिरहेको छ । यात्रा शुरू भएको केही समयपछि उसका मानसपटलमा खेल्न थाल्यो जुन सिटमा म बसेको छु यो भन्दा त अर्को पट्टीको सिटमा बसेको भए बाहिरको दृश्य पनि देखिने रहेछ । बस्न पनि सहज हुनेरहेछ । मैले गल्ती गरेछु । त्यो सोचाईसँगै उसमा अर्को अनुभूति भयो, म चढेको रेल त पुरानो रहेछ । अरू लिकबाट अन्य रेलहरू अघि गइसक्यो । साहेद यो रेल आज गन्तव्यमा पुग्दैन । म लगायतले आज दुःख पाइने भयो जस्ता विभिन्न शंक्काउपशंक्का । कोच भन्दै हुनुहुन्थ्यो यो घटना तपाईंहरूका लागि पनि भएको भए के गर्नुहुन्थ्यो । सहभागीहरूलाई आपसमा आफ्ना विकल्पका बारेमा छलफल गर्न आग्रह गरेपछि विकल्प प्रस्तुत हुन थाले । कसैले सिट परिवर्तनको कुरा गरे, कसैले निदाएर बस्ने, कसैले गीत सुनेर बस्ने, कसैले ओर्लने त विकल्पकै रूपमा सहभागीले दुई प्याक लगाउने समेतको विकल्प सुनाएपछि हल हाँसोले भरियो । प्रशिक्षकमा पनि हाँसोको खित्का छुट्यो । धेरै तनाव वा समस्या हुँदा कुलतमा लठ्ठिने प्रवृत्तिको प्रयोग हलमा पनि भयो । थुप्रै विकल्पहरू प्रस्तुत भएपनि रूपान्तरणका दुई विकल्प कोचले प्रष्ट भन्नुभयो । विकल्प पहिलो थियो रेलको डिब्बाको ढोका माथि राखिएको चेन तान्ने जसले गर्दा रेल रोकियोस् । रेल रोकिएपछि रेलका प्रशासनिक कर्मचारी उक्त डिब्बामा आउने छन् र सोध्ने छन् कसले चेन तानेको ? सोधखोजको यो समयमा डिब्बाका सबैजना मौनतामा

रहनेछन् । मुखामुख हुनेछन् । अनि साहस गर्नुपर्‍यो जसले तानेको हो मैले तानेको महासय भनेर उभिन अनि रेलको गति, व्यवहार आदि प्रतिको आफ्नो गुनासो बताउन । त्यो गुनासो विस्तार विस्तार सबैको समर्थनको विषय बन्ने छ र रेल छिटो गतिमा गन्तव्यमा पुग्नेछ । तर रेलमा चेन तान्नु सजिलो कार्य र सबैका लागि अनुमतियोग्य कार्य होइन । ईर्मजेन्सी, असुरक्षा वा अन्य कारण पर्दा मात्र चेन तान्न पाइन्छ । यदि जथाभावी चेन तानिएमा प्रचलित ऐन अनुसार जरिवाना र जेलसमेतको सजाय तोएिको हुन्छ ।

दोस्रो विकल्प छ डिब्बाको अगाडि आउने र ढोकाबाट हामफाल्ने । हामफाल्नु अघिका शर्तहरू रेलको गतिभन्दा तिव्र गतिमा शरीरलाई जमिनमा उभ्याउन सक्नु अनि रेल अघि गएर रेलको लिक नै परिवर्तन गराउने । तर जमिनमा शरीर उभिन सकेन भने मृत्यु निश्चित छ । यो घटनाले नेपालका बचत तथा ऋण सहकारीको अवस्थालाई मात्र होइन सबै निकायको अवस्थालाई प्रतिविम्वित गरिरहेको थियो । साकोसका सञ्चालक समितिका पदाधिकारी तथा प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन प्रमुखका लागि यो घटना नै काफी थियो, जीवन र कार्यसम्पादन रूपान्तरणको साझा बुझाईको विकास गर्न ।

त्यही बुझाईमा थपिएको अर्को शब्द थियो Clearing । Clearing भएन भने नतिजा आउँदैन । संगठनमा क्रियाकलप र त्यसको परिणाम त अपेक्षा गरेकै विषय हो तर जीवन रूपान्तरणमा भाषिक Clearing महत्वपूर्ण विषय हो । प्रष्ट सञ्चार र शिघ्र सञ्चारले मात्र मानवीय सम्बन्धलाई बलियो बनाउँछ तर विगतलाई ऐजेरू बनाएर भित्रि मनलाई छियाछिया बनाउँदा पनि Clearing नगर्ने बरू पद छाड्ने, शाखा विभाग छाड्ने उस्तै परे ज्यान छाड्ने हाम्रो जवरजस्त मानवीय स्वभावमा रूपान्तरण गर्न Clearing आवश्यक छ । प्रभावकारी कार्य सम्पादनमा पनि Clearing आवश्यक छ ।

कोचले रूपान्तरणका घटना तथा अनुभव सुनाउँदै गर्दा प्रसङ्ग हरेक व्यक्तिका कथा पुर्नलेखन योग्य हुन्छन्, कार्यशैलीको पुर्नढाँचा र जिम्मेवारी जस्ता शब्दसँग ठोक्किन पुग्छन् । विगतका घटनालाई अन्तरमनमा खिल बनाएर वर्तमानका ढोकाहरू बन्द गरेर भविष्य खोज्ने मानवीय प्रवृत्तिले धेरै जिम्मेवारी सम्हालेका व्यक्तिहरू (जिम्मेवारी लिएका) मानसिक रोगी भएका छन् । हिजोको घटना किन भयो र त्यसको समधानको खोजी गर्नु त कता कता त्यही विषयलाई समस्या बनाएर वर्तमानलाई अध्याँरोमा राख्नु कति पनि बुद्धिमानी कार्य होइन । २० वर्ष अघि कुकुरले झम्टिएको वा कुकुरदेखि रीस उठेकोमा २० वर्ष पछिसम्म कुकुरलाई रीस गर्नेहरूलाई

जिम्मेवारी स्व-घोषणा हो । कुनै काम गर्न सक्ने क्षमताको प्रतिविम्व हो । हामी जतिपनि बोझ लिन तयार हुने तर त्यो बोझ मैले किन लिएँ भनेर आत्मालोचना गर्न नसक्ने प्राणी भएकै कारण आज धेरै काम असफल भएका छन् । कर्तव्य मानिसले सँजाय ठान्दछ तर जिम्मेवारी बोझ वा सँजाय होइन । त्यो त आफैले गरेको स्वीकारोक्ती हो । हाम्रो वास्तविकता भने जेपनि जिम्मेवारी लिने, लिन तयार हुने तर तोकिएको अवधिमा त्यसको नतिजा नदिने संस्कार मौलाएर आज संस्कृति बनेको छ । त्यतिमात्र होइन जिम्मेवारी लिने हो बाँड्ने होइन, जिम्मेवारी सानो ठूलो र राम्रो नराम्रो हुँदैन ।



रूपान्तरणको पाठ त सिकाउनै पर्छ । सहकारीमा सञ्चालक, कर्मचारी तथा सेयर सदस्य बीच कुनै किसिमको असहमति हुनसक्छ, विवाद हुन सक्छ तर त्यसको कारणको मुख्य कुरा पत्ता लगाएर जे भयो त्यो ठिकै भयो । आगामी दिनमा ती घटनाहरू सदाका लागि हुनेछैनन वा गर्नु सान्दर्भिक पनि हुनेछैन भन्ने हो भने साहेद संख्यात्मक सहकारीमा नियन्त्रण र प्रभावकारी नेतृत्व चयनमा समेत सहयोग पुग्ने देखिन्छ । त्यतिमात्र होइन जिम्मेवारी के हो भन्ने कुरा नबुझ्दा पनि समस्या बढेकै छ । घटनाका पात्रहरू फरक हुनसक्छन् । उदाहरण अरूको हुनसक्छ तर सहकारीको सञ्चालक तथा कर्मचारी व्यवस्थापनले बुझ्नु आवश्यक छ कि

बुझ्नुपर्ने कुरा के हो भने म बिजुलीको चिम रुपी प्रकाश बन्दैछु कि टुकीको प्रकाश । जीवन रूपान्तरणको कुरा गर्दा धेरै मानिस चिम रूपी प्रकाश बन्न चाहन्छन् जुन कुनैपनि बेला निभ्न सक्छ त्यसपछि सबै अध्याँरो हुन्छ । जहाँ टुकीको कुरा छ जसले आफू पनि बल्छ र अरूलाई पनि बल्न सहयोग गर्छ । आफू निभे पनि अर्को टुकी बलिरहन्छ र त्यसले थप अरूलाई बल्न सहयोग गरिरहेको हुन्छ । यो वास्तविकताको उजागर गरेकी थिइन भारतकी एक स्वयमसेविका महिलाले । आज उनकै देनले नेपालमा समेत ५२ हजारभन्दा बढी टुकी रुपी स्वयंसेविकाले गाउँमा स्वास्थ्य तथा सरसफाईका बारेमा योगदान गरिरहेका छन् । यो सुनेर हामी सबैले त्यो अनुशरणीय कार्यका

लागि हार्दिक धन्यवाद व्यक्त गर्‍यौं ती टुकीरूपी आमाहरूप्रति ।

कार्यसम्पादन रूपान्तरणका बारेमा थप उर्जा दिदैं कोंचको जोड रह्यो समयका तीन खण्डहरू भूत, वर्तमान र भविष्यलाई तुलना गर्दै हिजोका नराम्रा कुरा तथा राम्रा कुरालाई आधार बनाएर वर्तमानमा हाँत बाँध्नेहरू र हिजोको बदला भोली लिने कसम साँचेर बाँच्नेहरू वर्तमानमा अरूको कुरै काटेर बाँचेका छन् । तर न हामीसँग भुत छ न भविष्य छ । छ त वर्तमान छ । त्यसैले भुतको स्मृति र भविष्यको कल्पनाबाट आज जे छ त्यो नै महान हो भन्ने कुराका आन्तरिकीकरण नै रूपान्तरण हो । जुन भइरहेको छ, जे गरिएको छ यदि त्यो गलत हो भने कार्यसम्पादन रूपान्तरणमा कार्य र नतिजा कर्मचारी व्यवस्थापनको जिम्मेवारी हो भने दर्शन र सोंच सञ्चालक समितिको जिम्मेवारी हो । कर्मचारी व्यवस्थापनले व्यवाहारिक तत्वका रूपमा काम गर्दछन् भने सञ्चालकहरूले मनोवैज्ञानिक तत्वका आधारमा निर्णय गर्दछन् । इमानको कुरामा पनि हामी डगमगाउने गर्दछौं । जे हो । जे गर्नुपर्ने थियो । त्यही गर्नु नै इमान हो । राम्रो र आकर्षक साइकल जस्को ब्रेक छैन भन्दा पनि हामी त्यो साइकल नै हो भनेर प्रमाणित गर्न सबै प्रमाण जुटाउन तयार हुँदा कता कता हामीले नेतृत्व गरेको संगठन पनि ब्रेक बिनाको राम्रो संस्था पो भइरहेको छ कि भन्ने कुराले केही बेर घोचिरह्यो । पछि थाहा भयो स्ट्यार्ण्डड पोइन्ट यदि दु:ख विभिन्न कारणले लाग्छ । पृथ्वीमा त्यस्तो मान्छे होला जसको आँखामा सधै खुशी होला ? आमा मात्र त्यस्तो शक्ति हो जसको काखमा हार र जीत स्वीकार्य छ । त्यसैले आमाप्रति सम्मान गरौं । "आमा", "देस" र "म" को सम्बन्धलाई बुझेर जिन्दादीको नयाँ यात्रा प्रारम्भ गरौं । त्यही यात्रा तय गर्दै नेपालको अबको बचत तथा ऋण सहकारी अभियानलाई रूपान्तरण गरी व्यावसायिक र देसको कुल ग्राहस्थ उत्पादनमा कम्तीमा २० प्रतिशतको योगदान सुनिश्चत गरी विश्वभरको सहकारी सञ्जालमा नेपालको उपस्थितिलाई हिमाल झै अटल बनाउन गरिएको त्यो प्रतिवद्धता सार्थक होस ।

(नेफ्स्कूनले गत फागुन २५-२७ गते



त्यसलाई छाड्नु नै रूपान्तरण हो । हामीसँग भएको १० प्रतिशत ज्ञान र अरूसँगको १० प्रतिशत ज्ञानबाट नक्कल गरेर हामी संगठन हाँकीरहेका छौं तर ८० प्रतिशतको सम्भावनामा हामी मौन छौं । सम्भावनाका कुरा गर्दा हामी भन्छौं सबै कुरा सम्भव छ तर वित्तीय संस्थाका नेतृत्वमा केही कुरामात्र सम्भव छ भन्ने कुरा बुझ्नु पनि आवश्यक छ भनेर कोंचले भन्दा कार्यक्रमका सहभागी मुखामुख हुँदाको क्षण पनि रोमाञ्चक नै थियो । हामी कुराले किलोमिटरको दुरी पार गर्ने अनि कामले सेन्टिमिटरको प्रगति देखाउन बाँनी परेकाले पनि मुखले जे पनि सम्भव छ भन्नलाई पछि पर्दैनौं । ५० तोकिएको हो भने उपब्धी ५० नै हुनुपर्दछ । ४८ वा ४९ उपलब्धी भएपनि त्यो लक्ष्यभन्दा तल हो । असफल नै हो भन्ने स्वीकार्य भयो । औसत परिणाम त मन बुझाउने बाहना मात्र रहेछ ।

अन्तमा, हामीले बुझेको । संगठनको कल्पना निर्माण गर्दा निर्मम इमान पत्ता लगाउनु पर्छ । प्रकृतिसँग माग्नुपर्छ गर्न सक्ने गर्न देउ, गर्न नसक्ने स्वीकार्न देउ अनि गर्न सक्ने र नसक्ने छुट्याउने विवके देउ । सेयर सदस्य उपभोक्ता होइनन्, निर्माता हुन । खुशी नहुने चाहना कसैको हुँदैन । खुशी हुन चाहने रणनीति र खोजी बीच नै द्वन्द्व भइरहेको छ ।

चितवनको सौराहमा देसभरका गुणस्तर सुनिश्चितता कार्यक्रमा सहभागी सहकारीका सञ्चालक समितिका पदाधिकारी तथा प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापक गरी १४० जनाको सहभागितामा सञ्चालन गरिएको "जीवन र कार्य सम्पादन रूपान्तरण कार्यक्रम" का मुख्य प्रस्तुतिलाई सम्झिएर यो लेख तयार गरिएको हो । कार्यक्रममा मुख्य कोचका रूपमा नर बहादुर कार्की हुनुहुन्थ्यो भने नेफ्स्कूनका अध्यक्ष परितोष पौडयाल सहित पदाधिकारी र सञ्चालक सदस्यहरू उपस्थित हुनुहुन्थ्यो ।)

❏ ❏ ❏




# नेफ्स्कून जिल्ला संघ साझेदारी

## सञ्जाल सक्षमता विकास गोष्ठी

बचत तथा ऋण सहकारी अभियानको साझा सञ्जाललाई व्यवस्थित र बलियो बनाउँदै सहकारी भावको कार्यान्वयनलाई सुनिश्चित गर्न नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम सफल रहेकोमा सहभागीहरूले जोड दिएका छन् । नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत भक्तपुरको सूर्यविनायकमा चैत्र २४ र २५ गते सञ्चालन भएको सञ्जाल सक्षमता विकास कार्यक्रमका सहभागी बक्ताहरूले साकोसमा स्तरीय नीति, कार्यविधि तथा प्रविधिगत एकरूपता कायम गर्दै विश्वसनियता वृद्धिका लागि सञ्जाल साझेदारी कार्यक्रम कोशेढुङ्गा सावित भएको बताएका हुन् ।

सञ्जाल सक्षमता विकास कार्यक्रम का अवसरमा बोल्दै नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारीले संघमा आवद्ध सबै जिल्ला संघहरूलाई जिल्ला संघ साझेदारी कार्यक्रममा क्रियाशिल बनाउन र संघहरूको सक्षमता विकासका लागि नेफ्स्कूनले योजनावद्ध कार्यक्रम अगाडि सारेको बताउनुभयो । उहाँले कर्णाली र सुदुर पश्चिम प्रदेशका बचत संघहरूको पनि साझेदारी कार्यक्रम आवद्धताका लागि संघले योजनावद्ध कार्यक्रम ल्याउनेमा जोड दिनुभयो ।

महासचिव दामोदर अधिकारीले दुई दिनको छलफलबाट उठेका सुझावहरूबाट जिल्ला संघहरूको सक्षमता विकासमा र सञ्जाल सुदृढीकरणका लागि केन्द्रीय संघलाई अभिभावकको दायित्वबोध गराएको प्रष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "अभियानको सुदृढीकरणका लागि प्राप्त सुझावहरूप्रति अपनत्व लिएर प्रक्रियागत रूपमा संबोधन गर्ने र स्रोत साधन उपयोगमा साझेदारीको मोडल मार्फत अगाडि बढ्न संघ प्रतिवद्ध छ ।"

जिल्ला संघ साझेदारी व्यवस्थापन केन्द्रीय कार्यदलका संयोजक एवं कोषाध्यक्ष दिपक पनेरूले संघमा आवद्ध ६६ वटा जिल्ला बचत संघ मध्ये हालसम्म २२ जिल्ला बचत संघसँग मात्र साझेदारीका कार्यक्रम अगाडि बढेको बताउँदै क्रमैसँग सबै जिल्ला बचत संघहरूलाई साझेदारीमा जोड्ने योजना रहेको जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "प्रथम चरणमा ३१ जिल्ला बचत संघसँग साझेदारी कार्यक्रमको योजना अगाडि बढेको छ, बाँकी संघहरूको पनि सक्षमता विकास गर्ने र छलफल र संवादको माध्यमबाट साझेदारी कार्यक्रमको महत्व बुझाउँदै

संघहरूलाई कार्यक्रम प्रति थप क्रियाशीलता अभिवृद्धि गरिनेछ ।" उहाँ भन्नुहुन्छ, "हाम्रो अभियानमा सबै प्रदेश र जिल्ला संघहरूको साथ र सहयोग आवश्यक छ । सहकारीमाथिको प्रहारहरू न्यूनीकरणका लागि पनि सञ्जाललाई सक्रिय र बलियो बनाउनु नितान्त आवश्यक छ । एउटा संस्थामा समस्या आउँदा सबैमाथि आक्षेप लाग्ने भएकाले पनि हामी सबैले हातेमालो गरेर अघि बढ्नुपर्छ । केन्द्रमात्र बलियो र सहज भएर भएन, प्रदेश, जिल्ला संघसँगै प्रारम्भिक संस्थाहरू पनि स्रोत र साधन सम्पन्न हुनुपर्‍यो जसले अन्ततोगत्वा अभियानलाई फाइदा पुग्छ ।

नेफ्स्कूनका सञ्चालक चण्डीप्रसाद शर्मा पौड्यालले हिजोका दिनमा विविध विषयमा नेफ्स्कून र जिल्ला बचत संघ बीच दुरी थियो तर आज जिल्ला संघ साझेदारी कार्यक्रममार्फत अभियान सुदृढीकरणका लागि ऐक्यवद्धता जाहेर गर्ने वातावरण बनेको छ, उहाँले जोड्नुभयो, "यसमा अझ क्रियाशीलता बढाउन, साझा बुझाइ निर्माण गर्न र सञ्जाल सबलिकरणका लागि प्रतिवद्ध रहन यो दुई दिनको कार्यक्रम अत्यन्त प्रभावकारी बनेको छ ।"

जिल्ला संघ साझेदारी व्यवस्थापन केन्द्रीय कार्यदलका सदस्य एवं जिल्ला बचत संघ भक्तपुरका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले बचत ऋण सहकारी अभियान अब प्रतिस्पर्धी भएर होइन एक भएर अगाडि बढ्ने बेला आएको बताउनुभयो । उहाँले विद्यमान चुनौतीको सामना गर्दै असरको खोजी गर्न र एक अर्काका सहयोगी भएर अगाडि बढ्न जिल्ला बचत संघ भक्तपुर सँधै तयार रहेको दावी गर्नुभयो ।

कार्यक्रममा विभिन्न जिल्लाका साभेदारी कार्यक्रममा सहभागी जिल्ला बचत तथा ऋण सहकारी संघका पदाधिकारी, सञ्चालक एवं व्यवस्थापक सहित ४० जना र नेफ्स्कूनका पदाधिकारी, प्रमुख कार्यकारी अधिकृत र उच्च व्यवस्थापनको सहभागिता रहेको थियो । कार्यक्रम सहजीकरण नेफ्स्कूनका प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेल र सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो ।

कार्यक्रममा विभिन्न जिल्लाबाट सहभागी बचत संघका प्रतिनिधिहरूले साझेदारी कार्यक्रम सम्बन्धमा राख्नुभएका सकारात्मक र महत्वपूर्ण ३१ वटा सुझावहरूलाई जिल्ला संघ साझेदारी व्यवस्थापन केन्द्रीय कार्यदलको बैठकले अभिलेखीकरण गरेको थियो भने प्रत्येक तीन महिनाको अन्तरमा जिल्ला बचत संघको सहकार्यमा नियमित समिक्षा बैठक बस्ने निर्णय समेत गरेको थियो ।

### के हो जिल्ला संघ साझेदारी कार्यक्रम ?

केन्द्रमा विकास गरिएका राष्ट्रिय अन्तर्राष्ट्रिय असल अभ्यासहरू जिल्लामा सँगठित संघहरूमार्फत स्थानीय सहकारी संस्था र तिनमा आवद्ध सदस्यहरूको आवश्यकता अनुरूप सहज र प्रभावकारी माध्यमबाट पुऱ्याउने पुल हो नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम ।

नेफ्स्कून र यसमा आवद्ध जिल्ला बचत तथा ऋण सहकारी संघ लि.हरू बीच सदस्यहरूको हित संरक्षण तथा बचत ऋण सहकारीहरूको सुदृढीकरणका लागि व्यवसाय साझेदारी कार्यक्रम हो । यो नेफ्स्कूनको सेवा र व्यवसाय प्रवर्द्धनमा जिल्ला संघहरूको हातेमाला अभियान पनि हो । यस अन्तर्गतगको द्विपक्षीय सम्झौतामा वार्षिक सदस्यता नवीकरण शुल्क संकलन साझेदारी, जोखिममा आधारित साकोस सुपरीवेक्षण ऋग्च्यक कार्यक्रम सञ्चालन साझेदारी, स्टेशनरी आपूर्ति सेवा सञ्चालन साझेदारी, सफ्ट्वेयर विक्री वितरण साझेदारी, तालिम कार्यक्रम सञ्चालन साझेदारीसँगै समसामयिक अन्य साझेदारीहरूका विषयहरू समावेश छन् । यो बचत तथा ऋण सहकारीहरूको तल्लोदेखि माथिल्लो संरचनाहरूसँगको सञ्जाल सबलीकरण अभियान हो । केन्द्रमा विकास गरिएका राष्ट्रिय अन्तर्राष्ट्रिय असल अभ्यासहरू जिल्लामा सँगठित संघहरूमार्फत स्थानीय सहकारी संस्था र तिनमा आवद्ध सदस्यहरूको आवश्यकता अनुरूप सहज र प्रभावकारी माध्यमबाट पुऱ्याउने पुल हो नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम ।

यस कार्यक्रमको सुरूवात २०७६ साल भदौं १७ गते औपचारिक रूपमा नेफ्स्कून केन्द्रीय कार्यालयमा विभिन्न जिल्ला बचत संघका प्रतिनिधिहरूसँगको सामूहिक सम्झौता कार्यक्रम आयोजना गरी भएको थियो । हालसम्म यस व्यावसायिक साझेदारी कार्यक्रममा दोलखा, मोरङ, काठमाडौं, धादिङ, बागलुङ, नवलपरासी, चितवन, दाङ, बारा, सिन्धुली, मकवानपुर, सुनसरी, कास्की, सर्लाही, काभ्रे, उदयपुर, रौतहट बाँके, भक्तपुर र रूपन्देही गरी २० जिल्ला बचत संघ सामेल भएका छन् । त्यसैगरी सहकारी ऐन, २०७४ को प्रदेश विषयगत सहकारी संघ गठनको प्रावधान अनुरूप गठित सुदुरपश्चिम प्रदेश बचत संघ र लुम्बिनी प्रदेश बचत संघ गरी २ प्रादेशिक संघहरूबीच नेफ्स्कून साझेदारी कार्यक्रम सम्झौता भएको छ । प्रारम्भिक संस्थाहरू बलियो हुनु भनेको जिल्ला संघ बलियो हुनु हो र जिल्ला संघ बलियो हुनुभनेको नेफ्स्कून बलियो हुनु हो भन्ने सर्वममान्य धारणा हो । यसै अनुरूप नेफ्स्कूनले प्रदेश बचत संघहरूसँग पनि सहकार्य गर्दै अघि बढ्ने प्रयासको थालनी गरिसकेको छ ।

साझेदारी सम्झौताले बचत तथा ऋण सहकारी संघसंस्थाहरूको सञ्चालनमा चुस्तता र प्रभावकारीता विकास गर्न, तालिम शिक्षाका कार्यक्रमबाट असल अभ्यासहरूका साथै समयसापेक्ष महत्वपूर्ण विषयहरूमा बुझाई र सीप आदानप्रदान गरी एकरूपता प्रणाली विकास गर्न र साकोस अभियानको पहुँच जिल्ला संघहरू मार्फत स्थानीय तहसम्म वृद्धि गर्न सहयोग पुग्ने विश्वास लिएको छ । यसबाहेक यसले व्यावसायिक साझेदारीका आयामहरूको माध्यमबाट दुवै पक्षलाई लाभान्वित पनि गर्दछ ।

साझेदारी सम्झौतामा आवद्ध भए वापत नेफ्स्कून सदस्यता नवीकरण शुल्कको प्रत्येक संस्थाबाट संकलित रकमको ४० प्रतिशत, नेफ्स्कूनको सफ्ट्वेयर बिक्री वापत १० प्रतिशत, स्टेशनरी बिक्री वापत २५ प्रतिशत रकम तत्तत् जिल्ला संघलाई उपलब्ध गराउने व्यवस्था समेत मिलाइएको छ । यसैगरी, साकोसहरूको संस्थागत सुशासन, गुणस्तरीयता र वृद्धिको आधारभूत खुट्किलोहरू मध्येको एक जोखिममा आधारित साकोस सुपरीवेक्षण कार्यक्रम वापतको आम्दानी र जिम्मेवारीमा समेत जिल्ला संघ र नेफ्स्कून बराबर हिस्सेदार रहेन सम्झौतामा उल्लेख छ ।

नेफ्स्कूनले विकास गरेको आधारभूत तथा मध्यम स्तरका तालिमहरू साझेदारी सम्झौता भएका जिल्लाहरूमा जिल्ला संघले सञ्चालन गर्दै आएको छ । यस्ता तालिममा ३ दिने वस्तु तथा सेवाहरूको निर्माण कार्यशाला गोष्ठी, पर्ल्स अनुगमन प्रणाली तालिम, वित्तीय व्यवस्थापन तालिम, ऋण व्यवस्थापन, जोखिममा आधारित आन्तरिक लेखा परीक्षण तालिम, सम्पत्ति शुद्धीकरण निवारण र कोपोमिस, लेखामान तालिम, नविनतम नेतृत्व विकास र सञ्चालकहरूको क्षमता विकास आधारभूत तालिम आदि छन् भने २ दिने भाखा नाघेको ऋण व्यवस्थापन तालिम, ऋणको कानुनी प्रक्रिया तथा धितो मूल्यांकन तालिम आदि रहेका छन् । यस्ता तालिमहरूले संस्थाको जनशक्तिको सीप र दक्षता वृद्धिमा सीधा सकारात्मक प्रभाव पर्न जाने निश्चित छ । सद्भावपूर्ण सम्बन्धको आधारमा सहयात्राको नमूना पस्कदै बचत तथा ऋण सहकारी अभियानप्रति सदस्यको विश्वसनीयता, गुणस्तरीयता वृद्धि गराई कोभिडले उत्पन्न गराएको प्रतिकूलताका बीच अनुकूलता खोजीका लागि पनि जिल्ला संघ साझेदारी कार्यक्रम प्रभावकारी देखिएको छ ।

## साझेदारी कार्यक्रममा आवद्ध जिल्ला संघ प्रतिनिधिहरुको भनाई



**हुमा डी.सी.**
अध्यक्ष, जिल्ला बचत तथा ऋण सहकारी संघ लि., दाङ

नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम प्रभावकारी बन्न र दीर्घकालसम्म यसले काम गर्नका लागि सर्वप्रथम स्थानीय तह, नेफ्स्कून र सहकारी बीचको त्रिपक्षिय लागत आवश्यक पर्दछ । थोरै लगानी पालिका तहले, केही सहकारीले र केही नेफ्स्कून मार्फत लगानी साझेदारी गरियो भने मात्र अपेक्षा गरिएको कामले पूर्णता पाउँथ्यो भन्ने लाग्छ । अहिले कार्यक्रम प्रभावकारी जस्तो देखिएको छ तर भनेजस्तो भएको छैन । भूगोल अनुसार सबैले सबै सहकारी सहकारीको हैसियत अनुसार लागत लगाउन नसकेको अवस्था छ । कतिपय सहकारी साना पुँजीका छन् । शुल्क तिरेर तालिममा सहभागी हुनुपर्दा साना पुँजीका सहकारीहरूको पहुँच पुगेको छैन । हो सिकाइ लिन लगानी लगाउनु त पर्छ तर सहकारीको हैसियत नभएकाले सिकाइ लिनका लागि मात्रै सहकारीलाई खोक्रो बनाउन खोजेर त भएन । सहकारीको पुँजी कमजोर छ भन्ने विषयमा बुझाइ पनि कम भएको हो की भन्ने लाग्छ । हामी स्थानीय निकाय र समुदायलाई सहकारीको महत्वको बारेमा बुझाउनै सकेका छैनौं । बुझ्ने बुझाउने कुराको कमी भएको छ । अन्य देशले गरेका उदाहरण लिएर हामी हाम्रो ठाउँमा झ्याप्पै लागु गर्न खोज्दा त्यो प्रभावकारी कसरी बन्न सक्छ । स्थानीय भौगोलिक परिवेश अनुसार सहकारीको बारेमा जानकारी गराएर, सहकारीको सिद्धान्त र विधि अनुरूप यसले समुदाय र सदस्य हितका लागि यो तरिका बाट काम गर्छ भन्ने जानकारी सबैलाई नभएसम्म ग्रामीण तहमा सहकारी मार्फत आर्थिक सामाजिक विकासको सम्भावना न्यून छ । सिकाइ बुझ्ने बुझाउने तरिका फरक भएको छ । सहकारीका सात सिद्धान्त, सहकारी ऐन भनेर कुरा मात्रै गरेर हुँदैन । ग्रामीण तहमा सहकारीको अवस्था कमजोर छ, जिल्ला बचत संघहरू पनि सक्षम छैनन् । सर्वप्रथम त कसरी हुन्छ क्षमता बढाउनु पर्छ । आज ठूला सहकारीहरू मात्रै हेर्दै जाने, सहकारीमार्फत ठूला ठूला लगानीका योजनाहरू खोज्ने हो भने हामी जस्ता ग्रामीण तहमा भर्खर उठ्न संघर्ष गर्दै गरेका सहकारी त्यही विलिन हुन्छन् । सर्वप्रथम त ग्रामीण तहका सहकारीहरूको विकासका लागि स्थानीय निकाय मार्फत सहकारीको बारेमा बुझाउनुपर्‍यो । प्रचार प्रसार गर्नुपर्‍यो तब मात्र सहकारीको विकास हुन्छ । सदस्यहरूमा वित्तीय सचेतना पैदा हुन्छ । सहकारीमा लागेको १९/२० वर्ष भयो तर भनेको जस्तो सहकारीको विकास भएको छैन । यो क्षेत्रको जरै देखि विकास आवश्यक छ, सांसद नेता र ठूदो ओहदाका व्यक्तिको जस्तो चुरीफुरीबाट मात्र सहकारीको वास्तविक विकास अवश्य सम्भव छैन ।

❑ ❑ ❑



**शारदा प्रसाद पहाडी**
सञ्चालक सदस्य
सिन्धुली जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

सहकारी संघसंस्था सञ्चालनका सम्बन्धमा नेपाल सरकारले जारी गरेका सहकारी ऐन, विनियम, कार्यविधि र निर्देशनहरू जति पनि छन् ती विभिन्न जिल्लामा सञ्चालित सहकारी समक्ष ढिलो चाँडो पुग्छन् । ऐन कानुनको बारेमा धेरैले जानकारी पनि राख्छन् । तर पनि सहकारी संस्था सञ्चालनमा पुरानै ठर्रा कायमै छ । त्यसले गर्दा नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम मार्फत जाँदा सहकारी अभियान सिन्द्धान्तमूलक ढंगले चल्न सहज भएको छ । सहकारी संस्था सञ्चालनका लागि आवश्यक नीति निर्माण गर्नेदेखि लिएर सहकारीको सिद्धान्त पालना गर्न साझेदारी कार्यक्रमले सहजीकरण गरेको छ । यसबाट जिल्ला बचत संघ मात्र नभएर प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाको गुणस्तर अभिवृद्धिका लागि पनि अर्को इटा थपिएको छ । लागत साझेदारीमा हुने शिक्षा, तालिम, प्रविधि, स्टेशनरी, स्तरीकरण कार्यक्रमबाट सहकारी सहकारीसँग पहुँच विस्तार साथै संघप्रतिको विश्वसनियता र सञ्जालको अपरिहार्यतालाई समेत पुष्टि गरेको छ ।

---



**बाबुराम घिमिरे**
अध्यक्ष
सर्लाही जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

नेफ्स्कून अभियानको नेतृत्वदायी संघ हो । अभियानको सवलीकरण र सञ्जालीकरणका लागि नेफ्स्कूनको निरन्तरको मेहनत अभियानमाझ छर्लङ्ग छ । संघले नीति, कार्यविधिहरू मेहनतका साथ निर्माण गरेको छ, तर जोडदार रूपले तयार गरिएका नीति, कार्यविधि र निर्देशनहरू कार्यान्वयन गर्ने चरणमा लचिलो भएको देखिन्छ । यसले गर्दा अभियानको विकासमा सोचे अनुरूप लक्ष्य हाँसिल गर्न सकिएको छैन । जिल्ला संघ साझेदारी कार्यक्रम अत्यन्त महत्वपूर्ण र प्रभावकारी मोडेल हो । यसबाट अभियानको विकास सम्भव छ तर नेफ्स्कून सिद्धान्तमा अडिक भएर काम गर्नुपर्छ । संघ नीतिगत विषय कार्यान्वय गर्ने क्रममा लचिलो हुनु हुँदैन, यदि कडाइका साथ प्रतिवद्ध भएर लाग्ने र अभियानसँगको छलफल र संवादबाट उठेका विषयवस्तुहरू पनि कार्यान्वयन गर्ने वातावरण बन्ने हो भने यसले निकै ठूलो सफलता प्राप्त गर्छ । लक्ष्य पुरा गर्न नेफ्स्कून कडा रूपमा प्रस्तुत हुन्छ, त्यो क्रममा भलै दुई चार संस्था र दुइ पाँच व्यक्तिको समर्थन नरहला तर सुधारका लागि चालिएको कडा कदमले भोलि सबै जना लाभान्वित त हुन्छन् नै । त्यसकारण कानुन कार्यान्वयन गर्ने क्रममा केन्द्रीय संघ लचिलो हुने होइन । हामी त्यसमा सहयोग गर्न तयार हुन्छौं ।

---



**सोमनाथ निरौला**
अध्यक्ष
मोरङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

केन्द्रीय संघको सदस्य संस्था जिल्ला संघ हो । दुवै आफैमा स्वायत्त संस्था हुन् । केन्द्रीय संघ र जिल्ला संघ दुवै आ-आफ्नै कार्यक्रममा क्रियाशिल छन् । त्यसकारण पनि दुवैका कार्यक्रमका बीचमा समन्वय आवश्यक छ । प्रारम्भिक संस्थाका सदस्यहरूले पाउने सेवामा एकीकृत भएर जाँदा प्रभावकारी हुने देखियो । फल स्वरूप जिल्ला संघ साझेदारी कार्यक्रमको अवधारण आयो । यो सही हो भन्ने लागेर प्रदेश नं. १ को सबैभन्दा पुरानो र मजबुद संघको रूपमा रहेको मोरङ जिल्ला बचत संघले शुरूमै जिल्ला संघ साझेदारी कार्यक्रममा सम्झौता गरेको थियों । तर गत वर्ष कोभिड लकडाउनका कारण कार्यक्रम जति प्रभावकारी हुनुपर्ने हो त्यो हुन सकेन । गत वर्ष बाटै यसका लागि हामीले छुट्टै कार्यक्रम अधिकृत राखेका छौं । तालिमहरू राम्ररी सञ्चालन गरेका छौं । कर्ब्स कार्यक्रममा पनि आवद्धता राम्रो भइरहेको छ । स्टेशनरी, सफ्ट्वेयर र तालिमका कार्यक्रमहरू शुरू गरेका छौं । तर नयाँ कार्यक्रम भएका कारण पनि केही विषयहरूमा समन्वय अझै मिलिरहेको छैन ।

कार्यक्रमको शुरूवाती क्रममै थुप्रै समस्याहरू आएका हुन् । समस्यालाई सामुहिक रूपमा एकरूपतामा संबोधन गर्न छलफल गोष्ठी शुरूमै आवश्यकता थियो । सबै कुरामा एकरूपताका लागि साझेदारी कार्यक्रम शुरू गरिसकिएको भएपनि बुझाइमा एकरूपताका लागि

र गोष्ठीहरूबाट निस्कने सामुहिक निष्कर्षका लागि नेफस्कूनले गर्ने निर्देशन परिवर्तन ले भोलिका दिनमा साझेदारी कार्यक्रम अझ मजबुद र प्रभावकारी बन्दै जाने देखिन्छ । कतिपय जिल्लाहरू आफैमा सक्षम छन् र पनि साझेदारी कार्यक्रममा सहभागी भएका छैनन् । ती जिल्लाहरूलाई समावेश गराउनको निम्ति पनि यी कार्यक्रमबाट आएका सुझावहरूले सहयोग पुग्छ । तालिम शिक्षा का लागि सहजकर्ता आवश्यक हुन्छ । नेफस्कूनका सहजकर्ता एक त सबै ठाउँमा पुग्दैनन् अर्कोतर्फ पुगे पनि नेफस्कूनको सहजकर्ता प्रयोग गर्दा महङ्गो पर्न जान्छ । दुर्गम जिल्लामा सहभागीहरूबाट सहभागिता शुल्क कम उठ्छ । स्थानीय रूपमा नेफस्कूनको गुणस्तरमा प्रशिक्षक तयार गर्ने काम पनि चुनौतीपूर्ण नै छ, त्यसले गर्दा साझेदारी कार्यक्रमलाई अझ प्रभावकारी बनाउन गम्भिर हुनुपर्नेछ ।

त्यसकारण पनि संयुक्त संवाद र छलफलबाट यसमा भएका कमी कमजोरी र देखिएका समस्याहरू हटाउँदै एउटै आवाज, एउटै कार्यक्रम र एकै प्रकारका सेवा सुविधाहरू एकद्वार प्रणाली मार्फत सदस्य संस्था र सदस्यहरूमाझ पुर्याउने अभियानमा जिल्ला संघ साझेदारी कार्यक्रम प्रभावकारी माध्यमको रूपमा आएको हो । जिल्ला बचत संघले मात्रै गर्दा खेरी कतिपय कुराहरू अपुग हुनसक्थ्ये, त्यसका लागि नेफस्कूनले राष्ट्रिय अन्तराष्ट्रिय अभ्यास र नयाँ प्रविधिहरू पनि जिल्ला संघ मार्फत आउँने हुँदा सहकारीका नयाँ नयाँ कार्यक्रम, उत्पादन तथा सेवा लक्षित समूहसम्म पुग्ने भएकोले पनि साझेदारी कार्यक्रम निकै प्रभाकारी छ ।

---



**गोकर्ण दुवाडी**
प्रमुख व्यवस्थापक
धादिङ जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

नेफस्कून र जिल्ला बचत संघको बीचमा जुन साझेदारी कार्यक्रम भयो यो एकदमै महत्वपूर्ण छ । साकोस अभियानलाई व्यवस्थित, दीगो र उत्कृष्ट बनाउने अभियानमा केन्द्रमा रहेर नेफस्कूनले जतिपनि बचत ऋण सहकारी छन्, तिनलाई हेर्ने, गतिविधिको अनुगमन गर्ने र उनीहरूको प्रवर्द्धनका लागि सहयोग गर्ने काम चुनौतीपूर्ण छ । एक्लैले सबै काम गर्न खोज्दा प्रभावकारी पनि नहुन सक्छ । त्यसकारण पनि अभियानको सुदृढीकरणका लागि जिल्ला संघ साझेदारी कार्यक्रम महत्वपूर्ण कार्यक्रम हो भन्ने लाग्छ । जिल्ला संघहरू प्रत्यक्ष रूपमा प्रारम्भिक संस्थाहरूसँग नजिक हुनेहुदा जिल्ला संघले अनुगमन गर्न, प्रवर्द्धन गर्न र विकास गर्न सम्भव छ । त्यसका लागि अहिलेको टड्कारो आवश्यकता भनेको जिल्ला संघको क्षमता विकास हो । धेरै जिल्ला संघहरू निश्क्रिय अवस्थामा रहेका र सक्रिय रूपमा काम गर्न खोजिरहनुभएका जिल्ला संघहरूमा पनि व्यवसाय विकास नभैसकेको अवस्था पनि छ । त्यसले गर्दा जिल्ला संघलाई सक्रिय गराउनको लागि त्यहाँ भित्र एउटा सिस्टम विकास गर्नुपर्ने र संघलाई काम गर्न सक्ने क्षमता विकास गराइयो भने संघले प्रत्यक्ष रूपमा संस्थाहरूसँग नजिक रहेर सेवा पुऱ्याउन सक्छ । वास्तवमै साझेदारी अभियानको उद्देश्य पनि त्यही हो । साझेदारी अभियानले सञ्जालीकृत ढंगले साकोस अभियानलाई व्यवस्थित बनाएर अगाडि बढ्नको लागि योजनावद्ध रूपमा लाग्नुपर्छ नै ।

साकोस र संघको बीचमा जति सहकार्य हुनुपर्ने हो त्यति सहकार्य हुन सकिरहेको छैन । जिल्ला भित्र धेरै प्रकृतिका सहकारीहरू छन् । कोही एक लेभलमा व्यवसाय उन्मुख भइसकेका छन्, केही अगाडि बढ्ने क्रममै छन् भने धेरै सहकारीहरू अहिले पनि निश्क्रिय अवस्थामा छन् । कतिपय सहकारीहरू सहकारीका मूल्य मान्यता सिद्धान्तभन्दा बाहिर गएर सञ्चालन भइरहेका पनि छन् । जसले सदस्य सेवा केन्द्रीत भएर काम नगर्दा कुनै पनि वेला ठूलो दुर्घटना निम्त्याउन सक्ने अवस्थामा देखिन्छन् । अहिलेको परिस्थिति कस्तो छ भने केन्द्र देखी स्थानीय तहसम्म एउटा सहकारी संयन्त्र अनुसार राज्यका निकायहरूको जिम्मेवारी बाँडफाँड भएको छ । अधिकांश सहकारीहरू स्थानीय तहबाट हेर्नुपर्ने, स्थानीय तह मातहतका सहकारीहरू हुनुहुन्छ । कतिपय स्थानीय तहमा सहकारी शाखा अथवा डेक्स नै स्थापना नभएको पनि छ । प्रदेशको संरचना भित्र पनि सहकारी विभागले सबल रूपमा काम गर्न सकिरहेको छैन । यो अवस्थामा जिल्ला संघहरूको भूमिका धेरै देखिन्छ । जिल्ला संघको दायित्व धेरै देखिन्छ । जिल्ला संघ आफैको क्षमता विकास गर्ने कुरामा नेफस्कूनले त्यसमा पहल गर्न सक्यो भने संस्था र संघको बीचमा नजिकको सम्बन्ध हुने संस्थालाई विकास गरेर लैजान सम्भव हुने देखिन्छ ।

❑ ❑ ❑



**देवकी नेपाल**
अध्यक्ष
रौतहट जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

समग्र रुपमा हेर्दा जिल्ला संघ साझेदारी कार्यक्रमले नेफ्स्कून, जिल्ला संघ र प्रारम्भिक सहकारी संस्थाहरूको बीचमा भावनात्मक सम्बन्धको विकास गरेको देखिन्छ । यति गर्दागर्दै पनि संस्थाको भिजन, मिसन र लक्ष्य प्राप्तिका लागि कहाँ कहाँ के कति त्रुटिहरू छन् ? राज्यले दिएको नीति विधि र प्रविधि के छ भन्ने विषयलाई यसले सूक्ष्म रूपले लिएको छ । संस्थाभित्र रहने कार्यगत एकरूपता, दृश्यमा एकरूपताको विषयमा निगरानी अनुगमन तथा मूल्यांकनको पाटोमा सहजीकरण गरेको देखिन्छ । यसको अर्को पक्ष भनेको अब हामीले जुन संस्था साच्चिकै सुतेको अवस्थामा हो वा सुतेको वहाना गरिरहेको अवस्थामा हो, त्यसको वास्तविक पहिचान गरिनुपर्छ । त्यस्तो संस्थाहरूलाई के गर्ने भन्ने उपाय सर्वप्रथम नेफ्स्कूनले खोज्नुपर्ने आवश्यकता देखिएको छ । यसै बीच समन्वयात्मक भावनाको विकास अझ सबल बनाउनुपर्ने अवस्था पनि देखिएको छ । नेफ्स्कून मात्रै होइन साझेदारी जिल्ला संघ पनि यसको परिपुरक हो । यो विना हामी अधुरो छौं भन्ने पनि नेफ्स्कूनलाई लाग्नुपर्छ ।

प्रभावकारीताको आधारमा हेर्ने हो भने नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रमबाट धेरै संस्थाहरूले यसको क्रेडिट कमाएको छ । राज्यले सहकारीलाई तेस्रो खम्बाको रूपमा सम्बोधन गरिसकेपछि हामी राज्यको परिपूरक संस्थाको रूपमा हो । राज्यसँगको बहश पैरवीमा पनि नेफ्स्कूनको भूमिका प्रभावकारी रहेको छ । साझेदारी कार्यक्रम मार्फत जिल्ला र स्थानीय तहबाट पनि राज्यपक्षसँग पैरवीका लागि सहज भएको छ ।

---



**योगमाया सुवेदी**
बरिष्ठ उपाध्यक्ष
सुनसरी जिल्ला बचत तथा ऋण सहकारी संघ लि.

नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम अत्यन्तै प्रभावकारी देखिएको छ । साझेदारी कार्यक्रम अन्तर्गत जिल्ला संघले विभिन्न तालिमहरू सम्पन्न गरिसकेको छ । जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रमका लागि पनि छुट्टै कर्मचारी (कार्यक्रम अधिकृत) राखेर काम शुरू गरेका छौं । नेफ्स्कूनबाट प्रदान हुने तालिम जिल्लामा निकै प्रभावकारी मानिन्छ । नेफ्स्कूनबाट प्रशिक्षक आउने तालिममा सहभागीहरूको उपस्थिति पनि निकै राम्रो रहने गरेको छ । त्यसकारण पनि जिल्ला संघले तालिम तथा कार्यक्रमको प्रभावकारिता खस्कन नदिने गरी काम गरेको छ । साझेदारी पूर्व प्रशिक्षक छनोट जिल्ला संघ आफै गर्ने गरेको थियो तर नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रमले उत्कृष्ट प्रशिक्षक छनोटमा सहज भएको छ, नेफ्स्कूनले दिएको मार्गनिर्देशन अनुरूप विषयविज्ञ व्यक्तित्वहरू प्रशिक्षकको रूपमा आउँदा प्राप्त तालिमबाट साकोस र साकोस सदस्यहरूको दीगो विकासमा थप टेवा पुगेको छ । अर्को पाटो भने साझेदारीका कार्यक्रमहरूमा नेफ्स्कूनको अनुगमन नियमितता पनि एउटा हो । बचत संघले निर्दिष्ट कार्यक्रमहरू गर्दै गइरहेको छ, तालिमको प्रभावकारीता, सदस्य सन्तुष्टीको पाटोमा नेफ्स्कूनले हेरिदिनुपर्छ भन्ने लाग्छ । सदस्यहरूको दीगो विकास भएको छ, छैन, संस्थाहरू समृद्ध, व्यावसायिक भएका छन् छैनन्, उद्यमशीलता विकासमा तालिमको प्रभावकारीता के छ भन्ने विषयमा नेफ्स्कूनको नियमिति निगरानी होस् भन्ने अपेक्षा जिल्ला बचत संघहरूको रहेको छ ।

नेफ्स्कूनकी सञ्चार अधिकृत राधा पौडेलले तयार पार्नुभएको समाचार रिपोर्ट ।

❑ ❑ ❑

## यस वर्षको राष्ट्रिय सहकारी दिवसको नारा "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी"

राष्ट्रिय सहकारी महासंघले ६४औं राष्ट्रिय सहकारी दिवस (२०७७ चैत्र २० गते) को अवसरमा "मर्यादित व्यवसाय र प्रविधिमा सहकारी" नारा तय गरेको छ । महासंघले यस वर्षदेखि वार्षिक रूपमा राष्ट्रिय सहकारी दिवसको अवसरमा सार्वजनिक गरिने सहकारी नारालाई आदर्श बाक्य भनिने समेत स्पष्ट पारेको छ । महासंघले गत वर्ष २०७७ को नारा "मर्यादित श्रम र पर्यटनका लागि सहकारी" भन्ने राखेको थियो ।

# राजन कुमार आचार्यको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति

## प्रारम्भिक संस्था र नेफस्कूनबीच जिल्ला संघ पुल बन्नुपर्छ: बरिष्ठ उपाध्यक्ष ढकाल

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. पश्चिम नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को प्रारम्भिक साधारण सभा वैशाख ११ गते सुनवलमा सम्पन्न भएको छ । नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून) का वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालको प्रमुख आतिथ्यतामा सम्पन्न सभाले राजनकुमार आचार्यको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति तथा लेखनाथ खरेलको संयोजकत्वमा ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति निर्विरोध निर्वाचित गरेको छ । जिल्ला बचत तथा ऋण सहकारी संघ पश्चिम नवलपरासी हालसम्मको सबैभन्दा कान्छो जिल्ला संघ पनि हो । २०७७ माघ १३ गते लुम्बिनी प्रदेश सहकारी विभागमा दर्ता भएको तदर्थ संघ प्रारम्भिक साधारणसभाबाट विधिवत निर्वाचित भएको हो ।

कार्यक्रमलाई संबोधन गर्दै नेफ्स्कूनका प्रवक्ता समेत रहनुभएका बरिष्ठ उपाध्यक्ष ढकालले जिल्ला संघले प्रारम्भिक सहकारी संस्थाहरू र नेफ्स्कून बीच पुलको काम गर्नुपर्ने बताउनभयो । जिल्ला संघले सबै स्थानीय तहमा रहेका बचत तथा ऋण सहकारीहरूलाई समेट्नु पर्नेमा उहाँले जोड दिनुभयो । बरिष्ठ उपाध्यक्ष ढकालले भर्खरै स्थापित जिल्ला बचत तथा ऋण सहकारी संघले सुरुवाती चरणबाटै आफ्नो सक्षमता देखाएको भन्दै प्रशंसा समेत गर्नुभयो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ लि. पश्चिम नवलपरासी (वर्दघाट सुस्ता पश्चिम) तत्कालिन नवलपरासी विभाजित भई नवलपुर (सुस्ता पूर्व) र नवलपरासी (सुस्ता पश्चिम) जिल्ला भएसँगै सहकारी विकास र प्रवर्द्धनका लागि नवलपरासी (ब.सु.प.) जिल्ला बचत तथा ऋण सहकारी संघ गठन भएको हो ।

कार्यक्रममा जिल्ला सहकारी संघका सञ्चालक सदस्य नारायण थापा क्षेत्री, वर्दघाट नगरपालिका वडा नम्वर ४ का वडा अध्यक्ष्य तथा जिल्ला बचत तथा ऋण सहकारी संघका सञ्चालक सदस्य रविन्द्र बिक्रम हमाल लगायतले शुभकामना मन्तव्य राख्नुभएको थियो ।




पश्चिम नवलपरासी जिल्ला बचत संघ प्रारम्भिक साधारणसभा

प्रारम्भिक साधारण सभामा जिल्ला संघको हालसम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै अध्यक्ष राजन कुमार आर्चायले संघलाई मजबुत पार्न व्यावसायिक योजना अनुसार लक्ष्य हासिल गर्ने, साविकका सदस्य संस्थाहरू अद्यावधिक गर्ने, नयाँ थप सदस्यता वृद्धिका लागि समन्वय बढाउने, राष्ट्रिय सहकारी महासंघ, नेफ्स्कून, प्रदेश सहकारी संघ प्रदेश बचत संघ, जिल्ला सहकारी संघ सहितका छाता संघहरूमा आवद्ध हुने लगायतका आगामी कार्यक्रमहरू रहेको जानकारी गराउनुभयो । प्रारम्भिक साधारण सभामा स्वागत मन्तब्य संघका कोषाध्यक्ष ध्रुव नारायण बानियाँले राख्नुभएको थियो भने कार्यक्रम सञ्चालन सचिव रमेश कर्माचार्यले गर्नुभएको थियो ।

### नवलपरासी बचत संघको वस्तुस्थिति

नवनिर्वाचित अध्यक्ष राजन कुमार आचार्यले संघले चालु आ.व. को बाँकी ३ महिनाभित्र ३२ सदस्य, ९ लाख सेयर पुँजी र २२ लाख बचत संकलनको लक्ष्य लिएको बताउनुभयो । जिल्लाका ४० बचत तथा ऋण सहकारी संस्थाहरूलाई पहिलो चरणमा आवद्धताको पहल भैरहेको जानकारी गराउँदै उहाँले चालु आ.व. भित्र जिल्लाका ८० सदस्य संस्था आवद्धता र २ करोड बचत संकलनको लक्ष्य लिएको उल्लेख गर्नुभयो । संघमा हाल २२ संस्था आवद्ध छन् ।

संघको प्रभावकारी सञ्चालन चुनौतीपूर्ण भएपनि ३ वर्षीय व्यावसायिक योजना निर्माण गरी सोही अनुरूप कार्य थालनी गरेको जानकारी गराउनुभयो । मजबुद जिल्ला बचत संघ निर्माणमा एकजुट र प्रतिबद्ध भएको दावी गर्दै अध्यक्ष आचार्यले हाल सुनवल ४ मा सम्पर्क कार्यालय र कर्मचारी व्यवस्थापन गरी काम शुरू गरेको बताउनुभयो । राष्ट्रिय सहकारी महासंघ र नेफ्स्कूनसँगको आबद्धताको प्रक्रिया थालनी भएको बताउँदै उहाँले जिल्ला संघ साझेदारी कार्यक्रममा सहभागी भई नेफ्स्कूनको साथ र सहयोग लिएर अगाडि बढ्ने योजना सुनाउनुभयो ।

समितिको उपाध्यक्षमा फुल कुमारी गिरी, सचिव रमेश कर्माचार्य, सहसचिव देवराज श्रेष्ठ, कोषाध्यक्ष ध्रुव नारायण वानिया, सदस्यहरू रविन्द्र विक्रम हमाल, डिक बहादुर पाण्डेय, शिव देव न्यौपाने, मिना चौधरी, प्रदिप सुवेदी, विष्णु प्रसाद बराल र लेखा सुपरिवेक्षण समिति संयोजकमा लेखानाथ खरेल निर्विरोध चयन हुनुभएको हो । अध्यक्ष आचार्यले समितिका रिक्त पदहरूमा छिट्टै सहमतिको आधारमा सदस्य चयन गरिने जानकारी गराउनुभयो ।

# सदस्य केन्द्रीयता सूचकाङ्क तथा स्थलगत सिद्धान्त परीक्षण अभिमुखीकरण

सहकारी विभाग र नेफस्कूनको संयुक्त आयोजनामा सहकारी क्षेत्र सुदृढीकरण तथा प्रणाली सुधार कार्यक्रम अर्न्तगत २ दिवसीय बचत तथा ऋण सहकारी संस्थाहरूको सदस्य केन्द्रीयता सूचकांक तथा स्थलगत सिद्धान्त परिक्षण अभिमुखिकरण कार्यक्रम मकवानपुर, कुलेखानीमा २०७७ चैत्र २१ गते सम्पन्न भएको थियो । सहकारीका मूल्य मान्यता र सिद्धान्तलाई व्यवहारिक रूपमा मापन गर्नका लागि सूचकहरूको निर्माण, विश्व ऋण परिषदद्वारा जारी बचत तथा ऋण सहकारीका लागि सुशासनका सिद्धान्तका कार्यान्वयन मानकहरूको निर्माण, सदस्य केन्द्रीयता सूचकांक र यसका मापनका सूचकहरूको परिक्षण विधि, सिकाईका लागि दीगो स्थानीय पर्यावरण सम्बन्धी मार्गदर्शन निर्माण, सदस्य सेवाका लागि उत्कृष्ठ कार्य वातावरण र परीक्षणका सूचकहरूको निर्माणका लागि कार्यशाला गोष्ठीको आयोजना गरिएको हो । यस कार्यशालामा सदस्य सेवा विभाग अर्न्तगत अधिकृत स्तरका २१ जना कर्मचारीहरूको उपस्थिति थियो ।



कार्यक्रम शुरूवात गर्दै संघका उपाध्यक्ष शान्ति अधिकारीले सहकारीहरू सुशासनमा सञ्चालन नहुँदा थोरै सहकारी बिग्रँदा समग्र सहकारी अभियानको विश्वसनियता माथि प्रश्नचिन्ह उठने गरेको बताउँदै सुशासन र सदस्य केन्द्रीयताले नै सहकारी संस्थाको दीगोपना कायम हुने बताउनुभयो । संघका महासचिव दामोदर अधिकारीले संस्थाहरूको वासलात वृद्धिमात्रैलाई सफलताको सूचकमा नलिई सदस्यको जीवनस्तर परिवर्तनमा संस्थाले गरेका कार्यहरू, सदस्य सहभागिता, विस्तारित मञ्च, निरन्तर सदस्य शिक्षा र सुशासनका अभ्यासहरूको पालना मापनलाइ सफलताको सूचकमा समावेश गर्नु आवश्यक भएको बताउनुभयो । अभिमुखिकरणमा सहकारी विभागका उपरजिष्ट्रार सुरेन्द्र पौडेल, संघको प्रशासन तथा समन्वय विभाग प्रमुख सञ्जयराज तिमिल्सेना, सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले सहजीकरण गर्नुभएको थियो ।



# साकोस अभियान सवलीकरणमा नेफ्स्कूनको भूमिका



**गोपीनाथ मैनाली**
सचिव
नेपाल सरकार

साकोसका सदस्यहरु स्वयं यसका व्यवस्थापक र नियन्त्रक पनि हुन् । सदस्यको हितकासाथ संस्थाको हित नै साकोसको सफलता हो । साकोसमा सदस्यहरु सेवा प्रदायक र सेवा प्रापक हुन् । संस्थाको सफलता सदस्यहको सन्तुष्टिमा निहित हुन्छ । संस्थाका उत्पादन (सेवा) मितव्ययी र स्तरीय भएमा सदस्यको सन्तुष्टि हुन्छ । सदस्यको सन्तुष्टि र संस्थाबाट प्रवाहित सेवाको गुणस्तर सुनिश्चित गर्न सकोसहरुको केन्द्रीय संगठनका रुपमा नेफ्स्कूनको स्थापना भएको हो ।

बचत तथा ऋण सहकारीहरू सदस्यहरूको आफ्नै बैंकका चाहनाका प्रतिरूप हुन् । त्यसैले यीनीहरू समुदायको बैंकका रूपमा चिनिएका छन् । ठूला वित्तीय तथा प्राविधिक जोखिमबाट अलग, आफ्नै पहुँच र आफूहरूबाट निर्मित, नियन्त्रित र सञ्चालित हुने भएकाले नै साकोस आफ्नै सुखदुखको साथी हो । आफ्नै बचतबाट आफूहरू नै पूजी निर्माणको प्रक्रियामा समाहित हुने चाहनाले नै वित्तीय सहकारीलाई जन्माएको हुन्छ । यस्ता संस्थाले वित्तीय क्रियाकलापमा सामुदयिकता, वित्तीय पहुँच र सदस्यहरूको लोकतान्त्रिक व्यवस्थापनलाई द्योतन गर्दछ । यस प्रक्रियामा बैंकको नाफामुखी भावना सामुदायिकताबाट विस्थापित हुन्छ, कम्पनीको सेयर होल्डर्स सुप्रिमेसी सदस्य सुप्रिमेसी र साझाबन्धनले विस्थापित गर्दछ र लगानी जोखिमलाई आपसिकताको भावनाले परिपूरण गर्दछ । त्यसैले बचत तथा ऋण सहकारी समुदायका आफ्ना बैंक हुन्, जसले एकसाथ सहज वित्तीय पहुच, वित्तीय साक्षरता, बचत परिचालन र पुँजी निर्माण गरी सदस्यहरूको आर्थिक हित प्रवर्द्धन गर्दछ । यो आफैमा आर्थिक सामुदायिकरणको अभियन हो ।

नेपालमा बन्द राजनैतिक व्यवस्थाका सममया साझाका नाममा निर्देशित सहकारीले पञ्चायतको राजनैतिक दर्शनलाई कार्यावयन गदैथे, जुनज सहकारीका विश्वव्यापी मान्यता अनुरूप थिएनन् । २०४८ सालमा मुलुकले उदारीकृत राजनैतिक व्यवस्था र त्यसको अभिन्न भागका रूपमा उदार आर्थिक नीति अवलम्बन गरेपछि भने सहकारी संस्थाहरूको विस्तार हुन पुग्यो । सहकारी ऐन, २०४८ कार्यान्वयनको २६ बर्षे अवधि मूलतः सहकारीको विस्तारमा केन्द्रित थियो । सहकारी ऐन, २०७४ पछि यसको गुणात्मक पक्षहरू, जस्तो की सेवा वस्तुको विविधकीकरण, आन्तरिक सुशासन, जोखिम व्यवस्थापन, स्वनियमन, एकीकरण, विशिष्टीकरण लगायतका पक्षमा केन्द्रित हुनुपर्ने माग बढिरहेको छ । एकातर्फ संविधान जस्ता राज्यइच्छाबाट सहकारी क्षेत्रको उच्च भूमिका माग गरिएको छ, अर्कोतर्फ सहकारी क्षेत्र अपेक्षित रूपमा आदर्श व्यवसाय बन्न सकिरहेको छैन । सहकारी ऐनमा भएका प्रावधानहरूको अनुपालन हुन सकिरहेको छैन । परिणामतः सहकारी क्षेत्रले करिव रू ९ खर्वको कारोवारको जोखिम बढेको छ । यसर्थ सहकारी क्षेत्रको आदर्श कायम गर्दै आर्थिक समृद्धि र सामाजिक रूपान्तरणमा यस क्षेत्रको भूमिका प्रभावकारी पार्न सख्त जरूरी देखिएको छ ।

### विषयगत संघको भूमिका

मूलतः सहकारी भावना अनुरूप सदस्यहरूको हित प्रवर्द्धन गरी सहकारी अभियानलाई प्रर्वद्धन गर्न

सहकारीका विषयगत संघहरू गठन हुने गर्दछन् । सैद्धान्तिक रूपमा नेफ्स्कून जस्ता विषयगत संघको भूमिका यस प्रकार देखिन्छ :

- समान व्यवसाय वा कारोवार गर्ने सहकारी संस्थाहरूबाट विषयगत संघको गठन हुनसक्ने,
- आफूमा आवद्ध संस्थालाई संरक्षण, प्रवर्द्धन र दिशोवोध मार्फत अभिभावकत्व दिन संघ क्रियाशील हुनुपर्ने,
- संघ आफू आवद्ध सदस्यहरूको प्रतिनिधि र नेतृत्व गर्दै सदस्यहरूको गुठीयार (ट्रष्टी) को रूपमा रहने ।
- संघ सहकारीको सहकारीका रूपमा रहने । त्यसैले कतिपयका अनुसार यसले व्यवसाय नगरी सदस्य भैकन यसले विभिन्न सेवाकेन्द्र मार्फत सेवा प्रदायकको कार्यसमेत गर्दै आएको छ । आफैले व्यवसाय पनि गर्ने र सदस्यहित प्रवर्द्धन पनि गर्ने भूमिकामा सावधानीपूर्ण अभ्यास हुनुर्पछ, अन्यथा स्वार्थको द्वन्द्व देखिन्छ ।

सहकारी ऐन, २०७४ अनुसार सहकारी संघ र विषयगत संघका कार्यहरू देहाय अनुसार छ :

- सहकारी मूल्य, मान्यता र सिद्धान्तको परिपालन गर्ने, गराउने,
- सदस्यहित प्रवर्द्धनका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
- सहकारी क्षेत्र प्रवर्द्धनका लागि सरकारका निकायसँग समन्वय र सहकार्य गर्ने,



हित प्रवर्द्धन गर्नुपर्दछ । संघले सदस्यहरूको प्रतिनिधित्व र हित प्रवर्द्धन गर्ने हो, व्यवसाय सञ्चालन गर्ने होइन । आफै आफ्ना सदस्यसँग प्रतिस्पर्धा गर्नु हुन्न । तर दोस्रो मत अनुसार प्रवर्द्धन र प्रतिस्पर्धा साथै गर्न सकिन्छ । नेपालमा दोस्रो मत अनुसार सहकारी संघहरू क्रियाशील छन् ।

- सदस्यहरूको प्रतिनिधित्व, व्यवसाय प्रवर्द्धन, सहजीकरण र पैरवीका साथ संघहरू आफै व्यवसाय पनि गर्दै आएका छन् । उदाहरणका लागि नेफ्स्कून बचत तथा ऋणपरिचालन गर्ने सहकारीहरूको छाता संगठन

- सहकारी व्यवसाय प्रवर्द्धनका लागि व्यावसायिक तथा बजार अध्ययन हनुसन्धान गर्ने, गराउने,
- शिक्षा, तालिम र सूचना प्रदान गर्ने गराउने,
- बजार सूचना प्रणालीको विकास गर्ने,
- संस्था र संघहरू बीच पारस्परिक सहयोग अभिवृद्धि गर्ने, गराउने,
- अन्तर्राष्ट्रिय सहकारी अभियानमा पारस्पारिक सहयोग, समन्वय र सम्बन्ध विस्तार गर्ने,
- सहकारी क्षेत्रमा सुशासन प्रवर्द्धन गर्ने,
- विनियममा उल्लेखित कार्य गर्ने ।

सदस्य संस्थाहरूलाई सहकारी मूल्य, मान्यतामा ल्याई सहकारी व्यवसाय प्रवर्द्धन गर्न राष्ट्रिय सहकारी महासंघले सहकारी आचार संहिता, २०६४ जारी गरेको छ । जसमा सहकारी संघ स्थापनाका यी पाँच उद्देश्य छन् :

- सहकारी मूल्य, सिद्धान्तलाई व्यवहारमा उतारी सहकारीलाई मर्यादित र आदर्श बनाउने,
- सहकारीमा आवद्ध सदस्यहरूको व्यक्तिगत र सामाजिक क्रियाकलाप मर्यादित र आदर्श बनाउने,
- संस्थाका क्रियाकलाप पारदर्शी, अनुशासित बनाइ सहकारी संस्कृतिको विकास गर्ने,
- सदस्य तथा पदाधिकारीको काम कारवाही उत्तरदायी र जवाफदेही बनाउने,
- संघसंस्थाको व्यावसायिक कार्यमा सुधार ल्याउने ।

### नेफ्स्कूनको भूमिका

अभियानको थालनी र संस्था निर्माणको काम सजिला हुन्छन् । जब संस्थाहरू विस्तारको चरण पार गर्दछन्, त्यसपछि संगठनका सिद्धान्त, मूल्य-मानकहरूको अवलम्वन गरी सेवाको गुणस्तर सुधार गर्नु जटिल हुन्छ, तर गुणस्तर सुधारको विकल्प पनि रहदैन । नेपालको सहकारी आन्दोलन विशेषतः वित्तीय सहकारीहरूमा पनि यो स्थिति देखिनु स्वाभाविक हो ।

साकोसका सदस्यहरू स्वयं यसका व्यवस्थापक र नियन्त्रक पनि हुन् । सदस्यको हितकासाथ संस्थाको हित नै साकोसको सफलता हो । साकोसमा सदस्यहरू सेवा प्रदायक र सेवा प्रापक हुन् । संस्थाको सफलता सदस्यहको सन्तुष्टिमा निहित हुन्छ । संस्थाका उत्पादन (सेवा) मितव्ययी र स्तरीय भएमा सदस्यको सन्तुष्टि हुन्छ । सदस्यको सन्तुष्टि र संस्थाबाट प्रवाहित सेवाको गुणस्तर सुनिश्चित गर्न सकोसहरूको केन्द्रीय संगठनका रूपमा नेफ्स्कूनको स्थापना भएको हो । संगठनको उद्देश्य पूरा भएमा मात्र संगठनको औचित्य प्रमाणित हुन्छ ।

साकोसको प्रभावकारिता सुनिश्चित गर्न नेफस्कूनले सम्पादन गर्दै आएका धेरै कामहरूमध्ये एक्सेस, प्रोबेसन र कर्ल्स प्रणालीको विकास पनि हो । साकोसको गुणस्तर मापन र जोखिम व्यवस्थापनका लागि प्रचलनमा ल्याइएका यी संयन्त्रहरू आफैमा आधुनिक छन् । वित्तीय सवलता, सदस्य सन्तुष्टि, व्यावसायिकता स्तर जस्ता सूचकहरू संयन्त्रका अवयवमा रहेका छन् । साथै नेपाल सरकारसँगको सहकार्यमा संस्थाको क्षमता विकास र अनुगमनमा पनि नेफ्स्कून क्रियाशील छ, जसका आधारमा सदस्य संस्थालाई स्तरीय, सदस्य केन्द्रित, जोखिममुक्त, व्यवसायी र दीगो बनाउनस सकियोस् ।

त्यस्तै साकोस वित्तीय विश्लेषण र अनुगमनका लागि अभ्यासमा ल्याइएको कर्ल्स प्रणालीले संस्थाको वासलात र आम्दानीको विश्लेषण गर्दछ । संस्थाको सम्पत्तिको अनुपातमा पुँजी, निक्षेप, ऋण, मौज्दात तरलताको स्थिति के छभन्ने विश्लेषणका आधारमा संस्था कता गैरहेको छ ? वित्तीय प्रुडेन्सीको स्तर कस्तो छ ? यदि सुधारको गुञ्जायस छ भने के कस्ता क्षेत्रमा कसरी हस्तक्षेप गर्न आवश्यक छ भन्ने निर्क्यौल गर्न सकिन्छ । वित्तीय सहकारीको छाता संगठन भएकाले सदस्यहितका लागि पनि यो काम निरन्तर गर्नु पर्दछ ।

वित्तीय कारोवार गर्ने सहकारी संस्थाको संख्या बढ्दो छ । सबै संस्थाहरू सहकारीका मूल्य र साकोस सिद्धान्तमा रहेर काम गर्लान् भन्न सकिन्न । नेपाल सरकारले पूर्व न्यायाधिश गौरी बहादुर कार्कीको संयोजकत्वमा केही वर्ष अगि गठन गरेको समितिको प्रतिवेदनले पनि केही संस्थाहरू सहकारी मूल्य मानक भन्दा बाहिर गएर सञ्चालनमा रहेको औल्याएको थियो । त्यसपछिका दिनमा पनि दर्जनौ साकोसहरूले सदस्यहित विपरीत काम गरिरहेको उजुरी तथा गुनासाहरू रहदै आएका छन् । जोखिम सदस्यको र फाइदा आफना पक्षमा पार्ने, संस्थाको यथार्थ हिसाव नराख्ने, गलत कारोवार गर्ने, कारोवारको पारदर्शीता कायम नगर्ने, सञ्चालक नै व्यवस्थापक बन्ने, आफै सञ्चालक र आफै ऋणी बन्ने, कानुन र सिद्धान्त विपरीतका क्षेत्रमा लगानी गर्ने, व्यवस्थापकले ठूलो आयतनमा सुविधा लिने, संस्थाले बैंक तथा अन्य संस्थासँग इन्टरनल ट्रेड गर्ने लगायतका कार्यहरू गरिएको अनुगमन तथा गुनासोहरूबाट देखिन थालेको छ । जस्का कारण समस्त वित्तीय सहकारीप्रति नै नकारात्मक भावना फैलिने संभावना छ । खराव व्यवस्थापनका कारण कतिपय वित्तीय सहकारीले आफ्नै सदस्य (स्वामी) हरूको जीवनलाई नै वर्वाद पनि पारेका छन् भने कतिपय समस्याग्रस्त भै व्यवस्थापनको जिम्मा नै समस्याग्रस्त सहकारी व्यवस्थापन समितिबाट लिनुपर्ने अवस्था आइरहेको छ ।

सदस्यको हित विपरीत सदस्यहरूको संस्था कसरी जान सक्छ ? त्यो पनि स्वनियमनमा रहने, स्वयं व्यवस्थापन र स्वयं जवाफदेहिताको सामुदायिक संस्था ? यस अवस्थामा नेफ्स्कूनको दोहोरो भूमिका रहन्छ । पहिलो, साकोसलाई क्रेडिट युनियनका सिद्धान्त र सहकारी मूल्य मान्यतामा ल्याउन निरन्तर शिक्षा, अभिमुखीकरण, अनुगमन, जोखिम विश्लेषण, पृष्ठपोषण, अध्ययन, अन्वेषण जस्ता काम निरन्तर गर्ने । जुन क्रेडिट युनियनको छाता संगठन भएकोले पनि आवश्यक हुने नै भयो ।

दोस्रो, सहकारी नियमनमा सरकार र नियामक संस्थालाई सहयोग गर्ने । सहकारी ऐन, २०७४ कार्यान्वयनमा आइसकेपछि संघीय शासन पद्धति अनुसार तहगत सरकारमा सहकारीको कार्य क्षेत्र विभाजन भै नियामक निकायहरू आफै रणभुल्लमा छन् । क्षमता अभावका कारण नियमक निकायहरू सहकारी नियमन, प्रवर्द्धन र प्रशासन गर्न सकिरहेका छैनन् र सहजताका आधारमा व्यवहार गरिरहेका छन् । तथ्यांकीय आधारहरू पनि व्यवस्थित छैनन् । नियामक निकायप्रति नै नियमन गर्नुपर्ने चर्चा पनि सुनिदै आएको छ । यस अवस्थामा नेफ्स्कूनसँग भएको संस्थात्मक सम्झना, व्यावसायिक अनुभव र विज्ञता आग्रहरहित रूपमा मन्त्रालय र विभागमा उपलब्ध गराई संस्थाको राइट ट्र्याकिङ्, सदस्यहित प्रवर्द्धन र साकोस व्यावसायिकता विकासमा लगाउनु पर्दछ ।

साकोसको प्रभावकारिता सुनिश्चित गर्न नेफ्स्कूनले सम्पादन गर्दै आएका धेरै कामहरुमध्ये एक्सेस, प्रोबेसन र कर्ल्स प्रणालीको विकास पनि हो । साकोसको गुणस्तर मापन र जोखिम व्यवस्थापनका लागि प्रचलनमा ल्याइएका यी संयन्त्रहरु आफैमा आधुनिक छन् । वित्तीय सवलता, सदस्य सन्तुष्टि, व्यावसायिकता स्तर जस्ता सूचकहरु संयन्त्रका अवयवमा रहेका छन् ।

ता कि साकोसभित्रको सुशासन अनुभूत गर्न सकिने गरी देखियोस् ।

कोभिड-१९ ले सहकारी क्षेत्रलाई पनि थिलथिलाएको छ । साकोसहरू वित्तीय जोखिममा छन् । लगानी उठ्न सकेको छैन, कर्जाको पुनर्तालिकीकरण गर्नुपर्ने अवस्था छ । यही समय सदस्य सेवा वृद्धि गरी सदस्यको आर्थिक हित गर्नु परेको छ । यस अवस्थामा नेफ्स्कूनले स्थीरीकरण कोषको नेतृत्वकर्ताको हैसियतमा जोखिम व्यवस्थापनका कार्यक्रम ल्याउनुको विकल्प छैन । स्थीरीकरण कोषको सञ्चालन क्षमता बढाउने अवसर पनि हो यो, जसले साकोसलाई सञ्जिवनी दिई सदस्यहरूको विश्वास जित्ने क्षमता बढाउन सक्दछ । साथै सरकारले वित्तीय सेवा प्रदान गर्न व्यवस्था गरेका अन्य कोषहरूसँग सहकार्य गर्ने अग्रसरता देखाउनु पर्दछ । यी दुवै काम नेफ्स्कूनका अभिभावकीय दायित्व हुन्, सङ्कटको घडीमा नै नेतृत्वले अग्रसरता देखाउने हो, अघिपछि त सामान्य प्रणाली निर्वाह गरे पुगिहाल्छ ।

साकोसभित्र सदस्य सक्रियता र लोकतान्त्रिक नियन्त्रण कमजोर हुँदै गएको छ । साकोस सदस्यहरूमा विशेषतः मध्यम वर्गको हावी छ । मध्यम वर्गको साझा चरित्र व्यवसायभन्दा पनि सजिलो आर्जनमा केन्द्रित रहने गर्दछ । सहकारीलाई व्यवसायलाई आफनो व्यवसायका रूपमा नियन्त्रण, निगरानी, सहभागिता र सेवा उपयोगमा भन्दा पनि लाभांश लिने प्रवृत्ति देखिन थालेको छ । नियामक संस्थाहरूको निस्क्रियताले सहकारीभित्र चरम वेथिति बढ्दै गएको छ । यो प्रवृत्ति बढ्न गएमा सहकारी अभियानलाई नै गम्भीर झड्का पुग्ने देखिन्छ । यसर्थ पनि सहकारी शिक्षा र सहजीकरणमा नेफ्स्कूनको भूमिका महत्वपूर्ण हुदैछ ।

सहकारी क्षेत्रलाई सरकारले ठूलो भूमिका दिएको छ । नेपालको संविधान जारीपछि सामाजिक रूपान्तरण र आर्थिक समृद्धिको एउटा महत्वूपर्ण भूमिका निर्वाहकर्ताको अपेक्षा पनि यस क्षेत्रबाट गरिएको छ । आवधिक योजना र क्षेत्रगत नीति/रणनीतिहरूले पनि सहकारी क्षेत्रलाई महत्वपूर्ण अन्तरसम्बन्धित विषयका रूपमा लिएका छन् । यी कारणले गर्दा सहकारी, विशेषतः साकोस अभियानमा अवसर मात्र होइन, जोखिम पनि थपिएका छन् । त्यसैले सहकारी अभियान हौसिएर मात्र पुग्दैन, सावधानीपूर्वक कर्त्तव्य निर्वाहमा पनि देखिनुपर्ने अवस्था छ । जस्तो कि यी व्यवस्थाले समाजमा सहकारी सजिलो व्यवसाय हो र यसबाट छिटै प्रशस्त लाभ लिन सकिन्छ भन्ने भावना पनि विकास भएको छ । जुन सहकारी भावनाको सामुदायिकरणसँग कत्ति पनि मेल खादैन ।

अर्को, समाजका टाठाबाठा व्यक्तिहरू समूह बनाइ सहकारीका नाममा संस्था दर्ता गर्ने र संस्थाको लाभ पक्तिने अस्वस्थ गतिविधिमा पनि लागेका छन् । सरकारको अपेक्षा र कानुनका भावनालाई आफूकरण गरी नीतिलाभ क्याप्चर गर्ने यो नराम्रो प्रवृत्तिले सहकारीमाथि गम्भीर चुनौती ल्याउने छ । यस अवस्थामा नेफ्स्कनले वित्तीय सहकारी शिक्षा र सहकारी भावनाको अभिमुखीकरण गर्नुपर्ने भूमिकाको माग भैरहेको छ । नेफ्स्कूनमा आवद्ध सदस्य संस्थाहरूमा विकृतिहरू देखिएका छैनन्, तर समस्त साकोस अभियानलाई स्वच्छ र मूल्य केन्द्रित बनाउने दायित्व पनि उसको हो ।

## छुट्टै साकोस कानुनको बहस

वित्तीय सहकारीको दिनदिनै बढेर गएको छ । सबै प्रकारका सहकारीले मुख्य कारोवार अरू भएपनि वास्तविक कारोवारमा भने बचत ऋणलाई नै महत्व दिएका छन् । सहकारी ऐनले वित्तीय सहकारीका मापदण्ड र कार्यक्षेत्रका विषयमा थप प्रावधानहरू राखेको छ, तर ती कार्यान्वयनमा आएका छैनन् । सहकारी ऐनले सहकारी मर्जरको प्रावधान राखेपनि वाध्यात्मक मर्जर सम्भव छैन भने अर्कोतर्फ मर्जरका कारण लोकतान्त्रिक व्यवस्थापन असहज हुनुहुँदैन । साथै मर्जरका प्रक्रियामा प्राविधिक र व्यावहारिक जटिलता पनि रहदै आएका छन् । वित्तीय सहकारीमा नै सवल नियमनको माग पनि छ । वित्तीय सहकारीमा रहेका यी जटिलताहरू व्यवस्थापनका लागि छुट्टै ऐनको माग पनि अभियानबाट उठ्न थालेको छ । बचत तथा ऋण सहकारीको विशिष्ट कार्य क्षेत्र हो । यसमा रहने जटिलता र जोखिमका प्रकृति पनि विशिष्ट प्रकृतिका छन् । बचत ऋण व्यवसाय स्वच्छ र वित्तीय सिद्धान्तका आधारमा व्यवस्थित गर्न सकिएमा समुदाय स्तरमा वित्तीय समावेशिकरण हुन गै आर्थिक संरचनाहरू संस्थागत हुन जान्छन्, जुन स्वावलम्बन संस्कृतिको आधार हुनसक्छ । अर्को वित्तीय सहकारीमा सहकारीका सामान्य सिद्धान्तका अलावा क्रेडिट यूनियनका विशेषीकृत सिद्धान्त पनि अवलम्वन गर्नु उत्तिकै आवश्यक छ । यस कारण छुट्टै साकोस ऐन आवश्यक छ भन्ने तर्क उचित नै देखिन्छ ।

विशेषीकृत साकोस ऐनले (क) ऋण संघ (क्रेडिट युनियन) का सिद्धान्तहरूको अवलम्वन, (ख) विशेष जोखिम व्यवस्थापन सहजता, (ग) साकोस संस्थागत विकास र व्यवसायीकरण, (घ) साकोस अनुगमन/सुपरिवेक्षण सवलीकरण (ङ) स्थीरीकरण लगायत सहकारी संरचना भित्र र बाहिरका कोषहरू सञ्चालनमा कार्यकुशलता र (च) सबै वित्तीय सहकारीलाई बाध्यात्मक रूपमा एकै विषयगत छाता संगठनको अधिनस्थ राख्न कानुनी आधार दिन्छ । कतिपय वित्तीय सहकारीहरू समस्याग्रस्त बन्दै गएका र क्रेडिट युनियनका सिद्धान्त अनुपालनमा नसमेटिएका कारण छुट्टै ऐनको आवश्यकता महसुस गरिनु स्वाभाविक छ ।

तर छुट्टै ऐनले साकोस व्यवस्था सुधारको रामवाण हुन सक्दैन भन्ने तर्क पनि त्यत्तिकै ओजनदार छ । अल्प विकसित मुलुकमा नीति संरचना परिवर्तनबाट समस्याको समाधान खोज्ने गरिन्छ, तर समस्या नियत (व्यवहार र कार्य संस्कृति) मा रहन्छ । त्यसैले नीति भन्दा नियत स्वच्छ र प्रभावकारी नभएमा नीति परिवर्तनले कुनै प्रभाव पार्दैन । अर्को तर्क विशेष कानुनले सहकारी भावनालाई खण्डीकरण गर्न पुग्छ । अन्य विषय क्षेत्रका सहकारीहरूले पनि यसैगरी विशिष्टीकृत

कानुनको माग गर्न थाल्दछन् । त्यसपछि समन्वयको समस्या अरू धेरै देखिनेछ । क्रेडिट युनियनको भावनाले सहकारी भावनालाई उपेक्षामा पार्ने संभावना पनि रहन्न भन्न सकिन्न । यस अवस्थामा हामीले खोजेको सामुदायिक वित्तीय भावना वा वित्तीय क्षेत्रको सामुदायीकरण स्वतः पाखा लाग्नेछ ।

तेस्रो तर्क छ, साकोस व्यवसायलाई सामान्यभित्रको विशिष्ट व्यवहार गर्नका लागि सहकारी ऐनकै प्रावधानको विस्तृतीकरण नियमावलीले गर्न सक्छ । यस अवस्थामा क्रेडिट युनियनको भावनालाई सञ्चार र संस्थागत गर्न नियमावली बनाउन पनि सकिन्छ । अहिले पनि सकोसलाई ऐनले विशेष व्यवस्था गरेको छ । क्रेडिट युनियनको छाता संगठनको भूमिकामा नेफस्कूनले भूमिका खेलिरहेकै छ, जस्तो कि पर्ल्स अनुगमन, कर्ल्स जोखिम अनुगमन लगायतका प्रावधानले क्रेडिट युनियनकै भावनालाई संवोधन गरिरहेको छ । आवश्यकता भनेको साकोसभित्रको सुशासन र वित्तीय दीगोपना हो ।

**सन्दर्भ**


१. गोपीनाथ मैनाली, राज्य सञ्चालनका आधारहरू, (पाँचौ संस्करण, २०७५), काठमाडौं

२. सहकारी ऐन, २०७४

३. सहकारी नियमावली, २०७५

४. सहकारिता, २०७४ (सहकारी विभाग, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको प्रकाशन)

५. Gopi nath Mainali, Working paper on Vision 2022 : Cooperative movement in Nepal, presented in 2nd Cooperative Congress, 4-5 April, 2018



Email : mainaligopi@gmail.com


# युवा उद्यमी निर्माणमा चाँगुनारायण नगरपालिकाको प्रयास



भक्तपुरस्थित चाँगुनारायण नगरपालिकाले राष्ट्रिय युवा परिषद् र नेपाल बैंक लिमिटेडसँगको सहकार्यमा सहुलियतपूर्ण कर्जा सहजीकरणका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता सम्बन्धी साताव्यापी Generate Your Business (GYB) /Start Your Business (SYB) तालिम सञ्चालन गरेको थियो । नेफस्कून र राष्ट्रिय युवा परिषद्ले केही समय पहिले संयुक्त रूपमा सञ्चालन गरेको GYB/SYB प्रशिक्षक प्रशिक्षण तालिम प्राप्त व्यक्तिहरूले तालिम सहजीकरण गर्नुभएको थियो । युवा उद्यमशीलता विकासका निम्ति नेफस्कून र युवा परिषद्को संयुक्त पहलकदमीमा आयोजना गरिएको GYB/SYB तालिमको अवधारणा लागू गर्ने पहिलो नगरपालिका चाँगुनारायण बनेको हो । कार्यक्रमको समापनमा सम्बोधन गर्दै नेफस्कूनका अध्यक्ष परितोष पौड्यालले दक्ष युवा उद्यमी जनशक्ति निर्माणमा संघ र राष्ट्रिय युवा परिषद्को प्रयासले सार्थकता पाउँदै गएको दावी गर्नुभयो ।

तालिम अन्तर्गत विभिन्न १० समुहमा विभक्त ३ सय प्रशिक्षार्थीहरूलाई ३० जना प्रशिक्षकहरूले सहजीकरण गर्नुभएको थियो । चाँगुनारायण नगरपालिकाले ३ सय जना युवालाई उद्यमी बनाउने योजनासहित उक्त तालिम आयोजना गरेको हो । युवा उद्यमशीलता अभियानमा सहयोग पुऱ्याउन इच्छुक उद्यमीहरूलाई नेपाल बैंकले प्रदान गर्ने सहुलियतपूर्ण कर्जामध्ये ३ लाख रूपैयाँसम्मको ब्याज नगरपालिकाले बेहोर्ने सहमति समेत भएको छ । नेफस्कूनले GYB/SYB तालिम सञ्चालन गर्ने १ सय ५० प्रशिक्षकहरू तयार पारेको छ । तालिममा ७ दिन (चैत्र ३ देखि ९ गते) सम्म नेफस्कूनको तर्फबाट गोंगबु फिल्ड कार्यालय इन्चार्ज प्रकाश अधिकारीले सहजीकरण गर्नुभएको थियो । अधिकारीले यसअघि नेफस्कून र युवा परिषद्को संयुक्त पहलकदमीमा आयोजना गरिएको GYB/SYB तालिम समेत लिनुभएको थियो ।

भक्तपुरको चाँगुनारायण नगरपालिकाले मेयर उद्यमशीलता विकास कार्यक्रम निर्देशिका २०७७ र सहुलियतपूर्ण कर्जामा उद्यम व्यवसायका लागि ब्याज अनुदान सम्बन्धी कार्यविधि २०७७ बनाएर युवा उद्यमशीलताको कार्यक्रमलाई प्राथमिकतामा राखेको छ । तालिममा उद्यम, उद्यमशीलताको परिचय र व्यवसाय प्रकारहरू, सीप र क्षमताहरू, वस्तु तथा सेवाको लागत निर्धारण, व्यावसायिक योजना तयारी, व्यावसायिक विचार सिर्जना, दिमागी मन्थन र व्यवसायको प्रारम्भिक छनोट प्रक्रिया, जनशक्ति व्यवस्थापन, व्यवसायको स्वरूप, कानुनी दायित्व, खरिद व्यवस्थापन, लगानीमा प्रतिफल, पार बिन्दु र नगद प्रवाह, व्यावसायिक योजना प्रस्तुतिकरण आदि विविध विषयमा प्रशिक्षण प्रदान गरिएको थियो ।

# कर्णाली प्रदेशका सहकारी सरोकारवालाहरुसँग अन्तरक्रिया




६४औं राष्ट्रिय सहकारी दिवसको अवसर पारेर कर्णाली प्रदेशमा सहकारी क्षेत्रको विकासका लागि स्थानीय सरोकारवालासँग चैत्र १८ गते बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालय सुर्खेतको आयोजनामा कर्णाली प्रदेशमा सहकारी क्षेत्र विकासका लागि सरोकारवालासँग अन्तरक्रिया गरिएको हो ।

कार्यक्रमका प्रमुख अथिति प्रदेश सहकारी मन्त्री विमला के.सी.ले सहकारीको विकास विना समाजबाद उन्मुख राष्ट्रको परिकल्पना पुरा हुन सक्दैन भन्नेमा प्रदेश सरकार सहकारी मन्त्रालय  विश्वस्त रहेको धारण राख्नुभयो । मन्त्रालय स्थापना भएदेखि सहकारीलाई प्राथमिकता दिएको र थुप्रै अनुदानका कार्यक्रमहरू सञ्चालन गरेको उहाँले बताउनुभयो । सुरूवाती चरणमा कानुनी जटिलताका कारण केही कामहरू चाहेर पनि गर्न नसकेको स्वीकार गदै मन्त्री के.सी.ले सहकारी मार्फत ब्याज अनुदान कार्यक्रम सञ्चालनमा ल्याउन निकै चुनौती सामना गर्नुपरेको धारणा राख्नुभयो । सहकारीमार्फत सार्वजनिक महत्वका क्षेत्रमा नयाँ कार्यक्रम सञ्चालन गर्न इच्छुक संस्थाहरूबाट माग भई आए आफुहरू खुल्ला रहेको धारणा राख्दै मन्त्री के.सी. ले विचौलिया सिर्जना गर्ने खालका अनुदानका कार्यक्रमहरू अब उप्रान्त मन्त्रालयबाट बन्द गरिने प्रतिवद्धता समेत व्यक्त गर्नु भयो ।

कार्यक्रममा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव राजेन्द्र प्रसाद मिश्रले सहकारी क्षेत्र सुधारको लागि लगानी कम भएको बताउँदै आउँदा दिनहरूमा लगानी बढाई क्षमता विकास र पूर्वाधार विकास गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । उहाँले भोलमा भएका सहकारीहरूलाई अफिस र अफिमा भएका सहकारीलाई गाउँमा पुऱ्याउन सहकारी क्षेत्र सुधार विकास कार्यक्रम आवश्यक रहेको औल्याउनु भयो । त्यसको लागि आफ्नो तर्फबाट पहल गरिने प्रतिवद्धता समेत उहाँले व्यक्त गर्नुभयो । अर्को एक प्रसँगमा सचिवले छिटै सहकारी नियमावली ल्याउने प्रतिवद्धता सहित ठूलो सहकारी क्षेत्रलाई प्रशिक्षित गर्न एकीकृत प्रशिक्षण केन्द्रले नपुग्ने अभियान र मन्त्रालय मिलेर छुट्टै सहकारी प्रशिक्षण केन्द्र स्थापन गर्नु पर्ने धारण राख्नु भयो ।

सुर्खेत लगायत कर्णाली प्रदेशका अगुवा सहकारीकर्मीहरू बीच भएको अन्तरक्रिया कार्यक्रममा दुईवटा विषयमा कार्य पत्र प्रस्तुत गरिएका थिए । मुख्य मन्त्री कार्यालयका सचिव आनन्द सारूले "सार्वजनिक महत्वका क्षेत्रहरू र सहकारी प्रणाली" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो उक्त कार्यपत्र माथि टिप्पणी सहकारीमा विद्यावारिधि गर्नुभएका मध्पश्चिम विश्वविद्यालयका प्राध्यापक एवं व्यवस्थापन संकायमा पूर्व डिन दिप बहादुर रावले गर्नु भएको थियो त्यसै गरी नेफ्स्कूनका सञ्चालक यज्ञ प्रसाद ढकालले "कर्णाली प्रदेशमा सहकारीको विकासको सम्भावना र चुनौती" विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो जसको टिप्पणी राष्ट्रिय सहकारी बैंकका सञ्चालक हरिहर नाथ योगीले गर्नुभएको थियो । अन्तक्रिया कार्यक्रममा सहभागी अगुवा सहकारीकर्मीहरूले खुल्ला छलफल मार्फत कार्यपत्रमाथि सुझाव तथा जिज्ञासा राख्नु भएको थियो भने कार्यक्रमको सञ्चालन रजिष्ट्रार कार्यालयका अधिकृत खेमराज आचार्यले गर्नुभएको थियो ।



# समान अधिकारका लागि महिला संघर्षको इतिहास



**गोमा नेपाल**
सञ्चालक एवं
महिला सशक्तिकरण उपसमिति संयोजक, नेफ्स्कून

> महिलाले आफ्ना समस्याहरु आफै समाधान गर्ने सक्षमता विकास गर्नु सशक्तिकरण हो । आर्थिक सशक्तिकरण गरिबी हटाउन, आघात सामना गर्न र तिनीहरुको कल्याण सुधार गर्न महिलाको क्षमताको केन्द्रबिन्दु हो ।

अमेरिकामा 'समान कामका लागि समान ज्याला' र रूसमा 'खाना र शान्ति' (ब्रेड एन्ड पीस) माग गर्दै महिलाहरूले सँगठित आन्दोलन आरम्भ गरेको १ शताब्दी बढी भएको छ । सन् १९०८ मा १५ हजार भन्दा बढी महिलाहरूले पुरूष सरह ज्याला पाउनु पर्ने माग गर्दै न्युयोर्क शहरमा शान्तिपूर्ण तर सशक्त विरोध प्रदर्शन गरे । पुरुष सरह ज्याला मात्रै होइन निर्वाचनमा उम्मेद्वार बन्ने र मताधिकार प्रयोग गर्ने अवसरका लागि पनि महिलाहरूले सँगठित आवाज उठाए । सन् १९१७ मा आन्दोलनका क्रममा अमेरिकी चिर प्रतिद्वन्दी रूसमा महिलाहरूले 'ब्रेड एण्ड पिस' अर्थात खाना र शान्तिको माग सहित प्रदर्शन गरेका थिए । अमेरिकी आन्दोलनको एक वर्षपछि अमेरिकाको सोसलिष्ट पार्टीले ८ मार्चलाई महिला दिवस घोषणा गर्‍यो भने रूसी अभियानको आगो विस्तारै युरोप तिर पनि सल्किन सुरू भयो । यी संयुक्त प्रयासको जोडबलमा ८ मार्च अन्तर्राष्ट्रिय महिला दिवसको पर्याय बनेको पाइन्छ ।

८ मार्चलाई अन्तर्राष्ट्रिय महिला दिवसको मान्यता दिलाउन अधिकारकर्मीहरूले लामो लडाइँ लडेको पाइन्छ । सन् १९१० मा डेनमार्कको राजधानी कोपनहेगनमा क्लारा जेट्किनले एक महिला अन्तर्राष्ट्रिय सम्मेलनका क्रममा अन्तर्राष्ट्रिय सम्मेलनमा महिला दिवस मनाउने सुझाव प्रस्तुत गरेकी थिइन् । सो सम्मेलनमा सहभागी १७ देशका सय महिला सबैले उक्त सुझावको समर्थन गरेका थिए । यसको पहिलो वर्ष १९११ मा अस्ट्रिया, डेनमार्क, जर्मनी र स्विट्जरल्याण्डमा महिला दिवस मनाइएको थियो । महिलाहरूको हड्तालले सम्राट निकोलसले पद नै छोड्नु परेको थियो । त्यसपछि बनेको अन्तरिम सरकारले महिलालाई मतदानको अधिकार दियो । संयुक्त राष्ट्रसंघले सन् १९७५ मा मात्र अन्तर्राष्ट्रिय महिला दिवसलाई आधिकारिक मान्यता दिएको थियो । त्यस वर्षदेखी अन्तर्राष्ट्रिय नारी दिवसलाई वार्षिक हिसाबले विभिन्न नाराका साथ मनाउन थालिएको हो ।



## सशक्तिकरणको प्रयास

समान अधिकारका लागि महिलाहरूले गरेको संघर्षको इतिहासले एक शताब्दी पार गरिसक्दा पनि विभेद विद्यमान छ । फरक यत्ति हो कि कुनै मुलकमा विभेद कम छ, कुनै मुलुकमा बढी छ । महिला माथि सबै प्रकारका विभेद र हिंसाको अन्त्य गर्ने कानुन प्राय जसो देशले तर्जुमा गरेका छन्, तर व्यवहारमा लागु हुन सकेको छैन । सदीयौदेखि हरेक क्षेत्रमा पछाडी पारिएका कारण कानुन निर्माणले मात्रै खासै अर्थ राखेको देखिन्न । कानुनमा भएको अधिकार उपयोग गर्ने हैसियतमा सबै महिलालाई पुऱ्याउनु मुख्य चुनौती भएको छ यसका लागि सर्बप्रथम महिलालाई सक्षम बनाउनु पर्छ । सक्षम बनाउने प्रक्रियालाई आधुनिक शैलीमा सशक्तिकरण भन्ने गरिएको छ । हरेक क्षेत्रमा महिला सशक्तिकरण सम्भव भएमात्र कानुन र संविधान प्रदत्त अधिकार उपभोगको वातावरण सुनिश्चित बन्न सक्छ । महिला सशक्तिकरणका लागि समेत राज्यले कानुनी रूपमा विभिन्न प्रयासहरू गर्दै आइरहेको छ । तर प्रयासहरूले पर्याप्तताको शिखरारोहण गरिसकेका छैनन् ।

सामान्य अर्थमा प्राप्त जिम्मेवारीलाई कुशलता पूर्वक निर्वाह गर्न सक्ने क्षमताको विकास नै सशित्तकरण हो । यो हिसावले हेर्ने हो भने सृष्टिको आरम्भदेखि नै महिलाहरूले आफुले पाएको जिम्मेवारी अत्यन्त कुशलता पूर्वक निर्वाह गरेको पाइन्छ । सन्तान जन्माउने, हुर्काउने गुण महिलाको सर्वोत्तम प्रकृति प्रदत्त भूमिका हो । यस बाहेक घरेलु काममा पुरूषको तुलनामा महिलाहरू निकै सशक्त छन् । पुस्ता हस्तान्तरणका कतिपय सामाजिक संस्कारहरू महिलाले मात्रै धान्दै आएका छन् । तर घर बाहिरको काममा भने महिलाहरू पछि छन् । मान्यता स्थापित गराउन अझै धेरै काम गर्न बाँकी छ ।

घर बाहिरको भूमिकामा महिलाहरूको अनुभव पुस्तौनी होइन, जबकी पुरूषको पुस्तौनी हो । त्यसैले घर बाहिरको भूमिकामा महिलालाई पुरूष सरह बनाउन सशक्तिकरण जरूरी छ । सशक्तिकरणका दुई सारथी शिक्षा र रोजागरी हुन् । शिक्षामा महिलाहरूको पहुँच र सहभागिता संकुचनमा छ जुन निकै नै दुखद र दुर्भाग्यपूर्ण छ । विशेषत: नेपाल जस्तो गरिब र विकासोन्मुख देशमा हालसम्म पनि महिला शिक्षा प्राथमिकताको परिधिभित्र नपर्नु सशक्तिकरणको प्रमुख अवरोधक हो भन्दा अत्युक्ति नहोला । शिक्षाले चेतना वृद्धि गर्नुका साथै सहभागितालाई सुनिश्चित गर्दछ । जब महिलाहरू शिक्षा प्रक्रियाको स्व:स्वामित्व प्राप्त गर्दछन्, सन्तान शिक्षामा उनीहरू सकारात्मक योगदान दिन सक्छन् । छोराछोरीलाई समान भने पनि अझै हाम्रो गाउँ समाजमा समान व्यवहार गराउन सकेको छैन छोरी भनेको अरूको घरमा जाने जात त होनी भनेर स्तरीय शिक्षाबाट विभेद गराउने प्रचलन अझै पनि छ । छोरा समान छोरी पनि घरको उत्तराधिकारी हो भन्ने विचारमा बिर्को लागेको छ ।

महिलाले आफ्ना समस्याहरू आफै समाधान गर्ने सक्षमता विकास गर्नु सशक्तिकरण हो । आर्थिक सशक्तिकरण गरिबी हटाउन, आघात सामना गर्न र तिनीहरूको कल्याण सुधार गर्न महिलाको क्षमताको केन्द्रबिन्दु हो । संसदमा महिलालाई राजनीतिमा ३३ प्रतिशत आरक्षण दिइएको छ । स्थानीय तहमा अझ बढी ४० प्रतिशत आरक्षण दिइएको छ । राष्ट्रपति या उपराष्ट्रपति मध्ये एकजना, सभामुख या उपसभामुख मध्ये एकजना, पालिकाको प्रमुख र उपप्रमुखमध्ये एकजना महिला हुनै पर्ने व्यवस्था गरिएको छ । यो पनि महिला सशक्तिकरण को लागि सहयोग मिल्छ । प्राप्त जिम्मेवारीमा पुरूषको भन्दा राम्रो भूमिका महिलाहरूले निर्वाह गर्न सक्नुलाई नै वास्तवमा सशक्तिकरण मान्न सकिन्छ ।

राजनीतिमा महिला सहभागिता बढ्यो तर नेतृत्वमा न्यून छन् । नेपालमा पटकपटकको राजनीतिक परिवर्तनले महिला सहभागिता र सचेतना बढाउँदै लगे पनि निर्णायक तहमा भने संविधानले दिएको अधिकारको तुलनामा ज्यादै न्यून देखिन्छ । २०६२/६३ को जनआन्दोलनपछि समानुपातिक निर्वाचन प्रणालीले धेरै महिला राजनीतिमा सक्रिय भए, सभामुखदेखि, प्रधानन्यायधीश र राष्ट्रपति जस्तो देशको गरिमामय पदमा पुग्ने मौकासम्म पाए । यसले विश्वभर नेपाललाई फरक पहिचान पनि दियो । तर अहिले पनि निर्णय प्रक्रियामा पुरूष नै देखिएकाले यो गरिमामय इतिहास फेरि नदोहोरिने हो कि भन्ने शंका धेरैमा उठ्न थालेको छ । नेपालको अन्तरिम संविधानले हरेक क्षेत्रमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गरिसकेको भए पनि २०७२ असोजमा संविधान जारी भएपछि आजसम्म बनेका मन्त्री परिषद्मा एकतिहाइ महिला सहभागिता हुन सकेको देखिन्न ।

## कमजोर आर्थिक पाटो

आर्थिक गतिविधिमा महिलाको पहुँच प्रभावहिन छ । आर्थिक विपन्नताका कारण महिलाहरूको जीवनस्तर अत्यन्तै कष्टप्रद रहेको छ । सामाजिक सुरक्षा, आत्मनिर्णयको अधिकार, शैक्षिक गतिविधिमा संलग्नता, राजनैतिक क्षेत्रमा पहुँच, घुमफिरको स्वतन्त्रता जस्ता कुराहरू सीमित मात्रामा शहर केन्द्रित रहेको पाइन्छ भने ग्रामीण क्षेत्रका महिलाहरू यी सुविधाहरूबाट पूर्ण रूपमा बञ्चितिकरणमा परेका छन् । विगतमा महिलाहरूले उद्यम गर्नुपर्छ वा आथिक गतिविधिमा संलग्न हुनुपर्छ भन्ने कुरा महसुस गरिएको थिएन । महिलाले व्यवसाय किन गर्नुपऱ्यो ? भन्ने मान्यता समाजमा थियो । अझै सम्पन्न परिवारका महिला छन् भने बुवाको सम्पत्ति छ वा लोग्नेको कमाई छ, किन दु:ख गर्नुपऱ्यो ? वा छोरीलाई आयआर्जनको आवश्यकता नै छैन भन्ने चलन थियो । सदियौदेखि महिलाहरू घरायसि काममा मात्र सीमित भएको हुँदा उत्पादनमुखि आर्थिक क्रियाकलापमा पुरूष बर्चश्व रहँदै आएको छ । दैनिक रूपमा महिलाले गर्ने कार्यबोझलाई आर्थिक क्रियाकलापमा रूपान्तरण गर्ने हो भने घरेलु महिला पनि रोजगार छन् भन्न सकिन्छ । तर पुरूषको तुलनामा महिलाहरू विभिन्न सुविधाहरूबाट बञ्चित रहेका हुनाले आर्थिक स्थिति नाजुक रहेको हुन्छ । न्यून संख्यामा रोजगारीमा रहेका महिलाले कमाएको पारिश्रमिक

माथि पनि घरमूली अथवा पुरूषको प्रत्यक्ष अप्रत्यक्ष नियन्त्रण रहेको हुन्छ । सामाजिक सशक्तिकरणको मुख्य पाटो आर्थिक सवलिकरण भएकोले जबसम्म महिलाहरूको आर्थिक उन्नति हुन सक्दैन तव सम्म आधारभूत आवश्यकता परिपूर्ति हुन समेत धौ धौ हुने आम्दानी नभई बचत तथा सञ्चय गर्न सक्दैनन् जसले गर्दा महिलाको स्तरोन्नति हुन नसकिरहेको अवस्था छ ।

महिलालाई निर्णय गर्ने क्षमता र आर्थिक गतिविधिमा प्रत्यक्ष रूपमा सहभागी गराई महिला सशक्तिकरणको लागि महत्वपूर्ण योगदान दिन सकिन्छ । उद्यमशीलताले महिलालाई आर्थिक लाभ उठाउन र उनीहरूको सामाजिक अवस्था सुधार गर्न मद्दत गर्छ । महिलाले उद्यमीको विकास प्राप्त गरी सक्षम बनेपछि समाजले उनीहरूको क्षमता बुझी सराहना गर्छ । यसले समाजमा महिलाको उपस्थिति बढाउँछ । साथै, राष्ट्र निर्माण र आर्थिक स्थितिमा सुधार ल्याई महिला एकीकरणको नेतृत्वको भावना पैदा गर्दछ । साथै, महिलाहरूमा मनोवैज्ञानिक सन्तुष्टिसमेत प्रदान गर्दछ जसबाट उनीहरूको समाजमा बढेको पहिचान, सिर्जनसिलता र उपलब्धिहरूको गहिरो भावनासँग अनुशासन, मेहनत र जागरूकताको भावना पैदा गराई नयाँ ढँगले इच्छाशक्तिको उजागर गर्दछ भन्ने विश्वास महिलाहरूमा पैदा हुनेछ ।

आर्थिक, समाजिक र राजनीतिक शक्ति समाजको एक मनोवैज्ञानिक शक्तिको आधार मानिन्छ । यसैले, निम्न वर्गीय महिलाहरू कमजोर आर्थिक अवस्थाका कारण दोस्रो पक्षबाट अपहेलित भएको महसुस गर्छन् । कालान्तरमा निर्भरता र निर्णय गर्ने शक्तिको कमी हुने वातावरण बलियो भएर जान्छ । त्यसैले, यदि महिलालाई आर्थिक रूपमा सक्षम बनाउनु छ भने चेतना र शिक्षाको दियो बाल्न एकदमै जरूरी छ । महिलाहरूले राज्यको अर्थव्यवस्थालाई मजबुत बनाउन ठूलो योगदान गरेका छन् । अर्थ व्यवस्था नै समाजमा वर्ग विभाजन र लैंगिक विभेद गर्ने यसको मुख्य कारण हो । त्यसैले महिला सशक्तिकरणको निम्ति आर्थिक अवस्था एकदमै मजबुत हुनुपर्छ । परिवारमा धेरै समय खर्च गर्ने पनि महिला हुन्छ । सम्पूर्ण परिवारको जिम्मेवारको अभिभारा उनैमाथि थोपरिएको हुन्छ । जब महिलाको आर्थिक अवस्था मजबुत हुन्छ तब समाज, क्षेत्र हुँदै सम्पूर्ण राष्ट्रमा प्रत्यक्ष रूपमा प्रभाव पर्दछ । जरूरी छ महिला सशक्तिकरणमा महिलालाई आर्थिक रूपमा सक्षम बनाउन । आज राष्ट्रले मात्रै होइन कि विश्व मानकमा रूपमा रहेको विश्वव्यापीकरणको एक सिद्धान्तअनुसार महिला सशक्तिकरणलाई एक अभियानको रूपमा लिनुपर्छ ।

**चुनौतीको अर्को पाटो**

नेपालका सञ्चारमाध्यमहरू, सामाजिक सञ्जालहरूमा हरेक दिन जसो बलत्कार, बलत्कार प्रयास तथा यौन दुर्व्यवहारका घटना प्रकाशन तथा प्रसारण हुने गरेका छन् । हरेक दिनजसो सार्वजनिक हुने यस्ता घटनाले हाम्रो सामाजिक मनोविज्ञानमा प्रतिकूल प्रहार गरेको छ । नेपाल महिला विरूद्ध हुनै सबै खालको भेदभाव विरूद्धको महासन्धीको पक्ष राष्ट्र हो । महासन्धीले महिलाको अधिकार रक्षाका सन्दर्भमा राज्यले चाल्नुपर्ने कदमका सम्बन्धमा राज्यलाई स्पष्ट मार्गदर्शन गरेको छ । यही महासन्धीको प्रावधान अनुरूप नेपालको संविधान तथा कानुनहरू महिलामैत्री छन् । अर्थात महिलाको हक अधिकारको रक्षाका सन्दर्भमा राज्यले कानुनी व्यवस्थाहरू गरेको छ । तर, व्यवहारमा कानुनको प्रभावकारी कार्यान्वयनको पाटो कमजोर रहुञ्जेलसम्म यस्ता महासन्धी ऐन तथा कानुनी प्रावधान कुनै अर्थ हुँदैन ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ परिच्छेद १८ मा जबरजस्ती करणीसम्बन्धी कानुनको व्यवस्था छ । दस वर्षभन्दा कम उमेरका बालिकालाई जबरजस्ती करणी गरेको पाइएमा १६-२० वर्ष, १०-१४ वर्ष उमेर समूहको बालिकाको हकमा १४-१६ वर्ष, १४-१६ वर्ष उमेर समूहको बालिकाको हकमा १२-१४ वर्ष, १६ देखि १८ वर्षसम्मको बालिकाको हकमा १०-१२ वर्ष र १८ वर्षदेखि माथि उमेरको महिलाको हकमा १० वर्ष सजाय हुने व्यवस्था संहिताले

> आर्थिक गतिविधिमा महिलाको पहुँच प्रभावहिन छ । आर्थिक विपन्नताका कारण महिलाहरुको जीवनस्तर अत्यन्तै कष्टप्रद रहेको छ । सामाजिक सुरक्षा, आत्मनिर्णयको अधिकार, शैक्षिक गतिविधिमा संलग्नता, राजनैतिक क्षेत्रमा पहुँच, घुमफिरको स्वतन्त्रता जस्ता कुराहरु सीमित मात्रामा शहर केन्द्रित रहेको पाइन्छ भने ग्रामीण क्षेत्रका महिलाहरु यी सुविधाहरुबाट पूर्ण रुपमावञ्चितिकरणमा परेका छन् ।

गरेको छ । बलत्कारका घटना दर्ताको समयको सीमितता ३५ दिनबाट बढेर ६ महिना भएको छ । मुलुकी अपराध (संहिता) ऐनको दफा २२८ मा कसूरबाट पीडितलाई कसुरदारबाट पीडितलाई क्षतिपूति दिनुपर्ने व्यवस्था छ ।

पितृसत्तात्मक समाजमा महिलालाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने चलन अझै छ । महिलाको तेजोबध गर्न बलात्कार जस्तो जघन्य अपराध परम्परादेखि नै हुने गरेको विभिन्न ग्रन्थ तथा पुस्तकहरूमा पढ्न पाइन्छ । अहमतावादी पुरूष सोच बलात्कारको एउटा कारण हो । यौन शिक्षाको अभाव, चेतनाको कमी, महिला तथा बालबालिकामाथि हिंसा गर्नु हुन्न भन्ने चेतको अभाव, कमजोर कानुनको फाइदा उठाउनु, न्याय पाउन ढिलाइ हुनु, अपराधी कानुन दायरमा नआउनुजस्ता कारणले पनि बलात्कार तथा यौनजन्य हिंसाका घटनाले प्रश्रय पाइरहेको देखिन्छ । बलात्कारका घटनामा पीडितलाई नै दोष देखाएर पीडकलाई उन्मुक्ति दिने प्रचलन अझै पनि कायम छ । बलात्कृत महिलाको पुनर्स्थापनाको सवाल अझ टड्कारो रुपमा देखापर्छ । बलात्कारपछि समाजमा हुने विभेदका कारण पीडित बाँचुञ्जेल प्रताडित हुनुपर्ने अवस्था छ । प्रहरी प्रशासनको गैरजिम्मेवारीपन, लापरवाही र घटना अनुसन्धनामा अपारदर्शी कार्य सम्पादन हुने गरेको यथार्थ कहिलेकाहीँ सार्वजनिक हुने गरेका छन् ।

वर्तमान कानुनी व्यवस्थाका बारेमा जनचेतना जगाउने खालका कार्यक्रमहरू लागु गर्न स्थानीय सरकार, सामजिक संघसंस्था, सहकारी संघसंस्था लगायतले नीति तथा कार्यक्रम तय गर्नु पर्छ । कानुनको प्रभावकारी कार्यान्वयन, पीडितमैत्री उजुरी प्रक्रिया, स्वास्थ्य जाँच गर्ने कार्यमा महिला चिकित्सको व्यवस्था, उजुरी सुन्ने महिला प्रहरी, गोप्य तथा निष्पक्ष सुनवाइको व्यवस्था गर्न सके पीडित उजुरी गर्न तम्तयार हुने र न्यायप्रतिको आशा बढ्न सक्छ । यौनहिंसा, बलात्कार र हत्याका अनेक घटनामा पीडित हुनेहरू निमुखा तथा आर्थिक रूपले कमजोर वर्गका हुने गरेका छन् । न्याय निरूपण गर्ने निकायको सक्रियता हुन सकेन भने पीडितको न्याय प्रतिको भरोसा टुट्न सक्छ ।

❑ ❑ ❑

# जनकल्याण साकोसको 'बालकल्याण'




६४औं राष्ट्रिय सहकारी दिवसका अवसरमा हाम्रो जनकल्याण बचत तथा ऋण सहकारी संस्थाले दोलखा भीमेश्वर नगरपालिका ६ रामकोट स्थित आमाको माया छात्रावासमा रहेका १४ जना अनाथ बालकहरूलाई सामाजिक उत्तरदायित्वपूर्ण कार्यक्रम अन्तर्गत चैत्र २० गते परोपकारको काम गरेको छ ।

मर्यादित व्यवसाय र प्रविधिमा सहकारी भन्ने नाराका साथ देशव्यापी रूपमा राष्ट्रिय सहकारी दिवस मनाउने क्रममा हाम्रो जनकल्याण साकोसले भुकम्पका बेला आमा बाबु गुमाएर बेसहारा बनेका अनाथ बालकहरू रहेको आमाको माया छात्रावासका लागि पिउने पानी व्यवस्थापनका लागि वाटर डिस्पेन्सर, पानी पिउने बोटल, चामल, दाल, चिनी, खानेतेल गरी ११ हजार बराबरको जिन्सी सहयोग वितरण गरिएको संस्थाका प्रमुख कार्यकारी अधिकृत दिपक बस्नेतले बताउनुभयो ।

जिल्ला सहकारी संघ दोलखासँगको सहकार्यमा भएको सहयोग वितरण कार्यक्रम संस्थाका उपाध्यक्ष कमल प्रसाद चौलागाईको अध्यक्षतामा भएको थियो । कार्यक्रममा नेफ्स्कूनका सञ्चालक जिवसराज खड्का, जिल्ला सहकारी संघ दोलखाका अध्यक्ष हेमन्त चौलागाई, नेफ्स्कूनका बरिष्ठ कार्यक्रम अधिकृत प्रेमनाथ वाग्ले लगायत जिल्ला सहकारी संघ, दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघका पदाधिकारी, संस्थाका सञ्चालक, कर्मचारी लगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी ६४ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा जिल्ला सहकारी संघ दोलखा र जनहित सहकारी संस्थाले गौरीशंकर बालगृहका अनाथ बालकहरूका लागि खाद्यान्न तथा स्टेशनरी, प्रगति साकोसले श्री भीमेश्वर बहिरा प्राथमिक विद्यालयमा सरसफाईका सामग्री तथा स्टेशनरी र आवाज नेपाल दोलखाका लागि तीन वटा खाट परोपकार महिला साकोस तथा सारथी साकोसले संयुक्त रूपमा वितरण गरेको थियो । परोपकारी कार्यको जिल्ला सहकारी संघ दोलखा तथा दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघले अगुवाई गरेको थियो ।

# नेफ्स्कून र स्थानीय निकायबीच आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता

**जाजरकोट**

स्थानीय निकायसँगको समन्वयमा सञ्चालन गर्ने आधारशिला कार्यक्रम कार्यान्वयनका सन्दर्भमा कर्णाली प्रदेश-जाजरकोटको भेरी नगरपालिकासँग नेफ्स्कून र नगरपालिका बीच फागुन १३ गते दिपक्षीय सम्झौता भएको थियो । स्थानीय तहमा सञ्चालित सहकारीहरूको जागरण, प्रवर्द्धन, विकास र सञ्जालीकरणको चरणगत विकासका लागि उत्सुक रहेको नेफ्स्कूनका सञ्चालक एवं सुर्खेत फिल्ड कार्यलय संयोजक यज्ञ प्रसाद ढकालको अध्यक्षतामा चैत्र १३ गते आयोजित आधारशिला कार्यात्रम कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा भेरी नगरपालिका उपप्रमुख भावना भण्डारी, संघका महासचिव दामोदर अधिकारी, निमित्त प्रमुख प्रशासकीय अधिकृत दल बहादुर घर्ति, जिल्ला सहकारी संघ जाजरकोटका सचिव राजु के.सी, नेफ्स्कून कर्णाली



नगरपालिका त्यसको ठीक एक महिना पश्चात चैत्र १३ गते कार्यान्वयन चरणमा उत्रिएको छ ।

सम्झौताका क्रममा नगर प्रमुख चन्द्र प्रकाश घर्तीले दुर्गम तथा विकट क्षेत्रमा सहकारीको विकास र प्रवर्द्धनका लागि नेफ्स्कूनको उपस्थिति स्वागत योग्य रहेको बताउँदै सहकारी अभियानको सवलीकरणको यस अभ्यासमा नगरपालिकाले आवश्यक सहयोग गर्न तयार रहेको प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

आधारशिला कार्यक्रम सम्झौतामा भेरी नगरपालिका, जाजरकोटका नगर प्रमुख चन्द्र प्रकाश घर्ती र नेफ्स्कूनको वरिष्ठ अधिकृत नविन राज दाहालले हस्ताक्षर गरी एक आपसमा सम्झौता हस्तान्तरण गर्नु भएको थियो ।

प्रदेश उपसमिति सदस्य जनक बहादुर शाही, सहकारी शाखा प्रमुख केदार बहादुर कार्की लगायत अथितिहरू सहभागी हुनुहुन्थ्यो । कार्यक्रममा विभिन्न सहकारीका प्रतिनिधिहरू, नगरपालिकाका अन्य कर्मचारीहरू र नेफ्स्कून कर्मचारी गरी ५४ जनाको सहभागिता थियो ।

भेरी नगरपालिकाका उपमेहेर भावना भण्डारीले निर्वाचन हुन भन्दा पहिला सहकारी क्षेत्रमै रहेकोले पनि आफुले सहकारी लाई बढी महत्व दिने गरेको धारणा राख्नु भयो । नगरपालिकाले पनि सहकारीको विकास र प्रवर्द्धनका लागि विगतमा पनि विभिन्न क्रियाकलाप गर्ने जर्मोको गरे पनि विभिन्न कारणले सहकारी क्षेत्रले गति लिन नसकेको स्विकार गर्नु भयो ।

नेफ्स्कूनसँगको साझेदारीमा सञ्चालन हुने यस कार्यक्रमले सहकारीको विकास र प्रवर्द्धनमा टेवा पुग्ने विश्वास व्यक्त गर्नु भयो ।

नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले सहकारीको गुणात्मक विकासको लागि सरकार र अभियान सँगसँगै जानु पर्ने धारणा राख्नु भयो । नेफ्स्कूनसँग भएको सहकारी क्षेत्रको लामो अनुभव, सिप, दक्षता, प्रविधि र स्थानिय तहसँग भएको स्रोतको अधिकतम सुदुपयोग गरी ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्थाहरूको संस्थागत विकास गर्ने र आत्मनिर्भर सहकारी संस्थाहरु बनाउने लक्ष्य सहित आधारशिला कार्यक्रम सञ्चालनमा ल्यायको धारणा राख्नु भयो । भौतिक विकास जति राम्रो भए पनि जनताको आर्थिक विकास हुन सकेन भने विकास अपूर्ण हुने धारणा राख्नु भयो । संघले प्रारम्भिक संस्थाको साथ साथै स्थानीय तहको समेत क्षमता वृद्धी गर्ने लक्ष्य रहेकोले समग्र क्षेत्रमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले कार्यक्रम पश्चात सबै संस्थाहरूमा स्थलगत रूपमा नेफ्स्कून र पालिकाको संयुक्त अनुगमन हुने र संस्थाहरूको आवश्यकताको विश्लेषण गरी सोही अनुसार कार्यक्रम तय गर्ने धारण राख्नु भयो ।

संघका सञ्चालक यज्ञ प्रसाद ढकालले कार्यक्रम कार्यान्वयन अवधिमा सबै संस्थाहरूलाई सक्षम तथा दीगो बनाउन नेफ्स्कूनले कुनै कसर बाँकी नराख्ने बताउँदै एक्लै चल्न नसक्ने संस्थाहरूलाई एकीकरणको लागि सहजिकरण गरिने जानकारी गराउनुभयो । साथै एकीकरणका लागि पनि तयार नहुने संस्थालाई आवश्यक सुझाव सहित कानुनी प्रक्रियाका लागि नगरलाई सिफरिस गर्ने धारणा राख्नु भयो ।

## सिन्धुली



नेफ्स्कून र सिन्धुली जिल्लाको कमलामाई नगरपालिका बीच फागुन २० गते आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता भएको थियो । सम्झौतामा नेफ्स्कूनका सञ्चालक सदस्य जिवसराज खड्का र बरिष्ठ अधिकृत नविनराज दहालले हस्ताक्षर गर्नुभएको थियो भने नगरपालिकाको तर्फबाट कमलामाई नगरपालिकाका नगर प्रमुख खड्क बहादुर खत्री र प्रमुख प्रशासकिय अधिकृत विशेकसेन ढकालले हस्ताक्षर गर्नुभएको थियो ।

कार्यक्रममा नगर प्रमुख खत्रीले आधारशिला कार्यक्रमलाई प्रभावकारी बनाउन नगरपालिकाले आवश्यक समन्वय र सहयोग गर्ने धारणा राख्नुभएको थियो । आधारशिला कार्यक्रम नेफ्स्कूनले स्थानीय निकायसँगको समन्वयमा सञ्चालन गर्ने नवीन कार्यक्रम हो । यसमार्फत सहकारी संस्थाहरूमा सुशासन र गुणस्तरीयता प्रवर्द्धन गर्ने लक्ष्य लिइएको छ ।

## डडेलधुरा




नेफ्स्कून र डडेलधुराको अमरगढी नगरपालिका बीच चैत्र १७ गते आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता भएको छ । नेफ्स्कूनका सञ्चालक एवं डडेल्धुरा फिल्ड कार्यालय संयोजक माधव प्रसाद जोशीको अध्यक्षता र संघका कोषाध्यक्ष दिपक पनेरूको प्रमुख आतिथ्यतामा आधारशिला तथा सहकारी सचेतना अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको हो ।

नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरूले सुदुरपश्चिममा सहकारी मार्फत पर्याप्त विकासका सम्भावना हुँदा हुँदै पनि हामीले यस क्षेत्रमा सहकारी अभियानको जागरणलाई प्रभावकारी रूपमा समेट्न नसकिएको बताउनुभयो । भौगोलिक विकटताको यस सुदुरपश्चिम क्षेत्रमा सहकारीको प्रवर्द्धन र विकास गर्ने आधार सहितको आधारशिला कार्यक्रम मार्फत जोडिन पाउँदा खुशी व्यक्त गनुभएको थियो । कार्यक्रमले सहकारी क्षेत्रमा काम गर्ने सहकर्मीहरूसँग मात्र नभएर नीति निर्माण गर्ने तहसँग पनि अन्तरक्रियाको अवसर जुटेकोले स्थानीय सहकारी साथै स्थानीय तहको समेत क्षमता अभिवृद्धि गर्ने लक्ष्य साकार पार्ने विश्वास लिइएको बताउनुभयो । उहाँले जोड्नुभयो, "मेरो पुर्खौली घर पनि डडेलधुरा रहेको र पहिलो पटक सहकारी अभियान मार्फत यस ठाउँमा उपस्थित हुँदा गर्व लागेको छ ।"

सहकारी महासंघका सञ्चालक तथा डडेल्धुरा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष पद्मा गुरूङले नेफ्स्कूनले ल्याएको आधारशिला कार्यक्रम सुदूरपश्चिमको दुर्गम पहाडि जिल्लामा सञ्चालित सहकारीहरूको विकास र प्रवर्द्धनका लागि प्रभावकारी रहने विश्वास व्यक्त गर्नुभयो । सहकारीहरूलाई सुशासित र प्रविधि मैत्री बनाउनका लागि पनि कार्यक्रम सहयोगी सिद्ध बन्ने विचार व्यक्त गर्दै अन्य स्थानीय तहसम्म पनि आधारशिला कार्यक्रम कार्यान्वयनका लागि सहजीकरण गर्न संघको तर्फबाट प्रतिवद्धता जाहेर गर्नुभयो ।

अमरगढी नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद उपाध्यायले भन्नुभयो, "आधारशिला कार्यक्रम डाक्टरहरूले मानिसको होलबडी चेकअप गरेजस्तै सहकारीको होलबडी चेकअप गर्ने कार्यक्रम हो, यो कार्यक्रम अमरगढी नगरपालिका भित्र रहेका सहकारी संस्थाहरूका लागि एकदमै महत्वपूर्ण छ ।" अमरगढी नगरपालिकाका सहकारी संस्थाहरूलाई मर्जरमा लैजान पहल गर्नुपर्नेमा पनि उहाँले जोड दिनुभयो ।

अमरगढी नगरपालिकाका उपप्रमुख संगिता भण्डारीले आधारशिला कार्यक्रम डडेलधुराको अमरगढी नगरपालिकामा ल्याएर नेफ्स्कूनले एकदमै राम्रो काम गरेको भन्दै धन्यवाद व्यक्त गर्नुभएको थियो । उहाँले भन्नुभयो, "अहिलेको

समयमा सम्पूर्ण कार्य सहकारी मार्फत नै गर्न सकिन्छ, औद्योगिक र आर्थिक क्रान्ति सहकारी मार्फत नै सम्भव हुनेछ भने नेफ्स्कूनसँगको साझेदारीमा सञ्चालन हुने यस कार्यक्रमले पनि सहकारीको विकास र प्रवर्द्धनमा ठूलो टेवा पुऱ्याउने विश्वास छ ।"

नेफ्स्कूनका सञ्चालक माधव प्रसाद जोशीले आधारशिला कार्यक्रम सुदुरपश्चिम प्रदेशको पहिलो अभिमुखीकरण कार्यक्रम रहेको र आधारशिला कार्यक्रमको सुरूवात भई सम्झौता भएकोले अमरगढी नगरपालिकालाई धन्यवाद दिनु भएको थियो । यो कार्यक्रमले देशभरी एउटा सकारात्मक सन्देश जाने कुरा पनि प्रष्ट पार्नु भएको थियो ।

कार्यक्रममा आधारशिला कार्यक्रमको आवश्कता, सञ्चालन प्रक्रिया, सहकारी संस्थाहरूको भूमिका, आधारशिला कार्यक्रमको परिचय सहित समसामयिक विषयमा प्रस्तुतिकरण नेफ्स्कूनका सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नु भएको थियो । कार्यक्रममा स्थानीय सहकारी प्रतिनिधिहरूको बाक्लो उपस्थिति थियो ।

---

**भोजपुर**

नेफ्स्कूनले सञ्चालन गरेको आधारशिला कार्यक्रम अन्तर्गत चैत्र १८ गते भोजपुरको बालंखा ४ स्थित आमचोक गाउँपालिकामा सहकारी सचेतना कार्यक्रम सञ्चालन गरिएको छ । उक्त कार्यक्रम नेफ्स्कूनले आमचोक गाउँपालिकाको सहकार्यमा सञ्चालन गरेको हो । केही समयअघि आमचोक गाउँपालिकासँग आधारशिला कार्यक्रम कार्यान्वयन सम्झौता भएको थियो । कार्यक्रममा गाउँपालिका भरका सहकारी संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

आमचोक गाउँपालिका अध्यक्ष अशोक राईको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सहजीकरण नेफ्स्कूनका बरिष्ठ अधिकृत नवीनराज दाहाल तथा अनुगमन अधिकृत मुकेश दाहालले गर्नुभएको थियो । नेफ्स्कूनले दुरदराजमा रहेका र हरेक किसिमका पहुँचबाट टाढा रहेका सहकारीहरूलाई लक्षित गरी वित्तीय एवं संस्थागत सुशासन, सदस्यको विश्वसनीयता र गुणस्तरीय सेवा प्रवाहमा सहजीकरण गर्ने उद्देश्यले स्थानीय निकायसँगको सहभागितामा आधारशिला कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

❑ ❑ ❑





# सुधारको पर्खाइमा बखान सहकारी

मुलुकको जेठो सहकारीको इतिहास बोकेको चितवनको शारदानगरस्थित बखान बहुउद्देश्यीय सहकारी संस्था लि. यतिखेर प्रवर्द्धन र विकासको पर्खाइमा छ । २०१३ साल चैत २० गते स्वर्गीय बखानसिंह गुरूङको अगुवाईमा चितवनको तत्कालिन बखानपुरस्थित बखानटोलमा स्थापित बखान सहकारी खासमा परिवर्तनको पर्खाइमा छ ।

संस्थाका सल्लाहकार एवं बखानसिंहका नाति चन्द्रध्वज गुरूङ भन्नुहुन्छ, 'बखान सहकारी भिजनको पर्खाइमा छ, युवाहरूको जोश र उत्साहको पर्खाइ छ, नियामक निकाय, अभियान र शुभेच्छुकहरूको साथको पर्खाइ छ अनि संस्थागत विकासको योजना र कार्यदिशाको पर्खाइमा छ ।' ६४ वर्षको लामो इतिहास र सहकारी क्षेत्रको जगस्थापनाको भूमिका भएपनि संस्थागत वृद्धि र विकास, सदस्य सहभागिता, नवीन कार्यक्रमहरू, सेवा विविधता, तालिम, शिक्षा र प्रविधि आदि कुरामा बखान परिवर्तनको पर्खाइमा भएको वर्तमान एवं पूर्व सञ्चालक तथा कर्मचारीहरू स्वीकार्नु हुन्छ ।

हुनपनि बखान सहकारी देशभरका करिब ३० हजार सहकारीहरूको अभिभावक संस्था हो । बखान सहकारीको पूर्व सञ्चालक सदस्य, संस्थापक सञ्चालक कृष्णमान गुरूङको परिवारकी सदस्य एवं राष्ट्रिय सहकारी बैंकको लेखा सुपरिवेक्षण समिति सदस्य तारा गुरूङ भन्नुहुन्छ, 'इतिहास जोगाउने कर्म र धर्म सबैको हो । सम्भावना प्रचुर हुँदाहुँदै पनि कतिपय कामहरू लयवद्ध गर्न सकिएको छैन ।' जेठो भएर मात्र हुँदो रहेनछ, भिजन चाहिन्छ, प्राविधिक ज्ञान चाहिन्छ, अन्तर ाष्ट्रिय सम्पर्क र सम्बन्धहरू चाहिन्छ, सहकारी सम्भावनाहरू प्रचुर हुँदै गएको अवस्थामा बखान भने धानिने अवस्थामा मात्र रहेको चन्द्रध्वज स्वीकार्नुहुन्छ, 'इतिहास जोगाउने काम मात्र भएको छ, फड्को मार्ने काम भएको छैन ।'

२०६३ तिर बहुउद्देश्यीय भएको सहकारीमा २०६६ सालमा पुगनपुग २ सय सदस्य थिए भने त्यसको एक दशक बितिसक्दा कुल सदस्य संख्या ७ सय ५० पगेको छ । बखानसिंहलाई नेपाली सहकारीका अगुवा, जन्मदाता, प्रणेता र संस्थापक जस्ता विभिन्न विशेषण प्रयुक्त गरिन्छ । वास्तवमा उहाँको पहलमा सहकारिताको औपचारिक अभ्यास सुरू भएको मानिन्छ । तर उनै बखानसिंहले बिजारोपण गरेको संस्था आज ग्रोथको पर्खाइमा छ । ६० जना सेयर सदस्यहरूले प्रतिव्यक्ति १० रूपैयाँको सेयर रकम खरिद गरी कुल ६ सय पुँजीबाट बखानको सहकारी यात्रारम्भ भएको थियो ।

संस्थागत हिसाबमा बखान सहकारीको ग्रोथले पक्कै खुसी दिदैन । सदस्य, सेयर पुँजी, बचत तथा सेवा आदि सबैमा संस्थाले गर्नुपर्ने धेरै छ । ४९ लाख सेयर पुँजी रहेको संस्थाको ऋण लगानी पुगनपुग २ लाख छ । बखानले लाभभन्दा सेवालाई बढी प्राथमिकता दिएको तारा गुरूङ दावी गर्नुहुन्छ । 'चाहने हो भने ब्यालेन्स सीट बढाउन समय लाग्दैन,' गुरूङले भन्नुभयो, 'तर अहिलेको अर्जुनदृष्टि भनेको सँग्रहालय निर्माणलाई पूरा गर्ने हो । यसका लागि सबैको साथ र सहयोग आवश्यक छ ।'

पछिल्लो समयमा बखान सहकारीले सरकारको पहलमा साढे ९ करोडमा बखान सँग्रहालय निर्माणको परियोजना अघि बढाएको छ । ५ करोड खर्च भइसक्यो बाँकी बजेट निकासा नभएकाले काम रोकिएको छ । तारा गुरूङले अब सबैको पहलमा तयार भएको संरचनालाई फिनिसिङ गर्नुपर्ने हुन्छ, त्यसको लागि म पनि काठमाडौं पुगेर सबै पहल अघि बढाउँछु ।' ४ बिघा क्षेत्रफलमा भवन, सँग्रहालय लगायतका अचल सम्पति भएको बखानमा तरल पुँजी नभएको तारा गुरूङ स्वीकार्नु हुन्छ । चन्द्रध्वज भन्नुहुन्छ, 'भिजन भएको टीमको आवश्यकता महसुस हामीले पनि गरेका छौं,' उहाँले भन्नुभयो, 'जसले संस्थालाई आवश्यक ग्रोथ र अन्य कामहरू गर्न सहयोग पु-याउनेछ ।'

बखानको अहिलेको काम भनेको मल बिक्री गर्ने, तोरीको तेल प्रशोधन गरेर बिक्री गर्ने र एकदमै न्यून ऋण सेवा प्रदान गर्नेमा सीमित छ । अहिले तोरीको भाउ बढेकोले २ सय ९० रूपैयाँ प्रति लिटरका दरले शुद्ध तोरीको तेल बिक्री गर्दै आएको छ । त्यसैगरी मल र सिजन अनुसार बीउ बिक्री गर्दै आएको संस्थाकी व्यवस्थापक सीमा गुरूङले बताउनुभयो । यस बीच कोभिड र लकडाउनले पनि बखानको काममा गत्यावरोध गर्‍यो, तर पनि सबैको साथ र सहयोगले चाँडै सँग्रहालय निर्माणलाई पूर्णता दिने अभियानमा जुटेको तारा गुरूङले बताउनुभयो ।

चन्द्रध्वज र तारा गुरूङले भने झैं बखान सहकारी सम्पूर्ण सहकारीकर्मीहरूको लागि तिर्थस्थल हो, मन्दिर हो, यसको संरक्षण र प्रवर्द्धन गर्ने जिम्मा सबै सहकारीप्रेमीहरूको हो । सानो कारोवार तर विशाल इतिहासको संरक्षण आजको आवश्यकता बनेको छ । ६४ औं राष्ट्रिय सहकारी दिवसको महाभियानमा समग्र अभियान जुटिरहँदा बखानसिंह र उहाँको योगदानसहितको बखान सहकारीको संरक्षण र संवर्द्धनमा सरोकारवालाहरूको ध्यान जानु पक्कै बाञ्छनीय देखिन्छ ।



# उद्यमशीलतासँग जोड्दै पुर्ख्यौली पेसा



**हरिचन्द्र प्रजापती**
युवा उद्यमी
जोजोलपा सेरामिक उद्योग, भक्तपुर

उद्योग व्यवसाय भन्ने वित्तिकै धेरै जनालाई ठूलो लगानी, विशिष्टिकृत ज्ञार र जोखिम मोल्न सक्ने क्षमता आवश्यक पर्छ भन्ने लाग्छ नै । पछिल्लो समय युवा जमात धेरैमा केही उद्योग व्यवसाय गर्नुपर्ला भन्ने सहज मौखिक अभिव्यक्ति र सहज आंकलन गरेको सुन्ने पनि गरिन्छ । तर उद्योग अर्थात उद्यम भन्ने कुरा भनेजति सहज र सरल पनि छैन । तर भक्तपुर निवासी युवा उद्यमी हरिचन्द्र प्रजापतिले भने बाबु बाजेको पुर्ख्यौली व्यवसायलाई नै उद्योगमा रूपान्तरण गरेको देख्दा लाग्छ, युवा मा नयाँ कार्यशैली, सीप र जाँगर छ नै । हरिचन्द्र १४ वर्षको उमेरदेखि आफ्ना बुबा हरिबहादुर प्रजापतीले गर्दै आएनुभएको सेरामिकका सामग्री निर्माण गर्ने र स्थानीय बजारमा बिक्री वितरण गर्ने काममा बुबालाई सघाउनुभयो । स्थानीय आवश्यकता र मागको संख्या दिनानुदिन बढ्दै गरेको र आफ्नो उमेर पनि पाक्दै गएसँगै सोही व्यवसाय निरन्तरता सँगै विस्तार गर्ने योजना पनि बनाउँदै जानुभयो । उहाँले २८ वर्षको उमेरमा पारिवारिक व्यवसायलाई उद्योगमा विस्तार गर्ने सोच सहित २०६६ सालमा भक्तपुर घरेलु उद्योगबाट जोजोलपा सेरामिक उद्योग दर्ता गराउनुभयो ।

उहाँको बुबा ६३ वर्षको हुनुभयो । हिजो घर चलाउने, बच्चाबच्ची पाल्ने पढाउने बेलामा उहाँको यही पेशा बरदान सावित भयो तर आज पनि उहाँ उत्तिकै क्रियाशील र जुझारू युवा जस्तै जोसका साथ काम गर्नुहुन्छ । तर फरक यत्ति मात्र हो कि उद्योगको मालिक छोरा बनेको छ । उहाँ छोराले पुर्ख्यौली पेशा अंगालेको र उद्योगकै रूपमा विस्तार गरेको देख्दा औधि खुशी पनि हुनुहुन्छ । त्यतिमात्र होइन परिवारका अन्य सदस्यहरू पनि एकाघर एक व्यवसायमा लाग्दा रमाइलो पनि भएको र काम पनि प्रभावकारी भएको उहाँ बताउनुहुन्छ । आमा कृष्णनानी प्रजापती पनि छोराले ठूलो काम थालनी गरेको र सबै छोरा बुहारी एउटै काम मिलेर गरेको देख्दा रमाइलो मान्नुहुन्छ ।

२०६६ सालमा युवा उद्यमी प्रजापतिले उद्योग दर्ता गर्नुभयो । यसै समयमा भक्तपुर स्थित सहयोगी बचत तथा ऋण सहकारी संस्थाले युवा स्वरोजगार कोषद्वारा प्रवर्द्धित रकमबाट रू. २ लाख सहयोग गऱ्यो । शुरूवाती अवस्थामा सहकारीबाट प्राप्त भएको रकमले उद्योग विस्तार गर्न सहयोग पुगेको उद्यमी हरिचन्द्र बताउनुहुन्छ । उद्योग विस्तार भएसँगै लगानी पनि बढेको छ । सामग्री निर्माणका लागि कच्चा पदार्थ (सेरामिक माटो), ठूलो भोल्टेजको विद्युत लाइन, सेरामिक माटो पकाउने चुल्हो, मेसिनहरू, विभिन्न आकार र साइजका फ्रेमहरूका लागि लागनी ठूलो छ । अहिले उद्योगमा करिब ५० लाखको लगानी छ । भक्तपुर स्थित स्वावलम्बन बचत तथा ऋण सहकारी संस्थाबाट १४.५ प्रतिशत ब्याजमा ३० लाख ऋण छ । उहाँ भन्नुहुन्छ, "ऋणको किस्ता र ब्याज नियमित बुझाएको छु तर ब्याज महङ्गो हुँदा निकै गाह्रो परेको छ ।" सहकारीबाट उद्योग सञ्चालनका लागि सस्तो ब्याजदरमा ऋण पाउन सके केही माथि उठ्न सकिन्थ्योकी भन्ने लाग्छ, अहिले उद्योगबाट कमाएर ऋणको किस्ता ब्याज बुझाउन मात्रै ठिक्क हुने गरेको छ । परिवारै यही व्यवसायमा छौं, यसैबाट राम्रो गर्नुपर्ने बाध्यता छ । सपरिवारको आशा भरोसा नै यही उद्योग हो । घरको ८ जना यसै व्यवसायमा दिनभर खट्छौं भने बाहिरबाट ८ जना कामदार पनि राखेका छौं ।

उद्योगका लागि आवश्यक केही कच्चा पदार्थ दाङ जिल्लाबाट ल्याइने र अन्य भारतबाट आउँने उहाँ बताउनुहुन्छ । सेरामिक सहकारी संस्था सिद्धकाली, भक्तपुर मार्फत दाङबाट माटो र प्लाष्टर पेरिस, ग्लेज, माटो पकाउने







विशेष प्रकारको इट्टा भारतबाट ल्याउँने गरेका छौं, उहाँ बताउनुहुन्छ सेरामिक माटोको लागि दाङ जिल्ला उपयुक्त ठाउँ हो, त्यहाँको माटो अत्यन्त राम्रो छ ।

उहाँले भन्नुभयो, "कोभिडको बेला करिब १ वर्ष जस्तै उद्योग सञ्चालनमा निकै समस्या भोग्नुपर्‍यो । नयाँ सामग्रीहरू बनाउन सकिएन । अर्डरको सामान पनि त्यतिकै रह्यो नयाँ अर्डर आउने त कुरै भएन । ऋणको ब्याज र किस्ता बुझाउनै समस्या भयो ।"

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मागहरू बढ्दो छ । काठमाडौंको कुपण्डोल, लाजिम्पाटमा रहेको ढुकुटी मार्फत पनि सामानको अर्डर आउँछ । अहिले प्राय गरेर नेपालका मुख्य मुख्य शहरहरू र अन्तर्राष्ट्रिय स्तरमा जर्मन, स्वीजरल्याण्डबाट माग भइरहेको छ । उद्योगमा माग बमोजिम सेरामिकका सबै प्रकारका सामग्रीहरू तयार गरिन्छ । विशेष गरी तन्दुरी घ्याम्पो, गमला, सेन्ट पट, धुपदानी, विभिन्न प्रकारका मुर्तिहरू, घर सजावटमा प्रयोग हुने कछुवा, खरायो, परेवा, हाँस लगायतका जीवजन्तु र पंक्षीहरू पनि बनाइन्छ ।



हुन त भक्तपुरमा सेरामिक उद्योगहरू अरू पनि छन् । तर व्यावसायिक हिसावले राष्ट्रिय अन्तर्राष्ट्रिय माग धान्न सक्ने व्यवस्थित उद्योग भने जोजोलपा सेरामिक उद्योग मात्रै हो । पछिल्लो समय माग बढेसँगै उद्योगमा लगानी पनि विस्तार भएको छ, तर उद्योग सञ्चालनका लागि कुनै पनि बैंक वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जा नपाउँदा समस्या भएको उद्योगी प्रजापति बताउनुहुन्छ ।



केही वर्ष पहिला अर्को उद्यमी राजकाजी प्रजापतिले पनि सहयोगी बचत तथा ऋण सहकारी संस्थाबाट ३ जनाको समूह मार्फत ३ लाख ऋण लिएर सेरामिक उद्योग सञ्चालन गर्नुभएको थियो । ३० वर्षे युवा राजकाजी प्रजापती साथीहरूको सहयोगमा करिब ३/४ वर्ष उद्योग सञ्चालन गर्नुभयो । सहकारीबाट लिएको किस्ता, ब्याज पनि सबै चुक्ता गर्नुभयो । अहिले उहाँ पनि व्यवसाय विस्तारको योजना सहित सहुलियतपूर्ण कर्जाको खोजीमा रहेको बताउनुहुन्छ ।


Be READY to fight
#coronavirus
Be SUPPORTIVE Be CAREFUL Be ALERT Be KIND
For the latest health advice, go to :
www.who.int/COVID-19

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून)
केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं
फोन नं.: ०१-४४७८१९६३, ४७८०२०१
इमेलः nefscun@nefscun.org.np,
वेबसाइटः www.nefscun.org.np
नेफस्कून

# सहकारीको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ मा संशोधनको आवश्यकता



**डा. रमेश चौलागाईं**
उप-निर्देशक
नेपाल राष्ट्र बैंक

> सहकारी क्षेत्रको कारोवार क वर्गका वाणिज्य बैंकहरुको भन्दा कम तर अन्य वर्गका वित्तीय संस्था (विकास बैंक र वित्त कम्पनी समूह) हरुको भन्दा बढी रहेको छ । समग्रतामा, केही सानो देखिए तापनि ग्रामीण क्षेत्रमा छरिएर रहेका साना पुँजी परिचालन लगायतका वित्तीय सेवा प्रवाह गर्न र वित्तीय पहुँच तथा समावेशिता अभिवृद्धि गर्न सहकारीहरु निकै प्रभावकारी देखिएका छन् ।

एकातिर सहकारी स्वनियमनमा आधारित संस्था हुन् जो संस्थाका सदस्यहरूद्वारा स्थापित, सञ्चालित र नियन्त्रित हुन्छन् भन्ने मान्यता राखिन्छ भने अर्कोतिर देशका कतिपय शहर केन्द्रित सहकारीहरू स्वनियमनमा सञ्चालन नभएका समाचारहरू सार्वजनिक भईरहेका छन् । यस्ता सहकारीमा बारम्बार सुशासनको उल्लंघन हुने गरेको, संस्थाको रकम हनिमिना गरी केही सञ्चालक फरार भएको, सदस्यहरूको बचत रकम संरक्षण गर्न नसकेको, स्थापित सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन नसकेको, पारदर्शी रूपमा सदस्यहरू प्रतिको उत्तरदायित्व निर्वाह गर्न नसकेको, सदस्यहरूबीच विभेद गरेको, गैरसदस्यले समेत वित्तीय कारोवारका साथै संस्था सञ्चालन गर्ने गरेको, गैर कार्यक्षेत्रका व्यक्ति समेत सदस्य र सञ्चालक बन्ने गरेको, गैर सदस्य समेत सञ्चालक समितिमा रहने गरेको, समदर ब्याज मार्फत ऋणी सदस्य शोषण हुने गरेको, कर्मचारीहरूको श्रम शोषण हुने गरेको, सीमित सञ्चालकहरूले सहकारीको वित्तीय श्रोतलाई निजी रूपमा उपभोग गरिरहेको, ऋण लगानी अपारदर्सि रहेको, सीमित सञ्चालकहरूले संस्थाबाट असीमित वित्तीय सुविधाहरू उपभोग गरिरहेको, संस्थालाई अनावश्यक देखिएका कृत्रिम खरिदहरू गरी संस्थाको व्ययभार बढाएको, सञ्चालकले संस्थाबाट ठूलो रकमको पेश्की लिई निजी व्यवसाय सञ्चालन गरिरहेको साथै श्रोत विहिन रकम समेत जम्मा गर्ने प्रवृत्ती बढेको जनगुनासो समेत सार्वजनिक भईरहेका छन् । उल्लेखित समस्याहरूको चूरो पत्ता लगाउँदै सहकारी क्षेत्रको शाख जोगाई यो क्षेत्रको गुणस्तर विकास गर्न आवश्यक भएको परिप्रेक्ष्यमा सहकारी ऐन, २०७४ को दफा १५१ (१ र २) बमोजिम सरकारले "बचत ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७" जारी गरेको छ । यद्यपी, कार्यान्वयनको चरणमा प्रवेश गरेको यो निर्देशिकको प्रभावकारी कार्यान्वयनले देशको समग्र सहकारी क्षेत्रको विश्वशनियता अभिवृद्धिमा सहयोग पुऱ्याउनेछ । निर्देशिकाको प्रस्तावनामा वित्तीय अनुशासनका सर्वमान्य मापदण्ड अनुरूप सहकारीहरूको प्रणालीगत सुपरिवेक्षण एवं जोखिम अवस्थाको विश्लेषणका साथै नियमित स्थलगत निरीक्षण, अनुगमन र हिसाब जाँच तथा त्यस सिलसिलामा सम्वद्ध नियामक निकायहरू बीच आवश्यक सहकार्यका आधार प्रक्रियाहरू निर्धारण गर्न वाञ्छनीय भएको उल्लेख गरिएको छ । तथापी, निर्देशिकामा सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन कार्यहरूको परिभाषा उल्लेख नगरिनुका साथै सुपरिवेक्षणको अभिन्न अङ्का रूपमा रहने गैरस्थलगत सुपरिवेक्षणका बारेमा

पनि उल्लेख गरिएको देखिँदैन । यस लेखको सारभूत उद्देश्य सहकारी क्षेत्रको गुणस्तरीय विकास मार्फत संविधानले परिकल्पना गरेको समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्न सहकारीहरूको भूमिका कसरी अभिवृद्धि गर्न सकिएला भन्नेमा केन्द्रीत छ । यसका लागि उल्लेखित निर्देशिकामा समेटिएका साविक, सामान्य र उपयोगीताका आधारमा महत्वपूर्ण रहेका संशोधनीय धेरैमध्ये केही विषयवस्तुहरूका बारेमा यस लेखमा विश्लेषण गर्न खोजिएको छ ।

**परिचय**

सहकारी विभागको २०७७ कार्तिक महिनाको तथ्यांक अनुसार देशभर २९,८८६ वटा सहकारीहरू सञ्चालनमा रहेको, जसमा कूल ७३ लाख सदस्यहरूको आवद्धता सहित ८८,२०९ जनालाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउँदै कूल रू.९४ अर्व सेयरपुँजी, ४७८ अर्व बचत संकलन गरी ४२६ अर्व लगानी परिचालन गर्ने वलियो क्षेत्रका रूपमा देखिएको छ । उक्त सदस्य संख्या कूल जनसंख्याको करीव २४ प्रतिशत र उल्लेखित बचत परिचालनको अनुपात देशका सम्पूर्ण बैंक, वित्तीय संस्था र सहरकारी क्षेत्रको कूल बचत परिचालनको करीव १०.५० प्रतिशत हुन आउँछ । यसले, देशको वित्तीय श्रोत र साधनको परिचालनमा सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । कानुन अनुसार स्थापना भएका विभिन्न बैंक तथा वित्तीय संस्थाहरूलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ र बैंक तथा वित्तीय संस्था ऐन, २०७३ बमोजिम नेपाल राष्ट्र बैंकले प्रचलित बैंकिङ्ग कारोवार सञ्चालन गर्ने ईजाजत प्रदान गर्नुका साथै यी संस्थाहरूको नियमित नियमन तथा प्रभावकारी सुपरिवेक्षण गर्ने कार्य गर्दछ, भने सहकारीहरूलाई सहकारी ऐन, २०७४ र नियमावली, २०७५ बमोजिम संघीय, प्रादेशिक र स्थानीय सरकारहरूले दर्ता, नियमन र सुपरिवेक्षण गर्ने व्यवस्था रहेको छ । सहकारीहरू पनि वित्तीय क्षेत्रमा महत्वपूर्ण हिस्सा ओगटने एउटा प्रमुख क्षेत्र हो । यो क्षेत्रको कारोवार क वर्गका वाणिज्य बैंकहरूको भन्दा कम तर अन्य वर्गका वित्तीय संस्था (विकास बैंक र वित्त कम्पनी समूह) हरूको भन्दा बढी रहेको छ । समग्रतामा, केही सानो देखिए तापनि ग्रामीण क्षेत्रमा छरिएर रहेका साना पुँजी परिचालन लगायतका वित्तीय सेवा प्रवाह गर्न र वित्तीय पहुँच तथा समावेशिता अभिवृद्धि गर्न सहकारीहरू निकै प्रभावकारी देखिएका छन् । पछिल्लो समयमा नेपालका सहकारीहरू सदस्यता सञ्जाल विस्तार गर्न, उत्पादन वृद्धिमा सहयोग गर्न, आन्तरिक उद्योगमा आवश्यक कच्चा पदार्थको आपूर्तिमा सहयोग गर्न, रोजगारीमा टेवा दिन, सरकारी राजस्वमा योगदान गर्न, सामाजिक परिचालन तथा बैंक तथा वित्तीय संस्थाहरूको तरलता व्यवस्थापन समेतमा निकै उपयोगी सावित भएका छन् ।

यद्यपी, पछिल्ला समयमा कतिपय सहकारीहरूमा सुशासन र आन्तरिक नियन्त्रण प्रणालीको कमजोर स्थिति, विभिन्न चक्रिय धक्काहरू झेल्नसक्ने जोखिम व्यवस्थापन गर्ने क्षमताको अभाव, सबै प्रकारका जोखिम व्यवस्थापनको चेतना र सकृयतामा कमी, पर्याप्त सदस्य र संस्थागत पुँजीको अभावमा समेत निक्षेपमुखी वित्तीय गतिविधि सञ्चालनमा बढावा, आवश्यक कर्जा नोक्सानीको अभावले गर्दा बढ्दो वित्तीय अनुशासनहीनता, कमजोर आन्तरिक नियन्त्रण प्रणाली, बढ्दो अपारदर्शीता, सदस्यता निस्कृयता, प्रभावकारी सञ्चालनका लागि अपर्याप्त कानुनी प्रावधानहरू, कर्जा सूचनाको अभाव, मौजुदा कानुनकै पनि कमजोर परिपालना, बढ्दो दण्डहीनता, कमजोर सदस्य संरक्षण प्रणाली, कमजोर लेखापरीक्षण प्रणाली, कमजोर सहकारी सूचना तथा तथ्यांक प्रणाली, अधिकांश सदस्य, सञ्चालक र कर्मचारीमा कमजोर सहकारी शिक्षा र चेतना, सम्पत्ती शुद्धीकरणको बढ्दो सम्भावना, अध्ययन अनुसन्धान संस्कृतिको कमी, समस्याग्रस्त सहकारीको बढ्दो संख्या, शून्यप्रायः सुपरिवेक्षण संस्कृति, कमजोर छाता संघहरू, जस्ता समस्या तथा चुनौतीहरू थपिन थालेका छन् । साथै, यी समस्याहरूले सहकारी क्षेत्रको साख वृद्धिमा नकारात्मक भूमिका खेलेको छ ।

सैद्धान्तिक रूपमा सहकारीहरूलाई स्वनियमनमा आधारित संस्था भनिए पनि उल्लेखित समस्याका कारणले सोको समाधानमा सम्बन्धित सबै पक्षहरू सचेत र सक्रिय हुन आवश्यक छ । सहकारीमा देखिएका विभिन्न विकृति र विश्रृँखलताको यथासमयमा पहिचान गर्न, आवश्यक सुधार गर्न र आवश्यकता अनुसारको नियन्त्रणात्मक कारवाहीको सुरूवात अझै हुन सकेको छैन । यसका बारेमा धेरै सहकारीकर्मी तथा शुभचिन्तकहरू चिन्तित छन् । सहकारी क्षेत्रको स्वनियमनको वस्तुगत आधार सदस्यहरूद्वारा स्थापित, सञ्चालित र नियन्त्रित सहकारी नै हुन् । नेपालको पछिल्लो दुई दशकमा सहकारीमा आएको संख्यात्मक विस्तारका बावजुद सहकारी क्षेत्रमा आएका चुनौतीहरूलाई स्वनियमनको कमजोर परिपालनाको कारकका रूपमा पनि मान्न सकिन्छ । यस अवधिमा, सदस्यहरूको सक्रियतामा आधारित सहकारीहरूमा चुनौतीहरूको आकार र प्रभाव निकै सानो छ भने सदस्य सक्रियताभन्दा बाहिर रहेका सहकारीहरूमा चुनौतीहरूको आकार, प्रभाव, प्रकृति र सघनता ज्यादा छ । यो धरातलिय यथार्थलाई विभिन्न दृष्टिकोणबाट व्याख्या गर्ने गरिन्छ । यसलाई सामान्य रूपमा सदस्यताको केन्द्रीयता र सीमित व्यक्तिहरूको केन्द्रीयताका रूपमा पनि लिन सकिन्छ । सदस्य केन्द्रीयताबाट बाहिर रहेका संस्थाहरूप्रति राज्य वा नियमनकर्ताको दायित्व बढी रहन्छ । यस अवस्थामा बाह्य वा सरकारी नियमन तथा सुपरिवेक्षण प्रयासको आवश्यकता पर्दछ । यस सन्दर्भमा, सरकारले सहकारी सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ जारी गरेको छ । निर्देशिकाको प्रस्तावनामा सहकारी क्षेत्रमा प्रणालीगत सुपरिवेक्षणको औचित्य र सरोकारवाला निकायहरूबीच समन्वय तालमेलको आवश्यकता औल्याईएको छ । यद्यपी, यो औचित्य र आवश्यकता निरपेक्ष विषय भने होईन । यसको शुरूवात कसरी गर्ने र यसलाई दीगो एवं औचित्यपूर्ण तरीकाले कसरी

कार्यान्वयन गरिन्छ भन्ने विषयले मात्र यो निर्देशिकाको विश्वसनियता, औचित्य र महत्व स्थापित गर्नसक्छ ।

**निर्देशिका संशोधनका प्रस्तावहरू**

नेपालको संविधानको अनुसूची ५, ६ र ७ मा नेपालका सहकारीहरू क्रमशः संघीय, प्रादेशिक र स्थानीय सरकारको मातहतमा रहने व्यवस्था गरिएको छ । संविधानको यो प्रावधान अनुसार कतिपय प्रादेशिक र स्थानीय तहहरूबाट आ-आफ्ना कार्यक्षेत्रभित्र लागू हुने गरी छुट्टै सहकारी ऐन तथा नियमावलीहरू तर्जुमा भएका छन् । सहकारी विभागको २०७७ कार्तिकको तथ्यांक अनुसार देशभर, प्रादेशिक र स्थानीय तहका कार्यक्षेत्रभित्र क्रमशः १२५, ६००२ र २३७५९ गरी देशभर जम्मा २९,८८६ वटा सहकारीहरू कार्यरत रहेका छन् । यस सन्दर्भमा, प्रतिनिधि सभाले बनाएको सहकारी ऐन, २०७४ र सो बमोजिम संघीय सरकारले बनाएको उल्लेखित निर्देशिका १२५ वटा सहकारीमा मात्र लागू हुने हो कि देशका सबै सहकारीहरूमा लागू हुने भन्ने कुरामा प्रष्टता देखिँदैन । प्रारम्भमा, यो कुरामा रहेको अन्यौलतालाई निराकरण गर्न आवश्कयक छ ।

सहकारी ऐन, २०७४ को दफा ५० (२) मा ऐन प्रारम्भ हुनुपूर्व दर्ता भई कार्यरत बहुउद्देश्यीय र विषयगत सहकारीहरूले बचत तथा ऋण कारोवार समेतको कारोवार ऐन जारी भएको ३ वर्षभित्र बचत तथा ऋण कारोवारको सट्टा तोकिएको मूल कारोवारमा केन्द्रीत हुनुपर्ने भन्ने व्यवस्थाको तोकिएको हदम्याद पुरा भईसकेको छ । तर सहकारी निर्देशिका, २०७७ को निर्देशन नं. २१ मा उल्लेख भए बमोजिमको बहुउद्देश्यीय र विषयगत सहकारीहरूले बचत तथा ऋण कारोवार समेतको कारोवार गर्दै आएको भए मुख्य कारोवारको गणना प्रयोजनका लागि बचत तथा ऋणको कारोवारको हरहिसाबको समेत अनुगमन गर्नुपर्ने भनि गरिएको व्यवस्था ऐनको अनुकुल देखिँदैन । यसबाट निर्देशिका कार्यान्वयनको चुनौती शुरू हुने देखिएकाले यो प्रावधान संशोधनिय देखिन्छ । ऐनको कार्यान्वयनका दृष्टिकोणबाट तोकिएको हदम्याद पश्चात

> नेपालका सहकारीहरु सदस्यता सञ्जाल विस्तार गर्न, उत्पादन वृद्धिमा सहयोग गर्न, आन्तरिक उद्योगमा आवश्यक कच्चा पदार्थको आपूर्तिमा सहयोग गर्न, रोजगारीमा टेवा दिन, सरकारी राजस्वमा योगदान गर्न, सामाजिक परिचालन तथा बैंक तथा वित्तीय संस्थाहरुको तरलता व्यवस्थापन समेतमा निकै उपयोगी सावित भएका छन् ।

बहुउद्देश्यीय र विषयगत सहकारीहरूले बचत तथा ऋणको कारोवार गर्न नसक्ने देखिन्छ ।

निर्देशिकाको परिच्छेद ३ मा रहेको 'अनुगमन गर्दा चेकजाँच गर्नुपर्ने मुख्य विषय' अन्तगर्तको निर्देशन नं. २२ मा सहकारी संथाले कुनै पनि बेला सेयर र लगानी, सेयर र बचत मिले नमिलेको हेर्नुका साथै कूल बचत दायित्वको दश प्रतिशतमा नघट्ने गरी तरलता जगेडा राखेर मात्र ऋण लगानी गरे नगरेको हेर्नुपर्नेछ भनी उल्लेख गरिएको छ । तर सहकारीमा सेयर र लगानी, सेयर र बचत मिले नमिलेको भनेको के हो भनी प्रष्ट उल्लेख गरिएको छैन । यस अघिका सहकारी कानुनमा सेयर र लगानीका साथै सेयर र बचतको अनुपात कति हुनुपर्ने भनी कतै उल्लेख भएको देखिदैन । यो निर्देशिका भन्दा पहिला उल्लेखित कारोवार लगायत विभिन्न मानदण्ड सम्बन्धी मापदण्ड निर्धारण गरी सोको पालनाबारे परीक्षण गर्ने कुरा चाहिँ यस निर्देशिकामा राख्नु वाञ्छनीय देखिन्छ । सहकारी ऐन, २०७४ को दफा १५१ बमोजिम बचत तथा ऋण कारोवारको मापदण्ड निर्माण नगरी निरीक्षण तथा अनुगमन निर्देशिका बनाई लागू गर्न खोजिएकाले सहकारीहरूले अनिवार्य रूपमा पालना गर्नुपर्ने प्रावधानहरू बारेको अन्योलता श्रृजना भएको छ । स्वभाविक छ, सदस्यहरूको हीत जगेर्ना गर्न र तीनको आर्थिक सामाजिक सम्वृद्धिका लागि सहकारीहरूले के के गर्न मिल्ने र के के गर्न नमिल्ने भन्ने बारेमा मिहिन ढंगले विस्तृत मापदण्ड निर्माण नगरी अनुगमन/निरीक्षण निर्देशिकाले अपेक्षा अनुरूपको परिणाम निकाल्न सक्ने देखिँदैन । हालको निर्देशिकाले ऐन र नियमावलीमा रहेका मुलभूत प्रावधानहरूको मात्रै कार्यान्वयनको मूल्यांकन तथा चेकजाँच गर्नसक्छ । यद्यपी, यी प्रावधानहरू अपर्याप्त छन् ।

निर्देशिकाको परिच्छेद ४ मा रहेको 'स्थलगत जाँच' अन्तगर्तको निर्देशन नं. २८ मा विविध कुराहरू समेट्न खोजे पनि मुख्य कुरा छुटेको देखिन्छ । सहकारी संस्थाहरूलाई कारोवारका आधारमा वर्गीकरण गरी वार्षिक रू. पचास करोड भन्दा बढी रकमको वासलात भएका संस्थालाई वर्षको कम्तीमा एकपटक, रू.१० करोडभन्दा बढी र पचास करोडभन्दा कम वार्षिक कारोवार गर्ने सहकारीलाई २ वर्षमा कम्तीमा एकपटक र अन्य सहकारीका हकमा आवश्यकता अनुसार 'स्थलगत जाँच' तथा निरीक्षण गर्ने व्यवस्था गर्नु वाञ्छनीय हुन्छ ।

निर्देशिकाको दफा ३३ र ३४ मा निरीक्षणका विषयवस्तुहरू अन्तर्गत केही खुद्रा विषयवस्तुहरू समावेश गरी मुख्य विषयहरू छुटाइएको छ । सहकारीमा स्थलगत जाँच र निरीक्षणका अनिवार्य र आधारभूत विषयहरूमा कर्जा लगानी, पेश्कीको व्यवस्था, सञ्चालकहरूले संस्थाबाट उपभोग गरिरहेको मौद्रिक/अमौद्रिक सुविधा, सहकारीमा प्राप्त निक्षेपको श्रोतको मूल्यांकन, संस्थाले गरेका खरिद लगायतका खर्च व्यवस्थापनहरू हुन् ।

कर्जा लगानी अन्तर्गत कर्जाको सीमाको पालना, धितोको गुणस्तर, ऋणीको पहिचान, लगानी परियोजना छनोटको प्रावधान, सञ्चालकहरूमा ऋणको केन्द्रीकरणको अवस्था, ऋण लगानीको उत्पादक/अनुत्पादक क्षेत्र, ब्याजदर निर्धारणको व्यवस्था, लगानीको समीक्षा, ब्याजदरको विभेद आदि विषयहरू छुटाउनै हुँदैन । संस्थाबाट सञ्चालक र व्यवस्थापकले लिएको पेश्की, यसको उद्देश्य, प्रयोग र समयसीमाको पालना पनि अनिवार्य स्थलगत जाँचमा समेटनु पर्दछ । सुशासनको दायरामा नरहेका सहकारीहरूका सीमित सञ्चालकहरूले संस्थाहरूबाट लिएको विविध प्रकारका सुविधाहरू स्थलगत जाँचकर्ताको मुख्य विषय हुनुपर्दछ । पछिल्लो समयमा, सहकारीमा मौलाएको अपारदर्शीताका कारणले श्रोत नखुलेका र गैरकानुनी श्रोतबाट आर्जित रकम निक्षेपका रूपमा भित्रिएको हुनसक्छ भन्ने विषय पनि स्थलगत जाँचको विषय हो । साथै, कतिपय सहकारीमा कार्यकारी प्रमुखले मनोमानी र व्यक्तिगत लाभबाट प्रभावित भई संस्थालाई आवश्यक नपरेका वस्तु तथा सेवा खरिद गरी संस्थालाई अनावश्यक व्ययभार थोपरेको हुनसक्छ भन्ने कुरा पनि स्थलगत निरीक्षकको विषय बन्न आवश्यक छ । उल्लेखित निर्देशिकामा यी विषयहरू पनि समेट्नु आवश्यक छ ।

निर्देशिकाको दफा ३६ मा स्थलगत जाँचको सूचना दिनु नहुने व्यवस्था गरेको छ । यसको खासै औचित्य छैन, किनकी स्थलगत जाँच, निरीक्षण तथा अनुगमनका सबै प्रक्रिया संस्था सुधारका प्रक्रिया हुन् । यसको सूचनाका साथै निरीक्षण टोलिले निरीक्षण गर्नसक्ने मुख्य विषय र आवश्यक काजजातहरूको जानकारी पनि संस्थालाई कम्तीमा ३ दिन अघि गराउनु वाञ्छनीय छ । यसले संस्थाहरूलाई मानसिक रूपमा व्यावसायिक निरीक्षण सुपरिवेक्षणका लागि तयार पार्न मदत गर्दछ । साथै यसबाट निरीक्षण टोलीले स्थलगत जाँचका क्रममा पर्याप्त सहयोग पाउने वातावरण बन्नसक्ने देखिन्छ । व्यावसायिक निरीक्षण सुपरिवेक्षणलाई दीगो बनाउन यो प्रक्रियालाई जति जिम्मेवार र पारदर्सि बनाउन सकिन्छ, गुणस्तरीय सहकारी क्षेत्र निर्माणमा त्यसले मदत नै गर्दछ ।

निर्देशिकाको दफा ५७ मा व्यवस्था भएको र अनुसूचि १६ मा प्रस्तुत गरिएको अनुगमन प्रतिवेदन सम्बन्धी ढाँचा त्यति व्यवहारिक र वैज्ञानिक देखिँदैन । उक्त ढाँचामा चेकलिष्टमा समावेश गर्नुपर्ने कुराहरू समावेश गरिएको देखिन्छ । जाँच तथा निरीक्षण प्रतिवेदनमा सहकारी संस्थाका प्रारम्भिक परिचय एवं जानकारी, वित्तीय तथ्यांकको अवस्था, सञ्चालक र लेखा समितिको विवरण, निरीक्षण टोलिको जानकारी र कैफियतको विवरण रहनु वाञ्छनिय र पर्याप्त देखिन्छ । यसरी प्रतिवेदन प्राप्त भएपछि नियामक एवं सुपरिवेक्षकीय कार्यालय प्रमुखले सम्बन्धित संस्थालाई बोलाई प्रारम्भिक छलफल गर्ने र आवश्यक सुझाव तथा निर्देशन दिने वा आवश्यकता अनुसार कारवाही अघि बढाउनु पर्दछ । यो चरण पूरा भएपछि प्रतिवेदन कार्यान्वयनको क्रममा जाने र सोको निरन्तर सोधपुछ र विवरण माग गरी कार्यालयले प्रगति समीक्षा गरिरहनु पर्दछ ।

**सहकारीको सुपरिवेक्षणका कानुनी आधारहरू**

सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशिका, २०७४, सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि, २०७५ र बचत ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७, लेखापरीक्षण प्रतिवेदनहरू, सहकारीका विनियम, मापदण्ड, कार्यविधि, आदि नै सहकारी सुपरिवेक्षणका मौजुदा प्रमुख कानुनी आधार हुन् । सहकारी सुपरिवेक्षक, जाँचकर्ता वा निरीक्षकलाई उल्लेखित कानुनी प्रावधानहरूको न्यूनतम् जानकारी हुनु अनिवार्य छ । यद्यपि, ऐन बमोजिम सहकारी मापदण्ड निर्माण हुन आवश्यक छ ।

**सहकारीको जाँच तथा निरीक्षणका आधारभूत कागजातहरू**

सेयर सदस्यता, ऋण माग र बचत खाता खोल्ने फारामहरू, संस्थाको पछिल्लो संशोधन सहितको विनियम, संस्थाको ब्रोसर लगायतका परिचयात्मक प्रकाशन, पछिल्लो लेखापरीक्षकको सक्कल प्रतिवेदन र लङ्फर्म प्रतिवेदन, संस्था दर्ता प्रमाणपत्र र प्यान कार्ड, लेखापरीक्षकलाई संस्थाले दिएको नियुक्ति र त्यसमा सम्बन्धित कार्यालयको सहमति पत्र, संस्थाले सँगठित संस्थाको सेयरमा लगानी गरेको भए त्यसको प्रमाणपत्र, सञ्चालक समिति, लेखा समिति, ऋण उपसमिति र साधारण सभाको माईन्युट, संस्थाका नियम, नियमावली, नीति, कार्यविधि, कर्मचारी र सञ्चालकहरूका लागि आचार संहिता, सञ्चालक र लेखा समिति निर्वाचन सम्बन्धी कागजातहरू, जस्तै निर्वाचन उप-समितिको गठन, निर्वाचन कार्यतालिका निर्माण/प्रकाशन र निर्बाचित पदाधिकारीहरूको सपथ ग्रहण, आदि, नियामक सुपरिवेक्षक निकायको पछिल्लो निरीक्षण प्रतिवेदन, त्यसउपर समितिको निर्णय र सुधार तथा निरीक्षण पुस्तिका, कर्मचारीहरूको नियुक्तिपत्र लगायतको व्यक्तिगत फाईलहरू र हाजिरी रजिष्टर, सेयर दर्ता किताब र सदस्य दर्ता किताब, संस्थाको नगदको ढुकुटी, मार्गस्थ तथा काउन्टर बीमा सम्बन्धी कागजात, संस्थाको बचत तथा ऋणको पछिल्लो ब्याजदर विवरण, सञ्चालकहरूको व्यक्तिगत/व्यवसायिक/पारिवारिक विवरण फाईल, ऋण लगानी फाईलहरू, आदि ।

**निर्देशिकामा थप गर्न वाञ्छनीय विषयहरू**

सहकारी संस्थाहरूको सुपरिवेक्षणका ३ अभिन्न अङ्ग हुन्छन्: स्थलगत निरीक्षण वा जाँच, गैरस्थलगत सुपरिवेक्षण र कार्यान्वयन । यी अङ्गहरूको व्यवस्थाका बारेमा निर्देशिकामा पर्याप्त व्यवस्था देखिँदैन । नेपालमा स्थापित २९ हजारभन्दा बढी रहेका सहकारीहरूलाई एउटै नियामक मापदण्ड र सुपरिवेक्षकीय दृष्टिकोणबाट अघि बढाउन सम्भव नभएकाले सहकारीहरूको औचित्यपूर्ण वर्गीकरण आवश्यक छ । त्यसैगरी सुपरिवेक्षण कार्य आकस्मिक नभई नियमित चक्रिय प्रणाली हो । सोही बमोजिम संस्था, जनशक्ति र कानुनको वाञ्छित

वातावरण निर्माण गर्न आवश्यक छ । त्यसैगरी, सहकारी क्षेत्रमा सहकारीहरूको आधारभूत सूचना, तथ्यांक, जानकारी र विवरणको अभाव छ । यति महत्वपूर्ण क्षेत्रको कूल गार्हस्थ उत्पादनमा पर्ने प्रभावको मूल्यांकन अझै हुन सकेको देखिँदैन । प्रविधिको हकमा, धेरैजसो ठूला सहकारीका समेत वेभसाईटहरू निर्माण भएका देखिँदैन । पारदर्शिताको चरम अभाव रहेको यो क्षेत्रमा सदस्यहरूको संस्थासम्मको पहुँच निकै कमजोर र नाम मात्रको छ । सदस्य र सञ्चालकहरूमा सहकारी शिक्षाको त झन् दयनीय अवस्था रहेको छ । सहकारी क्षेत्रको अध्ययन अनुसन्धान त झन् कमशल नै छ । नेपालमा कति संख्यामा सहकारीको आवश्यकता छ र सहकारीले खेलेको भूमिकाको समेत वस्तुगत अध्ययन हुन सकेको छैन । यी सन्दर्भहरूलाई समेत निर्देशिकामा व्यवस्थित गराउन सके यसको प्रभावकारी कार्यान्वयनको ढोका खुल्नसक्छ ।

**निचोड**

सहकारी क्षेत्र सुशासनका दृष्टिकोणले कमजोर मानिँदै आएकोले यस क्षेत्रको विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षण सम्बन्धी चुनौती सामना गर्न केन्द्रीय बैंक वा सो सरहको एक वलियो, पेशेवर र सक्षम सहकारी प्राधिकरणको आवश्यकता एक विकल्प हुनसक्छ । संस्थागत सुशासनको पालना कमजोर रहेको यस क्षेत्रमा बलियो र प्रभावकारी सुपरिवेक्षणको अभावमा गैरकानुनी श्रोतबाट आर्जन गरिएको सम्पत्ती जम्मा भएको हुनसक्ने कुरामा कतिपय सहकारीकर्मीहरू चिन्तित देखिएका छन् । सहकारीहरूको व्यवहारिक वर्गीकरण, संस्थाको कार्यक्षेत्र निर्धारण, गुणस्तरीय लेखापरिक्षण, सहकारी तथ्यांक व्यवस्थापन, सुशासन, विभिन्न सरोकारवालाहरूले सहकारीलाई हेर्ने/बुझ्ने दृष्टिकोण, सहकारी साक्षरता, आदि यस क्षेत्रका सनातन समस्याहरू हुन् । यसका अलावा, सहकारी एकीकरण, आधुनिक सूचना प्रविधि र सम्पत्ती शुद्धीकरण निवारण यस क्षेत्रका नयाँ चुनौतीहरू हुन् । तथापी, संविधानको परिकल्पना कार्यान्वयन गर्न



सहकारी नीति, २०६९ को व्यवहारिक आत्मसात् गर्न, सहकारी ऐन, २०७४ र सहकारी नियमावली, २०७५ को प्रभावकारी कार्यान्वयन गर्न, सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी निर्देशिका, २०७४, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कार्यविधि, २०७५ का साथै बचत ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरूको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को प्रभावकारी कार्यान्वयन, आवश्यकता अनुसार ऐन तथा नियमको अथोचित संशोधन, मापदण्ड तथा कार्ययोजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन मार्फत सहकारी क्षेत्रको गुणस्तरीय विकासको सम्भावना भने यथावत् छ ।

नेपालको संविधानले परिकल्पना गरेझैं मुलुकको अवको आर्थिक यात्रा समाजवादको बाटो हुँदै आर्थिक सम्वृद्धि तर्फ जानुपर्ने आवश्यकता चौतर्फी रूपमा महसुस भएको छ । समाजवादको मार्गको एक वलियो आधार स्तम्भका रूपमा नेपालको संविधानले सहकारीलाई मानेको छ । संविधानले प्रमुख आधार स्तम्भका रूपमा मान्यता दिए तापनि गुणात्मक विकासका दृष्टिकोणबाट नेपालको सहकारी क्षेत्र सबै तहबाट ब्यवहारीक रूपमा आवश्यक ध्यान दिन बाँकी रहेको क्षेत्र पनि हो । २०४६ सालको राजनैतिक परिवर्तन पश्चात सहकारी क्षेत्रमा मात्रात्मक परिवर्तन आए पनि गुणात्मक परिवर्तन भने अझै ओझेलमै परेको छ । नेपालको सहकारी क्षेत्र विभिन्न अध्येताहरूले धेरैपटक अध्ययन गरिएको क्षेत्र भएता पनि गहन अध्ययन र आलोचनात्मक विश्लेषणको अभाव सदैव रहेको क्षेत्र पनि हो । करीव ७३ लाख जनताको सेयर र बचत गरी पाँच खर्ब रूपैयाँ भन्दा बढी रकमको वित्तीय कारोवार रहेको सहकारी क्षेत्रलाई लामो समय देखिको कमजोर नियमन र सुपरिवेक्षणका कारण छायाँ बैंकिङ्का रूपमा समेत चित्रित गरिन्छ । विवेकशील नियमन र प्रभावकारी सुपरिवेक्षणको दायराभन्दा बाहिर रहेका कारणले यस क्षेत्रलाई छायाँ बैंकिङ् गतिविधिका रूपमा र सम्पत्ति शुद्धीकरणको सम्भावित उर्वर क्षेत्रका रूपमा पनि बुझ्न थालिएको छ । यद्यपी, यी दुवै टिप्पणी र शंकाको घेराबाट सहकारी क्षेत्रलाई अलग राख्नेतर्फ भने पर्याप्त प्रयासहरू हुन सकेको देखिँदैन । सहकारीलाई संविधानले संघ, प्रदेश र स्थानीय तहका सरकारहरूको साझा सूचीमा रहने व्यवस्था गरेको छ । यो सूचिकरणले सहकारी क्षेत्र संघ, प्रदेश र स्थानीय तहको साझा चासोको विषय हो भन्ने देखिन्छ । यद्यपी, यस व्यवस्थाबाट सहकारीहरूको विवेकशील नियमन र प्रभावकारी सुपरीवेक्षणमा अन्योलताको वातावरण समेत उत्पन्न हुनसक्ने देखाउँछ । सहकारी क्षेत्रमा बढ्दै गएको अपारदर्शीता र कमजोर सुशासनका कारणले वित्तीय क्षेत्र विकास रणनीतिको सफल कार्यान्वयन र मौद्रिक व्यवस्थापनमा पनि यसले चुनौती थपिएको छ । यस आधारमा पनि सहकारी क्षेत्रलाई प्रभावकारी नियमन र सुपरिवेक्षणको दायरामा समेटन आवश्यक छ । यस परिप्रेक्ष्यमा ल्याईएको सहकारी सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका आफैंमा उपयुक्त नीतिगत आधार भएता पनि यसमा धेरै कमी कमजोरीहरू देखिन्छन् । यस्ता कमजोर व्यवस्थाहरूलाई समयमै संशोधन गरी सोको प्रभावकारी कार्यान्वयन गर्न सके गुणस्तरीय सहकारी क्षेत्रको विकासमा मदत पुग्नेछ ।




# सहकारी दिवसमा विभागको विशेष कार्यक्रम, उत्कृष्ट करदाता सहकारीहरु सम्मानित

६४ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा सहकारी विभागले चैत्र २० गते काठमाडौंमा विशेष समारोह आयोजना गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री डा. शिवमाया तुम्बाहाङ हुनुहुन्थ्यो भने नेपाल सरकारका सचिव गोपीनाथ मैनाली, सहकारी मन्त्रालयका सचिव टेकनारायण पाण्डे, रजिष्टार लीला प्रसाद शर्मा, मन्त्रालयका उच्चपदस्थ अधिकारीहरू, राष्टिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेल, नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल सहित विभिन्न विषयगत केन्द्रीय निकाय एवं जिल्ला संघका अध्यक्ष तथा सञ्चालकहरू साथै व्यवस्थापनको सहभागिता थियो । कार्यक्रममा पूर्व सहकारी सचिव समेत रहनुभएका गोपीनाथ मैनालीले सहकारीको अवस्था र सम्भावनासँगै प्रविधि र संस्थागत सुशासन आदि विषयहरू समेटेर गहकिलो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

प्रमुख अतिथि मन्त्री डा. शिवमाया तुम्बाहाङ्फेले सहकारीलाई उद्योग, व्यवसाय र सेवाको क्षेत्रमा काम गर्न अवरोध गर्ने क्षेत्रगत कानुन संशोधन गर्न कठिनाई हुने बताउनुभयो । उहाँले सहकारी मन्त्रालयले आफूसँग सम्बन्धित बाहेक अन्य मन्त्रालयसँग जोडिएका क्षेत्रगत कानुन संशोधन गर्नकठिनाई हुने बताउनुभयो । राष्ट्रिय सहकारी महासंघले विभिन्न मन्त्रालय र विषयसँग सम्वन्धित ४७ वटा क्षेत्रगत ऐन कानुन संशोधन गर्न प्रस्ताव गरेको जानकारी गराउँदै मन्त्री तुम्बाहाङ्फेले त्यस्तो धारणा राख्नुभएको हो । यद्यपि मन्त्री तुम्बाहाङ्फेले सहकारी मन्त्रालयसँग जोडिएका सहकारी ऐन, कानुन संशोधन गर्नका लागि भने अभियानसँग छलफल गर्न सकिने बताउनुभयो । सहकारीमा सुशासन कायम नराखी संविधानले परिकल्पना गरेको तीन खम्बे अर्थनीतिको विकास गर्न नसकिने उहाँको भनाई थियो ।

कार्यक्रममा सहकारी सचिव टेकनारायण पाण्डेले सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस), कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधिकरण एकद्वार प्रणाली मार्फत सञ्चालन गर्दा प्रभावकारी हुने धारणा राख्नुभयो ।

यसैगरी सहकारी विभागका रजिष्ट्रार लीला प्रसाद शर्माले हालै विभागले प्रकाशित गरेको सहकारीको तथ्यांकमा धेरै कुरा नमिलेको स्वीकार गर्दै सहकारी अभियान, प्रदेश सरकार र स्थानीय तहको सहयोग लिएर तथ्यांक अद्यावधिक गर्ने वचन दिनुभयो । रजिष्ट्रार शर्माले सरकारलाई राजश्व चुहावट, सम्पत्ति शुद्धीकरण निवारण लगायतका नीति निर्माण गर्न सहयोग पुग्नेगरी विभागले सहकारी तथा गरिवी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा सबै सहकारीको तथ्यांक प्रविष्ट गर्ने बताउनुभयो ।

यस्तै राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कडेलले सहकारीलाई उद्योग, व्यवसाय, उत्पादन र सेवाको क्षेत्रमा काम गर्न वाधा पुऱ्याउने ऐन कानुन संशोधन गर्नुपर्ने माग दोहोऱ्याउनुभयो । यसैगरी उहाँले सहकारी ऐन, २०७४ कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने कार्यविधि तथा निर्देशिका चाँडो जारी गर्न विभागलाई आग्रह गर्नुभयो ।

यसैबीच, विभागले उत्कृष्ट करदाता सहकारीहरूलाई सम्मानित गरेको छ । विभागले आर्थिक वर्ष २०७६/०७७ मा राज्यलाई सबैभन्दा बढी आयकर बुझाउने प्रारम्भिक सहकारी संस्थालाई सम्मान गरेको हो । दिवसका अवसरमा आयोजित विशेष कार्यक्रममा देशभरबाट उत्कृष्ट आय कर बुझाउने तीन वटा प्रारम्भिक सहकारी संस्थालाई सम्मान गरिएको हो ।

विभागले कान्ति पथको आईएमई कोअपरेटिभ सर्भिस, झापाको सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था र कुलेश्वरस्थित महिला सहकारी संस्था लि.लाई सम्मान गरेको हो । गत आर्थिक वर्ष आईएमईले १ करोड ४९ लाख ८४ हजार ९ सय ४३ रूपैयाँ, सहारा नेपालले १ करोड २८ लाख ७४ हजार ९ सय १० रूपैयाँ र महिला सहकारीले १ करोड २१ लाख रूपैयाँ आयकर बुझाएका थिए ।

# सहकारीको विकास नभएसम्म देशको आर्थिक विकास असम्भवः मन्त्री पौडेल



लुम्बिनी प्रदेश भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलले सहकारीको विकास नभएसम्म देशको आर्थिक विकास हुन नसक्ने बताउनुभएको छ । लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा बुटवलमा भएको छलफल कार्यक्रमलाई संबोधन गर्दै मन्त्री पौडेलले सहकारीको विकास र व्यावसायिकता नहुँदासम्म मूलुकको आर्थिक विकास सम्भव नहुने बताउनुभएको हो । मन्त्री पौडेलले भन्नुभयो, 'सहकारीको व्यावसायिक विकास नहुँदासम्म मुलुकको आर्थिक विकास सम्भव नहुने हुँदा सहकारी अभियानलाई प्रदेश सरकारले विशेष महत्वका साथ हेरी रहेको छ ।'

उहाँले देश विकासका लागि सहकारी निर्विकल्प रहेको समेत बताउनुभयो । मन्त्री पौडेलले सहकारीमार्फत आर्थिक समृद्धि हासिल गर्न सकिने उल्लेख गर्नुभयो । 'अर्थतन्त्र द्रुत गतिमा अघि बढाउन सहकारी बाहेक अरू बाटो छैन, सहकारीको सही परिचालनबाट नै देश समृद्ध बन्छ', उहाँले भन्नुभयो, 'सहकारीले प्राकृतिक स्रोत, साधन सदुपयोग गर्न सके मात्र देश विकास छिटो हुन सक्नेमा म विश्वास छु ।'

सहकारी ऐन र नियमावलीले गरेको व्यवस्था अनुरूप विभिन्न कोषहरूको सही व्यवस्थापन र सहकारी प्रवर्द्धन कोष मार्फत सहकारी अभियानमा उल्लेख्य योगदान हुने बताउँदै यसलाई प्रभावकारी बनाएर लैजानुपर्ने मन्त्री पौडेलको धारणा थियो । 'कृषि उत्पादनमा आत्मनिर्भर बन्न र कृषिमा लगानी बढाएर व्यापार घाटा कम गर्न सकिन्छ', उहाँले भन्नुभयो, 'कृषिको आधुनिकीकरण, व्यवसायीकरणका लागि प्रदेश सरकारले उचित पहल गरिदिनेछ ।

आर्थिक उत्पादनमा सहकारीको भूमिका बढाउन तपाईंहरू भिजन, योजना र प्रतिवद्धतासहित आउनुहोस्, प्रदेश सरकार सहजीकरण गर्न तयार छ ।' सहकारीले उत्पादनका साथै उद्योग, व्यापार व्यावसायमा जोड दिनुपर्ने उहाँको भनाई थियो ।

लुम्बिनी प्रदेशका बुटवल र आसपासका क्षेत्र, साविकको लुम्बिनी अञ्चलका ६ जिल्लामा विषयगत संघ, जिल्ला संघका पदाधिकारी एवं प्रदेश सहकारी विकास बोर्ड, प्रदेशका सहकारी रजिष्टार, मन्त्रालयका विज्ञ, सहकारी अभियन्ता, विभागीय प्रमुखहरूको सहभागिता रहेको गोष्ठीका अधिकांश सहभागीहरूले सहकारीलाई प्रदेश र केन्द्र सरकारले जसरी तीन खम्बे अर्थव्यवस्था अनुरूप कार्य गर्नुपर्ने हो, त्यस अनुसार हुन नसकेको बताउनुभयो । उहाँहरूले सहकारी मैत्री सरकार बन्न नसकेको आरोप समेत लगाउनुभयो ।

कार्यक्रममा सहकारी क्षेत्रका विज्ञ तथा सहकारी अभियन्तालाई सहभागी बनाएर प्रशिक्षण, संस्था मर्जरका प्रावधान, सहकारी प्रवर्द्धन कोषको प्रस्तावित नियमावली बारे छलफल र विभिन्न राय सुझाव समेत संकलन गरिएको थियो । प्रदेश सरकारको तर्फबाट सहकारी सम्बन्धी महत्वलाई प्राथमिकताका साथ हेरिएको यो पहिलो हो । प्रदेश सरकारले सहकारी ऐन, २०७६ र सहकारी नियमावली, २०७६ को व्यावहारिक कार्यान्यनमा समेत महत्व दिँदै आएको छ ।

- जगदीश भट्टराई, बुटवल, (रूपन्देही)


साकोस आवाज
सहकारी सँगै सञ्चार

कृपया सहकारी समाचारका लागि :
saccosaawaj.coop.np मा जानुहोला ।

यदि तपाईंसँग कुनै समाचार भएमा : saccosaawaj@gmail.com मा पठाउनुहोला ।

Like Comment Share

# नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड (नेफ्स्कून) द्वारा COVID-19 महामारीमा सेवा निरन्तरताका लागि सदस्य संघ संस्थाहरूलाई जारी मार्गदर्शन, २०७८

मिति : २०७८ बैशाख १५ गते

कोभिड-१९ महामारीको दोश्रो लहर समुदायस्तरमा तीव्र फैलिरहेका कारण बचत तथा ऋण सहकारी संस्थाहरूको सेवा निरन्तरतामा समेत स्वभाविक स्वास्थ्य जोखिम बढेको छ । महामारीको समयमा सहकारी संघसंस्थाहरूले अविच्छिन्न सेवा प्रवाह गर्नु पर्ने भएकाले संक्रमणको जोखिम न्यूनीकरण गरी आवश्यक स्वास्थ्य सतर्कतासहित व्यावसायिक सेवा निरन्तरताका लागि यो मार्गदर्शन जारी गरिएको छ ।

१. नेपाल सरकार तथा विश्व स्वास्थ्य संगठनले जारी गरेको स्वास्थ्य सुरक्षा सम्बन्धी मापदण्ड पालना गर्ने/गराउने ।

२. सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सदस्यहरूमा संक्रमणको जोखिम न्यूनीकरण गर्न कार्यालय वातावरण व्यवस्थापन, जनशक्ति योजना र सदस्य शिक्षा जस्ता कार्यहरू सुरक्षित तवरमा सम्पादन गर्ने ।

३. भीडभाड नहुने तथा भौतिक दुरी कायम हुने व्यवस्था मिलाई सेवा प्रवाह गर्ने/गराउने ।

४. प्रविधिमा आधारित टेलिफोन लगायतका सञ्चार माध्यमबाट सेवाहरू सञ्चालन, सम्पर्क व्यक्ति तोकी (P to P) सेवा प्रवाह, निश्चित समय र स्थान तोकी सदस्य आउँदा आउँदै काउन्टरमा प्रवेश नगरी सेवा दिन सकिने (Drive through Window) विधि, सुरक्षित घर दैलो सेवा (Safety Doorstep Services), ड्रप बक्स (Drop Box) मार्फत सेवा, रिमोट भुक्तानी पुर्जा (Remote Cheque Payment) मार्फत बचत फिर्ता तथा भुक्तानी जस्ता वैकल्पिक विधिहरू विकास तथा उपयोगबाट अत्यावश्यक वित्तीय सेवाहरू सुनिश्चित गर्ने ।

५. महामारीमा सेवा व्यवस्थापन गर्न मानव संशाधन व्यवस्थापनका लागि सम्पर्क व्यक्ति तोक्ने, सुरक्षित रूपमा आलोपालो, घरबाट कार्यालयको काम गर्ने (Work from Home) जस्ता पद्धतिको विकास र कार्यान्वयन गर्ने । आलोपालो गर्दा समूहबीच प्रत्यक्ष सम्पर्क नहुने व्यवस्था गर्ने ।

६. एटीएम लगायतका प्रविधिमा आधारित सेवा प्रवाह गर्ने संघसंस्थाहरूले सो स्थानबाट हुन सक्ने जोखिम कम गर्न ढोका खुल्ला राखी Sanitizer तथा Tissue Paper को प्रभावकारी व्यवस्था गर्ने ।

७. कोभिड-१९ विरूद्ध उपलब्ध खोप लगाउन सम्पूर्ण सदस्य एवं कर्मचारीहरूलाई प्रेरित गर्ने ।

८. कार्यालय, सवारी साधन तथा उपकरणहरू र कार्यालय परिसर नियमित रूपमा निःसंक्रमण (Disinfection) गरी उपयोग गर्ने साथै नगदलाई निःसंक्रमण गर्न कम्तीमा ३ दिन क्वारेन्टीनमा राखी चौथो दिन मात्र प्रयोग गर्ने ।

९. सदस्यहरूलाई वित्तीय शिक्षामार्फत आवश्यक मात्र नगद संग्रह तथा फजुल खर्च न्यूनीकरण गरी विपद् व्यवस्थापनका लागि बचत गर्ने बानीको विकास गर्ने ।

१०. संघ तथा संस्थाहरूले सञ्चालन गर्ने बैठक, गोष्ठी, सेमिनार, तालिम जस्ता कार्यक्रमहरू नेपाल सरकारले तोकेको संख्या भन्दा बढी हुने गरी भौतिक उपस्थितिमा सञ्चालन नगर्ने । अत्यावश्यकीय कार्यक्रम तथा बैठकहरू सञ्चालन तथा आयोजना गर्दा नेफ्स्कूनले जारी गरेको विद्युतीय प्रविधि (भर्चुअल) बैठक सञ्चालन कार्यविधि, २०७७ बमोजिम सञ्चालन गर्ने ।

११. मानव संशाधनमा हुन सक्ने संक्रमण तथा संस्थाको व्यावसायिक निरन्तरतालाई मध्यनजर गर्दै संक्रमणको जोखिम न्यून हुने गरी सेवा प्रवाह गर्ने । कर्मचारीहरूलाई समूहमा विभाजन गरी समूह-समूहबीच प्रत्यक्ष सम्पर्क नहुने गरी कार्य वातावरण निर्माण गर्ने ।

१२. जनशक्तिमा संक्रमणको शंका भए अविलम्ब परीक्षण गर्ने र संक्रमित कर्मचारीलाई आइसोलेसन र कन्ट्याक्ट ट्रेसिङ्गमा परेका कर्मचारीहरूलाई क्वारेन्टिनमा राखी अन्यबाट सेवा सूचारू गर्ने ।

१३. कोभिड-१९ सम्बन्धी समस्या समाधानमा सहजीकरण तथा समन्वय गर्न जोखिम व्यवस्थापन कार्यदललाई प्रभावकारी परिचालन गर्ने ।

१४. कोभिड-१९ को संक्रमण तीव्र फैलिने जोखिम रहेकोले संस्थाबाट विकास गरिएको व्यावसायिक निरन्तरता योजना (BCP) अद्यावधिक गरी कार्यान्वयन गर्ने तथा संघले यस अघि जारी गरेका मार्ग दर्शनहरू पूर्ण रूपमा पालन गर्ने/गराउने ।

१५. कार्यालयमा भौतिक उपस्थित भई कार्यसम्पादन गर्ने समय सामान्य अवस्थामा भन्दा न्यून गर्ने, भौतिक उपस्थित हुने आगन्तुकको अभिलेख राख्ने । सदस्यहरूलाई कारोवार पूर्व स्यानिटाइजर, हात धुने साबुन, तापमान परीक्षण लगायतका सामग्री व्यवस्थापन गरी एक पटकमा एक व्यक्तिलाई मात्र सेवा दिने ।

१६. सम्भावित तरलता जोखिम कम गर्न तरलता माग सर्वेक्षण, प्रवृत्ति विश्लेषण र अनुमानित नगद प्रवाह विश्लेषणको आधारमा योजना निर्माण गरी कार्यान्वयन गर्ने/गराउने ।

१७. सम्भावित जोखिम सामना गर्न सामान्य अवस्थामा भन्दा अधिक तरलता (कम्तीमा २५ प्रतिशत) कायम राख्ने ।

१८. सहकारी संघसंस्थाका कर्मचारीहरूले सेवा प्रवाह गर्दा व्यक्तिगत सुरक्षा सामग्रीहरू पीपीई, मास्क, स्यानिटाइजर, पञ्जा, चस्मा, फेससिल्ड आदि प्रयोग गर्ने/गराउने । महामारी अवधिमा कर्मचारीहरूलाई बीमा र उचित प्रोत्साहनको व्यवस्था मिलाउने ।

१९. महामारीमा जोखिम न्यूनीकरणका लागि सहकार्य गर्नुपर्दा एकद्वार प्रणाली र सुशासन प्रत्याभूत हुने गरी वित्तीय सक्षमताका आधारमा संस्थागत सहयोग गर्ने ।

# सहकारी ऐनः केही विषय अटाए, धेरै 'मिसिङ' छन्



**दिपक प्रकाश बाँस्कोटा**
संस्थापक अध्यक्ष
राष्ट्रिय सहकारी महासंघ

(वि.सं. २००५ साल साउन १३ गते पाँचथरको तत्कालिन रानीटार गाविस वडा नं १ मा पिता कर्नाखर बाँस्कोटा र आमा भविता बाँस्कोटाको कान्छो सन्तान (३ छोराहरूमा कान्छो, २ दिदी) का रूपमा दिपक प्रकाश बाँस्कोटाको जन्म भएको हो । सानैदेखि राजनीति र युवावस्थादेखि नै सहकारी क्षेत्रमा लाग्नुभएका उहाँ सहकारीलाई सम्वृद्धिको अचुक अस्त्र मान्नुहुन्छ ।

पूर्व गृह राज्यमन्त्री बाँस्कोटा राष्ट्रिय सहकारी विकास बोर्डका प्रथम अध्यक्ष, राष्ट्रिय सहकारी महासंघका संस्थापक अध्यक्ष, सहकारी प्रारूपमा पाँचथरमा सञ्चालित कञ्चनजंघा टी स्टेट एण्ड रिसर्च सेन्टरका अध्यक्ष, महर्षि फाउन्डेशनका अध्यक्ष लगायत अन्य केही उद्योग व्यवसाय र सामाजिक संघसंस्थाहरूमा प्रत्यक्षपरोक्ष संलग्न हुनुहुन्छ । सहकारी अभियानमा लामो समयदेखि सक्रिय बाँस्कोटालाई ६४ औं राष्ट्रिय सहकारी दिवसका अवसरमा राष्ट्रिय सहकारी महासंघले 'राष्ट्रिय सहकारी पुरस्कार' प्रदान गर्ने घोषणा गत चैत १९ गते गरेको थियो ।

**सहकारीका सम्मानित व्यक्तित्व बाँस्कोटासँग उहाको निजी जीवन र सहकारीका सम्बन्धमा गरिएको कुराकानीको सारसंक्षेपः**

**सहकारी क्षेत्र प्रति यहाँको झुकाव कसरी शुरू भयो ?**

२०३६ सालको जनमतसँग्रहमा प्रजातन्त्र पक्षधरहरूको पराजयपछि गिरिजाप्रसाद कोइराला २०३९ सालमा युरोप भ्रमणसकेर फर्केपछि झापामा रामबाबु प्रसाईको घरमा बैठक भएको थियो । त्यहाँ उहाँले एउटा रोचक घटना सुनाउनुभयो । युरोप भ्रमणको अन्त्यमा जर्मनीमा कोइरालाको भेट तत्कालिन चान्सलर विली ब्रान्टसँग भयो । त्यो भेटमा उहाँले कोइरालाई भन्नुभयो,' देयर आर ओन्ली टु वेज् टु रिर्टन टु पावर, इदर वाइ बुलेट अर बाई ब्यालेट । यु ह्याभ लेफ्ट बुलेट इन इन्डिया एण्ड यु लस्ट ब्यालेट इन नेपाल । नाउ हाउ विल यु गो टु पावर ? भन्दा कोइराला अल्मलिनुभयो । अनि उहाँले 'हामी नेपालीलाई के सल्लाह दिनुहुन्छ ?' भन्दा चान्सलर ब्रान्टले, 'नाउ यु ह्याभ अ लास्ट रिसोट, एन्ड द्याट इज इन्क्रिज योर एक्सेस टु स्पेसल्ली रूरल पिपल थ्रू सोसल डिभेलपमेन्ट वर्क । त्यो सुझाव सहकारीप्रति कोइरालाको विश्वास जगाउने वचन मात्र भएन राजनीतिमा लागेको मलाई पनि रामवाण भयो अनि फर्केर मैले सहकारी प्रारूपमा कञ्चनजंघा टी स्टेट, वाटर टर्वाइन, हाते कागज कारखाना डेरी खोले । तीमध्ये २ वटा अहिले पनि मेरो स्वामित्वमा छन् बाँकी ३ वटा स्थानीयहरूलाई हस्तान्तरण गरैं र हाल पनि सञ्चालनमा छन् ।

> पढेलेखेको स्मार्ट युवाहरुलाई प्रविधि सहजीकरणसँगै सहकारी क्षेत्रमा ल्याउन सकियो भने प्रविधि र युवाको संयोजनले सहकारीले फड्को मार्न सक्छ ।

**बोर्ड प्रवेश कसरी भयो ?**

२०४६ सालको जनआन्दोलनमा जेल गइयो । बहुदल आएपछि चुनावको टिकट पाएँ तर थोरै मतले पराजित भएँ र गाउँमै फर्केर कृषि र उद्यम सञ्चालन गरी विकासको काममा रमाएर बसिरहेको थिएँ । केही समयपछि काठमाडौं आएँ र कोइरालाई भेट्न जाँदा उहाँले मलाई राष्ट्रिय सहकारी विकास बोर्डमा बसेर काम गर्न आग्रह गर्नुभयो । विभागीय

मन्त्री शैलजा आचार्यले बोर्ड गठनको प्रस्ताव तयार गर्दै हुनुहुन्थ्यो । त्यसै दिन क्याबिनेटमा जाँदै रहेछ प्रस्ताव । शैलजाले मन्त्री अध्यक्ष हुने गरी बोर्डको सदस्यमा प्रस्ताव गर्नुभयो । मैले नाइँ भनिन् । मलाई अन्यत्रको पनि अफर थियो तर मैले कार्यकारी भूमिकामा बसेर काम गर्दिन भनेँ ।

दुई दिनपछि कोइरालालाई भेट्न जाँदा उहाँले म ढोकाबाट भित्र छिर्न नपाउँदै, 'मैले बोर्डका अध्यक्षमा तिमीलाई राखेको छु, मन्त्री बस्न पर्दैन, तिमीलाई राज्यमन्त्री सरहको सुविधा पनि हुन्छ, अध्यक्ष भएर तिमीले फिदिमको टी मा जे गरेका छौ, त्यस्तो काम देशभर गर्नुपर्यो, त्यसका लागि सहकारी ऐनको मस्यौदा तयार गरेर ल्याउनु पर्छ' भन्नुभयो । फिदिम चिया स्टेटको मेरो मोडल स्वीकृत भएको त्यो ऐतिहासिक क्षण्मा मैले 'हुन्छ म काम गर्छु' भनेँ । केही दिनपछि बोर्डको पहिलो अध्यक्ष नियुक्त भएँ । त्यसपछि स्थायी रूपमा काठमाडौं बस्न थालेँ । पहिला साझा केन्द्र थियो, पछि त्यसलाई खारेज गरेर तत्कालिन गिरिजाप्रसाद कोइराला सरकारले राष्ट्रिय सहकारी विकास बोर्ड गठन गरेर त्यसको अध्यक्षको रूपमा नियुक्त गरिएको थियो (राज्यमन्त्री सरह सुविधा सहित) ।

**बोर्डमा रहँदा के उपलब्धि भए जस्तो लाग्छ ?**

बोर्डमा नियुक्त हुँदा मेरो ३ वटा म्यान्डेट थियो: प्रजातान्त्रिक परिप्रेक्ष्यमा सहकारीलाई कसरी अगाडि बढाउन सकिन्छ यसका लागि ऐन नियमावली, नीति तर्जुमा गरेर संसद पढाउने, गाउँदेखि केन्द्रसम्म सहकारी विस्तार गर्ने र अर्को व्यवस्था नभएसम्म साझा केन्द्रले गर्दै आएको सम्पूर्ण काम गर्ने । यी तीनै काम मैले २ वर्षमा पूर्ण गरेँ र राजीनमा दिएँ ।

**महासंघमा प्रवेश ?**

बोर्डको राज्यमन्त्री सरहको सुविधा छोडेर सहकारी अभियानको विकासका लागि राष्ट्रिय सहकारी महासंघ गठनमा जोडिएर संस्थापक अध्यक्ष भएँ । १८ वर्ष स्वयंसेवी भएर काम गरेँ ।

**महासंघमा आफ्नो भूमिका बारे केही बताइदिनुहुन्छ कि ?**

मेरो कार्यकालमा सहकारी अभियानको जग बसाएँ भन्छु अरू धेरे भन्दिन । महासंघको भवन बनाउने काम भने केशब बडालजीको नेतृत्वले गर्यो । म अध्यक्ष हुँदा बोर्डसँग ५ रोपनी जगा माग गरेको थिएँ । २ रोपनी दिने बोर्डको सोच थियो । मेरो सोच ५ रोपनी जग्गाा अभियानको लागि लिने, ठूलो कम्प्लेक्स बनाउने त्यहाँ सबै केन्द्रीय संघहरूको अर्पाटमेन्ट रहने वा भनौं सहकारीको केन्द्रीय संघहरू खोज्न अन्त कतै जान नपर्ने गरी संरचना बनाउने थियो । सँगै भक्तपुरमा २ रोपनीबढी जग्गा पनि लिएको थिएँ । ललितपुरमा सम्भव भएन भने भक्तपुरमा बनाउने योजना थियो ।

**महासंघको अहिलेको नेतृत्वका सम्बन्धमा यहाँको धारणा ?**

मिनराजजी ग्रास रूट बाट सहकारी क्षेत्रमा काम गर्दै आउनुभएको, नेफस्कूनको अध्यक्ष भैसकेको, एशियाली ऋण महासंघको उपाध्यक्ष समेत भइसक्नुभएको, धादिङमा संस्था स्थापना गरेर राम्रो काम गरेको व्यक्ति हो सबैलाई ज्ञात भएकै कुरा हो । मिनराजजीलाई सहकारी अभियानमा ल्याउन मेरो पनि केही योगदान छ । हि इज् द वेस्ट क्यान्डिडेट फर एनसीएफ । सहकारीमा भिजेको व्यक्ति हो उहाँ ।

म निवर्तमान भइसकेपछि बाँस्कोटालाई यहाँबाट बाहिर राख्न हुँदैन भनेर बुझ्नुभयो र सल्लाहकारको रूपमा पनि विगतदेखि नै रहिरहेको छु । यो मेरो लागि सम्मानको विषय हो ।

**भर्खरै तपाईलाई राष्ट्रिय सहकारी पुरस्कारबाट सम्मानित गर्ने घोषणा महासंघले गरेको छ ? यस विषयमा यहाँको प्रतिक्रिया के छ ?**

व्यक्ति सम्मानको परम्परा सुरू गर्नुपर्छ, त्यसका लागि पहिलो उपयुक्त व्यक्ति दिपक बाँस्कोटा हो भन्ने रेकग्नाइज महासंघले गर्यो, त्यो महत्वपूर्ण कुरा हो । स्वाभाविक रूपमा खुसी छु ।

**सहकारी अभियान अहिले कहाँ पाउनुहुन्छ ?**

एकातिर चुनौतीहरू बढेका छन् भने सँगै अवसरहरू पनि थपिदै गएका छन् । चुनौतीहरूलाई एकभएर सामना गर्दै सहकारीलाई विकासको साझेदार बनाउन सके सरकारलाई धेरै ठूलो सहजीकरण हुन्थ्यो, यदि सरकारले विकास नै चाहेको हो भने, समाजवाद नै चाहेको हो भने । तर यदि कुरामा मात्रै चाहेको हो भने मेरो भन्नु केही छैन । तर त्यस दिशातर्फ सरकार अघि बढेको मैले देखेको छैन ।

सहकारीमा राजनीति हुनुहुँदैन भनेर मैले सुरूदेखि भन्दै आएको हुँ, त्यसका लागि मैले पनि रोक्न नसकेको हो । 'सबै कुरा गरूम् तर सहकारीलाई राजनीतिकरण नगरौं' भनेर सहकारी र महासंघको फोरमहरूमा भन्दै आएको छु ।

**सहकारी ऐन २०७४ कस्तो आयो ?**

सहकारी ऐनले केही विषय सम्बोधन गरेको छ, धेरै विषयहरू यसमा मिसिङ छ । ऐन आयो, मेरो इनपुट खोजी गरिएन, मेरा पनि केही धारणा र सुझावहरू थिए ।

पहिलो कुरा, सहकारी ऐन, २०४८ खारेज गरेर यो ऐन आएको छ यसमा मेरो रिजर्भेसन हो, २०४८ को ऐनलाई संशोधन गर्नुपर्थ्यो । डे वन बाटै मेरो यसमा आपत्ति हो । मैले मन्त्री, सांसद सबैलाई यस विषयमा जानकारी गराएको छु । किनभने आजको सहकारी अभियानको जग २०४८ सालको ऐन हो । त्यसलाई संशोधन गर्दा हुन्थ्यो ।

संसारको धेरै कम देशको संविधानले सहकारीलाई हाम्रो मुलुकमा जस्तो प्राथमिकता दिएको छ । संविधानमा लेखियो, सरकारका अधिकारीहरूले बारम्बार बोलिरहनुभएको छ, भलै अभ्यासमा ल्याउन बाँकी होला । हामीले लिन सकेका छैनौं होला, दिनेले दिन खोजेका छैनन होला । तर संविधानले बोलिसकेको कुरालाई हामीले भूमिका खेल्न सक्नुपर्यो । यत्रो अवसर पाएको बेला मुलुकको संविधानलाई ध्यान राखेर जुन रूपमा सहकारी ऐन आउनुपर्दथ्यो त्यो आएन ।

२०४८ को सहकारी ऐनले सहकारीलाई यो रूपमा विकसित हुने वातावरण बन्यो, अब यो २० औं वर्षको अनुभवले आगामी १ सय वर्षको कल्पना गर्न गरेर, हालसम्मको अनुभवलाई सँगालेर भिजनरी ऐनको रूपमा ल्याउनुर्थ्यो तर सकेनौं । कहाँ कहाँ दुलाहरू छन्, टाल्न खोजेजस्तो गरेर आएको छ । सहकारीलाई व्यस्थित बनाउने र स्पष्ट दिशाबोध गर्ने कुराहरू मिसिङ छन् । ऐनले संविधानले दिएको स्पिरिट बोकेन ।

**सहकारी अनुगमनको पाटो कमजोर भयो भन्ने धेरै गुनासहरू आउँछन् । यहाँलाई के लाग्छ अनुगमनलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ?**

अनुगमनको नाममा एक जना कर्मचारीलाई पठाएर हुँदैन । मुभमेन्ट बाट वा सरकारबाट १ जना गएर अनुगमन हुँदैन । साँच्चै अनुगमनबाट सुधार गर्ने हो भने जोइन्ट अनुगमन हुनुपर्छ - विभाग, बोर्ड र मुभमेन्टको । ३-४ जनाको संयुक्त टीमले सघन अनुगमन गर्ने वित्तिकै धेरै सुधार हुन्छ भन्ने मलाई विश्वास छ ।

त्यसैगरी, सहकारी भनेको स्वनियमनकारी पद्धतिमा चल्ने सामाजिक उद्यम हो । यसको शिक्षा हामीले सही रूपमा व्यापक गर्न सकेका छैनौं । यो शिक्षा दिनुपर्छ र त्यस्तो शिक्षा पाएकाहरूलाई मात्र सहकारी सञ्चालनको जिम्मेवारी दिनुपर्छ । अहिले त जसले पायो त्यसले पहुँच र पैसाको भरमा पूर्णतः व्यापारिक प्रयोजनका लागि सहकारी खोलेका छन् । जथाभावी सहकारी दर्ताको काम हुनुहुँदैन । धेरै सन्तान जन्माएपछि पालनपोषण कम हुन्छ, स्याहार सुसार कम हुन्छ, केही समस्या हुन्छ नै ।

**सहकारीहरू स्थानीय निकायलाई हस्तान्तरण भएको छ, यसले कस्तो परिवर्तन ल्याउला ?**

स्थानीय निकायलाई सहकारी हस्तानरण गरेपछि अवसर पनि थपिएको छ सँगै चुनौतीहरू पनि । सहकारीको आधार भूत ज्ञान तल्लो तहका सहकारीका अधिकारीहरूसँग कम छ । त्यसले समस्याहरू थपिएलान भन्ने पनि छ । तर यदि स्थानीय निकाय सहकारीका

> सहकारी भनेको स्वनियमनकारी पद्धतिमा चल्ने सामाजिक उद्यम हो । यसको शिक्षा हामीले सही रुपमा व्यापक गर्न सकेका छैनौं । यो शिक्षा दिनुपर्छ र त्यस्तो शिक्षा पाएकाहरुलाई मात्र सहकारी सञ्चालनको जिम्मेवारी दिनुपर्छ ।



सम्बन्धमा दक्ष भयो भने त फेरी निक्कै राम्रो पनि हुनसक्छ । तर सहकारीमा 'कन्ट्रोल' सिस्टम भने हामी 'अभोइड' गर्छौं ।

सहकारीप्रति राज्यको कमिट्मेन्ट भयो भने, यो नै यस्तो टुल हो, सरकारले अरू कुनै निकायबाट गर्न नसक्ने प्रगति यसबाट हासिल गर्न सक्छ ।

**सहकारीमा युवा र प्रविधि कसरी जोड्ने ?**

प्रविधि भने अन्यत्रबाट ल्याउने हो । अहिलेको स्थितिमा हामीले धेरै ठूलो प्रविधि विकास गर्ने भन्दा अरूले विकास गरेको उन्नत चिज भित्र्याउने हो । यसका लागि युवाको भूमिका खोजिनुपर्छ । पढेलेखेको स्मार्ट युवाहरूलाई प्रविधि सहजीकरणसँगै सहकारी क्षेत्रमा ल्याउन सकियो भने प्रविधि र युवाको संयोजनले सहकारीले फड्को मार्न सक्छ । तर त्यो गराउन सक्नुपर्यो । यसतर्फ सबैको ध्यान जानुपर्छ । आज राज्यव्यवस्था ध्यान यसतर्फ गएको छैन, कहिले कहिले झसंङ्ग भएर भाषणमा कुरा आउँछ, नीति कार्यक्रम छैन, त्यसकारण अभियानको जोडबलले सहकारीलाई युवा र प्रविधि मैत्री क्षेत्र बनाउनुपर्छ ।

**अहिले सहकारी क्षेत्रमा गर्नुपर्ने काम ?**

'गभमेन्ट' र 'मुभमेन्ट' बीच अभियान सुदृढ र व्यवस्थित गर्ने ठोस कार्ययोजना बन्नुपर्छ । त्यससम्बन्धी सम्झौता (एमओयू) हुनुपर्छ । त्यो एमओयूलाई ऐन र नियमावलीले पनि साथ दिनुपर्छ । अहिलेको ऐन र नियमले मात्र पुग्दैन । आ-आफ्नो टेबलमा ऐन र नियम राखेर पत्राचार गरेर वा भाषण गरेर मात्र पुग्दैन । के विषयका लागि सहकारीलाई सरकारले प्रवर्द्धन गर्ने, जस्तो आयात प्रतिस्थापन गर्नुपर्यो तर के मा ? भन्ने स्पष्ट हुनुपर्छ । सरकारले वातावरण मिलाउने, सहकारीले कार्यान्वयन गर्ने काम भयो भने मानिसहरूलाई खाडी पठाउनुपर्दैन । दैनिक यति जनाको शव आयो भन्ने समाचार हामीले किन सुन्नुपर्ने ?

जापानको कृषि प्रविधिलाई हामीले रेप्लिकेट गर्नुपर्छ । जापानको कृषि सहकारीले सबै किसानलाई ज्वाईलाई भन्दा राम्रो पालेको छ । जापानको कृषिमा यस्तो प्रविधि र प्रक्रियाहरू प्रयोग भएका छन् जसले गर्दा कृषकहरूको आकर्षण बढ्दो छ । कृषि छोडेर नजाओस् भनेर सरकारले कृषकहरूलाई यो गर्नुपर्छ भन्ने त छाड्नुहोस्, के गरेको छैन ? भन्ने अवस्था छ । तर त्यहाँ सबै वातावरण सरकारले मिलाएको छ भने कृषि सहकारीले कार्यरूप दिएको छ ।

जापानमा किसानले बाली लगाउनु अघि नै उसको आम्दानी लगभग सुनिश्चित हुन्छ । त्यसमा भवितव्य वा तलमाथि भयो भने सरकारले सहयोग गर्छ । सपोर्ट के कस्तो हुन्छ भन्ने विषयहरू लिखित रूपमा किसानको घरमा पुग्छ, बाली काटेको दिन, गाडी खेतमा आइपुग्छ, बिक्री भएपछि पैसा बैंकमा जम्मा भएको प्रमाण घरमा आउँछ । त्यो किसानले घरखेत छोडेर बाहिर जानै पर्दैन । हाम्रो मुलुकको सहकारी पनि त्यसैतर्फ केन्द्रीत हुनुपर्छ ।

**सहकारीमार्फत समृद्धि सम्भव छ ?**

सत प्रतिशत सम्भव छ । सरकारको पूर्ण प्रतिवद्धता हुनुपर्छ ।

# सहकारीमा नेतृत्वका लागि महिला सक्षम छौं



महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्री जुली कुमारी महतोले आर्थिक सशक्तिकरण नै सामाजिक विभेदको अन्त्य भएकोले महिलाहरू शिक्षा र आर्थिक सबलताको पक्षमा जोडदार रूपमा अगाडि बढ्नुपर्ने बताउनुभएको छ । राष्ट्रिय सहकारी महासंघले फागुन ८ र ९ गते ललितपुरमा सञ्चालन गरेको सहकारीमा महिला समावेशिता राष्ट्रिय गोष्ठीका अवसरमा बोल्दै मन्त्री महतोले नेतृत्व तहमा महिला सहभागिता सुनिश्चित गर्न अग्रज महिलाहरूले पुऱ्याउनु भएको योगदानको स्मरण गर्दै आजका महिलाहरू कुनै पनि क्षेत्रका कमजोर नरहेको दावी गर्नुभयो । उहाँले समाज परिवर्तन आफैंबाट शुरू गर्नुपर्ने बताउँदै आर्थिक सशक्तिकरणका लागि सहकारीको भूमिका महत्वपूर्ण रहेको विचार राख्नुभयो ।

गोष्ठीमा प्रमुख बक्ताको रूपमा बोल्दै राष्ट्रिय योजना आयोगका सदस्य एवं राष्ट्रिय सहकारी महासंघका सल्लाहकार डा. उषा झाले महिलाहरू अधिकार माग्ने नभएर अधिकार दिने निर्णायक तहमा रहेको दावी गर्नुभयो । उहाँले भन्नुभयो, "जन्मको निर्णायक महिला हो भने अरू सबै कुराको निर्णायक पनि महिला हुनुपर्छ, महिला अब अरूसँग अधिकार मागेर बस्ने हैन चुनौतीको सामना गर्न अगाडि बढ्ने हो ।" उहाँले देशको सपना र सहकारीको सपनालाई एक ठाउँमा ल्याउन राज्यले तर्जुमा गरेको नीति तथा कार्यक्रम बारे सबैलाई सुसुचित हुनु अनुरोध गर्दै यसको कार्यान्वयन सहजीकरणका लागि राष्ट्रिय योजना आयोगको तर्फबाट आँफु सँधै तयार रहेको बताउनुभयो ।

डा.बिमला राई पौडेल ले भन्नुभयो, "लैंगिक मूल प्रवाहिकरण महिलाहरूको मात्र सवाल नभई महिला-पुरूष, जात-जाती, भाषा-भाषी, भूगोल बीचको विविधता हो, यो विविधता नै हाम्रो सम्पत्ति हो भने यही मानवीय विविधतालाई चिन्ने र उपयोग गर्न सके २+२=५ हुन्छ ।" उहाँले जोड्नुभयो, सहज मानव जीवनका लागि महिला पुरुष दुवैको नीतिगत देखि कार्यन्वयन तह सम्म बराबरी सहभागिता र नेतृत्वको आवश्यकता पर्दछ ।

महासंघका बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले आजको २१ औं शताब्दीमा महिलाहरूको सक्रियता सबै ठाउँमा बढेको भएपनि नेतृत्व तहमा पुग्न संघर्ष अझै जारी राख्नुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो, महिला र पुरूष दुवैको नेतृत्व, हामीले चाहेको अन्तिम लाईन हो, दुवैको नेतृत्व गर्न सक्ने गुणात्मक महिलाको संख्या बढाउने हाम्रो साझा लक्ष्य बन्नु जरूरी छ ।

गोष्ठीमा सांसद डा. विमला राई पौडेलले महिला समावेशिताका लागि नीतिगत व्यवस्था र सहकारीको भूमिकाको विषयमा र महासंघका बरिष्ठ उपाध्यक्ष ओमदेवी मल्लले लैंगिक समानताको मुल प्रवाहिकरणमा सहकारी चुनौती र आगमी कार्यदिशा सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

दुई दिवसीय उक्त गोष्ठीले सहकारीमा लैंगिक मुल प्रवाहिकरण गर्न नेतृत्व तहमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने, स्थानीयदेखि राष्ट्रिय स्तरसम्म लैंगिक उत्तरदायि बजेट विनियोजन गर्न आव्हान सहित ५ बुँदे प्रतिवद्धता पत्र जारी गरेको थियो । गोष्ठीमा ७७ वटै जिल्लाबाट करिब १९० जना महिला प्रतिनिधिहरूको सहभागिता थियो । गोष्ठीको दोस्रोदिन विषयगत केन्द्रीय संघ नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. नेफ्स्कूनका उपाध्यक्ष शान्ति अधिकारीले संघमा महिला समावेशिताको प्रयास र भावी योजना बारे प्रस्तुतिकरण गर्नुभएको थियो । राष्ट्रिय सहकारी



बैंकका सञ्चालक सरिता भट्टराई तिमिल्सिनाले सहकारी बैंकमा महिला समावेशिताको प्रयास र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का उपाध्यक्ष मीना ढकालले संघको महिला समावेशिताको प्रयासबारे प्रस्तुतिकरण गर्नुभएको थियो ।

कार्यक्रममा प्रशिक्षक राजेश्वरी श्रेष्ठले जीवन रूपान्तरण सम्बन्धी उत्प्रेरणात्मक सेसन सञ्चालन गर्नुभएको थियो भने सफल उद्यमी कमला सुवेदी र मल्लिका श्रेष्ठले सफलताको कथा प्रस्तुत गुर्नभएको थियो ।

गोष्ठीमा सहभागी केही प्रतिनिधिमुलक महिला प्रतिनिधिहरूसँग गोष्ठीको प्रभावकारीताका सम्बन्धमा साकोस आवाजले गरेको संक्षिप्त कुराकानीलाई यहाँ समावेश गरिएको छ :

---



**संगिता गौतम तिमिल्सिना**
उपाध्यक्ष, कर्मशिल बचत तथा ऋण सहकारी संस्था, पोखरा

सहकारीमा महिला समावेशिता गोष्ठी असाध्यै उपयोगी र समयसान्दर्भिक रहेको हामीले महसुस गरेका छौं । ७७ वटै जिल्लाबाट सहभागी हुनुभएका दिदीबहिनीहरूको निकै उर्जाशील सहभागिता रहेको छ । सहकारीको इतिहासलाई हेर्दा सहकारीमा महिलाको ३३ प्रतिशत सहभागिताका लागि अग्रजहरूको संघर्ष निकै ठूलो रहेको पाइन्छ । अझै पनि निश्चित सफलता प्राप्त भएको छैन । एक प्रकारको वातावरण बनेको छ । अब हामीले आफूमा सक्षमता प्रदर्शन गर्ने र नेतृत्व तहमा पुग्न हामीले हाम्रो अधिकार खोज्नुपर्छ । कुनै पनि काम गर्दा परिवर्तन हामीले आफैबाट खोज्नुपर्छ भन्ने ज्ञान पनि यो महिला गोष्ठीबाट प्राप्त भएको महिले महसुस गरेकी छु । घरको काम, जिम्मेवारी त छदैछ, त्यो सँगसँगै अधिकार प्राप्तिका लागि क्षमता विकास पहिलो सर्त हो भन्ने विषयलाई महत्वपूर्ण रूपमा जोडिएको छ ।

---

महिलाका लागि नेतृत्व लिन त्यति सजिलो छैन । सर्वप्रथम त हामीले आफुलाई सशक्त ढंगले उभ्याउने कोशिस गर्नुपर्छ र सहकारीका सम्पूर्ण दिदीबहिनीहरूलाई सशक्तिकरण गर्नुपर्छ भन्ने प्रेरणा जागृत भएको छ । दुई दिन गोष्ठीमा सहभागी भइरहँदा पहिला आफूँलाई कसरी सशक्त बनाउने र संस्थाका अन्य दिदीबहिनीहरूलाई पनि कसरी सशक्त बनाउन सकिन्छ भनेर सोच्नुपर्ने निकै महत्वपूर्ण ज्ञान प्राप्त भएको छ । संस्थामा गएर महिला उपसमितिलाई क्रियाशिल बनाउने र दिदीबहिनीहरूलाई पनि सशक्तिकरण गर्न पहल गर्ने दृढ विश्वास र अठोट लिएकी छु ।

❑ ❑ ❑



**विन्दा खरेल**
सञ्चालक, जिल्ला सहकारी संघ, बाँके
उपाध्यक्ष, भेरी वित्तीय सहकारी संस

---



**रूपा शाही**
अध्यक्ष, नयाँ कृषि अभियान सहकारी संस्था, जिल्ला शाखा हुम्ला
उपाध्यक्ष, हुम्ला जिल्ला सहकारी संघ
उपाध्यक्ष, खार्पुनाथ गाउँपालिका-१, हुम्ला

महिला सक्षम हुनको लागि सहकारी हो भन्ने मलाई लाग्यो । महिला निडर भएर सक्षम नेतृत्व दिनको लागि, महिला आत्मनिर्भर हुनको लागि र महिलाले जुनसकै काममा पनि लिड गर्नको लागि यो गोष्ठी सान्दर्भिक छ । बाटो विरायर अल्झिएका महिलाहरू पनि छन् तिनीहरूलाई सही बाटो देखाएपछि इमानका साथ महिलाले काम गर्न सक्छन भन्ने पूर्ण विश्वास म मा छ । हामी भित्रको सोच गरिब छ, त्यो गरिबी सोचबाट मुक्ति पाउनको लागि हामी सक्षम हुनुपर्छ । आजको यो युगमा अब कसैसँग मागेर हैन खोसेर लिन हामी सक्षम हुनुपर्छ । लक्ष्य जहिले पनि ठूलो राख्नुपर्छ । अबको मेरो लक्ष्य भनेको अध्यक्ष हुने र जननिर्वाचित सांसद हुनेछ ।

❑ ❑ ❑

Be READY to fight
#coronavirus
Be SUPPORTIVE Be CAREFUL Be ALERT Be KIND
For the latest health advice, go to :
www.who.int/COVID-19



**देवकी दुंगाना**
अध्यक्ष, नारी मुक्ति बचत तथा ऋण सहकारी संस्था लि. मकवानपुर

यस्तो प्रकारको कार्यक्रममा मेरो पहिलो सहभागिता हो । सहकारीमा लागिरहेका हामी जतिपनि ग्रामीण क्षेत्रका महिला छौं, हामीहरूले महिला सशक्तिकरण गर्ने भन्दै विविध कार्यक्रमहरू गरिरहेको भएपनि हामीहरू एक प्रकारको अलमलमा रहेछौं भन्ने पनि गोष्ठीले बोध गराएको छ । नेतृत्व तहमा महिला सहभागिता विकास गर्नका लागि यो कार्यक्रमले एक प्रकारको आधार तयार गरेको मैले महसुस गरेकी छु । महिला दिदीबहिनीहरूलाई कसरी अगाडि बढाउने, उद्यमशीलतामा महिला दिदीबहिनीहरूलाई कसरी जोड्न सकिन्छ भन्ने विषयमा पनि यसबाट निकै ज्ञान प्राप्त भएको छ ।

❑ ❑ ❑

---

कार्यक्रम अत्यन्त प्रभावकारी रहयो । दुई दिनको समय निकै छोटो लाग्यो । महिलाहरूले सहकारीमार्फत समाज विकासका लागि धेरै गर्न सकिने विषयहरू गोष्ठीबाट प्राप्त भएको छ । भोलिका दिनमा सहकारी क्षेत्रमा महिलाहरूको सक्षमता विकास गर्न, नेतृत्व क्षमता बढाउन गोष्ठीले एक प्रकारको उर्जा प्राप्त गरेको छ ।



**शोभा पन्त तिवारी**
सचिव, सँगठित महिला फोहोर व्यवस्थापन सहकारी संस्था, काठमाडौं

---



**ववीला के.सी.**
ऋण अधिकृत, प्राकृतिक कृषि सहकारी संस्था, शंखु ललितपुर

मेरा लागि यस प्रकारको कार्यक्रम सहभागिता पहिलो अवसर हो । कार्यक्रममा महिला नेतृहरूले राख्नुभएको विचार, स्रोत व्यक्तिहरूको प्रस्तुतिले निकै उत्प्रेरित बनायो । मेहनत गऱ्यौं भने भोलि हामी पनि नेतृत्व तहमा पुग्न सकिन्छ भन्ने विश्वास पैदा भएको छ । सहकारी क्षेत्रमा काम गर्नको लागि सिक्नुपर्ने धेरै रहेछ भन्ने अनुभव प्राप्त भयो । आधा आकाश ढाक्ने महिलाहरू हुन, जसले नेतृत्व तहमा पुग्न पछि हट्नु हुँदैन किनभने महिलाहरू असक्षम होइनन् अवसरबाट बञ्चित भएका मात्र हुन् भन्ने मेरो बुझाइ छ । सहकारी मार्फत गाउँ गाउँमा वित्तीय सेवा सहज भएको छ । हामीले सहकारीलाई मर्यादित र सुशासित बनाउन सक्यौं भने भोलि नेपालका ठूला ठूला बैंकहरूले दिएको सेवा हामी सहकारी मार्फत नै दिन सक्छौं ।

महिला भएर घर परिवार, समाज र सहकारी सबैतिरको काममा ध्यान दिँदा दैनिकी निकै व्यस्त र पट्यारलाग्दो बनिरहेको, काम प्रति मन मरिरहेको बेलामा महासंघले आयोजना गरेको दुई दिने गोष्ठीले निकै हलुका महसुश भएको छ । यसबाट दैनिक क्रियाकलापमा मात्र रूमरिले होइन अब सहकारीमार्फत केही नयाँ गर्नुपर्छ भन्ने उत्सुकता जागेको छ । यस्ता कार्यक्रमले हामी गाउँ गाउँमा बसेर सहकारीको काम गरिरहेका महिलाहरूलाई धेरै सहयोग पुऱ्याएको महसुस भयो । तर गोष्ठीको पहिलो दिनको सहभागिता राम्रो बन्न सकेन । टाडाबाट आयौं तर हलमा बस्ने ठाउँ नपाएर दिनभर बाहिर बस्नुपऱ्यो । अघिल्लो दिनको विषयवस्तु राम्ररी सुन्न पाइएन ।

❑ ❑ ❑



**मतिना अधिकारी**
लेखा सुपरिवेक्षण समिति संयोजक, परिवर्तन महिला सहकारी, मकवानपुर



**जयन्ती शाही**
अध्यक्ष, विकासशिल बहुउद्देश्यीय सहकारी संस्था, बाँके

हामी महिलाहरू यसरी अगाडि बढ्ने, कार्यक्रमहरूमा सहभागी हुने अवसर पाएका थिएनौं । यहाँबाट हामी महिलाहरू जान्दैनौ, सक्दैनौ भनेर पछाडि पर्ने होइन रहेछ, जसरी हुन्छ हामीले गर्न खोज्यौ भने सक्छौं भन्ने उत्साह जागेको छ । महिलाहरू सशक्त रूपबाट अगाडि बढेमा नेतृत्व तहमा प्रभावकारी काम गर्न सक्छ भन्ने जानकारी प्राप्त भएको छ ।

---

सहकारीको बारेमा धेरै थाहा थिएन । गाउँमा सहकारी त खोलेका छौं । गाउँमा धेरै दलित समुदाय छ । सहकारीकी अध्यक्ष पनि दलित हुनुहुन्छ । सहकारी बाट केही गर्न सकेका छैनौं । कहिँ कतैबाट कसैको साथ सहयोग पनि पाउन सकेका छैनौं । यो कार्यक्रममा सहभागी भएर केही बुझ्ने मौका पाएँ तर कति कुरा त बिर्सि पनि सकें । हामीलाई धेरै थाहा छैन । गाउँबाट हुम्ला पुग्न पनि दुई दिन लाग्छ । सदस्यहरूबाट उठाएर अलिअलि गरेका छौं । कसैले सहयोग गर्‍यो भने हुने थियो भन्ने लाग्छ ।

❑ ❑ ❑



**अमृता देवकोटा**
सदस्य, लालीगुराँस कृषि सहकारी संस्था, सिंखुली गाउँपालिका-हुम्ला

---



**सविता दाहाल**
सञ्चालक, जिल्ला सहकारी संघ सुनसरी
अध्यक्ष, तलेजु बचत तथा ऋण सहकारी संस्था, सुनसरी

सहकारीमा महिला समावेशिता दुई दिने गोष्ठीमा पहिलो चोटी सहभागी हुन पाउँदा धेरै खुसी लाग्यो । महिलालाई नेतृत्व तहमा किन अगाडि बढ्न सकिँदैन भन्ने कौतुहलको विषय थियो । कार्यक्रमका महत्वपूर्ण प्रस्तुतिले हामीलाई अधिकार प्राप्त गर्ने तौरतरिका प्रति उत्प्रेरित गरेको छ । हामी महिला आफै नै निर्णयकर्ता हौं, हामीले हाम्रा लागि अधिकार माग्ने मात्रै होइन आफ्नो निर्णय आफै गरेर निर्णयको अधिकार आफुमाथि लिनुपर्छ भन्ने कुरामा जागरूग गराएको छ । हिजोका दिनमा नेतृत्व तहमा अगाडि बढ्न सोच कमजोर थियो आज त्यसमा रुपान्तरण भएको मैले महसुस गरेकी छु । गोष्ठीबाट सिकेका विषयहरू मार्फत महिला सशक्तिकरणको पाटोमा अगाडि बढ्न हामीले हाम्रा सहकारीहरूमा लागु गर्नुपर्छ भन्ने बल पनि प्राप्त भएको छ । यो गोष्ठी मात्रै होइन यस्तै अन्य कार्यक्रमहरूमा पनि सहभागी हुने अवसर पाइयो भने सहकारी क्षेत्रमा छिट्टै प्रगतिका पाइलाहरू अगाडि बढाउन सक्छौं भन्ने आँट हामीलाई भएको छ ।

---

गोष्ठीले अत्यन्त उर्जा प्रदान गरेको छ । मलाई त लाग्यो आजसम्म हामीले केही पनि गरेकै रहेनछौं । जे जति गर्‍यौं त्यो हामीले हाम्रो क्षमता भन्दा थोरै गरेका रहेछौं भन्ने लागेको छ । गोष्ठीमा जति पनि विषयहरू प्रस्तुत भए ती अत्यन्त प्रभावकारी, समय सान्दर्भिक र महिलाहरूको क्षमता र नेतृत्व विकासका लागि निकै उपयोगी विषयवस्तुहरू मात्रै प्रस्तुत थिए । दुई दिनको बसाइले सहकारी संस्थालाई अगाडि बढाउन, क्षमता विकास गर्न र संस्थाका दिदीबहिनीहरूको सशक्तिकरणमा जुट्न उत्प्रेरित गरेको छ ।

❑ ❑ ❑



**राधा बोहरा**
अध्यक्ष, संगिनी महिला बचत तथा ऋण सहकारी संस्था लि. भक्तपुर

# नेफ्स्कून अभिमुखीकरण कार्यक्रम

**कर्णाली**

जाजरकोटको खलंगा स्थित सहकारीका प्रतिनिधिहरू बीच नेफ्स्कून अभिमुखीकरण चैत्र १४ गते सम्पन्न भएको थियो । नेफ्स्कून सञ्चालक एवंम कर्णाली प्रदेश संयोजक यज्ञ प्रसाद ढकालको अध्यक्षतामा सम्पन्न कार्यक्रमका प्रमुख अतिथि जिल्ला समन्वय समिति जाजरकोटका संयोजक मन बहादुर रावल रहनु भएको कार्यक्रममा संघका महासचिव दामोदर अधिकारी र भेरी नगरपालिका उप प्रमुख भावना भण्डारी विशेष अतिथि र जिल्ला सहकारी संघ जाजरकोटका सचिव राजु के.सी, नेफ्स्कून कर्णाली प्रदेश उप समिति सदस्य जनक बहादुर शाही, भेरी नगरपालिका सहकारी शाखा प्रमुख केदार बहादुर कार्की लगायत अतिथिहरूको सहभागिता रहेको थियो ।

प्रमुख अतिथि रावलले विगतमा आफु लामो समय सहकारी अभियानमा क्रियाशिल रहेको कारणले सहकारीका गतिविधिहरूमा चासो राख्ने गरेको बताउनु भयो । उहाँले भन्नुभयो, "जाजरकोट जिल्लाको सहकारी अभियानलाई नजिक बाट हेरी रहेको छु, विगतको तुलनामा केही सुधार उन्मुख भए पनि सन्तोषजनक प्रगति हुन सकेको छैन । सहकारी क्षेत्रमा जोखिमहरू बढी रहेका छन्, यसको समाधानको लागि सहकारीकर्मीहरू र नियमनकारी क्षेत्रमा संलग्न कर्मचारीहरू थप क्रियाशिल हुनु पर्ने देखिन्छ । नेपालको सहकारी अभियानकै नेतृत्व गरी रहेको नेफ्स्कूनको प्रवेश सँगै जाजरकोटका सहकारीको प्रर्वद्धन र विकासमा ठूलो सहयोग पुग्ने विश्वास लिएको छु ।"

संघका महासचिव दामोदर अधिकारीले नेफ्स्कूनले स्वदेश तथा विदेशबाट ३२ वर्ष देखि आर्जन गरेको ज्ञान, सिप र प्रविधिमा यस क्षेत्रका बचत तथा ऋण सहकारी संस्थाहरूको संस्थागत विकास गर्न र नेफ्स्कूनका उत्पादन तथा सेवाहरूमा सहकारीको पहुँच बढाउने उद्देश्य सहित कार्यक्रमको आयोजना गरीएको जानकारी गराउनु भयो । जिल्लामा सहकारीहरूको संस्थागत विकास र नेफ्स्कूनसँगको सहकार्य वृद्धिका लागि सहकारीहरूको नेफ्स्कूनसँगको आवद्धता बढाउनुपर्ने धारणा उहाँले राख्नुभयो ।

सञ्चालक यज्ञ प्रसाद ढकालले सहकारी ऐनको मर्म पनि सञ्जालमा आवद्धता अनिवार्य लिनु पर्ने भएकोले सबै साकोसहरूलाई नेफ्स्कूनमा आवद्ध हुन अनुरोध गर्नु भयो । कार्यक्रममा रूकुम पश्चिम र जाजरकोट बाट गरी २५ वटा संस्थाका प्रतिनिधि र अतिथि गरी ४६ जनाको सहभागिता रहेको थियो ।



कार्यक्रममा नेफ्स्कूनको परिचय, अभियानको वर्तमान अवस्था, अभियानको जोखिमहरू, अभियान जोगाउनको लागि नेफ्स्कूनका कार्यक्रमहरू, संञ्जालको महत्व, नेफ्स्कूनमा आवद्धता र त्यसबाट हुने फाइदाहरू र अभियानको अवको कार्य दिशा सहितको प्रस्तुतिकरण संघका सुर्खेत फिल्ड कार्यलय इन्चार्ज छत्र प्रसाद धमालाले गर्नु भएको थियो भने स्वागत मन्तव्य नेफ्स्कून कर्णाली प्रदेश उप समिति सदस्य जनक बहादुर साहीले र सञ्चालन नेफ्स्कून अनुगमन अधिकृत पवनजंग मल्लले गर्नु भएको थियो ।

## धादिङ

नेफ्स्कूनले धादिङ र गोरखामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका साकोस प्रतिनिधिहरू बीच संघको सेवा तथा व्यवसायहरू बारे जानकारी दिने उद्देश्यसहित चैत्र ९ गते अन्तरक्रिया सञ्चालन गरेको थियो । संघका कोषाध्यक्ष दिपक पनेरू र व्यवसाय विभाग प्रमुख राधेश्याम श्रेष्ठको उपस्थितिका बीच अरूघाट क्लष्टर, धादिङ क्लष्टर र हाइवे क्लष्टरमा आवद्ध साकोस प्रतिनिधहरूका लागि छुट्टाछुट्टै अन्तरक्रिया सञ्चालन भएका थिए । तीन स्थानमा सञ्चालित उक्त कार्यक्रममा दुई जिल्लामा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष र व्यवस्थापक गरी ९८ जनाको सहभागिता थियो भने जिल्ला बचत संघ धादिङका अध्यक्ष टाप बहादुर श्रेष्ठ, फिल्ड व्यवस्थापन उपसमिति सदस्यहरू र स्थानीय सहकारीकर्मीहरूको समेत उपस्थिति थियो



कार्यक्रममा संघका कोषाध्यक्ष दिपक पनेरूले अन्तरलगानी सेवा विविधिकरण र सूचना प्रविधि सेवा सहजीकरणमा संघले सदस्य हितमा काम गरिरहेको जानकारी गराउनुभयो । उहाँले संघले सञ्चालन गरिरहेको गुणस्तर सुनिश्चितताको कार्यक्रमहरू मार्फत आवद्ध बचत तथा ऋण सहकारी संस्थाहरू जोखिम न्यूनीकरण गरी स्तरीकृत संस्था सञ्चालन गर्न र गुणस्तरीय सेवा सुविधा पुर्‍याउन सफल भएको उदाहरण प्रस्तुत गर्दै स्तरीकृत संस्था सञ्चालनमा प्रतिवद्ध बन्न सहभागी सम्पूर्ण साकोस प्रतिनिधिहरूलाई आग्रह गर्नुभयो ।

संघका व्यवसाय विभाग प्रमुख श्रेष्ठले संघको सेवा तथा व्यवसाय, व्यवसाय विकास सम्बन्धी नीतिगत व्यवस्था, योजना तथा भावी कार्यदिशा, साकोसका समसामयिक समस्या एवं चुनौतीहरूका सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो । कोषाध्यक्ष पनेरूले सहभागी साकोस प्रतिनिधिहरूका जिज्ञासा सम्बोधन गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन एवं व्यवस्थापन सहजीकरण धादिङ फिल्ड कार्यालय इन्चार्ज शम्भु प्रसाद घिमिरेले गर्नुभएको थियो ।

---

## लमजुङ

नेफ्स्कून फिल्ड कार्यालय लमजुङको आयोजनामा चैत्र १३ गते लमजुङको बेसिशरमा नेफ्स्कून अन्तरक्रिया सम्पन्न भएको थियो । जिल्लामा सञ्चालित १३ वटा बचत तथा ऋण सहकारी संस्थाका २२ जना प्रतिनिधिहरूसँग नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सञ्चालक कमला देवी गिरि, फिल्ड व्यवस्थापन उपसमिति र कर्मचारीहरूबीच अभियानका समसामयिक विषयहरूका सन्दर्भमा अन्तरक्रिया भएको थियो ।



लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटाले नेपालको साकोस अभियान, संघको वित्तीय अवस्थाको तुलना, अभियानको विद्यमान अवस्था, संघका उपलब्धीहरू, साकोस अभियानको छवि संरक्षणमा भएका प्रयासहरू, साकोस अभियानको अबको गन्तव्य, आर्थिक समृद्धि र सामाजिक रूपान्तरणका लागि साकोस अभियानको योगदान र चालु आ.व.मा नेफ्स्कूनको रणनीतिक योजनाहरूको बारेमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

सञ्चालक कमला देवी गिरिले नेफ्स्कूनका अन्तरलगानी सेवा र सूचना प्रविधि सेवाहरूमा प्रदान गरिएको सहुलियत (विशेष गरी महिला सहकारीहरूलाई) का विषयमा जानकारी गराउँदै संघ बाट प्रदान गरिएको सेवाहरू लिएर लाभ लिन र साकोस गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा सहभागी बन्न अनुरोध गर्नुभएको थियो ।

# प्रदेश संघ साझेदारी कार्यक्रम

## लुम्बिनी प्रदेश बचत संघ



बचत तथा ऋण सहकारी संस्थाहरूको सबलीकरणका लागि नेफ्स्कून र लुम्बिनी प्रदेश बचत संघ बीच व्यावसायिक साझेदारी कार्यक्रम सम्बन्धमा ऐतिहासिक सम्झौता भएको छ ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल र लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्ण प्रसाद नेपालले चैत्र १९ गते साझेदारी पत्रमा हस्ताक्षर गर्नु भएको हो । बचत ऋण सहकारी अभियानको इमान्दारीता, गुणस्तरीयता र विश्वसनियता वृद्धिका लागि नेफ्स्कून र लुम्बिनी प्रदेश बचत संघबीचको सहकार्य महत्वपूर्ण बन्नेमा कार्यक्रमका सहभागीहरूले जोड दिनुभएको थियो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले प्रदेश संघलाई संस्थागत रूपमा सञ्चालन गर्न र दीगो विकासका लागि दिपक्षीय साझेदारी महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले लुम्बिनी प्रदेश राष्ट्रकै नमूना प्रदेश बन्ने विश्वास व्यक्त गर्दै संघलाई निरन्तर रूपमा साथ र सहयोग पुर्‍याउने प्रतिवद्धता जनाउनु भयो ।

कार्यक्रममा लुम्बिनी प्रदेश बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्णप्रसाद नेपालले आफुहरूले पदभार ग्रहण सँगै एकै साथ गरिएको साझेदारी पत्रको हस्ताक्षरबाट उत्साहित बनेको र चैत्र १९ गते सहकारी अभियानकर्मीका लागि ऐतिहासिक दिन हुने विश्वास व्यक्त गर्दै सबै पक्षको साथ र सहयोगबाट लुम्बिनी प्रदेशको सहकारी अभियानलाई सार्थक बनाउने धारणा राख्नु भयो ।

नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले प्रदेश संघ सँगको सहकार्य दीगो हुने विश्वास प्रकट गर्नु भयो । महासचिव दामोदर अधिकारीले श्रोतको संकलन, वितरण प्रणाली र अनुगमन तथा मूल्यांकनको पाटोलाई प्रकावकारी ढंगबाट अगाडि बढाइने धारणा राख्नु भयो । त्यसैगरी कोषाध्यक्ष दिपक पनेरूले प्रविधिलाई आत्मसाथ गर्दै केन्द्र, प्रदेश र स्थानीय संघबीच एकरूपता निर्माण गर्दै अगाडि बढ्ने कुरामा नेफ्स्कूनले आवश्यक भूमिका खेल्ने धारणा राख्नु भयो ।

## सुदुरपश्चिम प्रदेश बचत संघ



बचत ऋण सहकारी अभियानलाई समुदायको वित्तीय सेवाको उत्कृष्ट छनोटको रूपमा विकास गरी साकोस अभियानको साझा सञ्चालको अबधारणा बमोजिम अगाडि बढ्ने उद्देश्यसहित चैत्र १९ गते कञ्चनपुरको धनगढीमा आयोजित एक कार्यक्रमका बीच नेफ्स्कून र सुदुरपश्चिम प्रदेश बचत संघबीच ऐतिहासिक व्यावसायिक साझेदारी सम्झौता सम्पन्न भएको छ ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालसहित पदाधिकारीहरू र प्रदेश बचत संघका अध्यक्ष सहितको टीमबीच दिपक्षीय सम्झौता भएको हो । प्रदेश बचत संघका अध्यक्ष माधव जोशीको अध्यक्षतामा आयोजित कार्यक्रममा नेफ्स्कूनका अध्यक्ष परितोष पौड्याल, बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकाल, महासचिव दामोदर अधिकारी, कोषाध्यक्ष दीपक पनेरू र प्रदेश बचत संघका सञ्चालक समिति सदस्य एवं अन्य प्रतिनिधिहरू उपस्थित हुनुहुन्थ्यो ।

बचत ऋण सहकारी अभियानभित्रका साझा वस्तु तथा सेवा विकास गरी सञ्जालभित्र प्रभावकारी परिचालन गर्न विविध विषयहरूमा साझा धारणा विकास गरिने सम्झौता पत्रमा उल्लेख गरिएको थियो ।

**रुपन्देही जिल्ला बचत संघ**



नेफस्कून जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत चैत्र २७ गते रूपन्देही जिल्ला बचत संघ र नेफस्कूनबीच व्यवसाय साझेदारी सम्झौता भएको छ । जिल्ला बचत संघका अध्यक्ष प्रकाश भट्टराइको अध्यक्षतामा आयोजित एक संक्षिप्त समारोहका बीच भएको सम्झौता कार्यक्रममा बचत संघका पदाधिकारी एवं सञ्चालकहरू र नेफस्कूनको तर्फबाट सञ्चालक सन्दिप सापकोटा, सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकाल सहित कर्मचारी सहभागी हुनुहुन्थ्यो ।

बचत तथा ऋण सहकारी संघ र संस्थाहरूको सुदृढीकरण साथै सदस्य सेवा प्रभावकारीताका लागि जिल्ला संघ साझेदारी कार्यक्रम एक प्रभावकारी मोडेलको रुपमा अगाडि बढेको कार्यक्रमका सहभागी बक्ताहरूले बताउनुभएको थियो ।

नेफस्कूनले जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत सञ्जाल समक्षता विकास कार्यक्रम गत साता (चैत्र २४ र २५ गते) भक्तपुरमा आयोजना गरेको थियो । दुई दिने उक्त गोष्ठीले व्यवस्थित र सबलिकृत साकोस सञ्जाल निर्माणका लागि कार्यक्रम मार्फत सञ्जाल र पहुँच विस्तार, नीति, विधि र प्रविधिमा एकरूपताका साथै बचत तथा ऋण सहकारी संस्थाका सबै संरचनात्मक तहहरूलाई मजबुत बनाउने सम्बन्धमा निर्णय गरेको थियो । जिल्ला संघ साझेदारी कार्यक्रममा हालसम्म रुपन्देही बचत संघ सहित जिल्ला र प्रदेश संघ गरी २३ संघहरू आवद्ध छन् ।

## नेफस्कूनमा आवद्ध सदस्य संघसंस्थाहरुलाई "विशिष्टिकृत संघमा आवद्धता तथा सेयर खरिद सम्बन्धमा जारी मार्गदर्शन, २०७७"

नेपालको बचत तथा ऋण सहकारी अभियान सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि निरन्तर सक्रिय रहेको छ । बचत तथा ऋण सहकारी अभियानको श्रोतलाई संस्थागत परिचालन मार्फत समुन्नत समाजको निर्माणमा योगदान गर्न तथा उद्यमशिलता विकास मार्फत सदस्यहरूको बचत क्षमता विकास गर्न बाञ्छनीय भएकोले सहकारी ऐन, २०७४ को दफा ९ को व्यवस्था कार्यान्वयन गर्न यो मार्गदर्शन जारी गरिएको छ । आफ्ना सदस्यको साझा आवश्यकतामा आधारित भई उपभोग, उत्पादन र रोजगारीमा योगदान पुग्ने क्षेत्रमा काम गर्ने संघमा मात्र लगानी गर्नु पर्नेछ । साझा आवश्यकता भन्नाले सेवा उत्पादन को कम्तीमा पच्चिस प्रतिशत सदस्यले उपयोग गर्न सक्ने सुनिश्चित भएको क्षेत्र सम्झनु पर्दछ ।

### सदस्य संघ संस्थाहरुलाई मार्गदर्शन

१. विशिष्ठीकृत सहकारी संघमा लगानी गर्दा सम्बन्धित संस्थामा आवद्ध सदस्यको प्रत्यक्ष साझा आवश्यकताको क्षेत्रमा कार्य गर्ने गरी गठन भएको संघमा मात्र लगानी गर्नुपर्ने,
२. बचत तथा ऋण सहकारी संस्थाको पहिचान र ऐक्यवद्धता कायम गरेर मात्र विशिष्ठीकृत सहकारी संघमा लगानी गर्नुपर्ने ।
३. नेफस्कून, प्रदेश बचत संघ र जिल्ला बचत संघहरूको कार्य क्षेत्रमा दोहोरो नपर्ने सुनिश्चित भएको क्षेत्रमा मात्र लगानी गर्नुपर्ने ।
४. संस्थाको प्राथमिक पुँजी कोष र बचतको अनुपात कम्तीमा एक वरावर पन्ध्र कायम गरी प्रथामिक पुँजी (जगेडा कोष र सेयर) बाट मात्र लगानी गर्नुपर्ने । सहकारी संस्थाले विशिष्ठीकृत सहकारी संघमा लगानी गर्दा अधिकतम रूपमा जगेडा कोषको ०.५ प्रतिशत लगानी गर्न सकिने ।
५. विशिष्ठीकृत सहकारी संघमा लगानी गर्दा स्वरोजगारी तथा मुल्य श्रृङ्खलामा योगदान पुऱ्याउने, वस्तुको सञ्चय, प्रशोधन, बजारीकरण र निर्यातमुलक कार्यका लागि दर्ता भएकाहरूमा मात्र लगानी गर्नुपर्ने, घर जग्गा लगायत अनुत्पादक क्षेत्रमा बचत तथा ऋण सहकारी संस्थाले लगानी गर्न नहुने ।
६. वित्तीय क्षेत्र बाहेकका क्षेत्रमा लगानी गर्दा एक वर्ष भित्र प्रतिफल नआएमा अनिवार्य जोखिम खर्च व्यवस्था गर्नुपर्ने ।
७. विशिष्ठीकृत सहकारी संघमा लगानी गर्दा साधारण सभाबाट स्वीकृत योजना अनुसार मात्र गर्नुपर्ने ।
८. सहकारी ऐन, २०७४ को दफा १२५ (ज) र (झ) बमोजिम जरिवाना नहुने कानुनी वातावरण तयार भएपछि मात्र लगानी गर्नुपर्ने ।

नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. - नेफस्कूनले मिति २०७७ फागुन १३ गते बसेको पदाधिकारी बैठकको निर्णय बमोजिम संघमा आवद्ध सदस्य संघसंस्थाहरूका लागि चैत्र ३ गते जारी गरेको ८ बुँदे मार्गदर्शन ।

# व्यवस्थापन प्रमुखको बुझाईमा स्तरीकरण कार्यक्रम

नेफस्कूनले बचत तथा ऋण सहकारी संस्थाहरूको गुणस्तर सुनिश्चितता सम्बन्धमा सञ्चालन गरेको राष्ट्रिय अन्तर्राष्ट्रिय प्रमाणीकरण कार्यक्रमहरूको लोकप्रियता दिनानुदिन बढ्दो छ । खासगरी कोभिड-१९ का कारण कतिपय संस्थाहरू सञ्चालनमा कठिनाइ आएको सन्दर्भमा नेफस्कूको सञ्जालमा आवद्ध हुने मात्र होइन आन्तरिक र बाह्य सुशासनका लागि संघले सञ्चालन गरेका गुणस्तर सुनिश्चितताका कार्यक्रमहरूमा साकोस आवद्धताको लहर बढेको हो ।

आ.व. २०७७/०७८ मा नेफस्कून स्तरीकरण कार्यक्रममा आवद्ध साकोसहरूको संख्या बढेको छ । नेफस्कूनले सदस्य संस्थाहरूलाई सुशासन तथा स्व-नियमनको प्रत्याभूति गराई सुरक्षित एवं दीगो साकोस निर्माण गरी सदस्यहरूलई उत्कृट सेवा प्रदानमा सहजीकरण गर्ने उद्देश्यसहित एशियाली स्तरको एक्सेस ब्राण्ड, प्रोवेसन ब्राण्ड र जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम (कर्ब्स) जस्ता स्तरीकरण कार्यक्रमहरूलाई संघको चालु पाँचौ रणनीतिक योजनामा समेत समावेश गरी यसको प्रभावकारी कार्यान्वयनमा दृढ सङकल्प गरेको छ ।

संघले एशियाली स्तरको एक्सेस ब्राण्ड २४ वटा संस्थाहरूलाई, प्रोबेसन ब्राण्ड ४० वटा संस्थाहरूलाई र जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रममा बढी भन्दा बढी आवद्ध गराई सुशासन तथा स्व-नियमनको प्रत्याभूति सहित सुरक्षित एवं दीगो साकोस निर्माण र सदस्यहरूलई उत्कृट सेवा प्रदानमा सहजीकरण गरेको छ । २०७७ चैत्र मसान्तसम्म एसियाली स्तरको साकोस गुणस्तर सुनिश्चितता कार्यक्रम एक्सेसमा कुल ७८ साकोस, प्रोबेसनमा २२४ साकोस र जोखिममा आधारित साकोस सुपरिवेक्षण कार्यक्रम कर्ब्समा ४०६ साकोस सहभागी भएका छन् ।

त्यसैगरी संघले ३३औं स्थापना दिवसको अवसरमा नेफस्कूनको आधारशिला कार्यक्रम घोषणा गरी ग्रामीण क्षेत्रको सहकारी अवस्था सुदृढीकरणको पहल थालनी गरेको छ । नेफस्कून र सम्बन्धित स्थानीय निकायसँगको साझेदारीमा स्थानीय तहका सहकारीहरूको विकास र सुदृढीकरण गर्ने उद्देश्यसहित स्थानीय तहसँगको साझेदारी सम्झौता र कार्यान्वयन चरणको शुरूवात भइसकेको छ ।

पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेशन) साकोसहरूको गुणात्मक वृद्धिका लागि नेफस्कूनले विकास गरेको राष्ट्रिय स्तरीकरण कार्यक्रम हो । नेफस्कूनले आफ्नो २५औं स्थापना दिवस एवं २१ औं वार्षिक साधारण सभाबाट आफ्ना साकोसहरू लक्षित राष्ट्रिय गुणस्तर प्रमाणीकरण कार्यक्रम पारित गरी लागु गरेको हो । यसले साकोसहरूको वित्तीय अवस्था मापन एवं सुनिश्चितताको लागि निर्दिष्ट सूचकहरू र व्यवस्थापकीय कुशलताको मापन गरी संस्थागत सुधारका प्रयासहरू गर्ने गर्दछ । प्रत्येक वर्ष गरिने अन्तिम परीक्षणको आधारमा स्तरीकरणमा सफल साकोसहरूको घोषणा गर्ने गरिन्छ । २०७७ मंसिर मसान्तसम्म प्रोबेशन कार्यक्रममा सहभागी कुल २ सय ११ बचत तथा ऋण सहकारी संस्थाहरू मध्येबाट ४० बचत तथा ऋण सहकारी संस्थाले प्रोबेशन ब्राण्ड प्राप्त गरेका छन् भने २०७७ चैत्र मसान्तसम्म कुल २ सय २४ बचत तथा ऋण सहकारी संस्थाहरू प्रोबेसन कार्यक्रममा आवद्ध भएका छन् ।

पछिल्लो तीन महिनामा नेफस्कून स्तरीकरण कार्यक्रम प्रोबेसनमा आवद्ध साकोहरू मध्येमा मकवानपुरको चौघडा साकोस, दोलखाको आकाशदीप साकोस, काठमाडौंका फोकस साकोस, सत्कार साकोस, नौलखा साकोस, उद्देश्य साकोस, राधाश्वामी साकोस, ओम साईराम साकोस, गोंगबु सिद्धि साकोस र ज्योतिपुञ्ज साकोस कार्यक्रममा आवद्ध छन् । त्यसैगरी काभ्रेका बेथानचोक नारी चेतना साकोस र अग्नी साकोस आवद्ध भएका छन् भने कास्की बाट विरूवा साकोस, चितवनबाट चितवन औद्योगिक विकास साकोस, र सुनसरीबाट रामधुनी साकोस आवद्ध भएका छन् ।

पछिल्लो समय नेफस्कूनको स्तरीकरण कार्यक्रम प्रोबेसनमा आवद्ध केही प्रतिनिधिमुलक बचत तथा ऋण सहकारी संस्थाका प्रतिनिधिहरू सँगको कुराकानीको सारसंक्षेपलाई यहाँ प्रस्तुत गरिएको छ ।

**राजेन्द्र घिताल**

**व्यवस्थापक, चौघडा बचत तथा ऋण सहकारी संस्था लि. मकवानपुर**

बचत तथा ऋण सहकारी संस्था पैसाको कारोवारमा सम्लग्न सहकारी हो, उहाँले भन्नुभयो, "मेरो बुझाइमा पैसाको कारोवार गर्ने संस्थामा जोखिमको सम्भावना सुनिश्चित छ । तर संस्थामा जोखिमको सम्भावनाको छाँया समेत पर्न नदिन हामीले नीति, विधि र प्रविधि प्रयोगलाई विशेष ध्यान दिनुपर्छ भन्ने लगोको छ ।

हामीले विभिन्न स्तरीकृत र सफल सहकारी संस्थाहरूको अवलोकन भ्रमणबाट पनि यो विषयमा जानकारी प्राप्त गरेका छौं । संस्थामा नीति, विधि र अन्तरनिहित कारोवारको प्रभावकारी सञ्चालनका लागि नीति निर्माण अति महत्वपूर्ण विषय रहेछ, हामीले संस्थामा त्यो विषयलाई जोड दिन सकेका छैनौं । नेफ्स्कूनको प्राविधिक सहयोगमा सर्वप्रथम नीति निर्माण गर्ने र सो बमोजिम संस्था सञ्चालन गर्न सकियो भने भोलिको दिनमा संस्थामा पर्न सक्ने जोखिम न्यूनीकरण हुने, ऋण लगानी गर्दा होस् वा असुली गर्दा होस् संस्थागत विधि र पद्धति बमोजिम कार्य गर्न सकियो भने कर्मचारीहरूलाई पनि कार्यसहजता हुन्छ भन्ने विश्वास जागेको छ । स्तरीकरण कार्यक्रम आवद्धताले सहकारीको सम्पूर्ण टीम खुसी छ । भोलि यसबाट संस्थाको सृदृढीकरण र विकास हुँदै जाँदा सदस्यहरू पनि संस्थाप्रति पूर्णत विश्वस्त भएर निर्धक्क सँग वित्तीय कारोवारमा सहभागी हुने वातावरण बन्दछ ।

**बोधराज निरौला**

**व्यवस्थापक, रामधुनी साकोस, सुनसरी**

नेफ्स्कूनद्वारा प्रवर्दित साकोस स्तरीकरण कार्यक्रममा सहभागी हुने इच्छा विगत १ २ वर्ष अगाडि देखि नै जागेको थियो । सृदृढ र सुरक्षित सहकारी संस्था निर्माण कसरी गर्न सकिन्छ भन्ने सोचमा सहकारीको सिङ्गो टिम नै लागेको छ । तर इच्छा हुँदा हुँदै पनि कोभिड १९ को जोखिम भित्रिएसँगै केही जटिलताहरू थपिए । सहकारी ऐन २०७४ आएको छ । सो अनुरूप संस्थाका नीति, विनियमहरू पनि परिवर्तन गर्न सकेका छैनौं । गत फागुनमा हामी स्तरीकरण कार्यक्रम प्रोबेसनमा जोडिन पुगेका छौं । आशा छ, हामीले संस्थामा आवश्यक नीतिहरू निर्माण गरेर वित्तीय कारोवारलाई चुस्त दुरूस्त र प्रभावकारी बनाउन स्तरीकरण कार्यक्रम प्रभावकारी बन्नेछ ।

कुल ४५ करोडको वासलात रहेको रामधुनी साकोसमा हाल ३ हजार ८ सय सदस्यहरू छन् ।

**विरेन्द्र श्रेष्ठ**

**व्यवस्थापक, वेथानचोक नारी चेतना साकोस, काभ्रे**

वित्तीय कारोवार गर्ने सहकारी संस्था भएकोले यसको वित्तीय पक्ष र सूचकहरू राम्रो रहनुपर्छ भन्ने हो । सहकारी संस्थालाई सुशासनको बाटोमा हिडाउन प्रोवेसन कार्यक्रम आवद्धताले पक्कै सहयोग गर्छ भन्ने विश्वास हामीले लिएका छौं । संस्थालाई नवीन तरिकाबाट सुशासनको बाटोमा लैजाँदा सदस्यहरूसँगको विश्वास जित्न, बचत संकलन तथा ऋण लगानी, असुली प्रक्रिया प्रभावकारी बनाउन पनि यसले मद्दत गर्छ भन्ने अपेक्षा छ । माथिल्लो निकायसँगको प्राविधिक सहकार्यले सदस्य र समाजमा सहकारीको छवि निर्माण गर्न र सहकारीको दीर्घकालिन विकास र प्रवर्द्धनमा सहयोग पुर्‍याउन सक्छ भन्ने मेरो बुझाइ हो । महिलाद्वारा सञ्चालित यस सहकारीमा हालसम्म करिब १९०० सदस्यहरू मार्फत करिब ११ करोडको वासलात रहेको छ ।

**दीपक कार्की**

**व्यवस्थापक, राधा स्वामी साकोस, काठमाडौं**

राधा स्वामी साकोसले सदस्य केन्द्रित सेवा प्रवाहलाई जोड दिँदै आइरहेको छ । बचत तथा ऋण सहकारी संस्था भएकोले यसको मुख्य काम बचत संकलन र ऋण लगानी नै प्रमुख हो । वित्तीय सेवा प्रवाहलाई प्रभावकारी बनाउन र सदस्यहरूको बचतको सुरक्षाका लागि सहकारीले जिम्मेवारपूर्ण ढंगले काम गर्नुपर्नेछ । तर हामी परम्परागत रूपमा अगाडि बढिरहेका छौं । बचतको कारोवार गर्ने संस्था भएकोले हामीमाझ जोखिम पनि त्यत्तिकै बढी छ । सहकारी संस्था सञ्चालनमा आवश्यक पर्ने नीति, विधि, प्रविधि, पद्धति र निर्देशिकाहरू पनि हालसम्म निर्माण गर्न सकिएको छैन । नेफ्स्कूनद्वारा प्रवर्द्धित साकोस स्तरीकरण कार्यक्रम प्रोवेसन आवद्धताले संस्थामा नीति निर्माण गर्न, विधि र पद्धतिको पालना गर्दै अगाडि बढ्न सहयोग पुग्ने अपेक्षा छ । हाल काठमाडौंको तारकेश्वर र टोखा नगरपालिका कार्यक्षेत्र रहेको सहकारीको करिब २ हजार सदस्यहरूमार्फत कुल २३ करोडको वासलात रहेको छ । नुवाकोट, काठमाडौं र भक्तपुर कार्यक्षेत्र विस्तार गर्ने लक्ष्य सहित सहकारीले अन्य सहकारी सँगको एकीकरण प्रक्रिया पनि अगाडि बढाएको छ ।

**शम्भु बराल**

**व्यवस्थापक, विरूवा साकोस, कास्की**

प्रोवेसन कार्यक्रम आवद्धताले संस्थामा नीति, विधि र प्रविधि प्रयोगमा जोड दिने हुँदा संस्थागत प्रणाली विकास हुने र संस्थागत वृद्धि सम्भव हुने अपेक्षा लिएका छौं । नेफ्स्कूनको सल्लाह र सुझावबाट संस्थागत विकासका लागि सहकारीको टीम एकजुट भएर अगाडि बढ्न प्रतिवद्ध पनि छौं । संस्था सञ्चालनका क्रममा भएका त्रुटि कमजोरीहरूलाई केलाएर अब सुधार गर्दै अगाडि बढ्ने र संस्थालाई नीति र सिद्धान्त अनुरूप अगाडि बढाउने अपेक्षा छ । हाल ६०० सदस्य रहेको सहकारीको कुल ३४ करोडको वासलात छ ।

नेफ्स्कूनले साकोस अभियानको दीगो उत्थानका निम्ति स्तरीकरण

मोडलको कुनै विकल्प नभएको बताउँदै आइरहेको सन्दर्भमा साकोस सञ्जाललाई व्यवस्थित गर्न सम्पूर्ण बचत तथा ऋण सहकारी संस्थाहरूले स्तरीकृत मापदण्ड पुरा गर्नका लागि निर्देशित समेत गरेको छ । स्तरीकृत मापदण्डभित्र सम्पूर्ण साकोसहरूको पहुँच पुऱ्याउन संघले २०७७ साउन ३२ गते संघको ३३औं स्थापना दिवसको अवसर पारेर आधारशिला कार्यक्रमको थालनी समेत गरिसकेको छ । यदि साकोस स्तरीकरणमार्फत एकीकृत मोडालिटिमा जान सकिएन भने अबको १० वर्षमा संस्थाहरू ठूलो जोखिम तथा दुर्घटनामा पर्न सक्ने तर्फ संघले संकेत समेत गरिसकेको छ ।

फलस्वरूप संघको पाँचौ योजनाले पनि साकोस एकरूपता प्रणाली, सदस्यमैत्री बहस पैरवी, जोखिममा आधारित साकोस सुपरिवेक्षण, विपद् व्यवस्थापन कोष, साझा स्तरीय प्रविधि, स्थिरीकरण कोष, स्तरीकरण तथा एकीकरण, साझा प्रतिकीकरण, सुशासन प्रवर्द्धन लगायत थुप्रै विषयहरूमा सदस्यमैत्री क्रियाकलाप र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको जिम्मेवारी सहितको प्रतिवद्धता जाहेर गरेको छ । यसको सफल कार्यान्वयनका लागि बचत ऋण सहकारीमा आवद्ध सदस्य, संस्था, संघ तथा सरोकारवालाहरूको साथ र सहयोगको समेत अपेक्षा गरेको छ ।

# सम्पत्ति शुद्धीकरण निवारण तालिम



जिल्ला संघ साझेदारी कार्यक्रम अन्तर्गत काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि. (कास्कून) को आयोजना र नेफ्स्कूनको प्राविधिक सहकार्यमा एक दिवसीय सम्पत्ति शुद्धीकरण निवारण तालिम चैत्र १७ गते काठमाडौंको वागबजारमा सञ्चालन भएको थियो ।

नेफ्स्कूनका कामु प्रमुख कार्यकारी अधिकृत प्रकाश प्रसाद पोखरेलले सहकारी संस्थाहरूलाई सम्पत्ति शुद्धीकरण निवारण ऐनले सूचक संस्थाको रूपमा राखेको हुँदा संस्थाले नियमित रूपमा दिनु पर्ने प्रतिवेदन दिने कामलाई प्राथमिकता दिनु पर्ने बताउनु भयो । सो अवसरमा नेफ्स्कून र कास्कून बीचको साझेदारी कार्यक्रम, नेफ्स्कूनका वस्तु तथा सेवा र सदस्य संस्थाहरूको स्तरीकरण कार्यक्रमका बारेमा जानकारी गराउँदै सहभागी हुन र लाभ लिनका लागि अनुरोध गर्नु भएको थियो । साथै तालिबाट सिकेका कुराहरू प्रभावकारी बनाउनका लागि त्यसको कार्यान्वयन नै महत्वपूर्ण स्थान रहेको बताउँदै सम्पूर्ण साकोसहरूलाई ऐन कार्यान्वयनका लागि शुभकामना दिनुभएको थियो ।

कास्कूनका प्रमुख कार्यकारी अधिकृत कृष्ण प्रसाद आचार्यले सम्पत्ति शुद्धीकरण निवारण एक संवेदनशील विषय भएको हुँदा सम्पत्ति शुद्धीकरण निवारण ऐन, नियमावली र सहकारी संस्थाहरूका लागि जारी निर्देशन बमोजिम संस्थाले गर्नु पर्ने जिम्मेवारीका कार्यहरू गर्न ढिला गर्न नहुने बताउँदै सहजीकरण गर्न कास्कून तयार रहेको बताउनु भएको थियो ।

तालिम उद्घाटन सत्रका प्रमुख व्यक्ति नेफ्स्कून न्यूरोड फिल्ड कार्यालय व्यवस्थापन उपसमिति सदस्य ठाकुरनाथ आचार्यले तालिमका सहजकर्ता नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक श्यामकृष्ण दाहाललाई प्रिजेन्टर हस्तान्तरण गर्दै तालिमको शुभारम्भ गर्नुभएको थियो ।  समापन सत्रका प्रमुख व्यक्ति कास्कूनका सञ्चालक विरेन्द्र भण्डारी सहित सञ्चालक तारानाथ सापकोटा, कास्कूनका उद्यमशीलता प्रवर्द्धन उपसमिति सदस्य गंगालाल श्रेष्ठ, नेफ्स्कून न्यूरोड फिल्ड कार्यालयका इन्चार्ज मनोज कार्की समन्वयकर्ता को रूपमा हुनुहुन्थ्यो । तालिममा काठमाडौंका ३५ बचत तथा ऋण सहकारी संस्थाहरूबाट ४० जना सहकारी प्रतिनिधिहरू सहभागी हुनुभएको थियो ।

कास्कूनले जिल्ला संघ साझेदारी सम्झौता अनुरूप काठमाडौंमा मध्यमस्तरीय र आधारभूत स्तरका तालिमहरू नियमित रूपमा सञ्चालन गर्दै आईरहेको छ ।

❑ ❑ ❑

# अधिकारको लडाइँ लड्दा लडिएला तर छोड्नुहुन्न



**पम्फा राई**
संस्थापक सदस्य
नेफ्स्कून

(ताप्लेजुङ जिल्लाको साविक थेचम्बु गाउँमा २००५ मङ्सिर ४ गते जन्मिनुभएकी पम्फा राईले सहकारी क्षेत्रमा ३० वर्ष बढी योगदान गर्नुभयो । त्रिभुवन विश्व विद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर राई नेफ्स्कूनकी संस्थापकमध्येकी एक हुनुहुन्छ । राष्ट्रिय सहकारी विकास बोर्डमा करिब २८ वर्ष जागिर, साझा स्वास्थ्य सेवाको महाप्रबन्धक र बोर्डमा सरकारद्वारा मनोनित सदस्य सचिव समेत भएर उहाँले काम गर्नुभयो ।

नेफ्स्कूनको एक कार्यकाल लेखा सुपरिवेक्षण समिति संयोजक निर्वाचित भएर काम गर्ने राई सहकारी क्षेत्रमा यति लामो समय त्यसमा पनि प्रमुख जिम्मेवारीमा बिताउने बिरलै महिलामध्येकी एक हुनुहुन्छ । २०३३ सालमा तेजबहादुर राई (नेफ्स्कून संस्थापक-तल तस्बिरमा)) सँग बैबाहिक सम्बन्धमा जोडिनुभएकी राईका एकमात्र सन्तान अभिषेश राई हाल विमान चालक हुनुहुन्छ । पति, छोरा, बुहारी र एक नातिनीसँग काठमाडौं महानगरपालिका ४ धुम्बाराही चप्पल कारखानामा स्थायी बसोबासरत राईसँग नीजी जीवन, सहकारी अभियान, नेफ्स्कूनको इतिहास, महिला मुद्दा आदि विषयमा साकोस आवाज प्रतिनिधि रञ्जन मणी पौड्यालले गर्नुभएको कुराकानीको सम्पादित अंश:

**प्रारम्भिक शिक्षा कहाँ कसरी लिनुभयो ?**

अक्षरारम्भ घरमै गरे । प्रारम्भिक शिक्षा गाउँ नजिकको विद्यालयबाट प्राप्त गरेँ । २०१२ सालमा गाउँ भन्दा करिब २ किलोमिटर टाढा विद्यालय स्थापना हुँदा त्यति लामो बाटो हिडेर पढ्न जाने

> नेफ्स्कूनको अध्यक्ष पदमा चुनाव लड्ने पहिलो महिला थिएँ । कैलाशभक्त प्रधानाङ्गसँग लडेँ तर १६ मतले पराजित भएँ । त्यसबेला हाम्रो इच्छा भोजराज घिमिरे अध्यक्ष हुनुपर्छ भन्ने थियो ।

एक्ली छात्रा थिएँ म । १० सन्तानमध्येकी जेठी थिएँ । आर्थिक अभाव भने थिएन । शिक्षाको महत्व बारेमा घरका सबै अग्रज सदस्य जानिफकार रहेकोले पढाइको परिस्थिति अनुकूल नै थियो । मलाई पढ्न खुब रूचि थियो ।

**सहकारीसँग साक्षात्कार कहिले र कसरी भयो ?**

ताप्लेजुङबाट तराई (सुनसरी) झरेपछि बुबाको राजनीतिक सामाजिक सक्रियता बढ्यो । पूर्वी तराईमा अनौपचारिक समूहहरू मार्फत हुने गरेका बचत तथा ऋणका कारोवार, सहकारी, उपभोक्ता भण्डार जस्ता नाममा भएका सहकारी गतिविधिप्रति बुबाको संलग्नताका कारण जानकार रहेँ । स्नातकसम्म पढ्ने भैसकेका कारण गहिरिएर नभएपनि सहकारी के कस्तो संस्था हो भन्ने केही बुझेकी थिएँ । २०२७ सालमा काठमाडौं ओर्लेपछि २०३१ सालमा राष्ट्रिय सहकारी विकास बोर्डबाट जागिरे जीवनको अध्याय सुरू भयो । त्यसपछि भने जीवनले सहकारी सिवाय केही बुझेन । तत्कालिन सेडा (आर्थिक विकास तथा प्रशासन केन्द्र) मा करिब १ वर्ष अध्ययन अनुसन्धान सहायकको रूपमा करारमा काम गरेँ । सहकारीप्रतिको लगाव र रूचिको प्रस्थानविन्दू भने बोर्ड प्रवेशसँगै भयो । बोर्डको सदस्य सचिव क्षेत्रप्रताप अधिकारी रहँदा मेरो अध्ययन र आवश्यकताले कर्म र सेवाको सम्बन्ध जोडियो । बोर्डमा २८ वर्ष जागिर र पछि त्यही केही वर्ष सरकारद्वारा मनोनित सदस्य सचिव भएर काम गरेँ । सरकार परिवर्तनसँगै मलाई निकालिएपछि अन्याय पर्यो भनेर मुद्दा दायर गरेँ । मुद्दा जितेपछि फेरि काम गरेँ । १ वर्ष त मुद्दा मामिलामै गयो ३ वर्ष सदस्य सचिवका रूपमा काम गरेँ ।

**नेफ्स्कूनसँग कसरी नाता जोडियो ?**

नेफ्स्कूनको जन्म तत्कालिन साझा केन्द्र लि. बाट भएको हो । हामी केन्द्रका कर्मचारी थियौं । केन्द्रकै 'इनिसिएसन'मा बचत समूह राष्ट्रिय संघ तदर्थ समिति गठन गरिएको हो । त्यतिबेला पञ्चायती व्यवस्थाका कारण संघ संस्था गठनमा प्रतिबन्ध भएकाले समूह स्थापना गरेका थियौं । हामी सञ्चालकमै बस्यौं । केन्द्रको अगुवाईमा भएकाले केन्द्र अन्तर्गतका विभिन्न निकायका महाप्रबन्धकहरू, केन्द्रका विभागीय प्रमुखहरू र केही कर्मचारीहरू सहभागी भई समूह गठन गरिएको थियो । सुरुमा तदर्थ समितिमा अध्यक्षबाहेकको जिम्मेवारी नतोकिएपनि म बोर्डमा प्रशासनको जिम्मेवारी लिएर बसेका कारण महासचिवको रूपमा काम गर्थे । अध्यक्षको मात्र पद तोकिएको थियो अरू सबै सदस्य थियौं तर पनि कामको हिसाबले मैले सदस्य सचिवको काम गरेँ । मैले नै पत्रहरूमा सही गरेँ ।

**बचत ऋण सहकारी अभियानको इतिहास कस्तो थियो ?**

भारतको नयाँ दिल्लीस्थित अन्तर्राष्ट्रिय सहकारी महासंघको एसिया प्रशान्त कार्यालयको आयोजनामा सहकारीसम्बन्धी तालिमको लागि १ महिनाको फिलिपिन्स भ्रमणमा जाँदा त्यहाँको बचत तथा ऋण सहकारी अभियानबाट म निक्कै प्रभावित भएँ । त्यहाँ यो अभियान खुब फस्टाएको थियो । विभिन्न बचत तथा ऋण सहकारीहरूको भ्रमण अवसर मिलेको थियो । शिक्षण, सेना, कारखानाका मजदूर लगायत सबै क्षेत्रमा बचत तथा ऋण सहकारीमार्फत अभियानमा जोडिएको पाउँदा नेपालमा पनि यस्तो काम गर्न सकिने त्यतिबेला लागेको थियो । त्यहीबाट आएर बोर्डमा पनि कर्मचारीहरूको बचत समूह गठनको अगुवाइ गरेँ । सोही कारण बचत ऋण सहकारीहरूको केन्द्रीय निकायको आवश्यताको अभियानमा म पनि सहभागी भएँ । त्यसअघि दिल्लीमै आइसीए-एपीको कार्यालयमा ३ महिने सहकारी तालिम पनि लिएकी थिएँ । त्यसबाट पनि अभियानको बारेमा जान्ने बुझ्ने अवसर मिल्यो ।

त्यस समयमा हामीले आपसी सहायता समूह (सेल्फ हेल्प ग्रूप) को नाममा एक्सन् एड, यूएससी क्यानाडा लगायत थुप्रै संस्थाहरूले नेपालमा बचत तथा ऋणको काम गरेको थाहा पायौं । एशियाली ऋण महासंघ आकूले पनि सरकारी कर्मचारीहरू लगायत धेरैलाई बचत तथा ऋण सहकारीसम्बन्धी तालिम दिएको थियो, तिनका बारेमा सोधीखोजी र अन्तरक्रिया गर्दै आफुहरू पनि बचत ऋण अभियानका बारेमा जानकारी जोड्दै गयौं, विनियमहरू खोजी गर्यौं, अध्ययन अनुसन्धान सामाग्रीहरू खोजी गर्यौं ।

आकूको वित्तीय सहयोगमा पूर्वदेखि पश्चिमसम्मका बचत तथा ऋण कारोवारमा संलग्न व्यक्तिहरू समेटेर पोखरामा साताव्यापी आवासीय तालिम आयोजना गर्यौं, तारा गाउँ होटलले पनि सहयोग गरेको थियो । तारा गाउँकै रिसोर्टमा तालिम आयोजना गरिएको थियो । उक्त तालिममा महिला विकास अधिकृतहरू, सहकारीकर्मीहरू, केही सीमित प्रारम्भिक संस्थामा आवद्धहरूको सहभागिता थियो ।



**तपाई नेफ्स्कून अध्यक्ष पदका लागि निर्वाचन पनि लड्नुभयो होइन ?**

हो । नेफ्स्कूनको अध्यक्ष पदमा चुनाव लड्ने पहिलो महिला थिएँ । कैलाशभक्त प्रधानाङ्गसँग लडेँ तर १६ मतले पराजित भएँ । त्यसबेला हाम्रो इच्छा भोजराज घिमिरे अध्यक्ष हुनुपर्छ भन्ने थियो । चुनावको केही समय अघिसम्म पनि उहाँ नै उठ्ने कुरा थियो, उहाँले पनि उठ्ने नै कुरा गर्नुभयो अन्तिम समयमा गएर उहाँले नउठ्ने निर्णय गर्नुभयो । १२ बजेसम्म अन्तिम नाम दर्ता गर्नुपर्ने घिमिरेले १० बजे तिर मात्र आफु नउठ्ने भनेपछि मैले उम्मेद्वारी दिएँ । पहिलो महिला लेखा सुपरिवेक्षण समिति संयोजक पनि मै हुँ । लेखा समिति संयोजकमा उठ्दा पनि पहिलो पटक पराजित भएँ तर दोस्रो पटक २०५० सालमा जितेँ । ३ वर्ष काम गरेँ । त्यतिबेला नेफ्स्कूनको कार्यालय थापाथलीमा थियो ।

**महिला भएकै कारण केही समस्या भोग्नुपर्यो ?**

आशिंक सत्य हो भन्ने लाग्छ । महिला, जनजातिको चश्माले पनि धेरैले हेरेको महसूस हुन्थ्यो मलाई । महिला त्यसमाथि स्नातकोत्तर गरेको, प्रमुख प्रशासकीय जिम्मेवारीमा रहेको र निडर, निर्भिक अनि हकी स्वाभवका कारण धेरैको आँखाको तारो पनि बने जस्तो लाग्छ । स्वभावले पनि कसैसँग नडराउने, नियम कानुन भन्दा बाहिर नहिड्ने, मीठो बचन मेरो छैन, लोलोपोतो गर्ने बानी नभएकोले धेरैले मन नपराएको हो की जस्तो अहिले सोच्दा लाग्छ ।

**भोजराज घिमिरेसँग लामो सँगत गर्नुभयो ? उहाँलाई कुन रूपमा चिन्नुभयो ?**

भोजराज घिमिरे 'जेन्टलम्यान' हुनुहुन्थ्यो । व्यक्तिगत रुपमा मेरो सम्बन्ध राम्रो थियो । घिमिरे बोर्ड अध्यक्ष रहेको र म विभागीय प्रमुख भएको नाताले धेरै सँगत भयो । कतिपटक नेफ्स्कूनको कामका लागि फाइलहरू लिएर उहाँको घरमा गएको छु । बोर्डको भन्दा बढी नेफ्स्कूनको काममा उहाँ खटिनुहुन्थ्यो ।

भोजराज घिमिरे पनि नियम कानुनभन्दा बाहिर गएर काम गर्न नरूचाउने व्यक्ति हुनुहुन्थ्यो । समन्यवयात्मक स्वभावको हुनुहुन्थ्यो । स्वभाव राम्रो भएकाले सबैले उहाँलाई रूचाउँथे पनि । नेफ्स्कूनको लागि भोजराज घिमिरेले धेरै गर्नुभयो ।

**सहकारीमा सुशासन कसरी कायम गर्न सकिन्छ ?**

सहकारी भनेको मुलतः अनुशासन हो । सहकारीका मुल्य, मान्यता र सिद्धान्तका सबै बुँदा र विषय हेर्नुभयो भने पाइने प्रधान कुरा भनेको अनुशासनको अभ्यासको खोजी हो । सुशासन चुनौतीको विषय छ । यो माथिबाट आउने कुरा हो । सरकार, कर्मचारीतन्त्र हुँदै सहकारीलगायत राज्यका अन्य संघ संस्थाहरूमा सुशासन कायम गर्नुपर्छ । सर्वप्रथम सरकार सुशासित हुनुपर्यो । राज्यका नीति, नियम र तिनको कार्यान्वयनमा सुशासनलाई कडाइका साथ लागू गरियो भने सहकारीमा पनि सुशासन मौलाउँदै जान्छ । सहकारीको विषयमा भने सुशासनको समस्या भएका अधिकांश सहर केन्द्रीत सहकारीहरूमा देखिन्छ । गाउँमा सहकारी सफल छन् । सहकारीमा देखिएका कमी कमजोरीको दोषी सञ्चालक वा व्यवस्थापक मात्र होइन, धेरै पक्षहरू छन् । सहकारीहरूलाई खराब बनाउने काममा नियोजित प्रयासहरू भएका छन् । सरकारका केही कर्मचारी, विदेशीहरू समेत सहकारीमा काम गर्नेहरूको मानसिकता गलत ढंगले परिवर्तन गर्न लागिपरेका छन् ।

**सहकारीमार्फत विकास र समृद्धिको सम्भावना देख्नुहुन्छ ?**

मुलुकलाई सघाउने 'सेक्टर' हो सहकारी । यो क्षेत्र विकास हुँदा सबै व्यक्ति र जनजीविकाको उन्नति प्रगति सम्भव छ भन्ने सुरूदेखि नै लाग्थ्यो मलाई । त्यसका लागि आफु बसेको संस्था विकास गर्नुपर्यो ।

सहकारीमा संकलित पुँजी मुलुकभित्रकै नागरिकहरूले दुःख गरेर बचत गरेको रकम हो । सहकारीले सदस्यहरूको पुँजी सदस्यहरूबीच नै परिचालन गरेर आर्थिक सामाजिक लगायतका विकास हासिल गरेको हो । सोही कारण

> महिलाहरुको अगुवाईमा सञ्चालित विभिन्न प्रकृतिका सहकारीहरुको कारोवार, सदस्य संख्या वा कार्यक्षेत्र कम भएपनि सेवा र प्रभाव ठूलो छ । नियत सफा छ । अनुशासन छ ।

सहकारीमार्फत भएका उपलब्धिहरूमा गर्व गर्ने प्रशस्त ठाउँ छ । सहकारीको पैसा सबै नेपालीको पैसा हो । हाम्रो मुलुकमा एनजीओ आइएनजीओले धेरै सहयोग प्राप्त गर्छन् तर सहकारीमा बाहिरी सहयोग एकदम न्यून छ । गैर सरकारी संस्थाहरूमा प्राप्त सहयोग कहाँ गएको छ, लाभ कसले कति लिएको छ, खासै लेखाजोखा हुँदैन । चुहावट पनि त्यतिकै छ । सहकारीमा भने दुई चारवटा तालिम, प्राविधिक र थोरबहुत वित्तीय सहयोग बाहेक मुख्य स्रोत सदस्यहरूले विश्वास गरेको बचत नै हो । सहकारीले जस्तो सेवा अन्य क्षेत्रले पनि गर्ने हो भने मुलुकको कायापलट हुन समय लाग्दैन । साना सहकारीको सेवा ठूलो छ ।

**सहकारीमा महिला भूमिका र चुनौतीलाई कसरी हेर्नुभएको छ ?**

महिलाहरूको अगुवाईमा सञ्चालित विभिन्न प्रकृतिका सहकारीहरूको कारोवार, सदस्य संख्या वा कार्यक्षेत्र कम भएपनि सेवा र प्रभाव ठूलो छ । नियत सफा छ । अनुशासन छ ।

म आफै पनि घर नजिकको अन्नपूर्ण महिला बचत तथा ऋण सहकारी संस्था लि.को लामोसमयदेखि अध्यक्ष छु । कारोवार सानो छ तर सदस्यहरूले सहज र सरल रूपमा सेवा पाउनुभएको छ । खुसी हुनुहुन्छ । धेरै खटेर लाग्न भने सकेका छैनौं । बग्रेल्ती बैंकहरू हुँदा पनि सदस्यहरू सहकारी नै खोज्नु र रोज्नुहुन्छ, त्यो विश्वास हामीले आर्जन गरेका छौं । महिलाहरूलाई चेतनशील, वित्तीय साक्षरता र अनुशासन अनि सीप सिर्जनामा सहकारीहरूको भूमिका प्रशंसनीय छ । हामीभन्दा बाठो हुनुहुन्छ आजका सहकारीका सदस्यहरू । महिला सदस्यहरू कामप्रति जिम्मेवार हुनुहुन्छ ।

जहाँसम्म सञ्चालक समिति तथा व्यवस्थापनको उच्च ओहोदामा महिला सहभागिताको विषय हो यो त माथि देखिको समस्या हो । पितृसत्तात्मक सोच, सामाजिक परिवेशले पनि केही हदसम्म भूमिका खेलेको छ । अब यी विषयलाई क्रमिक रूपमा चिर्दै जानुपर्छ सहकारीको नेतृत्व तहमा महिलाको अवस्थामा क्रमिक सुधार हुन्छ । हामीले बराबरीको लागि संघर्ष जारी राख्ने हो । सर्वप्रथम महिलाहरू नै ऐक्यवद्ध हुनुपर्यो । महिला सहकारीकर्मीहरूमात्र पनि एक हुने हो भने केन्द्रीय निकायको शीर्ष पदमा महिला पुग्ने सम्भावना प्रबल रहन्छ । हक माग्ने होइन लडेर लिने हो । नलडी पाइँदैन, लड्नै पर्छ । लड्दा लडिएला तर डराउन भएन ।

**सहकारी ऐनका सम्बन्धमा यहाँको धारणा के छ ?**

सहकारी ऐन साँच्चिकै सहकारी मैत्री छैन । वर्तमान सहकारी ऐन साना सहकारीहरूको संरक्षण र प्रवर्द्धन गर्ने खालको छैन । सहकारीलाई बाध्ने हिसाबको छ । साना र मोफसलका सहकारीहरूका लागि ऐन र नियामक निकायले जारी गरेका निर्देशनहरू परिपालना गर्दै नियमति रूपमा आवश्यक प्रतिवेदनहरू बुझाउने विज्ञ जनशक्ति र स्रोतको अभाव छ ।

काठमाडौंमै त कतिपय संस्थालाई कठिन छ भने दूरदराजका सहकारीहरूमा दक्ष जनशक्तिको अभाव छ भन्नेमा म विश्वस्त छु । साना र दूरदराजका बचत ऋण सहकारीहरूको संरक्षण र उनीहरूको समस्या निदानका लागि नेफ्स्कूनको भूमिका महत्वपूर्ण हुन्छ । मलाई लाग्छ नेफ्स्कूनले निरन्तर यसतर्फ शिक्षा र बहसपैरवीको कार्यक्रम गर्दै आएको छ ।

**नेफ्स्कूनका गतिविधिसँग कतिको नजिक हुनुहुन्छ ?**

केही वर्षयता म नेफ्स्कूनको गतिविधिबाट टाढै छु । पछिल्लो समय संघमा नयाँ सञ्चालक समिति र व्यवस्थापकीय फेरबदलसँगै मलाई चिन्नेहरूको संख्या पनि अत्यन्त कम छ । खोजखबर पनि केही हुँदैन, मैले सोधेर जाने कुरा पनि भएन ।

अब मेरो इच्छा केही छैन । साँच्चै भन्ने हो भने विगत केही वर्ष यता सहकारी क्षेत्रबाट टाढै छु । कहीकतै सार्वजनिक समारोहमा जान्न र धेरैले त बोलाउन पनि छोडिसके । म घरेलु महिला भएर आरामविश्रामको जीवन व्यथित गरिरहेको छु । खोइ तपाईले कहाँबाट धेरै पछि सम्झिनुभयो खुसी लाग्यो ।

**सहकारीमा लागेर के पाउनुभयो के गुमाउनुभयो ?**

सहकारीमा लाग्नु प्राप्तिका लागि थिएन । जब प्राप्तिको आश नै थिएन भने गुमाउने कुरा पनि भएन । जिम्मेवारी निर्वाह गर्दा कुनै गर्न नहुने काम वा निर्णय गरेँ भन्ने लाग्छ ?

आज फर्केर हेर्दा कुनै गर्न नहुने काम गरेँ भन्ने पश्चाताप छैन । स्वभावतः नहुने कामलाई कहिल्यै पनि हुन्छ भनिन । उपलब्धि ठूलो गर्न नसकिएपनि प्रायश्चित गर्नुपर्ने काम पनि गरिन ।

# साकोस एकरुपता प्रणालीको सिकाईस्थल बन्दै दोलखा

साकोस एकरूपता प्रणालीमा नमूना जिल्लाको रूपमा रहेको दोलखा जिल्ला पछिल्लो समय देशभरको सहकारी अभियानमा सिकाइयोग्य बन्दै गइरहेको प्रति सहकारी प्रतिनिधिहरूले जोडदिनुभएको छ ।

गत फागुन १८ गते जिल्लामा सञ्चालित साकोस एकरूपता प्रणाली समिक्षा तथा आगामी कार्ययोजना निर्माण गोष्ठी का अवसरमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि एवं नेफ्स्कूनका वरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले एकरूपता प्रणाली नेफ्स्कूनको मात्र कार्यक्रम नभई अभियानकै कार्यक्रम रहेको र दोलखामा अभ्यासमा रहेको एकरूपता प्रणाली देशभरका लागि सिकाईयोग्य हुने बताउनुभयो । समुदायका व्यक्तिलाई बचतको महत्व बुझाउँदै र सिकाउँदै हिडिएको जागरणको चरण, दायित्व बोध, नीति र कुशल प्रबन्धकीय आवश्यकता सहितको विकासको चरण पार गर्दै पहुँच अभिवृद्धि मार्फत व्यावसायिकता विकासमा फड्को मार्नुपर्ने आवश्यकताको चर्चा गर्नुभयो ।

नेफ्स्कूनका महासचिव दामोदर अधिकारीले नेफ्स्कूनको अन्तरलगानी कार्यक्रमको सुरूवातमा २०५३ सालमा दोलखा जिल्लाको १६ हजार रूपैयाँबाट सुरू भएको कुरा स्मरण गर्दै हाल नेफ्स्कूनको व्यवसाय वृद्धिमा दोलखाको योगदानको प्रशंसा गर्नुभयो । समुदायमा आधारित, पारस्परिक मेलमिलाप र




सामाजिक एकता कायम राख्ने थलोको रूपमा सहकारीले खेलेको महत्वपूर्ण योगदानलाई हामीले भुल्नु हुँदैन । उहाँले भन्नुभयो, "सहकारीमा गरिने नियमित बचत र ऋण लगानीले संस्थागत रूपमा स्थायित्व पाउनु र सहकारी मार्फत आजको आर्थिक, सामाजिक र सांस्कृतिक परिवर्तनलाई उपलब्धीको रूपमा लिन सकिन्छ ।"

दोलखा जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष भुमीराज खड्काले नेफ्स्कूनद्वारा प्रवर्द्धित साकोस स्तरीकरण कार्यक्रम, सहकारी एकीकरण, नीति, विधि प्रविधि प्रयोग एकरूपता र दृश्यमा एकरूपता कायम गर्ने सवालमा जिल्लाका बचत ऋण सहकारीहरू निकै सचेत रहेको बताउनुभएको हो ।

उहाँले जिल्लामा सञ्चालित ६ वटा संस्था एक्सेस कार्यक्रममा, ३ वटा संस्था प्रोवेसन कार्यक्रममा र ३१ वटा संस्था कर्ब्स कार्यक्रममा आवद्ध भएका र स्तरीकरण कार्यक्रममा सहभागी नभएका अन्य सहकारीहरूलाई पनि कार्यक्रममा ल्याउन साथै नेफ्स्कून र जिल्ला बचत संघ साझेदारी कार्यक्रम मार्फत अभियानमा जोडिएर नीति, विधि र प्रविधिमा लैजान पहल गर्ने प्रतिवद्धता जाहेर गर्नुभयो ।

कार्यक्रममा बागमती प्रदेश सहकारी संघका महासचिव भिम प्रसाद दहाल, जिल्ला सहकारी संघका अध्यक्ष हेमन्त चौलागाईले पनि जिल्लाको सहकारी अभियानका सन्दर्भमा आफ्नो धारणा राख्नुभएको थियो । कार्यक्रमको प्राविधिक सहजीकरण नेफ्स्कूनका सदस्य सेवा विभागका प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो । कार्यक्रममा जिल्लाका ७० वटा सहकारीका ११० जना सहकारीकर्मीहरू उपस्थित हुनुहुन्थ्यो ।

❑ ❑ ❑

# अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा अभियानले विभिन्न ठाउँमा आयोजना गरेका कार्यक्रमहरु

**मकवानपुर**

*महिलाद्वारा सञ्चालित साकोसहरुका लागि नि:शुल्क सफ्ट्वेयर सेवा र सहुलियतपूर्ण थोक ऋण सुविधा घोषणा*



नेफ्स्कूनले अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसर पारेर महिलाहरूद्वारा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूलाई नि:शुल्क सफ्ट्वेयर सेवा र महिला उद्यमशीलता विकास थोक ऋण उपलब्ध गराउने घोषणा गरेको थियो । नेफ्स्कून फिल्ड कार्यालय मकवानपुरको आयोजनामा फागुन २३ गते हेटौंडामा सञ्चालित सहकारी व्यावसायिकीकरणमा महिलाको निर्णायक सहभागिता विषयक अनुशरणीय गोष्ठीका अवसरमा नि:शुल्क सफ्ट्वेयर सेवा र थोक ऋण सुविधा प्रदान गर्ने घोषणा गरेको थियो ।

महिलाद्वारा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूका लागि एक महिनाका लागि नि:शुल्क नेकोस प्लस सफ्ट्वेयर र ६ प्रतिशत ब्याजदरमा ५ वर्षका लागि महिला उद्यमशीलता विकास थोक ऋण उपलब्ध गराइने संघका उपाध्यक्ष शान्ति अधिकरीले जानकारी गराउनुभयो ।

प्रविधि मैत्री साकोस निर्माणको लागि नि:शुल्क सफ्ट्वेयर तथा वित्तीय प्रविधि विकासका लागि नेफ्स्कून र जिनोव इन्क प्रा. लि. (Zinob Inc. Pvt.ltd) बीचको संयुक्त साझेदारीमा गत चैत्र मसान्तसम्मका लागि नेकोस प्लस सफ्ट्वेयर तथा मोबाइल बैंकिङ् नि:शुल्क सेवा वितरण गर्ने घोषणा भएको थियो । साथै ६ प्रतिशत ब्याजदरमा ५ वर्षसम्ममा लागि बचत तथा ऋण सहकारी संस्थाको कुल वासलातको आधारमा विना धितो महिला उद्यमशीलता विकास थोक ऋण सुविधा घोषणा गरेको थियो । पहिलो आउनेलाई पहिलो प्राथमिकताका आधारमा यसै आर्थिक वर्षभित्र संघका देशभरका सबै फिल्ड कार्यालयबाट १ अर्ब लगानी गरिने संघले जनाएको थियो ।




नेफ्स्कूनका सञ्चालक एवम महिला सशक्तिकरण उपसमिति सदस्य गोमा नेपालको अध्यक्षतामा आयोजित कार्यक्रमका प्रमुख व्यक्ति उपाध्यक्ष शान्ति अधिकारी, सञ्चालक विद्या कोइराला, हरेराम प्रसाद, जिल्ला बचत संघ मकवानपुरका अध्यक्ष कल्पना श्रेष्ठ, फिल्ड व्यवस्थापन उपसमिति सदस्य विजय बहादुर बस्नेत, राजेन्द्र प्रसाद पौडेल लगायत चितवन, नवलपरासी र मकवानपुरमा सञ्चालित महिला साकोसका अध्यक्ष, प्रतिनिध एवं व्यवस्थापन कर्मचारीहरू सहित ७५ जनाको उपसस्थिति थियो ।

## भर्चुअल अन्तरक्रिया



१ सय ११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा नेफ्स्कून महिला सशक्तिकरण उपसमितिको आयोजनामा फागुन २१ गते साकोसमा महिला नेतृत्व तथा व्यवस्थापकहरूसँग भर्चुअल अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । जुम एप्लिकेशनका माध्यमबाट सञ्चालित कार्यक्रममा नेफ्स्कून नेतृत्वसँगै विभिन्न सहकारी संघ संस्थाका सञ्चालक समिति तथा व्यवस्थापकीय नेतृत्वमा रहनुभएका महिलाहरू सहभागी हुनुहुन्थ्यो ।

नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले आगामी २५ वर्षको अवधि मुलुकको समृद्धिमा खर्चिनुपर्ने र त्यसका लागि पुरुषहरूको जत्तिकै भूमिका महिलाहरूको हुने बताउनुभयो । पुरुषहरूको तुलनामा महिलाहरूको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय भूमिका प्रवर्द्धन गर्न नसकिएको स्वीकार्दै सहकारीलाई आधार बनाएर समग्रतामा नतिजामुखी कामहरू गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । विकास र समावेशीतामा महिलाहरूको विषय चर्चा गर्दै अध्यक्ष पौड्यालले महिलाहरूको सार्थक र सक्रिय सहभागिता आवश्यक भएको बताउनुभयो ।

नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले २०६४ सालदेखि नै नेफ्स्कूनले सहकारीमा महिला सहभागिता अवसर र चुनौती विषयमा निरन्तर कार्यक्रम गर्दै आएको जानकारी गराउनुभयो । सहकारीमा महिलाहरूको अवसर, सुरक्षा, सहभागिता आदि बढाउने विषयमा नीतिगत कमी कमजोरीहरूलाई सच्याउदै लानुपर्ने उहाँले बताउनुभयो ।

नेफ्स्कून सञ्चालक समितिमा ३१.८१ प्रतिशत महिला सहभागिता रहेको जानकारी उहाँले गराउनुभयो । उपाध्यक्ष अधिकारीले देशभरका महिला प्रशिक्षक प्रशिक्षण (TOT) मा सहभागी गराउनुपर्ने आवश्यकता औंल्याउनुभयो भने नेफ्स्कूनले सञ्चालन गरेको सीटीइभीटी प्रमाणित सहकारी व्यवस्थापक कोर्षमा पनि महिला सहभागिता बढाउने विषयमा देशभरका सहकारीहरूको ध्यान पुग्नुपर्ने समेत उल्लेख गर्नुभयो । व्यवस्थापन प्रमुख वा उच्च तहमा पनि महिला सहभागिता बढाउने प्रयासमा सबैको साथ र सहयोग आवश्यक रहने धारणा उपाध्यक्ष अधिकारीको थियो ।

नेफ्स्कूनकी सञ्चालक एवं महिला शसक्तिकरण उपसमिति संयोजक गोमा नेपालले ५ वटा ईः रोजगारी, शिक्षा, (समानता र समता) (संलग्नता) र उद्यमशीलतामा आधारित रहेर कार्यक्रम आयोजना गरिएको जानकारी गराउनुभयो । महिलाका विषयहरू ५ वटा इका शब्दहरूले सम्बोधन गर्ने भएकाले यीनैबाट कार्यक्रमको थीम तय गरिएको उल्लेख गर्नुभयो । संयोजक नेपालले कार्यक्रममा प्राप्त सुझावहरूलाई मनन गर्दै आवश्यक रणनीतिक संशोधनहरू एवं नीतिगत बहसपैरवी अघि बढाउने जानकारी गराउनुभयो । संयोजक नेपालले तालिम वा गोष्ठीका लागि मात्र भन्दा पनि मागका आधारमा महिला मैत्री कार्यक्रमहरू विकास गर्न नेफ्स्कून लागि परेको बताउनुभयो ।

कार्यक्रममा बिना श्रेष्ठ, लक्ष्मी काफ्ले, संगिता गौतम, सरस्वती चौलागाई लगायतका सहभागीहरूले महिलाहरूलाई निर्णायक भूमिकामा ल्याउन नेफ्स्कूनले गरेका प्रयासहरू, सहकारीबाट महिलाले पाउनुपर्ने र दिनुपर्ने कुराहरू, तालिमको उपलब्धिको व्यावहारिकताको कसी मापनको वैज्ञानिक प्रणालीका सम्बन्धमा विभिन्न जिज्ञासाहरू राख्नुभएको थियो ।

---

## चितवन

नेफ्स्कून चितवन फिल्ड कार्यालयको आयोजनामा सहकारीमा सूचना तथा सन्देश प्रवाह कार्यशाला गोष्ठी फागुन २१ गते सम्पन्न भएको थियो । चितवन र नवलपरासी जिल्लाका महिला बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक तथा सूचना अधिकारीको सहभागितामा कार्यशाला गोष्ठी गरिएको थियो । ४० जना सहकारीकर्मी महिला सहभागी रहेका कार्यक्रमको सहजीकरण पत्रकार प्रतिमा सिलवालले गर्नुभएको थियो ।

गोष्ठीमा सहकारीले आफ्ना सूचना तथा सफलताका कथाहरू कसरी सञ्चारमाध्यमसम्म पुर्‍याउन सक्छन् र पत्रकारसँगको सम्बन्ध कसरी बढाउने भन्ने सम्बन्धमा छलफल भएको नेफ्स्कूनकी सञ्चालक विद्या कोइरालाले जानकारी

दिनुभयो । कार्यक्रम उद्घाटनका क्रममा नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले महिलाले सञ्चालन गरेका सहकारी संस्थाहरूले उदाहरणीय कामहरू गरेका भएपनि उनीहरूले आफ्नो कार्यक्रमको प्रचार प्रसार गर्न नसकेको बताउनु भयो ।

❑ ❑ ❑



---

**भक्तपुर**



भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को महिला सशक्तिकरण उपसमितिको आयोजनामा "वर्तमान सहकारी ऐन कानुन" विषयक एक दिवसीय महिला गोष्ठी फागुन २२ गते भक्तपुरमा सम्पन्न भएको थियो ।

संघका अध्यक्ष कृष्ण गोविन्द लाखाजुले महिला सशक्तिकरणमा महिला सहकारीको महत्वपूर्ण योगदान रहेको चर्चा गर्दै महिला सहकारीको अस्तित्व मेट्ने गरी सहकारी एकीकरण गर्न नमिल्ने कुरा बताउनुभएको थियो । उहाँले सहकारी ऐनका एक व्यक्ति एक सहकारी जस्ता अव्यवहारिक व्यवस्थाको संशोधन हुनुपर्ने विचार राख्नुभएको थियो ।

संघका सञ्चालक एवं महिला सशक्तिकरण उपसमितिका संयोजक कृष्णश्वरी मचामसि (प्रजापति) ले आवद्ध सदस्य संस्थाका महिला सञ्चालकहरूलाई वर्तमान सहकारी ऐन कानुनबारे सुसूचित गराई क्षमता अभिवृद्धि गर्ने उद्देश्यले गोष्ठीको आयोजना गरेको विचार राख्नु भयो । गोष्ठीमा राष्ट्रिय सहकारी महासंघका महाप्रबन्धक चित्राकुमारी थाम्सुहाङ सुब्बाले सहकारीमा महिला समावेशिताका लागि नीतिगत व्यवस्था र कार्यान्वयनको अवस्था विषयक प्रस्तुतिकरण गर्नुभएको थियो ।

त्यसैगरी काभ्रे जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का सञ्चालक उपेन्द्र हुमागाईले सहकारीमा एकिकरण तथा विभाजन र संघका व्यवस्थापक बालकृष्ण धोजुले सम्पत्ती शुद्धीकरण निवारण सम्बन्धी कानुनी व्यवस्था विषयक प्रस्तुतिकरण गर्नुभएको थियो । संघमा आवद्ध सदस्य संस्थाबाट ८४ जनाको उपस्थित रहेको उक्त गोष्ठीले ७ बुदें धोषण पत्र समेत जारी गरेको थियो ।

❑ ❑ ❑

# मोरङको भुल्के साकोस प्रोबेसन कार्यक्रममा आवद्ध

सलकपुरस्थित भुल्के साकोस नेफ्स्कूनले सञ्चालन गरेको प्रोबेसन कार्यक्रममा आवद्ध भएको छ । भुल्के साकोस बचत तथा ऋण सहकारीहरूको गुणस्तर सुनिश्चितता सम्बन्धी नेफ्स्कूनले सञ्चालन गरेको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेसन) मा बैशाख ७ गते आवद्ध भएको हो । उक्त सम्बन्धमा नेफ्स्कूनकी सञ्चालक सदस्य गोमा नेपाल र भुल्के साकोसका अध्यक्ष श्याम कुमार आचार्यको उपस्थितिमा औपचारिक सम्झौता भएको थियो ।

नेफ्स्कूनकी सञ्चालक सदस्य नेपालले साकोसहरू नीति, विधि र प्रविधिमा आधारित भई सञ्चालन गर्नुपर्नेमा जोड दिँदै प्रोबेसन कार्यक्रममा आवद्ध हुँदा त्यस दिशातर्फ ध्यान पुग्ने बताउनुभयो । उहाँले वित्तीय तथा संस्थागत सबलताका लागि नेफ्स्कूनले सञ्चालन गरेको गुणस्तर सुनिश्चितता सम्बन्धी कार्यक्रममा सहभागी हुनुपर्ने बताउँदै सदस्यहरूको चाहना अनुरूपको सेवा प्रदान गर्न कुनै कञ्जुस्याइँ गर्न नहुने प्रष्ट पार्नुभयो । सम्झौतापूर्व नेफ्स्कूनका कार्यक्रम अधिकृत मुकेश दाहालले प्रोबेसन कार्यक्रमको महत्व, सूचकहरू लगायतका विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुभएको थियो ।

# सञ्जाल विस्तार गर्दै नेफ्स्कून साकोस म्यानेजर्स क्लब

नेफ्स्कून साकोस म्यानेजर्स क्लबले देशभर आफ्नो सञ्जाल विस्तार गर्ने भएको छ । नेफ्स्कून आवद्ध बचत तथा ऋण सहकारीका व्यवस्थापन प्रमुखहरूको साझा मञ्च क्लबले कम्तीमा ६ महिनाभित्र क्लबमा आवद्धता विस्तार गर्दै देशभरका व्यवस्थापन प्रमुखहरूलाई जोड्ने र निकट भविष्यमै राष्ट्रिय एवं प्रदेश स्तरीय गोष्ठीको समेत तयारीमा छ ।

गत फागनु १४ र १५ गते भक्तपुरमा "नेफ्स्कून साकोस म्यानेजर्स क्लबको योजना तथा कार्यविधि निर्माण कार्यशाला" गोष्ठी सम्पन्न भयो । गोष्ठीले क्लबको कार्यविधि २०७५ मा समयानूकुल संशोधन गर्दै उपर्युक्त विषयहरूमा सक्रिय र प्रभावकारी काम अघि बढाउने निर्णय गरेको थियो ।

२०७७ पौष २९ गते गठित क्लबको नयाँ कार्यसमितिको सोही दिन बसेको पहिलो बैठकले क्लबका गतिविधिलाई प्रभावकारी ढंगले अघि बढाउने निर्णय गरे अनुरूप भक्तपुरमा आयोजित २ दिने कार्यशालाले योजना तथा कार्यविधि निर्माणको कामलाई अघि बढाएको हो । नेफ्स्कूनका सदस्यहरूमध्ये उत्कृष्ट ठहरिएका बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापन प्रमुखहरूको साझा मञ्च नेफ्स्कून साकोस म्यानेजर्स क्लब २०६९ सालमा गठन गरिएको हो ।

विगत २ वर्ष यता फेरिएको यसको संरचना अनुसार नेफ्स्कूनले प्रत्येक वर्ष आफ्नो स्थापना दिवसको अवसर पारेर साउन ३२ गते घोषणा गर्ने उत्कृष्ट व्यवस्थापकको रूपमा पुरस्कृत व्यवस्थापकको संयोजकत्वमा, निवर्तमान संयोजक १ जना, प्रदेशस्तरीय उत्कृष्ट साकोसका ७ व्यवस्थापन प्रमुख, सर्वोत्कृष्ट साकोसको व्यवस्थापक १ र उत्कृष्ट महिलातर्फको साकोसकी



व्यवस्थापक १ जना सदस्य रहने व्यवस्था छ ।

क्लबका संयोजक सहित सदस्यहरूको कार्यकाल १ वर्षको हुनेछ । नेफ्स्कूनको वार्षिक साधारणसभाबाट पुरस्कृत साकोस तथा व्यवस्थापन प्रमुखहरूबाट अर्को वर्षका लागि उत्कृष्ट घोषितहरूलाई क्लबको जिम्मेवारी हस्तान्तरण हुनेछ । प्रारम्भमा नेफ्स्कून एवं एशियाली ऋण महासंघको प्राविधिक सहयोगमा सञ्चालित गुणस्तर सुनिश्चितता प्रमाणीकरण कार्यक्रम "उत्कृष्ट सेवा तथा सुरक्षाका लागि सर्वोत्तम छनोट" अर्थात् एक्सेस ब्राण्ड प्राप्त साकोसका व्यवस्थापन प्रमुखहरूको सहभागितामा "एक्सेस् साकोर्स म्यानेजर्स क्लब" नाम दिइएको उक्त फोरमलाई २ वर्षअघि "नेफ्स्कून साकोस म्यानेजर्स क्लब" नामाकरण गरिएको हो ।

नेफ्स्कून व्यवस्थापनका साथै देशभरका साकोसहरूबीच असल अभ्यासहरू साटासाट गर्ने, संस्थागत चुस्तता र कार्यदक्षताका लागि अनुभवहरू आदानप्रदान गर्ने थिंक ट्यांक हो । नेफ्स्कूनको सञ्जालभित्रका वित्तीय सहकारीहरूका साझा मुद्दाहरूमा चिन्तन मनन गर्ने, नवीन अवधारणाहरू विकास गर्ने र भोलीका सम्भावनाहरू पहिचान गर्ने लुज फोरम हो । बचत तथा ऋण सहकारी अभियानभित्र कार्यरत मानव संशाधनको विकास र परिचालन गरी नवीनतम् विषयहरूको प्रवर्द्धन र अवलम्बनका लागि संघ अन्तर्गत एक व्यावसायिक विशेषज्ञ समूहको रूपमा क्लब रहने व्यवस्था क्लब सञ्चालन कार्यविधिमा उल्लेख छ । साकोस अभियानको सशक्तिकरणको लागि सहयोगीसिद्ध विषयहरूको चर्चा, सहजिकरण र बहसपैरवी, साकोसको केन्द्रीय संघ र प्रारम्भिक संस्थामा व्यावसायिकता विकासका लागि रणनीतिक मार्गनिर्देश तयार गर्न आवश्यक भूमिका खेल्ने लगायत यसका उद्देश्य निर्धारण गरिएको छ ।

**यसै विषयमा केन्द्रित रहेर क्लबका वर्तमान संयोजक ईश्वर न्यौपानेको विचार**

नेपालमा सञ्चालित बचत तथा ऋण सहकारी संघ संस्थाहरूको छाता संघ नेफ्स्कूनले आवद्ध बचत तथा ऋण सहकारी संस्थामा कार्यरत मानव संशाधनको क्षमता विकास, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रयोग भएको नयाँ अभ्यासहरूलाई बचत तथा ऋण सहकारी संस्थामा प्रयोगमा ल्याउने, साकोसका मानव संशाधनमा भएका नविन सोचहरूको व्यवस्थापन गरी एक आपसमा आदान प्रदान गर्दै प्रभावकारी सदस्य सेवामा समर्पित

बनाउने, अनुसन्धान र विकासलाई साकोस अभियानमा आत्मासाथ गराउने, नविनतम विषयहरूलाई साकोसमा प्रवर्द्धन र अवलम्बन गर्ने उद्देश्यले नेफ्स्कूनले प्रत्येक वर्ष छनोट गर्ने साकोस अभियानको उत्कृष्ट व्यवस्थापक एवं उत्कृष्ट संस्थाको व्यवस्थापक सम्मिलित एक समुहनै नेफ्स्कून साकोस म्यानजर्स क्लब हो ।

साकोस म्यानेजर्स क्लबले साकोस अभियानमा अभ्यासयोग्य नविनतम विषयहरूको प्रवर्द्धन र अवलम्बन गर्ने, साकोसमा कार्यरत व्यवस्थापक र व्यवस्थापक मार्फत सिँगो व्यवस्थापनको क्षमतास्तर, कार्य सम्पादन स्तर, योगदानको स्तरलाई अभिवृद्धि गर्ने, साकोस अभियानको सशक्तिकरणको लागि सहयोगीशीद्ध विषयहरूको चर्चा चलाउने, सहजीकरण गर्ने र बहस पैरवीहरूमा भाग लिने उद्देश्य तय गरेको छ । यससँगै साकोसको केन्द्रीय संघ, जिल्ला तथा प्रदेश संघहरू र प्रारम्भिक संस्थामा व्यावसायिकता विकासको लागि रणनीतिक मार्गनिर्देश तयार गर्न आवश्यक भूमिका खेल्दछ । जस अन्तर्गत साकोसहरूको कार्य सञ्चालनमा एकरूपता तथा स्तरीयता ल्याउन सहयोग पुऱ्याउने र ज्ञान व्यवस्थापन एवं रूपान्तरणमा सहयोग पुऱ्याउने काममा लक्षित छ ।

नेपालको सहकारी अभियानको विधिवत सुरूवात भएको आज ६४ वर्ष पुगेको छ । सहकारी मार्फत बचत तथा ऋण सहकारी अभियानको यात्रा पनि यसै समयदेखि शुरू भयो । ६ दशक भन्दा बढी समयदेखि अभियानको रूपमा स्थापित बचत तथा ऋण सहकारी क्षेत्रले अपेक्षित रूपमा व्यावसायिक बन्न भने सकेको छैन । ब्यावसायिक को अर्थ नाफासँग जोड्न खोजिएको हैन । सहकारी मार्फत संस्थामा आवद्ध सेयर सदस्यहरूलाई मुस्कान र आधुनिक प्रविधि सहितको सेवा सहज र सरल ढंगबाट प्रदान गर्ने क्षमता विकास व्यवसायिकता हो । जुन हाम्रो देशको सहकारी अभियानभित्र व्यावसायिकता विकास गर्न र दीगो रूपमा स्थापित गर्न सहकारीको मूल्य, आदर्श र सिद्धान्त अनुरूप काम गर्न सक्ने व्यावसायिक सीपयुक्त व्यक्ति र व्यक्तिहरूको समूह पहिचान, निर्माण र सान्दर्भिकताको खोजी निरन्तर कायमै छ । यस सन्दर्भलाई जोड्न खोज्दा नेफ्स्कून साकोस म्यानेजर्स क्लबले नविनतम विषयहरूको प्रवर्द्धन र अवलम्बन गर्न गराउने, साकोसको मानव संशाधन क्षमतालाई विकास गर्ने गराउने, साकोस अभियानको सशक्तिकरणको लागि बहस पैरवी चलाउने, मानव संशाधनमा व्यावसायिकताको विकास गर्ने गराउने, साकोसको कार्यसञ्चालनमा एकरूपता ल्याउन सहयोग गर्ने, ज्ञान व्यवस्थापन र रूपान्तरणमा सहयोग पुऱ्याउने उद्देश्य लिएको हुँदा यो क्लबको महत्व र सान्दर्भिकता उच्च रहेको सबैमाझ जगजाहेर छ ।

यसको व्यावसायिक र वृहत्तर विकासका लागि क्लबले विशेष रणनीतिक योजनाहरू अगाडि सारेको छ । क्लबले साकोस अभियानको संवाहकको रूपमा कार्य गर्नेछ । साकोसको चुस्त व्यवस्थापन गर्नको लागि विधि र प्रक्रियाको मस्यौदामा सहयोग गर्नेछ । साकोसमा कार्यरत मानव संशाधनको विकासका लागि साकोस अभियानको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चर्चाको शिखरमा रहेको विषयहरूलाई आन्तरीकीकरण गर्नेछ । साकोस अभियानले स्थापित गरेका असल अभ्यासहरूलाई प्रचार र सहजीकरण गरिनेछ । यस क्लबले साकोस सञ्चालनको कार्यविधिगत व्यवस्थाको ब्याख्याताको भूमिका निर्वाह गर्नेछ । साकोस सञ्चालनमा स्तरोन्नती र प्राविधिकीकरणका लागि आगामी मार्गतय गर्न नेफ्स्कूनलाई सहयोग गर्नेछ । यस क्लबका पदाधिकारी तथा सदस्यहरूको क्षमता विकासको लागि असल अभ्यास आदान प्रदान कार्यक्रम सञ्चालन गर्नेछ । साकोस व्यवस्थापकहरूको पेशागत विकास गर्न सहयोगी बन्नेछ । साकोसमा आउने नयाँ चुनौतीहरूको सामना गर्न साझा धारणा तथा योजना निर्माण गर्नेछ । ज्ञान व्यवस्थापन र रूपान्तरणको लागि योजना निर्माण र कार्यान्वयन गर्नेछ ।



क्लबले तय गरेका निर्दिष्ट रणनीति योजनाको साथसाथै यसले स्थापना कालदेखीनै साकोस अभियानमा आवद्ध मानव संशाधनको क्षमता विकासको कार्यहरू गर्दै आएको छ । सुरूमा साकोस अभियानका लागि मानव संशाधन सम्मेलन गरेर अनुभव आदान प्रदान गर्ने कार्यको साथै बैंक तथा वित्तीय क्षेत्रका महत्वपूर्ण व्यक्तित्वहरूको अनुभव सेयर गर्ने व्यवस्था मिलाएको थियो । त्यसैगरी साकोसका व्यवस्थापकहरूको सम्मेलन गर्ने कार्य गरी ज्ञान वृद्धि र व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । साकोस अभियानमा कार्यरत मानव संशाधनको क्षमता विकासलाई मध्येनजर गर्दै यसै वर्ष यस क्लबमा सहभागिता, कार्यविधि संशोधन र योजना निर्माणको लागि कार्यशाला सञ्चालन गरेको छ ।

यस क्लबले आगामी दिनमा नेफ्स्कूनको सहयोगीको रूपमा कार्य गर्नेछ । यस अन्तर्गत साकोस अभियानमा आवद्ध मानव संशाधनको क्षमता विकास, मुस्कान र प्रविधि सहितको सेवा प्रवाह गर्न आत्मवल विकास, ज्ञान वितरण र व्यवस्थापन, साकोसमा कार्यसन्तुष्टिको वातावरण सिर्जनामा जोड, संस्थामा कार्यरत मानव संशाधनमध्ये सञ्चालकहरूको नीति कार्यविधि निर्माण र कर्मचारीहरूले नीति कार्यविधि कार्यान्वयनमा जोड गर्ने वातावरणको सिर्जना गर्नेछ । यस क्लबले आगामी दिनमा क्लबको सदस्यता व्यवस्थापन, सञ्जाल विस्तार, छवि निर्माण योजना, म्यानेजर्स लिडरसिप डेभलपमेन्ट प्रोग्राम, ज्ञान भण्डार व्यवस्थापन, जोखिम व्यवस्थापन कार्यढाँचा, साकोस अभियानमा जनशक्ति विकास, साकोस ऐनको आवश्यकतामा जोड, एच.आर. कन्फरेन्स् जस्ता सहकारी अभियानलाई सहयोग पुग्ने खालको कार्यहरू अगाडि बढाउनेछ ।

# सुशासन र वित्तीय सुरक्षाको लागि स्थिरीकरण कोष

## स्थिरीकरण कोषमा आवद्ध साकोस व्यवस्थापकहरुको विचार



**झलेन्द्र दाहाल**
व्यवस्थापक, किसान कल्याण साकोस
सुनसरी, इटहरी

किसान कल्याण बचत तथा ऋण सहकारी संस्था लि. वि.सं. २०५३ साल कार्तिक १३ गते सुनसरी जिल्लाको तत्कालिन एकम्बा, पकली र हाँसपोसा गाविस का ३४ जना अग्रजहरूको प्रति व्यक्ति प्रतिमहिना ५० रूपैयाँका दरले बचत संकलन गर्ने सोचबाट जन्म भएको इतिहास छ । यस भेगका अधिकाशं मानिसहरू तत्कालिन अवस्थामा कृषि पेशामा आवद्ध हुनुहुन्थ्यो र वहाँहरूले आफ्नो पेशा गर्न आवश्यक पर्ने ससानो रकम पनि साहुसँगबाट चर्को ब्याजदरमा उठाउनुपर्ने बाध्यतालाई हटाउन यो अनौपचारिक बचत कार्यक्रको अवधारण आएको हो । ५ वर्षसम्म यो बचत समुह अनौपचारीक रूपमानै सञ्चालनमा रहयो र वि.सं. २०५८ साल भदौ २३ गतेको प्रथम भेलाले यस बचत समुहलाई तत्कालिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय सुनसरीमा दर्ता गरी औपचारिक रूपमा कारोवारलाई अगाडि बढाउने संकल्प गरी वि.सं. २०५८ साल भदौ २५ गते किसान कल्याण बचत तथा ऋण सहकारी संस्था लि. को नाममा दर्ता गरी औपचारीक रूपमा बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्थाको रूपमा दर्ता भएको हो । संस्था दर्ता गर्ने समयसम्म कार्यक्षेत्र सीमिति थियो, केही वर्षपछि कार्यक्षेत्र विस्तार गरी सुनसरी जिल्लाका इटहरी उमनपा, रामधुनी नपा, बराहक्षेत्र नपाको वडा नं. ११ बाहेक, इनरूवा नपाको वडा नं. ७, ९ र १० बाहेक र गढी गापाको वडा नं. १ मात्र कायम रहेको छ ।

### हालसम्मको वित्तीय अवस्था

वि.सं. २०५३ कात्तिक १३ गते रू.१७००/- को कुल पुँजी र ३४ जना सदस्य रहेको बचत समुह संस्था दर्ता हुने समय वि.सं. २०५८ भदौ २५ गते सम्ममा संस्थाको कुल पुँजी ३६२,०००/- जस मध्ये सेयर पुँजी २,९७,०००/- र बचत रू.६५,००० थियो भने संस्था दर्ता गर्ने समय सम्म आइपुग्दा जम्मा सदस्य सङ्ख्या ६६ जना हुनुहुन्थ्यो । हाल सम्म (मिति २०७७ फाल्गुण २९ गतेको विवरण अनुसार) संस्थाको कुल पुँजी ८६,६५,८०,६५८।९७ पुगेको छ । यस मिति सम्ममा संस्थाको कुल सेयर पुँजी रू. ९,०२,४६,४००/-, बचत रकम रू. ६६,२२,८६,७९६।९६ र ऋण लगानी रू. ६६,८०,३३,२४१।५० रहेको छ भने सदस्य संख्या १४०३४ रहेको छ ।

### स्तरीकरण कार्यक्रममा अवद्धता

बचत तथा ऋण सहकारी संस्थाको दीगो विकास तथा गुणस्तरीय सेवाको लागि अपरिहार्य कार्यक्रम हो स्तरीकरण कार्यक्रम । हाल नेपालको साकोस अभियानले प्रयोगमा ल्याएका ३ वटा स्तरीकरण कार्यक्रमहरू मध्ये २ वटा कार्यक्रम आन्तरीक रूपमानै विकास भएका छन् । "प्रोबेसन र कर्ब्स" कार्यक्रम नेपालकै साकोस अभियान अन्तर्गत नेफस्कूनले विकास गरेको हो भने एक कार्यक्रम "एक्सेस" कार्यक्रम एसियाली ऋण महासंघले विकास गरी नेपालमा महासंघले नै प्राविधिक सहयोग गर्दै आएको छ । नेपालको साकोस अभियानलाई विधि, नीति र पद्धति अनुसार सञ्चालन गरी सहकारी संस्थामा हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्ने साथै दीगो, गुणस्तरीय र सुशासन युक्त साकोस निर्माणमा यो कार्यक्रम अतिनै आवश्यक महसुस गरेको छु । हामीले वि.सं. २०६८ साल माघदेखि एसियाली ऋण महासंघले विकास गरेको एक्सेस स्तरीकरण कार्यक्रममा आवद्ध भई अनवरत रूपमा यस प्रविधि भित्र काम गरी रहेका छौं । यस कार्यक्रममा आवद्ध हुनु भन्दा पहिले संस्था सञ्चालनका केही सामान्य मात्र विधि तथा नीति निर्माण गरिएको थियो भने यस कार्यक्रममा आवद्ध भए पश्चात संस्था सञ्चालनका सम्पूर्ण आवश्यक नीति तथा विधि निर्माणको कार्यलाई तिव्रता दिइयो र यसका लागि कार्यक्रमबाट अटुट मात्रामा प्रविधिक सहयोग प्राप्त भयो । यस प्रविधि प्रयोग गरे पश्चात संस्थाले निरन्तर रूपमा मात्रात्मक र गुणात्मक वृद्धि गर्दै गयो । एक्सेस कार्यक्रममा आवद्ध भई यस भित्रका ४ वटा क्षेत्रका ८६ वटा सुचकमा निरन्तर ४ वर्षसम्म काम गरे पश्चात वि.स. २०७२ (सन् २०१६) मा पहिलो पटक एक्सेस स्तरीकरण अडिट गर्न सफल भइयो र प्रथम अडिटमानै संस्थाले ब्रोञ्च मेडल प्राप्त गऱ्यो । त्यस पश्चातका २ वटा अडिटमा पनि ब्रोञ्च मेडल प्राप्त भयो भने चौथो अडिटमा वि.सं. २०७६ (सन् २०२०) सिल्भर मेडल प्राप्त भयो । संस्थाले प्रविधि प्रयोग गर्नु पूर्वको १० वर्षमा प्राप्त गरेको ४ करोड १२ लाखको प्रगति यस प्रविधि प्रयोग गरे पश्चातको

९ वर्षमा लगभग २० गुणा बढेर ८६ करोड ६० लाख पुगेको छ ।

### स्थिरीकरण कोषमा आवद्धता र कोषको महत्व

नेपालको साकोस अभियानको पहल कदमीलेनै बचत तथा ऋण सहकारी संस्थाहरूले स्थिरीकरण कोषमा रकम जम्मा गर्नुपर्ने कानुनी व्यवस्था पछिल्लो सहकारी ऐन, २०७४ ले गरेको छ । हरेका वित्तीय संस्था सञ्चालन गर्ने क्रममा विभिन्न खालका जोखिमहरू आउन सक्छन् । साकोसमा आउन सक्ने धेरै किसिमका जोखिम मध्ये तरलता जोखिम एक महत्वका साथ हेर्नु पर्ने जोखिम हो । अधिक तरलता वा न्यून तरलता दुवै संस्थाका लागि हानिकारक हुन् । अधिक तरलताले साकोसको नाफा कमाउन सक्ने क्षमतामा ह्रास ल्याउछ भने न्यून तरलताले साकोसको सञ्चालन प्रणालीमा नै डिस्टर्व गर्दछ । न्यून तरलताले समुदाय तथा सदस्यहरूको विश्वासमा ह्रास ल्याउछ र अन्तत्वगत्वा संस्थालाई बन्द हुने अवस्थामा पुऱ्याउँदछ । न्यून तरलताले सदस्यहरूले साकोसमा राखेको बचत फिर्ता गर्न नसक्ने वा माग गरेको ऋण लगानी गर्न नसक्ने अवस्था सिर्जना भई संस्थाको बदनाम हुने अवस्था पनि आउन सक्छ । कुनै एक सहकारी संस्थाले बचत फिर्ता दिन नसकेको समाचार बाहिर आउने वित्तिकै सबै साकोसमा त्यसको असर पर्दछ । बैंक तथा अन्य वित्तीय संस्थाहरूमा त्यस्तो समस्या भएको खण्डमा नेपाल राष्ट्र बैंकले तुरून्त रेस्क्यु गर्दछ तर साकोसहरूलाई त्यस प्रकारले रेस्क्यु गर्ने न कुनै निकाय थियो न कुनै रेस्क्यु गर्ने फण्ड नै थियो । यस्तै अवस्थालाई मध्यनजर गर्दै अब सहकारी संस्थाहरूले स्वनियमनमा बस्ने र स्व-रेस्क्यूमा जानु पर्दछ भन्ने मलाई लाग्दछ । स्व-रेस्क्यूमा जानका लागि त फेरी पनि फण्डको आवश्यकता पर्दछ र सो फण्ड जुटाउनका लागि नै सम्पूर्ण साकोसहरूले आफ्नो खुद नाफाबाट केही रकम यस कोषमा योगदान गर्नु पर्ने हुन्छ । यस कोषले संस्थामा भविष्यमा आउन सक्ने सम्भावित न्यून तरलता जोखिमबाट हुन सक्ने समस्यालाई तत्कालका लागि समाधान गर्दछ र साकोस अभियानको छवि उच्च राख्न यो एक महत्वपूर्ण साधन हुनेछ । यस कोषले भविष्यमा, साकोस मार्फत आफ्नो कारोवार गर्दा बैंकमा जुन तरिकाको सुरक्षित महसुश गर्दछ सोही तरिकाले साकोस मार्फत कारोवार गर्दा समुदाय तथा सदस्यले सुरक्षित महशुस गर्दछन् भन्ने मेरो अपेक्षा रहेको छ ।

> साकोसमा आउन सक्ने धेरै किसिमका जोखिम मध्ये तरलता जोखिम एक महत्वका साथ हेर्नु पर्ने जोखिम हो । अधिक तरलता वा न्यून तरलता दुवै संस्थाका लागि हानिकारक हुन ।

### साकोस स्थिरीकरण कोषसँग अभियानको अपेक्षा

यसका केही प्राविधिक समस्याहरू छन्, जस्तो स्थिरीकरण कोषमा सहभागी हुन नेफ्स्कूनले केही मापदण्ड बनाएको छ जुन मापदण्ड भन्दा बाहिर रहेर चलेका साकोसहरू धेरै छन् र उच्च जोखिममा रहेका भनौ अथवा भविष्यमा रेस्क्यू गर्नुपर्ने अवस्था आउन सक्ने बढी सम्भावना पनि तिनै साकोसमा हुन्छ । यस्ता साकोसहरूलाई पनि यस कार्यक्रममा जोड्नका लागि के कस्तो योजना बनाउने हो र नेपालको समग्र साकोस अभियानलाई सुरक्षित प्रत्याभुत कसरी गराउने भन्ने कुरा हामी प्रष्ट हुनुपर्दछ । यो विषय सायद नेपालका साकोस अभियानको साझा अपेक्षा होला जस्तो लाग्छ । साथै नेफ्स्कूनको मापदण्ड अनुसार यस कोषमा योगदान गर्ने साकोसहरू स्तरीकरण कार्यक्रममा गएका हुनै पर्ने भन्ने छ तर स्तरीकरण कार्यक्रममा गएका साकोसहरूलाई यस कोषबाट रेस्क्यू सायदै गर्नु पर्ने हुन्छ । यस्तो अवस्थामा यस कोषमा योगदान गर्ने साकोसहरूले लामो समय सम्म ठूलो रकम योगदान गरेको हुन्छ भने त्यसवापत कुनै पनि प्रतिफल प्राप्त गर्न सक्दैन त्यसैले मेरो अपेक्षा के छ भने यस कोषमा योगदान गर्ने साकोसहरूलाई योगदानको आधारमा न्यूनतम प्रतिफलको प्रत्याभूति गराए राम्रो हुने थियो । बरू त्यस्तो प्रतिफलको प्रत्याभूति कुन प्रक्रियाबाट गराउने भन्ने विषयमा कोषमा योगदान गर्ने साकोसका प्रतिनिधिहरूसँग छलफल गरी साझा धारणा बनाउनु पर्दछ ।

### स्थिरीकरण कोषको प्रभावकारी सञ्चालनमा सरोकारवालाहरुको भूमिका

सर्वप्रथम त यस कोषको सञ्चालन गर्ने सम्बन्धमा नेफ्स्कूनलेनै सहभागी साकोसहरूको भूमिका सुनिश्चित गर्नु पर्दछ । यसको सञ्चालन प्रक्रिया के कस्तो हुने र उक्त कोषको नियन्त्रण कसले गर्ने भन्ने विषयमा नेफ्स्कून प्रष्ट हुनु पर्दछ । मेरो विचारमा यस कोषको नियन्त्रण र सञ्चालनका लागि सहभागी संस्थाहरूका प्रतिनिधिहरू मध्येबाट नै चयन गर्नु पर्दछ । योगदान एउटाको र नियन्त्रण तथा सञ्चालन अर्कोको हुँदा यस कोषको दुरुपयोग हुने सम्भावना रहन्छ भन्ने लाग्दछ । साथै यस कोषको हरेक आवमा छुट्टै लेखापरीक्षण गर्नु पर्दछ र उक्त लेखा परीक्षणमा हरेका साकोसले कोषमा गरेको योगदानको छुट्टाछुट्टै अभिलेख राख्नु पर्दछ ।



**कविन्द्र धौबन्जार**
व्यवस्थापक, सामूहिक साकोस
भक्तपुर

### सामूहिक साकोसको संक्षिप्त परिचय:

आजभन्दा करिब २४/२५ वर्ष पहिले समुदायमा ढुकुटीको प्रचलन थियो । त्यो समय समुदायका जागरूक युवाहरू नित्यनाथ श्रेष्ठ, राजेश बहादुर श्रेष्ठ, राजेश किजु, माधव ध्वजु र कृष्णप्रसाद दुवाल पनि अरू कसैले सञ्चालन गरेका ढुकुटी खेल्ने खेलाउने गर्थे । यीनै समूहबीच केही समय पश्चात आर्थिक कारोवारका लागि बलिया समूह निर्माण गर्ने सोच विकास भयो । २०५५ असोज २३ गते डिभिजन सहकारी कार्यालय भक्तपुरमा विधिवत रूपमा संस्था दर्ता भयो । विनियम मस्यौदा तयार गर्ने क्रममै संस्थाको नाम सामूहिक राखियो । संस्थापक अध्यक्ष नित्यनाथ श्रेष्ठ सहित ७ जनाले सामूहिकमा नेतृत्व प्रदान गरिसक्नुभएको छ ।

प्रत्यकले जनही रू. १ हजार सेयरपुँजी र रू. २ सय नियमति बचत बाट कारोवार शुरू भएको यस सामूहिक साकोसमा २०७७ फागुन मसान्तसम्ममा रू. ६ कारोड १९ लाख सेयरपुँजी, ४४ करोड २० लाख निक्षेप, ऋण लगानी रू ४८ करोड ३० लाख, जगेडाकोष ३ कारोड ३ लाख, संस्थागत पुँजी रू. ३ करोड ५१ लाख र सदस्य संख्या ६३५२ जना पुगि सकेको छ ।

एशियाली ऋण महासंघले प्रतिपादन गरेको संस्थाले सदस्यलाई दिने सेवा सुविधा सम्बन्धी र वित्तीय तथा गैर वित्तीय क्रियाकलापको स्तर मापन गर्ने सूचकांकका आधारमा गरिने स्तरिकरण कार्यक्रममा (ACCESS Branding Program) विगत वर्ष देखिनै अवद्ध भई रहेकोमा २०७१ सालमा सामूहिक साकोसलाई डिभिजन सहकारी कार्यालय भक्तपुरले भक्तपुर जिल्लाकै उत्कृष्ट सहकारी संस्था घोषण गरेको थियो । साथै नेफ्स्कूनबाट प्रतिपादित PROBATION Branding Program मा गत वर्ष देखी आवद्ध भई २०७६ र २०७७ मा गरी लगातार २ वर्ष प्रोबेसन ब्राण्ड प्राप्त गर्न सफल भएको छ भने बुद्ध र समता दुई साकोससँग एकीकरण समेत गरिसकेको छ । साकोसले आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ मा गरी रू. ६ लाख ५० हजार नेफ्स्कून साकोस स्थिरीकरण कोषमा रकम समेत जम्मा गरी सकेको छ ।

### स्थिरीकरण कोष स्थापनाको आवश्यकता र यसको महत्व:

सहकारी ऐन, २०७४ जारी भए पश्चात स्थिरीकरण कोषको विषयमा बहस शुरू भएको हो । सहकारी ऐन २०७४ दफा १०३ मा उपदफा (१) मा बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिलि एक स्थिरीकरण कोष खडा गर्न सक्ने व्यवस्था गरेको छ । संस्थाको कर पछिको नाफाबाट जगेडा कोष, संरक्षित पुँजी फिर्ता कोष र सहकारी प्रवर्द्धन कोषमा रकम छुट्याई सकेपछि बाँकी रहेको नाफाबाट कम्तीमा ५ प्रतिशत रकम यो कोषमा छुट्याउनु पर्ने कानुनी व्यवस्था छ ।

वित्तीय बजार आफैमा संवेदनशील र जोखिमयुक्त बजार हो । बचत र ऋण कारोवार गर्ने संस्थाले ऋण लगानीको पोर्टफोलियो राम्रोसँग व्यवस्था नगरी एकैक्षेत्रमा मात्र वा थोरै व्यक्तिलाई मात्र केन्द्रित गरी धेरै ऋण लगानी गर्यो भने निश्चित रुपमा त्यसमा बढी जोखिम हुन्छ । त्यसको लागि व्यवस्थापन र सञ्चालक पक्ष बढी चनाखो भएर सूरक्षित लगानी गर्नुको विकल्प छैन । यसका बावजुत कहिले काही काबु बाहिरको समस्याले गर्दा कुनै संस्था वित्तीय संकटमा पर्यो भने त्यस्तो संस्थालाई उकास्न स्थिरीकरण कोषले मद्दत गर्छ । यसैको लागि यो कोष स्थापना गरिएको हो ।

### स्थिरीकरण कोषसँग हाम्रो अपेक्षा

क) सहकारी संस्थाहरुमा वित्तीय स्थायित्व कायम गर्नु ।

संस्थाको काम र प्रगति एक चोटी वा एक वर्षको लागि मात्र होइन सधैको लागि हुनु पर्छ । काम र प्रगति एक चोटी गरे पछि अर्को चोटीलाई आवश्यक छैन भन्ने हुँदैन । स्थिरीकरण कोषले सहकारी संस्थाको प्रगतिलाई संस्थागत गर्ने र वित्तीय स्थायित्व कायम गर्नमा सहयोगी भूमिका खेल्न सक्नु पर्छ । संस्था विकासको गतिलाई सन्तुलित र मर्यादित बनाउँदै वित्तीय स्थायित्व कायम गर्नमा यो कोषले महत्वपूर्ण भूमिका खेल्छ भन्ने अपेक्ष सबै पक्षले गरेको छ ।

ख) सहकारी संस्थाहरुको जोखिम हस्तातरण:

स्थिरीकरण कोष संस्थालाई अप्ठ्यारो परेको बेला ओत लाग्ने थलो रूपमा विकास गर्नुपर्छ । संसारमा शुन्य जोखिम भएको कुनै व्यवसायमा हुँदैन । वित्तीय कारोवार गर्ने संस्थाहरू त्यसै पनि अलि बढी संवेदनशील हुने गर्छ । स्थिरीकरण कोषमा सहभागिता र त्यसमा गरेको योगदानलाई सहभागी संस्थाहरूले जोखिम हस्तान्तरण गरेको अनुभूति हुने गरी कोष परिचालन हुनु पर्छ ।

ग) वित्तीय संकट समाधान गर्ने औजार (लिभर):

भनिन्छ नी दशा बाजा बजाएर आउन्दैन । संस्थामा संकट जुनकुनै पनि बेला जुनसुकै स्वरूपमा आउन सक्छ । संकट तब मात्र संकटको रूपमा देखा पर्छ जब काबु भन्दा बहिरको हुन्छ । संस्थाहरूलाई आइ पर्ने काबु बाहिरको समस्या समाधन गर्ने औजार (लिभर) को रूपमा यो कोषले काम गर्न सक्नु पर्छ ।

**स्थिरीकरण कोषको प्रभावकारी सञ्चालका लागि सरोकारवालाहरुको भूमिका:**

सहकारी संस्थाहरूको मुख्य समस्या भनेकै आवश्यकता भन्दा बढी यसको संख्या हुनु हो । अर्को समस्या भनेको सहकारी संस्थाहरू बेथिति चल्नु हो । सम्पती शुद्धीकरण सम्बन्धी निर्देशिकाको पालना नगर्नु, बचतको स्रोत नखोजिनु, ऋण लगानी गरी सके पश्चात ऋण सदुपयोगित जाँच गर्न नसक्नु, सहकारी विभागले तोके बमोजिम सन्दर्भ ब्याजदर कडाइका साथ लागु नहुनुले अधिकांस संस्थाहरू बेथितिमा सञ्चालन रहेको भन्ने प्रस्ट हुन्छ । संस्थाहरू परिवारवाद नाताबादमा सञ्चालन भएको अवस्थामा स्थिरीकरण कोषको प्रभावकारी सञ्चालन त्यति सजिलो विषय होइन । यसको सरोकारवाला भनेको मुलतः सरकार, केन्द्रीय संघ र प्रारम्भिक संस्थाहरू नै हुन ।

क) कोषमा सहभागिता पश्चात यसबाट पाइने सुविधाको जानकारी:

स्थिरीकरण कोषमा जम्मा गरेको रकमलाई खर्चको रूपमा नलिइकन लगानीको रूपमा लिनु पर्छ । स्थिरीकरण कोष सहकारी अभियानमा कोषे ढुंगा सावित हुनेमा दुईमत छैन । २०७६/०८/०९ मा सहकारी मन्त्रालयबाट "बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि २०७६" जारी भए पश्चात यसबारे जानकार हुने अवसार प्राप्त भयो । तर यो विषय नौलो भएकोले कतिपय कुराहरू अहिले पनि प्रस्ट भइसकेको छैन । कोषमा सहभागिता पश्चात पाइने सुविधाको बारेमा जानकारी नभएका संस्थाहरू अन्यौलमा परेको देखिन्छ । सूचना, जानकारी र सही परामर्शको अभावमा योग्यता पुगेका कतिपय संस्थाहरू अहिले पनि कोषमा सहभागी भएको छैन । कार्यविधिको दफा २३ र २४ मा तरलता सापटी र दायित्व भुक्तानी सापटीको व्यवस्था गरिएको छ । तर तरलता सापटी र दायित्व भुक्तानी सापटी आवश्यक नभएका संस्थाहरूले यसबाट के लाभ प्राप्त गर्न सकिन्छ त्यसको प्रस्ट व्यवस्था कार्यविधिमा गरेको देखिएन । यो कोषलाई अझ व्यापक बनाउन सहभागी संस्थाले पाउने सुविधामा अझै विविधता ल्याउनु पर्ने देखिन्छ ।

ख) नियमित निरीक्षण अनुगमनका साथै बेथिति नियन्त्रण गरी सुशासनमा संस्था सञ्चालन गर्न प्रोत्साहन गर्नुपर्नेः

अहिले सहकारी क्षेत्रमा ज्यादै बेथिति छ । एकातिर सरकारले गैर कानुनी तवरले आय आर्जन गरेको सम्पत्तिलाई करको दायरामा ल्याउन सहकारी संस्थालाई सम्पत्ति शुद्धीकरण निर्देशिका जारी गरेका अवस्था छ । निर्देशिका अनुसार सदस्यको पहिचान अध्यावधि गर्ने, सदस्यको वार्षिक अनुमानित आयको अभिलेख राख्ने, सीमा कारोवार र शंकास्पद कारोवारको विवरण सम्बन्धित निकायमा पठाउने कार्यहरू नियमानुसार गरे नगरेको अनुगमन गर्न जरूरी छ । हुन त सरकारले २०७८ साउन देखि सबै संस्था गो ए.एम.एल. लागु गर्ने भनि सकेको छ । संस्थाको बेथिती नियन्त्रण गरी सुशासनमा नल्याए सम्म स्थिरीकरण कोषबाट मात्र सहकारी अभियान अगाडि बढाउन सकिने अवस्था छैन । बेथितीको नियन्त्रण गर्न नियमित निरीक्षण अनुगमन गरी संस्थाहरूलाई सुशासनमा ल्याउन सरोकारवालाहरूले पहल गर्नु पर्छ ।

ग) संस्थागत पुँजी वृद्धिमा प्रोत्साहन गर्नु पर्ने :

संस्थागत पुँजी ५ प्रतिशत भन्दा माथि रहेको संस्थाहरू मात्र यो कोषमा सहभागी हन पाउने प्रावधान अनुसार बढी भन्दा बढी संस्थाहरूलाई यस कोषमा सहभागी गराउनको लागि संस्थागत पुँजी वृद्धिमा साकोसहरूलाई अभिप्रेरित गर्न जरूरी छ । शुरुमा २.५ प्रतिशत भन्दा माथि भए पुग्ने र आउने ३ वर्षमा ५ प्रतिशत पुऱ्याउनु पर्ने व्यवस्थाले संस्थागत पुँजी वृद्धिमा सकारात्मक प्रभाव पार्ने देखिन्छ । संस्थागत पुँजीको महत्व र आवश्यकता नबुझेर अधिकांश संस्थाहरूले कमाएको सबै नाफा विभिन्न माध्यमबाट वितरण गरी बाँडेरै सिध्याउने प्रथालाई निस्तेज गर्नको लागि संस्थागत पुँजी वृद्धिमा साकोसहरूलाई अभिप्रेरित गर्न जरूरी छ ।

स्थिरीकरण कोषमा जम्मा गरेको रकमलाई खर्चको रुपमा नलिइकन लगानीको रुपमा लिनु पर्छ । स्थिरीकरण कोष सहकारी अभियानमा कोषे ढुंगा सावित हुनेमा दुईमत छैन । २०७६/०८/०९ मा सहकारी मन्त्रालयबाट "बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष स्थापना तथा सञ्चालन कार्यविधि २०७६" जारी भए पश्चात यसबारे जानकार हुने अवसार प्राप्त भयो ।



**रणबहादुर थापा**
व्यवस्थापक, जनउत्थान साकोस
रुपन्देही, तिलोत्तमा

जनउत्थान साकोसको स्थापना २०६२ पौष १ गते भएको हो । हालसम्म यसको सेयर सदस्य संख्या २२७३४ जना, कुल पुँजी करिब २२३ करोड, ऋण लगानी १७९ करोड, बचत संकलन १७६ करोड, सेयर १९ करोड, जगेडा कोष १६ करोड पुगिसकेको छ भने ६ वटा सेवा केन्द्र रहेको छ । जनउत्थान साकोस २०७६ सालदेखि आवद्ध भएको हो । सहकारी नियमावली २०७५ अनुसार अहिलेसम्म आर्थिक वर्ष २०७५/०७६ र २०७६/०७७ को गरी २ पटक जम्मा रू.३१,७७,४५३।– जम्मा गरिसकेको छ । सहकारी सञ्चालनमा हुन सक्ने जोखिमबाट संरक्षण गर्नको लागि सहकारी ऐन, २०७४ को दफा १०३ अनुसार बनाइएको स्थिरीकरण कोषमा जनउत्थान साकोस आवद्ध भई संस्थालाई अझ सुरक्षित संस्थाको रूपमा उभ्याउन प्रयास गरिएको छ ।

### स्थिरीकरण कोषमा आवद्धता र कोषको महत्व

बचत तथा ऋण सहकारी संस्था भनेको बचत तथा ऋणको कारोवार गर्ने सहकारी हो । बचत तथा ऋण कारोवार कहिले कसरी उतार चढाब हुन्छ भन्ने कुरा हाम्रो हातमा मात्र सीमित हुँदैन । सेयर सदस्यलाई दुख परेको बेलामा बचत फिर्ता वा ऋण सुविधा दिन सकिएन भने संस्थाको विश्वसनियता घट्न सक्छ । यसको लागि संस्थाले पर्ल्स सुचांक अनुसार तरलता तथा अन्य वित्तीय सूचकहरू दुरुस्त राख्नु पर्छ । यसरी पर्ल्स सूचकहरू दुरुस्त राख्दा राख्दै कहिले काहीं हाम्रो कण्ट्रोल भन्दा बाहिरको प्रभावको कारण संस्थाको तरलतामा पार्ने प्रभावको कारण हुन सक्ने जोखिम कम गर्न यो स्थिरीकरण कोषले सहयोग गर्छ । संस्थामा संकट आएको बेला संस्थाको सुरक्षाको लागि यो कोष रामायणको सञ्जीवनी बुटिको काम गर्नेछ ।

### साकोस स्थिरीकरण कोषसँग अभियानको अपेक्षा

तरलता व्यवस्थापनको लागि जति बेला पनि लिने अवस्था भएमा सेवा शुल्क लिन सकिन्छ तर सामान्य अवस्थामा यो कोषबाट सापटी ऋण लिइदैन । यो कोषको प्रयोग विशेष संकटका बेला मात्र हुनेगर्छ त्यसैले यस विशेष परिस्थितिमा साकोसले स्थिरीकरण कोषबाट ऋण सापटी लिदा सेवा शुल्क लिनु हुँदैन । स्थिरीकरण कोषको प्रयोगको लागि समस्यामा परेको संस्थाको सञ्चालक समितिको निर्णय हुनासाथ तुरुन्त फायर ग्रुपको जस्तै छिटो छरितो सेवा दिन सक्ने गरी व्यवस्था मिलाउनु पर्छ । स्थिरीकरण कोष व्यवस्थापन समितिको बैठक बसेर निर्णय गरून्जेलसम्ममा समस्याग्रस्त सहकारी खतम हुने अवस्था नआओस । स्थिरीकरण कोषमा सहभागी नभएका सहकारीहरूलाई ब्राण्डिङमा रोक लगाउनु पर्छ । राष्ट्रिय तथा क्षेत्रीय पुरस्कारको लागि यस कार्यक्रममा सहभागी भएको हुनु पर्ने व्यवस्था मिलाउनु पर्छ । समय समयमा जोखिम व्यवस्थापनका लागि विशेष तालिमहरूको व्यवस्था मिलाउनु पर्छ ।

### कोषको प्रभावकारी सञ्चालनका लागि सरोकारवालाको भूमिका

छिटो हुनु अघि नै सुरक्षित अवतरणको लागि छिटो छरितो सेवा दिन सजिलो प्रक्रिया बनाउने ।

सेवा दिनको लागि कोष सञ्चालन समितिको पूर्ण बैठक भन्दा सानो कार्यदलको गठन गर्ने ।



**यज्ञ प्रसाद प्रसाई**
व्यवस्थापक, नव विकास साकोस
मकवानपुर

नव विकास बचत तथा ऋण सहकारी संस्था लि. २०६५ साल मंसिर १० गते विधिवत रूपमा डिभिजन सहकारी कार्यालय मकवानपुरमा दर्ता भई सञ्चालनमा आएको हो । हाल यो संस्था १२ औं बसन्त पार गरी रहँदा २२१४ जना सदस्य रहेको छ । संस्थाको कुल सेयर पुँजी १ करोड ९५ लाख १ हजार, जगेडा कोष १ करोड १६ लाख ६६ हजार, कुल बचत १७ करोड ५४ लाख ७८ हजार, लगानीमा रहेको ऋण १६ करोड ९५ लाख, सम्पति ३९ लाख १७ हजार तथा कुल बासलात २२ करोड ४२ लाख ४६ हजार रहेको समुदायमा आधारित एक सामाजिक संस्थाको रूपमा नीति, विधि र प्रविधिलाई अवलम्बन गरी संस्थाको दीगो विकास का लागि स्तरीकरण कार्यक्रममा सहभागी भई प्रोबेशन ब्राण्ड कार्यक्रममा सफलता पाएका छौं भने एक्सेस कार्यक्रममा पनि सहभागी भएका छौ ।

### स्थिरीकरण कोषमा आवद्धता

बचत तथा ऋण सहकारी संस्थाहरूले दिने सेवामा जोखिम बढी हुन्छ । यसलाई न्यूनीकरण गर्न र सदस्यको बचतको सुरक्षण गरी सदस्यलाई सहकारी सँग कारोवार प्रति विश्वस्त बनाउन आवश्यक छ ।

संस्थाको सञ्चालन प्रक्रिया, सञ्चालक समिति, कर्मचारीहरूबाट जानी जानी वा नजानेर भविष्यमा हुन सक्ने त्रुटिले गर्दा संस्था धरासायी हुन नदिन र देशको

राजनितिक अवस्था, प्राकितृक प्रकोप महामारीको अवस्थामा समेत हुने वित्तीय तथा गैर वित्तीय जोखिमको समाधानका लागि स्थिरीकरण कोषको ठूलो महत्व रहेको छ ।

**स्थिरीकरण कोषसँग अपेक्षा**

स्थिरीकरण कोषमा आवद्ध संस्थालाई तरलता संकट भएको समयमा सहुलियत ब्याजमा ऋण उपलब्ध गराउने । स्थिरीकरण कोषमा आवद्ध संस्थाको अवस्था नराम्रो भएमा संस्थाको स्थितिको सुक्ष्म विश्लेषण गरी संस्थाको कार्य निरन्तरता दिलाउन प्रमुख समन्वयकारी भूमिका खेल्ने । संस्थाको स्तरोन्नतिका लागि तालिम तथा गोष्ठी व्यवस्थापन गर्ने ।

**स्थिरीकरण कोष प्रभावकारी सञ्चालनका लागि सरोकारवालहरूको भूमिका**

स्थिरीकरण कोषले वार्षिक रुपमा अनुगमन गर्नुपर्ने तथा विशेष सुचकांक वृद्धिका लागि प्रोत्साहन गर्नु पर्ने । स्थिरीकरण कोष सरकारी निकायसँग आवद्ध भएकाले सरोकारवाला निकायको सहाभागितामा वार्षिक गोष्ठी आयोजन गर्नुपर्ने देखिन्छ । बचत तथा ऋणको कारोवार गर्ने सबै संस्थालाई स्थिरीकरण कोषको न्यूनतम मापदण्ड पुरागरी स्थिरीकरण कोषमा आवद्ध गराउन अन्यथा संस्था मर्जरमा जाने वा विघटन गर्ने नीति बनाउन सहकारी विभागसँग समन्वय गर्ने आवश्यक देखिन्छ । योगदानलाई समेत आधारमानी साकोसलाई पनि ग्रेडिङ्ग गुर्नपर्ने सुझाव सहकारी विभाग मार्फत लैजानु पर्छ ।

# नागरिकको समृद्धिमा सहकारीको भूमिका महत्वपूर्ण




भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी. ले नागरिकको समृद्धिमा सहकारीको लगानी महत्वपूर्ण रहेको बताउनु भएको छ । बैंकिङ्ग सेवा पुगेको या नपुगेको दुवै क्षेत्रमा सहकारीको योगदान पछिल्लो समय निकै राम्रो बन्दै गइरहेको प्रति उहाँले जोड दिनुभयो । चैत्र २९ गते दोलखाको चरिकोटमा आयोजित स्तरीकरण कार्यक्रममा सहभागी गौरीशंकर क्लष्टरमा आवद्ध साकोसहरूको कार्यशाला गोष्ठीमा बोल्दै नगर प्रमुख के.सी. ले सो कुरा बताउनु भएको हो ।

सदस्यले एक मुठा साग, एउटा कुखुरो, एउटा बाखो बेचेर जम्मा गरेको रकमको सुरक्षाको जिम्मा पूर्ण रूपमा सहकारीले लिनुपर्ने बताउँदै लगानी गर्दा हरेक पक्षबाट सोचेर मात्र सुरक्षित लगानी गर्न सहभागी सहकारी प्रतिनिधिहरूलाई अनुरोध गर्दै नगरले विकास गरेका एक वडा एक उद्यमी कार्यक्रम अन्तर्गत उद्यमीहरूका लागि आवश्यक पुँजी सहयोगका लागि सहकारी समक्ष आग्रह समेत गर्नुभयो । उहाँले दुईवटा स्थानीय तह अन्तर्गत पर्ने सहकारीहरूले प्रदेशमा पेश गर्नुपर्ने प्रतिवेदनलाई संस्था मुख्य कार्यलय रहेको पालिकामा नै प्रतिवेदन पेश गर्न आव्हान गर्नुभयो ।

नेफ्स्कूनका सञ्चालक जिवसराज खड्काले बचत तथा ऋण सहकारी संस्था सुदृढीकरणका लागि नेफ्स्कूनद्वारा प्रवर्द्धित स्तरीकरण कार्यक्रम र स्थिरीकरण कोषमा आवद्धताका लागि अनुरोध गर्दै सदस्यको आर्थिक विकास प्रति जवाफदेही रहि सक्षम संस्था निर्माण गरी सम्पूर्ण सदस्यहरूलाई सम्मृद्ध बनाउने अभियानमा सहकारीहरू लाग्नु पर्नेमा जोड दिनुभयो ।

दोलखा जिल्ला सहकारी संघका अध्यक्ष हेमन्त चौलागाईले आफ्ना सदस्यहरूलाई कसरी बढी भन्दा बढी गुणस्तरयुक्त सेवा दिन सकिन्छ र उत्कृष्ट सहकारी निर्माण गर्न सकिन्छ भनी प्रत्येक संस्थाका नेतृत्वले सोच्नुपर्ने बेला आएको बताउनुभयो । उहाँले सदस्यको बचतको सुरक्षा गर्दै र सदस्यकै आर्थिक सामाजिक जीवनस्तर उकास्ने कार्यमा लाग्नुपर्नेमा जोड दिनुभयो ।

नेपाल पत्रकार महासंघ दोलखाका नवनिर्वाचित अध्यक्ष दिपशंकर चौलागाईले सहकारीले सदस्यहरू माझ उत्कृष्ट सेवा दिएरै संस्थाको उत्कृष्टता हाँसिल हुनेमा जोड दिनुभयो ।

नेपाल पत्रकार महासंघ चरिकोट शाखाको सभाहलमा आयोजित अन्तरक्रियात्मक कार्यक्रममा साहारा साकोस मन्थली, जनहित कोष साकोस खिम्ति, बेताली साकोस बेताली, जनजागरण साकोस मिर्गे, आकाशदिप साकोस जिरी, जनउपकार साकोस झ्याँकु र अर्थभूमि साकोस चरीकोटले आफ्नो संस्थाको प्रस्तुतिकरण राख्नुभएको थियो । कार्यक्रममा दोलखा र रामेछाप जिल्लाका गौरिशंकर क्लस्टर अन्तर्गत प्रोबेसन कार्यक्रममा आवद्ध साकोसहरुको सहभागिता रहेको थियो ।

❑ ❑ ❑

# चितवन जिल्ला बचत संघको स्थापना दिवसः उत्कृष्ट सदस्य संस्था तथा कर्मचारी सम्मानित




चितवन जिल्ला बचत तथा ऋण सहकारी संघ लि.ले आफ्नो २४ औं स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाएको छ । भरतपुर महानगरपालिका १०, चितवनस्थित संघले चैत्र १ गते एक कार्यक्रमका बीच सदस्य संस्थाहरू र कर्मचारीहरूको स्वमुल्यांकनका आधारमा पुरस्कार तथा सम्मान गरेको थियो भने आगामी वर्षको रजत महोत्सव भव्यताका साथ सम्पन्न गर्न विविध कार्यक्रम घोषणा समेत गरेको थियो ।

संघले आर्थिक वर्ष २०७५/०७६ मा ५ करोड रूपैयाँसम्म पुँजी भएका संस्थाहरू मध्येबाट रत्ननगर-२, चितवन स्थित शिद्धेश्वरी महिला साकोसलाई उत्कृष्ट साकोसका रूपमा सम्मानित गरेको थियो भने ५ करोड भन्दा माथि १५ करोडसम्म पुँजी भएका संस्थाहरू मध्येबाट भरतपुर महानगरपालिका-१५, चितवन स्थित अर्थगणेश साकोस प्रथम, भरतपुर महानगरपालिका-१, चितवन स्थित सुनचाँदी साकोस द्वितीय र भरतपुर महानगरपालिका-८, चितवन स्थित रविकिरण साकोसलाई तृतीयको सम्मान प्रदान गरेको थियो ।

यस्तै, १५ करोडदेखि माथि पुँजी भएका संस्थाहरूमध्येबाट समझदारी भोजाड साकोसलाई प्रथम, मंगलपुर साकोसलाई द्वितीय र आर्दश साकोसलाई तृतीय सम्मान प्रदान गरेको थियो ।

संघले कर्मचारीहरूतर्फ पूर्णाक ५० मा पुष्पाञ्जली साकोसका फणिन्द्र अधिकारीलाई प्रथम, आदर्श साकोसका नारायणप्रसाद सापकोटालाई द्वितीय र बछयौली नारीचेतना साकोसकी शारदा विडारीलाई तृतीय पुरस्कार प्रदान गरेको थियो ।

आर्थिक वर्ष २०७६/०७७ बाट ५ करोडसम्म पुँजी भएका संस्थाहरूमा उज्जल महिला विकास साकोस, चितवन, ५ करोड भन्दा माथि १५ करोडसम्म पुँजी भएका संस्थाहरूबाट हिमाली साकोस प्रथम र नवदुर्गा भवानी साकोस, द्वितीय र १५ करोडदेखि माथि पुँजी भएका संस्थाहरूबाट जनसेवा साकोस भरतपुर, लोक कल्याणकारी साकोस द्वितीय र प्रभात दिदीबहिनी साकोस तृतीय भएका थिए ।

५० पुर्णांकका आधारमा गरिएको कर्मचारीहरू तर्फको स्वमुल्यांकनमा हिमाली साकोसकी सजना श्रेष्ठ प्रथम, नवदुर्गा भवानी साकोसका विष्णुप्रसाद पौडेल द्वितीय र जनसेवा साकोसका विष्णुहरि पराजुलीलाई तृतीयबाट सम्मानित गरेको थियो ।

यससँगै संघले आगामी वर्ष अर्थात रजत वर्ष भव्यताका साथ मनाउन स्वास्थ्य सम्बन्धी कार्यक्रम, रक्तदान कार्यक्रम, पालिका स्तरीय विभिन्न प्रतियोगिताहरू, उत्कृष्ट सहकारी अभियन्ता एवं संस्थापक सम्मान, सहकारी युवाहरूको संलग्नता युवा गोष्ठी, चितवन साकोस समिट, रजत स्मारिका प्रकाशन, चौंथो रणनीतिक व्यावसायिक योजना निर्माण गोष्ठी लगायत विविध महत्वपूर्ण कार्यक्रमहरू घोषणा गरेको छ ।

संघका संस्थापक सचिव, वर्तमान सल्लाहकार एवं नेफ्स्कूनका लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटाको प्रमुख आतिथ्यता सहित सम्पन्न कार्यक्रमको अध्यक्षता संघका अध्यक्ष हरिश्चन्द्र सुवेदीले गर्नुभएको थियो । कार्यक्रमका बागमती प्रदेश सहकारी संघका कोषाध्यक्ष टिकाराम भट्टराई, सल्लाहकार एवं सञ्चालक सदस्य तेजेन्द्र बहादुर खड्का, संघकी उपाध्यक्ष एवं नेफ्स्कून सञ्चालक विद्या कोइरालाको विशेष आतिथ्यता थियो ।



# मकवानपुरका महिला साकोसहरु नेकोस सफ्ट्वेयर प्रति उत्साहित



नेफ्स्कूनको आयोजनामा नेकोस प्लस सफ्ट्वेयर अभिमुखीकरण बागमती प्रदेश-मकवानपुरको हेटौंडामा चैत्र ६ गते सम्पन्न भएको छ । प्रविधि मैत्री साकोस निर्माणका लागि नेफ्स्कून र जिनोव इन्क प्रा. लि. (Zinob Inc. Pvt. Ltd.) बीचको संयुक्त साझेदारीमा नेकोस प्लस सफ्ट्वेयर तथा मोबाइल बैंकिङ्ग सेवा निःशुल्क वितरण गर्ने घोषणा नेफ्स्कूनले गत फागुन २३ गते मकवानपुरबाट गरेको थियो ।

महिलाद्वारा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरूलाई लक्षित गरी मार्च ७, अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको पूर्वसन्ध्यामा निःशुल्क प्रविधि सेवाको घोषणा गरेसँगै पहिलो पटक मकवानपुरमा सफ्ट्वेयर अभिमुखीकरण सञ्चालन गरिएको हो । संघले चैत्र महिना भरी आवेदन दिने महिलाद्वारा सञ्चालित बचत ऋण सहकारी संस्थाहरूका लागि निःशुल्क सफ्ट्वेयर तथा प्रविधि सेवा उपलब्ध गराउने घोषणा गरेको थियो ।

नेफ्स्कूनका सञ्चालक विद्या कोइरालाको अध्यक्षता र राष्ट्रिय सहकारी महासंघका सञ्चालक नारायण प्रसाद देवकोटाको प्रमुख आतिथ्यता मा सञ्चालित कार्यक्रममा मकवानपुरमा सञ्चालित विभिन्न बचत तथा ऋण सहकारी संस्थाहरूबाट गरी ७५ जनाको उपस्थिति मध्ये महिला सहकारीका प्रतिनिधिहरूको उत्साहजनक उपस्थिति थियो ।

प्रमुख अतिथि
नारायण प्रसाद देवकोटाले अभियानको सफ्ट्वेयर सञ्चालनले कार्यमा एकरूपता ल्याउने हुँदा नेकोस सफ्ट्वेयर प्रभावकारी बन्ने विश्वास व्यक्त गर्नुभयो । नेफ्स्कूनका निवर्तमान सञ्चालक एवं बागमती प्रदेश बचत संघका अध्यक्ष उद्दव सापकोटाले अभियानको आफ्नै सफ्ट्वेयर बढी विश्वसनीय र प्रभावकारी रहेको विचार व्यक्त गर्दै आफूले प्रतिनिधित्व गरेको प्रारम्भिक साकोस ज्योति मिर्मिरे सामुहिक साकोस नेकोस सफ्ट्वेयरको पहिलो प्रयोगकर्ता रहेको बताउनुभयो । नेकोस सफ्ट्वेयरका सम्पूर्ण विशेषताहरू बचत तथा ऋण सहकारी सञ्चालनमा  उपयोगी सावित भएको उहाँले दावी गर्नुभयो ।



मकवानपुर जिल्ला बचत संघका अध्यक्ष कल्पना श्रेष्ठले नेफ्स्कूनले महिलाहरूद्वारा सञ्चालित साकोसका लागि ल्याएको प्रविधि सम्बन्धी नयाँ स्किम स्वागत योग्य रहेको बताउँदै यसलाई जिल्ला संघ साझेदारी कार्यक्रम मार्फत पनि जोडेर अगाडि बढ्न सकिने विश्वास व्यक्त गर्नुभयो ।

त्यसैगरी जिल्ला बचत संघ मकवानपुरका सञ्चालक एवं जनकल्याण साकोसका अध्यक्ष हिमाल पौडेलले जनकल्याण साकोसले जिल्लामै पहिलो पटक नेकोस सफ्ट्वेयर शुरू गरेको र यसमा समाविष्ट विशेषताहरू अत्यन्त प्रभावकारी रहेको विचार व्यक्त गर्दै अभियानको प्रविधि प्रयोगले भविष्यमा आउनसक्ने प्रविधिगत जोखिमबाट बच्न सहज हुने विचार राख्नुभयो । विगत ७ वर्षदेखि नेकोस सफ्ट्वेयर प्रयोग गर्दै आइरहेको जनकल्याणले हालसम्म कुनै प्राविधिक झण्झट भोग्नु नपरेको उहाँले दावी गर्नुभयो ।

कार्यक्रममा सहभागी महिला साकोसका प्रतिनिधिहरूले नेकोस सफ्ट्वेयर प्रयोगका लागि छिट्टै निर्णायक सहमति मार्फत अगाडि बढ्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

❑ ❑ ❑

# रमेश श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय सञ्चालक समिति

## नुवाकोट जिल्ला बचत संघ प्रारम्भिक साधारणसभा

नुवाकोट जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेडको प्रारम्भिक साधारणसभाले रमेश श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय सञ्चाल समिति र तीन सदस्यीय लेखा सुपरिवेक्षण समिति चयन गरेको छ । संघको चैत्र २९ गते सम्पन्न प्रारम्भिक साधारणसभाले उपाध्यक्ष राजेन्द्रभक्त अमात्य, सचिव नविन्द्रमान प्रधान, कोषाध्यक्ष केशव मिश्र र सदस्यहरूमा राम प्रसाद रिमाल, शान्ति गुरूङ, नविनकृष्ण राज भण्डारी, रामराजा श्रेष्ठ, राजकुमार तिमिल्सिना, भोला शंकर गुरूवाचार्य र महेन्द्रमान डंगोल चयन गरेको छ भने लेखा सुपरिवेक्षण समितिमा संयोजक हरिकृष्ण श्रेष्ठ र सदस्यहरूमा केशव प्रसाद प्याकुरेल र कृष्ण प्रसाद लामिछानेलाई चयन गरेको छ । त्यसैगरी संघको सल्लाहकारमा नारायण श्रेष्ठ रहनुभएको छ ।

भोलिपल्टै संघको नवनिर्वाचित सञ्चालक समितिको प्रथम बैठक समेत बसेको अध्यक्ष श्रेष्ठले जानकारी गराउनुभयो । उहाँले भन्नुभयो, "हामी शुरूवाती चरणमा छौं, के कसरी अगाडि बढ्ने भन्नेमा नेफ्स्कून, प्रदेश र जिल्ला संघसँगको सहकार्यमा अगाडि बढ्छौं ।" चैत्र ३० गते बसेको वैठकले नेफ्स्कून जिल्ला संघ साझेदारी कार्यक्रम आवद्धताका लागि पनि प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ भने कर्जा, शिक्षा, लगायत केही उपसमितिहरू पनि गठन गरेका छौं, साकोस आवाजसँगको कुराकारीमा उहाँले बताउनुभयो ।

संघको प्रारम्भिक साधारण सभामा नेपाल बचत तथा ऋण केन्द्रीय संघ लि. नेफ्स्कूनका कोषाध्यक्ष दिपक पनेरू को प्रमुख आतिथ्यता र बागमती प्रदेश बचत तथा ऋण सहकारी संघका लेखा समिति सदस्य रमिला श्रेष्ठ, नेफ्स्कूनका व्यवसाय विभाग प्रमुख राधेश्याम श्रेष्ठ, जिल्ला सहकारी संघ नुवाकोटका उपाध्यक्ष शिव अधिकारी, जिल्ला सहकारी संघ नुवाकोटका निवर्तमान अध्यक्ष राजेश श्रेष्ठ, जिल्ला सहकारी संघ नुवाकोटका पूर्व अध्यक्ष बैकुण्ठ मिश्र, नुवाकोट जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष कृष्ण प्रसाद रिमाल, नगर सहकारी समन्वय उपसमितिका सचिव भोजराज पनेरू लगायतको आतिथ्यता रहेको थियो ।




### नुवाकोट जिल्ला संघलाई उत्कृष्ट बनाउनुपर्छः कोषाध्यक्ष पनेरु

प्रमुख अतिथि नेफ्स्कूनका कोषाध्यक्ष दीपक पनेरूले कान्छो बचत संघको रुपमा जन्म भएको नुवाकोट बचत तथा ऋण सहकारी संघ लि. लाई सबैको माया र साथले उत्कृष्ट संघको रुपमा विकास गर्नुपर्ने बताउनुभयो । उहाँले बचत ऋण अभियानलाई सशक्त, दीगो र सबल बनाउन जिल्ला बचत संघ सबल हुनुपर्ने भन्दै सर्वप्रथम यस संघको सक्षमता विकासका लागि नेफ्स्कूनको साथ सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

नुवाकोट जिल्ला बचत संघ लि. २०७७ फागुन ९ गते बागमती प्रदेश सहकारी विभागमा विधिवत दर्ता भएको थियो । यस अघि २०७७ असारमा सम्पन्न एक प्रारम्भिक भेलाले प्रस्तावित जिल्ला बचत संघमा रमेश श्रेष्ठको अध्यक्षतामा ११ सदस्यीय तदर्थ समिति चयन गरेको थियो भने तदर्थ समितिमै रहनुभएका व्यक्तिहरूलाई नै प्रारम्भिक साधारण सभाले सञ्चालक समितिमा चयन गरेको नवनियुक्त अध्यक्ष श्रेष्ठले जानकारी गराउनुभयो ।



# आधारशिला कार्यान्वयन सम्बन्धी सहकारी सचेतना कार्यक्रम

स्थानीय तहको मातहतमा रहेका, दुर्गम र ग्रामीण क्षेत्रमा सञ्चालित सहकारीहरूको विकास र प्रवर्द्धनका लागि पहुँच अभिवृद्धि, सहकारी संस्थाहरूको दीगो संस्थागत विकास, सञ्जालीकरण र उद्यमशीलता मार्फत सदस्यहरूको जीवनस्तर सुधार गर्ने अभिप्राय स्वरूप नेफ्स्कूनद्वारा प्रवर्द्धित आधारशिला कार्यक्रम हालको अवधिसम्म १२ वटा स्थानीय निकाय, स्थानीय सहकारी संघ संस्था र नेफ्स्कून बीच त्रिपक्षिय कार्यान्वयन सम्झौता भएको छ ।




संघले आफ्नो ३३औं स्थापना दिवसको अवसरमा घोषणा गरेको आधारशिला कार्यक्रम प्रदेश नं. १ अन्तर्गत भोजपुरको आमचोक गाउँपालिका, प्रदेश नं. २ अन्तर्गत महोत्तरीको बर्दिबास नगरपालिका, सर्लाहीको हरिवन नगरपालिका, रौतहटको चन्द्रपुर नगरपालिका, बाराको निजगढ नगरपालिका, लुम्बिनी प्रदेश अन्तर्गत दाङको तुलसीपुर उपमहानगरपालिका, कर्णाली प्रदेश अन्तर्गत दैलेखको गुराँस गाउँपालिका, जाजरकोटको भेरी नगरपालिका, सुदुरपश्चिम प्रदेश अन्तर्गत अछामको ढकारी गाउँपालिका, डडेलधुराको अमरगढी नगरपालिका र बागमती प्रदेश अन्तर्गत सिन्धुली कमलामाई नगरपालिकासँग आधारशिला कार्यक्रम सम्झौता सम्पन्न भई कार्यान्वयनको चरणमा रहेको छ । त्यसैगरी अन्य १० स्थानीय निकायसँग साझेदारी सम्झौताका लागि सहमति पनि भईसकेको छ ।

संघले आफ्नो ३३औं स्थापना दिवसको अवसरमा घोषणा गरेको आधारशिला कार्यक्रम कार्यान्वयनका लागि विभिन्न ठाउँमा अभिमुखीकरण साथै सहकारी सचेतना गोष्ठीहरू आयोजना गरेको छ । नेफ्स्कूनसँगको सहकार्यमा चैत्र ५ गते बर्दिवास नगरपालिकाले नगरका सहकारी प्रतिनिधिहरू र नगरपालिकाका कर्मचारीहरूको उपस्थितिमा एक दिवसीय सहकारी सचेतना कार्यक्रम आयोजना गरेको थियो । बर्दिवास नगरपालिकाका नगर प्रमुख विदुर कुमार कार्कीले सहकारी संस्थाहरूको दीगो संस्थागत विकास र प्रवर्द्धनका लागि आधारशिला कार्यक्रम प्रभावकारी रहने विचार व्यक्त गर्दै कार्यक्रमलाई अगाडि बढाउन नगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । कार्यक्रममा उप प्रमुख कृष्णमाया गौतम, प्रमुख प्रशासकीय अधिकृत रेवती प्रसाद पराजुली स्थानीय सहकारी प्रतिनिधिहरू सहित नगर भित्रका ४१ सहकारीका अध्यक्ष एवं व्यवस्थापकहरूको सहभागिता रहेको थियो ।




त्यसैगरी सर्लाहीको हरिवन नगरपालिकासँगको सहकार्यमा नगर क्षेत्रका सहकारीहरूको सुशासन, गुणस्तरीयता र विश्वसनीयता अभिवृद्धि गराउने उद्देश्यसहित स्थानीय सहकारी प्रतिनिधिहरू बीच सहकारी सचेतना कार्यक्रम सञ्चालन भयो । नगर प्रमुख गणेश प्रसाद प्रसाई, नगरपालिकाका सिँचाई, खानेपानी, कृषि र सहकारी समिति संयोजक शम्भु प्रसाद मैनाली, उप प्रमुख रेणुका कुमारी पौडेल, प्रमुख प्रशासकिय अधिकृत खरूदेव चुडाल, जिल्ला बचत तथा ऋण सहकारी संघ, सर्लाहीका अध्यक्ष बाबुराम घिमिरे, हरिवन नगरपालिका नगर सहकारी सञ्जालका अध्यक्ष राम प्रसाद घिमिरे, हरिवन नगरपालिका सहकारी शाखा प्रमुख दिपेन्द्र कुमार उप्रेती लगायतको उपस्थितिमा सञ्चालित सहकारी सचेतना कार्यक्रमले स्थानीय सहकारी प्रतिनिधिहरूलाई आधारशिला कार्यक्रम कार्यान्वयन प्रति निकै उत्साहित तुल्याएको थियो । कार्यक्रममा नेफ्स्कूनका बरिष्ठ अधिकृत नविन राज दाहालले आधारशिलाको औचित्य र उद्देश्यका सम्बन्धमा प्रस्तुतिकरण गर्नुभएको थियो ।

# स्थिरीकरण कोष सञ्चालनमा सामुहिक ऐक्यवद्धता

**चितवन**



बचत तथा ऋण सहकारीहरूको सम्भावित जोखिम न्यूनीकरणका लागि स्थापित स्थिरीकरण कोषको प्रभावकारी सञ्चालन प्रति चितवनमा सहकारी अभियन्ताहरूबीच सामुहिक ऐक्यवद्धता जाहेर भएको छ । नेफ्स्कून चितवन फिल्ड कार्यालयको आयोजनामा फागुन ५ गते सञ्चालित बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष अभिमुखीकरण कार्यक्रममा बोल्ने बक्ताहरूले कोष सञ्चालन प्रभावकारितामा अभियानको ऐक्यवद्धता रहेको बताउनुभएको हो ।

राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कंडेलले बचत तथा ऋण सहकारीहरूलाई सम्भावित जोखिमबाट बचाउन कोषको भूमिका बारे प्रष्ट पार्दै सहकारी ऐन र नियमावलीमा समेत सम्बोधन भएकाले अब अभियान द्रुत गतिमा अघि बढाउनुपर्ने बताउनुभयो । उहाँले संस्थाहरूले राम्रो गर्दा गर्दै, कुनै पनि बेला समस्यामा पर्न सक्ने अवस्था आउनेहुँदा त्यसको तत्काल सुरक्षाका लागि कोषको भूमिका निर्विकल्प रहेको बताउनुभयो । उहाँले सहकारी संस्थाहरूलाई जोखिमबाट जोगाउन स्थिरीकरण कोष आवश्यक रहेको कुरा अन्तर्राष्ट्रिय अभ्यासबाट पनि सिकेको र त्यही अनुरूप नेफ्स्कूनले पहल गरेको स्मरण गराउँदै कोष नेफ्स्कूनकै अभिन्न अंग बन्नुपर्नेमा जोड दिनुभयो ।

कोष सञ्चालन समितिका अध्यक्ष एवं नेफ्स्कूनका अध्यक्ष परितोष पौड्यालले बचत तथा ऋण सहकारी अभियानको जगेडा कोषको रूपमा स्थिरीकरण कोष रहेको र यसलाई कानुनी अड्चनका बीच अघि बढाउन नेफ्स्कून र अभियान प्रतिवद्ध रहेको धारणा राख्नुभयो । स्थिरीकरण कोषभित्र सबैलाई गोलवद्ध हुन आग्रह गर्दै कोषलाई अभियानमैत्री र सहभागितामूलक बनाउन सबैको साथ सहयोग नै महत्वपूण रहने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा संघकी उपाध्यक्ष शान्ति अधिकारी, लेखा सुपरिवेक्षण समिति संयोजक नवराज सापकोटा, सञ्चालक सदस्य जीवस राज खड्का, विद्या कोइराला, नेफ्स्कूनका निवर्तमान सञ्चालक एवं बागमती प्रदेश बचत संघका अध्यक्ष उद्वव सापकोटा, नेफ्स्कून फिल्ड व्यवस्थापन उपसमिति सदस्य तेजेन्द्र बहादुर खड्का, केन्द्रीय उपसमिति सदस्य विष्णुमाया लामा, सहकारी अभियन्ताहरू क्रमशः गोपाल प्रसाद गौतम, ओम प्रसाद सापकोटा, प्रकाश गैरे, दिपक राज खनाल, हरिश्चन्द्र सुबेदी, राम प्रसाद सिग्देल लगायत स्थानीय सहकारीकर्मीहरूको विशेष उपस्थिति थियो भने चितवन, मकवानपुर र नवलपुर जिल्लाका गरी विभिन्न साकोसका सञ्चालक तथा व्यवस्थापन प्रतिनिधि सहित १४६ जनाको उपस्थिति थियो ।



स्वागत मन्तव्य नेफ्स्कूनकी उपाध्यक्ष शान्ति अधिकारीले र स्थिरीकरण कोष सम्बन्धी प्रस्तुतिकरण नेफ्स्कूनका सदस्य विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो । सोही कार्यक्रमका अवसरमा नेफ्स्कूनद्वारा नवलपुर जिल्ला बचत सघका नवनिर्वाचित सञ्चालक समितिलाई बधाई तथा शुभकामना समेत प्रदान गरिएको थियो । कार्यक्रम सञ्चालन नेफ्स्कूनकी फिल्ड कार्यक्रम अधिकृत यमकला सुवेदीले गर्नुभएको थियो भने कार्यक्रम समापनका अवसरमा सञ्चालक विद्या कोइरालाले सहभागीलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

सहकारी ऐन, २०७४ को दफा १०३ मा बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट

संरक्षण गर्न त्यस्ता संस्थाहरू मिली एक स्थिरीकरण कोष खडा गर्न सक्ने उल्लेख छ । उपदफा ३ ले स्थिरीकरण कोष बचत तथा ऋण विषयगत केन्द्रीय संघमा रहने व्यवस्था गरेको छ । सोही अनुसार २०७६ माघ २७ गते काठमाडौंमा सम्पन्न प्रारम्भिक भेला (राष्ट्रिय गोष्ठी) मा २ सय ९२ संघ संस्थाबाट कोषमा सहभागिता जनाउने प्रतिवद्धता जाहेर भएको थियो । सोही अनुरूप कोषमा हालसम्म १ सय ३२ संघसंस्थाबाट ३ करोड १२ लाखको प्रारम्भिक योगदान भैसकेको छ । उक्त रकम छुट्टै बैंक खाता खोली राखिएको छ । चितवन जिल्ला र नवलपुर बाट गरी १४ बचत तथा ऋण सहकारी संस्थाको योगदान रकम कोषमा जम्मा भएको छ । सहकारी नियमावलीको नियम ७४, (२) (क) अनुसार कोष सञ्चालन समितिको अध्यक्ष नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफस्कून) को अध्यक्ष तथा (ञ) अनुसार सदस्य सचिव नेफस्कूनका कार्यकारी प्रमुख समितिको सदस्य सचिव रहने व्यवस्था छ ।

---

### सुदुरपश्चिम प्रदेशः कैलाली



बचत तथा ऋण सहकारी संस्था सम्बन्धी स्थिरीकरण कोष अभिमुखीकरण तथा सञ्जाल सुदृढीकरण सम्बन्धी कार्यक्रम सुदुरपश्चिम प्रदेश-कैलालीको धनगढीमा चैत्र १८ गते सम्पन्न भयो । नेफस्कूनको आयोजनामा सञ्चालित कार्यक्रममा सुदुरपश्चिम प्रदेशका नौ जिल्लाः कैलाली, कञ्चनपुर, अछाम, डोटी, बझाङ, बाजुरा, डडेलधुरा, बैतडी र दार्चुला जिल्लाबाट गरी १ सय ६० जना सहकारी प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमका प्रमुख अतिथि एवं महासंघका सञ्चालक तारा लामा तामाङले बचत तथा ऋण सहकारी संस्था आफैंमा संवेदनशील क्षेत्र हुँदा यसको सञ्चालन प्रभावकारिता र सुशासनमा विशेष ध्यान दिनुपर्ने बताउँदै बचत तथा ऋण सहकारी अभियानमा नेफस्कूने अगाडि सारेका कार्यक्रम प्रभावकारी रहेको चर्चा गर्नुभयो । उहाँले सुदुरपश्चिमका सहकारी प्रवर्द्धन र विकासमा नेफस्कूनले ल्याएका कार्यक्रमहरू उत्कृष्ट रहेको विचार व्यक्त गर्दै जुनसुकै बेला पनि जोखिममा पर्न सक्ने बचत ऋण सहकारीको संरक्षणका लागि स्थिरीकरण कोष आवद्धता अनिवार्य रहने सन्दर्भमा चर्चा गर्नुभयो ।

नेफस्कूनका अध्यक्ष परितोष पौड्यालले स्थिरीकरण कोष बचत तथा ऋण सहकारी अभियानको जगेडा कोषको रूपमा विकास भइरहेको जानकारी गराउँदै कोष सञ्चालनको पूर्णताका लागि अभियानको ऐक्यवद्धता आवश्यक रहेको औल्याउनु भयो ।

नेफस्कूनका महासचिव दामोदर अधिकारीले सञ्चालन गर्नुभएको कार्यक्रममा बरिष्ठ उपाध्यक्ष चन्द्र प्रसाद ढकालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो भने कार्यक्रम सम्बन्धी प्रस्तुतिकरण नेफस्कून सदस्य सेवा विभाग प्रमुख दुर्गा प्रसाद ढकालले गर्नुभएको थियो ।

कार्यक्रममा सहकारी विज्ञ डा. गोविन्दराज जोशी, नेफस्कून पदाधिकारीहरू क्रमशः चन्द्रप्रसाद ढकाल, दामोदर अधिकारी, दिपक पनेरू, कञ्चनपुर फिल्ड व्यवस्थापन उपसमिति सदस्यहरू क्रमशः प्रेमलाल गौतम, भवानी चन्द्र, भूपेन्द्र थापा, सुरज वोगटी, जगदीश भट्ट, बद्री भट्टराई उपस्थित हुनुहुन्थ्यो ।

## मुगुस्थित छायाँनाथ साकोस प्रोबेसन कार्यक्रममा आवद्ध

मुगुस्थित छायाँनाथ बचत तथा ऋण सहकारी संस्था लि. नेफस्कूनले सञ्चालन गरेको प्रोबेसन कार्यक्रममा आबद्ध भएको छ । छायाँनाथ साकोस बचत तथा ऋण सहकारीहरूको गुणस्तर सुनिश्चितता सम्बन्धी नेफस्कूनले सञ्चालन गरेको पूर्ण तथा व्यावसायिक साकोस विकास कार्यक्रम (प्रोबेसन) मा बैशाख ९ गते आवद्धताका लागि औपचारिक सम्झौता गरेको थियो । कार्यक्रममा नेफस्कूनका तर्फबाट प्राचार्य गणेश प्रसाद तिमल्सिना र बरिष्ठ अधिकृत प्रेमनाथ वाग्ले सहभागी हुनुहुन्थ्यो भने साकोसबाट कोषाध्यक्ष हरिबहादुर शाही, लेखा समिति संयोजक बिनोद कुमार मल्ल, ऋण समिति संयोजक नृपेन्द बहादुर मल्ल र र ऋण शाखा प्रमुख खगेन्द्र बहादुर शाहीको सहभागिता थियो ।

# एक्सेस कार्यक्रममा साकोसहरुको आवद्धता

साकोसहरूको विशिष्ट सेवा, पहिचान र दक्षताको अन्तर्राष्ट्रिय स्तरीकरण कार्यक्रम हो, एक्सेस । एक्सेस कार्यक्रम एसियाली ऋण महासंघको प्राविधिक सहयोगमा एसियाली स्तरमा साकोस क्षेत्रका विकासलाई आन्तरिकीकरण गर्ने उद्देश्यसहित नेफस्कूनले वि.सं. २०६५ सालदेखि सञ्चालनमा ल्याएको कार्यक्रम हो । एक्सेस ब्राण्डिङ कार्यक्रमले संस्थामा ४ आयामहरू अन्तर्गत वित्तीय पक्ष, सदस्यता पक्ष, आन्तरिक कार्य सञ्चालन प्रक्रियाको पक्ष र सिकाई तथा वृद्धि पक्षको अनुगमन गर्दछ । साकोस व्यवसायमा रहेको जोखिम विश्लेषण गरी स्वव्यवस्थापनको माध्यमबाट संस्थालाई सुरक्षित गर्न, गुणस्तर सुनिश्चितता गर्न, दीगो संस्थागत विकास गर्न, व्यवस्थापन र व्यावसायिकता अभिवृद्धि गर्नका लागि संघले स्थलगत रूपमा सहजीकरण सेवा उपलब्ध गराउँदै आईरहेको छ । गत वर्ष एक्सेस कार्यक्रममा सहभागी ६४ साकोस मध्येबाट ८ वटा साकोसले सिल्भर र १६ वटा साकोसले ब्रोन्ज गरी २४ साकोस एक्सेस ब्राण्ड प्राप्त गर्न सफल भएका थिए । यस आ.व. २०७६/०७७ को चैत्र मसान्तसम्म कुल ७८ बचत तथा ऋण सहकारी संस्थाहरू एक्सेस कार्यक्रममा आवद्ध छन् । यो पछिल्लो तीन महिनाको अवधिमा कास्कीको जनसेवा साकोस, ललितपुरको हाम्रो साकोस, रूपन्देहीको नमुना महिला विकास साकोस, मोरङको लेटाङ साकोस, सुनसरीको झरना साकोस र काठमाडौंको अँचो पैँचो साकोस एक्सेस कार्यक्रममा सहभागी भएका छन् ।





### जनसेवा साकोस

कास्की जिल्लाको पुरनचौरस्थित जनसेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड नेफस्कूनद्वारा प्रवर्द्धित एसियाली स्तरको गुणस्तर सुनिश्चितता सम्बन्धी स्तरीकरण कार्यक्रम एक्सेस्मा आवद्ध भएको छ । २०७३ सालदेखि प्रोबेसन कार्यक्रममा आवद्ध साकोसले यस आ.व. मा ब्राण्ड प्राप्त गर्न सफल भएको थियो ।

समुदायमा आधारित यस साकोसले सदस्य हितमा रही बचत तथा ऋण लगायत विभिन्न सदस्य सेवा केन्द्रीत कार्यक्रमहरूलाई अगाडि बढाएको छ । करिब १८ सय सदस्य रहेको संस्थाको वासलात २६ करोड भन्दा माथि छ । संस्थाका अध्यक्ष चेतनाथ गौतमले भन्नुभयो, "जनसेवा साकोस कास्की जिल्लाबाट प्रोबेसन ब्राण्ड प्राप्त गर्न सफल एक मात्र संस्था हो, अब नेफस्कूनसँगको सहयोगमा संस्थालाई एशियाली स्तरको गुणस्तर हासिल गर्ने अभियानमा पनि सक्दो मेहनतका साथ लागि पर्नेछौं ।"

### हाम्रो साकोस

ललितपुर स्थित हाम्रो बचत तथा ऋण सहकारी संस्था लि. एसियाली स्तरको गुणस्तर प्रमाणिकृत कार्यक्रम एक्सेसमा आवद्ध भएको छ ।

१ अर्ब ४० करोड कुल सम्पत्ति रहेको हाम्रो साकोसमा ६५ सय सदस्य छन् भने काठमाडौं उपत्यकाभर कार्यक्षेत्र रहेको छ । केही समयअघि मात्रै हाम्रो नमुना साकोस र हाम्रो थैलीबीच एकीकरणसमेत भएको थियो । कार्यक्रम सम्झौताको अवसरमा संस्थाका अध्यक्ष शम्भु फुँयालले भन्नुभयो, "निरन्तर प्रयास गर्दै संस्थालाई दीगो र सुरक्षित बनाउने प्रतिवद्धता सहित एसियाली स्तरको गुणस्तर प्रमाणिकरण कार्यक्रममा सहभागी भएका छौं ।"

### नमुना महिला विकास साकोस

रूपन्देहीको बुटवल-१५ स्थित नमुना महिला विकास साकोस एक्सेस् कार्यक्रममा आवद्ध भएको छ । सञ्चालक र सदस्यहरू महिला मात्रै रहेको २०६३ सालमा स्थापित उक्त संस्था हाल बुटवल उपमहानगरपालिकाको वडा नं १२, १४, १५, १६ र शुद्धोदन गाउँपालिकाको वडा नं १ र २ बाहेकका स्थान कार्यक्षेत्र रहेको छ । संस्थामा हाल ३४१० सदस्य छन् भने २ करोड २१ लाख ३३ हजार सेयर पुँजी, १९ करोड बढी बचत, १७ करोड बढी ऋण लगानी र १ करोड १९ लाख बढी जगेडा कोष रहेको छ । २४ करोड ३२ लाख बढीको सम्पत्ति रहेको साकोसमा हाल १३ सदस्यीय सञ्चालक र ३ सदस्यीय लेखा सुपरिवेक्षण समिति र ८ जना कर्मचारी कार्यरत छन् ।

### झरना साकोस

सुनसरीको धरान नगरपालिका ९ स्थित झरना बचत तथा ऋण सहकारी संस्था लि. एक्सेस कार्यक्रममा आवद्ध भएको छ । २०६८ सालमा स्थापित उक्त साकोसमा हाल २२ सय सेयर सदस्यहरू र कुल ६३ करोडको कारोवार छ । संस्थाका अध्यक्ष मानबहादुर मगरले भन्नुभयो, "बचत तथा ऋण सहकारी संस्था सञ्चालनका दौरानमा भएका गल्ती कमी कमजोरी सुधार गर्दै सहकारीका सिन्द्धान्त मूल्य मान्यता र एक्सेस कार्यक्रमका सूचांकहरूको पालना गर्न संस्थामा दक्ष कर्मचारी निर्माण र तीव्र कार्य विस्तार सहित छिट्टै ब्राण्ड प्राप्त गर्ने प्रतिवद्धताका साथ काम अगाडि बढाएका छौं ।"

### अँचो पैंचो साकोस

काठमाडौंको कालिमाटी स्थित अँचो पैंचो साकोस प्रोबेसन ब्राण्ड प्राप्त संस्था हो । गत माघ महिनामा अँचो पैंचो साकोस एशियाली स्तरको गुणस्तर सुनिश्चितताको कार्यक्रम एक्सेसमा सहभागी भएको छ । २४ सय ५५ सेयर सदस्यहरू रहेको उक्त संस्थाको कुल वासलात ४७ करोडको छ । प्रोवेसन कार्यक्रम अन्तर्गतका वित्तीय सूचकहरूको सफलतापूर्ण प्राप्ती सँगै एसियाली स्तरको प्रमाणीकरण कार्यक्रममा सहभागी भएको हो । पछिल्लो समय कोभिड १९ को प्रभावका कारण वित्तीय सूचकको पूर्ण परिपालनामा केही कमी कमजोरी भएपनि गुणस्तर प्रमाणिकरण प्राप्त गर्ने दौरानामा प्रतिवद्धताका साथ काम गर्ने उत्साह साकोस टीममा रहेको संस्थाका व्यवस्थापक कमला कार्कीले जानकारी गराउनुभयो ।

### लेटाङ साकोस

मोरङको लेटाङस्थित लेटाङ बचत तथा ऋण सहकारी संस्था लि. एशियाली स्तरको गुणस्तर सुनिश्चितताको कार्यक्रम एक्सेसमा गत मंसिरमा सहभागी भएको छ । आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ मा लगातार दुई पटक प्रोबेसन ब्राण्ड प्राप्त गर्न सफल साकोस आगामी वर्ष एसियाली स्तरको गुणस्तर कायम गर्ने अभियानमा जुटेको हो । करिब २८ सय सेयर सदस्यहरू रहेको उक्त संस्थाको कुल वासलात ४५ करोडको छ । प्रोबेसन ब्राण्ड प्राप्त गर्ने दौरानमा संस्थाले स्वस्थ वित्तीय सूचक निर्माण गर्नुका साथै सदस्यहरूको विश्वास मा बढोत्तरी कायम गरेको छ । एक्सेस ब्राण्ड प्राप्त गर्न अझै धेरै सुधारहरू आवश्यक छ । त्यसका लागि हामी योजनावद्ध काममा जुटेका छौं । साकोसका व्यवस्थापक सिताराम न्यौपानेले भन्नुभयो, "निरन्तर नेफस्कूनको निर्देशन बमोजिम काम गर्छौं, पक्कै सफल हुन्छौं भन्ने विश्वास छ ।"

## ऐन कार्यान्वयनमा सम्झौता हुँदैन: नेफस्कून अध्यक्ष पौड्याल

नेफस्कून का अध्यक्ष परितोष पौड्यालले सहकारी ऐन कार्यान्वयनमा सम्झौता हुन नसक्ने स्पष्ट पार्नु भएको छ । जिल्ला सहकारी संघ काठमाडौं र शुक्र पथ बहुउद्देश्यीय सहकारी संस्थाको संयुक्त आयोजनामा चैत्र २४ गते काठमाडौंमा आयोजित 'सहकारीमा समस्या र चुनौती' विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै अध्यक्ष पौड्यालले 'पर्ख र हेर' मा विभाग बस्न नमिल्ने भन्दै ऐन कार्यान्वयन गर्न विभाग कडाइका साथ लाग्नुपर्ने बताउनुभयो । '३०/ ७० प्रतिशत कारोवार र कार्यकारीको व्यवस्था कार्यान्वयन हुनैपर्छ' उहाँले भन्नुभयो । भुक्तानी फछ्र्यौट समस्या समाधान गर्न राष्ट्र बैंकले सहकारीलाई समावेश गर्नुपर्ने उहाँले उल्लेख गर्नुभयो ।

राष्ट्र बैंकले सहकारीलाई नचिन्ने भएकाले राष्ट्र बैंक ऐन संशोधन हुनुपर्ने तर्क अध्यक्ष पौड्यालले गर्नुभयो । तीन खम्बे अर्थनीति कार्यान्वयन चुनौती रहेको भन्दै कार्यान्वयन गर्न सबै जुट्नुपर्ने उहाँले बताउनुभयो । 'ऐन कार्यान्वयन समस्या छ' उहाँले भन्नुभयो, 'विभागले ऐन कार्यान्वयन गराउन कुनै कन्जुस्याइ गर्न हुन्न ।' नियमन गर्ने सहकारी विभागको सामर्थ्य कम भएको भन्दै क्षमता बढाउनुपर्ने उहाँको भनाइ थियो ।




कोभिडको समयमा बैंक र नेफस्कूनले १/१ अर्बको कोष बनाएपनि सहकारीहरूबाट माग नआएको बताउँदै अध्यक्ष पौड्यालले भन्नुभयो, 'हाम्रो नेटवर्कभित्र भएका सहकारीको उत्तरदायित्व हामी लिन्छौं । साकोसको शुद्धिकरणका लागि साकोस ऐन आउनुपर्ने उहाँले दोहोऱ्याउनुभयो ।

कार्यक्रममा राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मीनराज कडेलले सहकारी ऐन, २०७४ कार्यान्वयन गर्न समस्या भएको बताउनुभयो । उहाँले तत्काल ऐन संशोधन नभए कार्यान्वयन गर्न नसकिने बताउनुभयो । अध्यक्ष कडेलले सहकारीलाई उत्पादनसँग नजोडी सुखै नभएकोमा जोड दिनुभयो ।

❑ ❑ ❑

# नेफ्स्कून फिल्ड कार्यालय सम्बन्धी जानकारी

| क्र.सं. | फिल्ड कार्यालय | स्थापना मिति | सम्पर्क नं. | ईमेल |
|---|---|---|---|---|
| १ | चितवन | २०५८ कार्तिक २५ | ०५६-५७२१५१ | chitwanfo@nefscun.org.np |
| २ | ईटहरी, सुनसरी | २०६० पौष १३ | ०२५-५८४८०५ | sunsarifo@nefscun.org.np |
| ३ | नेपालगञ्ज, बाँके | २०६३ आश्विन १ | ०८१-५२७५९१ | bankefo@nefscun.org.np |
| ४ | दोलखा | २०६७ आश्विन २ | ०४९-४२१६८४ | dolakhafo@nefscun.org.np |
| ५ | सर्लाही | २०७० जेठ १८ | ०४६-५३०६८७ | sarlahifo@nefscun.org.np |
| ६ | ललितपुर | २०७१ बैशाख १० | ०१-५५३२६५० | lalitpurfo@nefscun.org.np |
| ७ | चावहिल | २०७० असार १५ | ०१-४४७९५४४ | chabahilfo@nefscun.org.np |
| ८ | रूपन्देही | २०७१ असार २१ | ०७१-५४०३६८ | rupandehifo@nefscun.org.np |
| ९ | कञ्चनपुर | २०७१ बैशाख २४ | ०९९-५२५२०५ | kanchanpurfo@nefscun.org.np |
| १० | पोखरा, कास्की | २०७२ फागुन १२ | ०६१-५३३३८९ | kaskifo@nefscun.org.np |
| ११ | झापा | २०७२ फागुन १२ | ०२३-५८५३५५ | jhapafo@nefscun.org.np |
| १२ | कलंकी, काठमाडौं | २०७३ भाद्र १५ | ०१-५२३४३५० | kalankifo@nefscun.org.np |
| १३ | डडेलधुरा | २०७३ आश्विन १८ | ०९६-४१०१२७ | dadeldhurafo@nefscun.org.np |
| १४ | दाङ | २०७३ आश्विन २० | ०८२-५६१८०९ | dangfo@nefscun.org.np |
| १५ | बीरगञ्ज, पर्सा | २०७३ मंसिर १२ | ०५१-५२८१०६ | parsafo@nefscun.org.np |
| १६ | लमजुङ्ग | २०७३ पौष २० | ०६६-५२१०९३ | lamjungfo@nefscun.org.np |
| १७ | सुर्खेत | २०७४ माघ ४ | ०८३-५२५७६० | surkhetfo@nefscun.org.np |
| १८ | बनेपा,काभ्रे | २०७४ फागुन ७ | ०११-६६२७५४ | banepafo@nefscun.org.np |
| १९ | न्यूरोड, काठमाडौं | २०७५ बैशाख १० | ०१-४२२४७६२ | newroadfo@nefscun.org.np |
| २० | जनकपुर, धनुषा | २०७५ असार २८ | ०४१-५९०५९० | janakpurfo@nefscun.org.np |
| २१ | धादिङ | २०७५ भाद्र १७ | ०१०-५२१२९९ | dhadingfo@nefscun.org.np |
| २२ | मकवानपुर | २०७५ आश्विन १७ | ०५७-५२३८१२ | makawanpurfo@nefun.org.np |
| २३ | लेटाङ्ग, मोरङ्ग सम्पर्क कार्यालय | २०७५ मंसिर १७ | ०२१-५६०६०५ | letangfo@nefscun.org.np |
| २४ | भक्तपुर | २०७५ मंसिर २६ | ०१-५०९३३०३ | bhaktapurfo@nefscun.org.np |
| २५ | भुमही, नवलपरासी सम्पर्क कार्यालय | २०७६ असार २० | ०७८-४१५४१८ | bhumahisc@nefscun.org.np |
| २६ | टाँडी, चितवन सम्पर्क कार्यालय | २०७६ मंसिर १ | ०५६-५६०७८९ | tandisc@nefscun.org.np |
| २७ | मन्थली, दोलखा सम्पर्क कार्यालय | २०७७ श्रावण २६ | ०४८-५४०४१० | manthalisc@nefscun.org.np |
| २८ | गोंगबु, काठमाडौं | २०७७ श्रावण ३२ | ०१-४३५१५६५ | gongabufo@nefscun.org.np |
| २९ | विराटनगर सेवाकेन्द्र | २०७७ कार्तिक २३ | ०२१-५९०४१५ | biratnagarsc@gmail.com |
| ३० | तनहुँ सेवाकेन्द्र | २०७७ कार्तिक २६ | ०६५-४१२२०५ | nefscunkhairenitar@gmail.com |


नेफ्स्कून

**नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. (नेफ्स्कून)**

केन्द्रीय कार्यालयः नयाँ बानेश्वर, काठमाडौं

फोन नं.: ०१-४७८१९६३, ४७८०२०१

इमेलः nefscun@nefscun.org.np,

वेबसाइटः www.nefscun.org.np

दर्ता नं. १९६२/०६५/०६६

“बचत गर्ने बानी बसालौं, पूँजी निर्माणमा सहभागी बनौं”

नेफस्कून

# श्री गणेश बचत तथा ऋण सहकारी संस्था लि.

# SHREE GANESH SAVING & CREDIT COOPERATIVE LTD.




### संस्थाको परिचय (Introduction):

संस्थाले सदस्यहरूमा रहेको ज्ञान, सीप, अनुभव, प्रविधि र पूँजीलाई एकत्रित गरी उत्पादनमुलक, आयमुलक र स्वरोजगार सिर्जना गर्ने, उद्यम व्यवसाय स्थापना गर्न आवश्यक पर्ने रकम उपलब्ध गराउनुका साथै व्यवसाय प्रवर्द्धनका लागि परामर्श सेवा समेत उपलब्ध गराउँदै आएको छ । संस्थाले सदस्य हितलाई उच्च महत्व राखी रणनीतिक योजना अनुसार बचत परिचालन तथा ऋण प्रवाह सम्बन्धी सेवालाई सरल, सहज, पारदर्शी, सदस्य केन्द्रित र सुरक्षित गराउन संस्थागत सोच, संयन्त्र, नीति र प्रविधिको प्रयोगमा जोड दिएको छ ।

**कार्यक्षेत्र:** काठमाडौं जिल्लाभर

**स्थापना:** २०५६ श्रावण २५

### शेयर सदस्य संख्या :

जम्मा: १ हजार ३ सय ।

### बचत योजनाहरू :

- साधारण बचत
- नियमित बचत
- आवधिक बचत
- क्रमिक मासिक बचत
- नाबालक बचत
- नारी समृद्धि बचत
- श्रीगणेश आवधिक बचत

### ऋण :

- व्यापारिक कर्जा
- हायरपर्चेज कर्जा
- विविध कर्जा
- शेयर धितो/व्यक्तिगत कर्जा
- आवधिक रसिद धितो कर्जा

**“समयानुकूल ब्याजदरमा परिमार्जन”**

### आवद्धता/संलग्नता (Affiliation)

- नेफ्स्कून
- कास्कून
- राष्ट्रिय सहकारी बैंक
- जिल्ला सहकारी संघ लि.

### २०७७ चैत्र मसान्तसम्मको वित्तीय अवस्था

| | |
|---|---|
| शेयर पुँजी : | ५ करोड |
| बचत : | ६३ करोड |
| ऋण लगानी: | ६८ करोड |
| बाह्य ऋण | ९ करोड |
| स्थिर सम्पत्ति | ४ करोड |

### संस्थाको प्राथमिकताहरू

- सदस्य केन्द्रित गुणस्तरीय सेवा प्रवाह
- बचतको अधिकतम सुरक्षण तथा प्रतिफल
- सरल, सहज र न्यायोचित ऋण सेवा
- सदस्यको ज्ञान, सिप र अनुभवका आधारमा उद्यमशीलता र स्वरोजगारलाई जोड
- शिक्षा, तालिम र सूचना मार्फत संस्थागत क्षमता विकास
- पूँजी निर्माण तथा उत्पादनमुलक क्षेत्रमा परिचालन छिटो, छरितो, पारदर्शी, सदस्यमैत्री, प्रतिस्पर्धी एवं गुणस्तरीय सेवा
- सदस्य केन्द्रित विप्रेषण सेवा
- अन्तर सहकारी साझेदारी
- समुदायप्रति चासो
- छात्रवृत्ति कार्यक्रम

### संस्थागत प्रतिवद्धता:

- खर्च व्यवस्थापनमा मितव्ययिता, पारदर्शिता र कार्यदक्षतामा जोड
- योग्य, अनुभवी र संस्थाप्रति प्रतिवद्ध कर्मचारी संयन्त्र
- उत्पादनमुलक क्षेत्रमा ऋण प्रवाह
- संस्थाको आफ्नै भवनबाट प्रविधिमैत्री छिटो, छरितो र गुणस्तरीय सेवा
- समुदायप्रति चासो र स्वउत्तरदायित्व
- बचतमा आकर्षक एवं प्रतिस्पर्धी ब्याजदर
- सरल, सहज र न्यायोचित ब्याजदरमा ऋण सेवा
- सहकारी वित्तीय सूचक मानकको पूर्ण पालना
- अनुसन्धान र विकासमा प्रतिवद्ध व्यवस्थापन

आफ्नै भवन, उन्नत सेवा, एउटै लक्ष्य, सदस्यलाई टेवा

टोखा न.पा. वडा नं. ९, गोगंवु, काठमाडौं
फोन ४३९०८१२, ४३९०८५१
इमेल : shreeganeshsavingandcredit@gmail.com

## नेफस्कून कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिमका तस्बिरहरु







# नेफस्कूनद्वारा आयोजित जीवन र कार्यसम्पादन रुपान्तरण पद्धति कार्यक्रमका तस्बिरहरु







IME
International Money Express
Fast, Reliable And Secure Remittance

ime गरौं



## विश्वको जुनसुकै ठाउँबाट पठाएको पैसा पाउन
# छिटो, भरपर्दो र सुरक्षित माध्यम

30,000 भन्दा बढी
IME काउन्टरहरुबाट
रकम लिन सकिने

नेपालको जुनसुकै
बैंक खातामा रकम
जम्मा गर्न सकिने

IME Pay मा रकम
लिन सकिने साथै रू.१५०
सम्म बोनस पनि पाईने

facebook.com/imeremit  info@imeremit.com.np  www.imeremit.com.np